"सुदूरको शान, ईश्वरको धाम : हाम्रो परशुराम"

# परशुराम नगरपालिका

# प्रथम आवधिक योजना

## (आ.व. २०८२/०८३–२०८६/०८७)

परशुराम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

असार २०८२

## कृतज्ञता ज्ञापन

परशुराम नगरपालिकाको प्रथम आवधिक नगर विकास योजना (आर्थिक वर्ष २०८२/८३ – २०८६/८७) तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने परशुराम नगरपालिकाका नगरप्रमुख श्री भरत बडायर जोशी ज्यू, उपप्रमुख बिमला कुमारी बोहरा ज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णानाथ जोशी ज्यू, सबै वडा अध्यक्षज्यूहरु, विषयगत समितिका संयोजकहरू, नगर कार्यपालिका सदस्यहरू, सवै शाखा प्रमुखहरु तथा कर्मचारीहरू सबैमा हार्दिक आभार व्यक्त गर्दछौं।

- विज्ञ, परामर्शदाता समुह, गभर्नेन्स डेभलपमेन्ट एण्ड रिसर्च कन्सल्टेन्सी, ललितपुर नेपाल।

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान**
पुन्ना, डोटी

## शुभकामना सन्देश



सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले सुदूर पश्चिमका ९ जिल्लाका ८८ स्थानीय तहमा नेपालको संविधान २०७२ को मर्म अनुसार संघीयता कार्यान्वयन, प्रदेश सरकार र स्थानीय सरकारको क्षमता विकास, प्रदेश सरकार र स्थानीय सरकारको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाउन साथै चुस्त, दिगो, समावेशी, जनउत्तरदायी शासन प्रणाली स्थापना गर्नकालागि विभिन्न कार्यक्रम संचालनमा रहेकोछ।

नेपालमा संघीयताको अभ्यास नयाँ विषय हो। परिवर्तित परिवेशमा तीनै तहका सरकारहरुका वीचको समन्वय, सहकार्य र सह अस्तित्ववाट मात्र निर्धारित लक्ष्यमा पुग्न सकिन्छ। संघीयताको सफल, कार्यान्वयनको लागी तिनै तहका सरकारहरुको क्षमता विकासले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। प्रदेश र स्थानीयतहको क्षमता अभिवृद्धि गरेर संघीयताको जग वलियो बनाउन सकिन्छ। यही वलियो र दिर्घकालिन संस्थागत विकास गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीले सरोकारवालाको मागका आधारमा प्रदेश तथा स्थानीय तहका निर्वाचित मनोनित र नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको क्षमता विकास गर्ने तथा संस्थागत विकासमा सघाउदै आएकोछ ।

आव २०८१/०८२ को यस प्रतिष्ठानको वार्षिक कार्यक्रम अनुसार स्थानीय तहको संस्थागत क्षमता विकासका कार्यहरु अन्तर्गत योजना निर्माण लगायतका दस्तावेजहरु तर्जुमाको कार्यमा स्थानीय तह सँगको समन्वय र सहकार्यमा आर्थिक तथा प्राविधिक सहयोग अन्तर्गत परशुराम नगरपालिकासँग आवधिक नगर विकास योजना निर्माणमा यस केन्द्रवाट साझेदारी गर्न पाउँदा म व्यक्तिगत तथा सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको तर्फबाट खुशी व्यक्त गर्दछु । भविष्यमा पनि प्रतिष्ठान यस प्रकारको कार्यमा निरन्तर सहयोग र सहकार्यका लागि प्रतिवद्ध छ।

नगरपालिकाको मार्गदर्शक दस्तावेजको रुपमा तयार गरिएको आवधिक नगर विकास योजनाको प्रभावकारी कार्यान्वयन भई यसले आगामि दिनमा नगरको दिगो विकास तथा समसामयिक दिशामा मार्गदर्शन गर्न सकोस् यहि शुभकामना व्यक्त गर्दछु ।

गहेन्द्र बहादुर बम

(कार्यकारी निर्देशक) सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटी

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल ।

## सन्देश



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाले आवधिक योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवान्वित महसुस भएको छ। नेपालको संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहको कार्यजिम्मेवारी र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएको कार्यक्षेत्र, सोह्रौं योजना, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना, दिगो विकासका राष्ट्रिय लक्ष्यलाई तथा विषयगत एवम् अन्तरसम्बन्धित विषय क्षेत्रलाई आधारमा लिई स्थानीयकरण गर्ने कार्यका साथै सान्दर्भिक विषयलाई आधारमा लिँदै यो योजना तर्जुमा गरिएको छ । राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको लागि जारी भएको योजना तर्जुमा दिग्दर्शन, २०७८ अवलम्बन गरी यो योजना दस्तावेज तयार गरिएको छ ।

परशुराम नगरपालिकाले योजनाबद्ध विकासद्वारा नगरवासीको समष्टिगत जीवनस्तर सुधारका लागि "सुदूरको शान, ईश्वरको धाम : हाम्रो परशुराम" भन्ने दीर्घकालीन सोच सहित आ.व. २०८२/०८३–२०८६/०८७ का लागि प्रथम आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने प्रतिबद्धता गरेको छ। आवधिक योजना तर्जुमा गर्नका लागि नगरपालिका उपप्रमुख श्री बिमला कुमारी बोहरा ज्यू, सबै वडाका अध्यक्षज्यूहरू लगायत सबै कार्यपालिका सदस्यज्यूहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, नगरसभाका सदस्य, शिक्षक, बुद्धिजीवी एवम् गैरसरकारी संस्था, निजी र सहकारी क्षेत्र, विभिन्न संघ–संस्थाहरू एवम् नागरिक समाजका प्रतिनिधिको सक्रिय सहभागिता, सुझाव र योगदानका लागि आभार व्यक्त गर्दछु । यसैगरी योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री कल्पना भट्ट तथा योजना तर्जुमामा संलग्न हुनुहुने नगरपालिकाका सबै शाखा प्रमुख एवम् सबै कर्मचारीहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

यस महत्वपूर्ण कार्यमा सहयोग प्रदान गरेर स्थानीय सरकारको विकासको प्रयासमा योगदान पुऱ्याउनु भएकोमा सम्पूर्ण सरोकारवालाहरू र सबै विज्ञहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्तमा, यस नगरपालिकाले तर्जुमा गरेको प्रथम आवधिक नगर विकास योजना तर्जुमा कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरूका सद्भाव, सहयोग र क्रियाशीलताको अपेक्षा गरेको छु ।

भरत बडायर जोशी

**नगर प्रमुख**

**परशुराम नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

जोगबुडा, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल ।

## मन्तव्य




स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेको अधिकारको क्षेत्र भित्र रही स्थानीय तहले प्रभावकारी सेवा प्रवाहको लागि योजनावद्ध विकास गर्नुपर्ने मान्यताको आधारमा यस परशुराम नगरपालिकाले "सुदूरको शान, ईश्वरको धाम : हाम्रो परशुराम" भन्ने दीर्घकालीन सोच सहित आ.व. २०८२/०८३–२०८६/०८७ का लागि आवधिक नगर विकास योजना तर्जुमा गरिएको हो। यस प्रथम योजनाले नगरपालिकाको समग्र विकासमा ठोस योगदान पुऱ्याउन सक्नेछ भन्ने अपेक्षा लिएको छ।

यस नगरपालिकामा रहनु भएका सबै जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकार, सरकारी तथा गैरसरकारी संस्थाहरूले यस आवधिक योजनाका लक्ष्यहरूलाई सफल पार्न हरेक वर्ष योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा विगतमा भए गरेका प्रसंशनीय कार्यको आत्मबोध गर्ने, अपनत्व ग्रहण गर्ने र समेटेर सँगसँगै लैजाने कार्यमा सहयोग गर्न सबैमा विनम्रता पुर्वक अनुरोध गर्न चाहन्छु।

आवधिक योजनामा भएका योजनाहरूको कार्यान्वयनका पक्षमा गुणस्तरीय सुशासन र हाम्रो मर्यादालाई आत्मसाथ गर्दै योजनाको सफलताका लागि सकारात्मक र नकारात्मक पक्षको समीक्षा गर्दै नगरपालिकाले तोकेको लक्ष्य अनुसार कार्यान्वयन पक्ष सफल र सक्षम बनाउनकोलागि हामी सबै दृढ संकल्पका साथ अगाडी बढेमा विकासको प्रतिफल सबैले पाउने कुरामा दुईमत छैन । साथै, योजना निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण जनता, नगरप्रमुख, नगरसभाका सदस्य, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारी र परामर्शदाता टिमलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

बिमला कुमारी बोहरा

**नगर उपप्रमुख**

परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल ।

## आभार



परशुराम नगरपालिका, डडेल्धुरा जिल्लाको रणनीतिक र ऐतिहासिक अवस्थाका दृष्टिकोणले ज्यादै महत्त्व बोकेको क्षेत्र हो । नगरपालिकाको सभाबाट बजेट, योजना, नीति तथा कार्यक्रम पारित गरी नगरपालिकाको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना छनौट गरी आवधिक नगर विकास योजना (आ.व. २०८२/०८३–२०८६/०८७) निर्माण गर्ने कार्यक्रम अनुसार यो दस्तावेज तयार भएको छ । यस नगरपालिकाको विकास र समृद्धिका लागि पहिचान गरीएका प्राथमिकताहरू, किटान भएका कार्यक्रमहरू तथा योजनाहरू, विनियोजन भएको बजेटको प्रभावकारिता स्थानीय स्तरमा त्यतिबेला मात्र देखिन जान्छ, जति बेला यी सबै कार्यक्रमहरूमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रूपमा अधिकतम जनसहभागिता, साझेदारी प्राप्त हुने गरी प्रभावकारी हुन जानेछन् । यस योजनाले विकासको प्रतिफल लक्षित समुदायमा पुर्‍याउन र सबै वर्ग तथा समुदायको हकहित र समग्र विकासमा योगदान पुर्‍याउने विश्वास मैले लिएको छु ।

यस आवधिक योजना तर्जुमाका क्रममा नगरपालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने नगरप्रमुख ज्यू, उपप्रमुखज्यू, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरू र यस योजनाको लक्ष्य, योजना र नीति कार्यक्रम प्रति ऐक्यबद्धता र सहयोग गर्नु हुने सबै राजनीतिक दलका नेतृत्व वर्गहरू, विषयगत दक्षता ज्ञान सहित राय सुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत समितिका प्रमुख एवम् राष्ट्रसेवकहरू, योजनामा तर्जुमा खट्ने सबै वडाका सचिव र कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु । साथै, यस योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरू, आवधिक योजना तर्जुमा प्रत्यक्ष सहयोग गर्नु भएका परामर्शदाता टिमका सम्पूर्ण सदस्यहरू लाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

कृष्णानन्द जोशी

**प्रमुख प्रशासकीय अधिकृत**

विषयसूची

शुभकामना सन्देश ...... iv
सन्देश ...... v
मन्तव्य ...... vi
आभार ...... **Error! Bookmark not defined.**
विषयसूची ...... viii
परिच्छेद १ : परिचय ...... 1
१.१ पृष्ठभूमि ...... 1
१.२ राष्ट्रिय परिदृश्य ...... 2
१.३ प्रदेश परिदृश्य ...... 3
१.४ स्थानीय परिदृश्य ...... 5
१.५ योजना तर्जुमाको उद्देश्य ...... 6
१.६ योजना तर्जुमा विधि तथा प्रक्रिया ...... 6
परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ...... 9
२.१ परशुराम नगरपालिकाको परिचय ...... 9
२.२ विगतको उपलब्धी समीक्षा ...... 11
२.३ आर्थिक विकास अवस्था ...... 12
२.३ सामाजिक विकासको अवस्था ...... 14
२.४ पूर्वाधार तथा सहरी विकासको अवस्था ...... 17
२.५ वन, वातावरण तथा विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ...... 20
२.६ सुशासन तथा संस्थागत व्यवस्था ...... 22
परिच्छेद तीन : परशुराम विकासको मार्गचित्र ...... 25
३.१ पृष्ठभूमि ...... 25
३.२ विकासका प्रमुख संभावना तथा अवसर ...... 25
३.३ प्रमुख समष्टिगत सवाल तथा चुनौति ...... 26
३.४ परशुराम विकासको मोडल ...... 27
३.५ निर्देशक सिद्धान्त ...... 28

३.६ आवधिक योजनाको रणनीतिक गन्तव्य ........................................................................................................29

२.७ दिगो विकास लक्ष्यसँगको आबद्धता ........................................................................................................32

२.८ सोह्रौ योजना तथा सुदूरपश्चिम प्रदेशको आवधिक योजनासँगको अन्तरआवद्धता ..........................35

२.९ कार्यान्वयन तथा लगानी संयन्त्र........................................................................................................35

२.१० नगर गौरवका आयोजनाहरु........................................................................................................36

परिच्छेद ४: उत्पादन, रोजगारी तथा आर्थिक विकास ........................................................................................ 37

४.१ कृषि, खाद्य सुरक्षा र सिंचाई ........................................................................................................37

४.२ पशुपन्छी विकास ........................................................................................................42

४.३ पर्यटन, सँस्कृति र सम्पदा ........................................................................................................46

४.४ उद्योग, व्यापार तथा व्यावसाय........................................................................................................49

४.५ श्रम, रोजगारी र गरिबी निवारण........................................................................................................53

परिच्छेद ५: स्वस्थ, शिक्षित तथा मानव पुँजी निर्माण........................................................................................ 58

५.१ स्वास्थ्य, पोषण र जनसंख्या........................................................................................................58

५.२ शिक्षा, विज्ञान प्रविधि तथा नवप्रवर्तन........................................................................................................61

५.३ खानेपानी सरसफाइ तथा स्वच्छता........................................................................................................64

५.४ लैङ्गिक समानता सामाजिक समावेशीकरण ........................................................................................................67

५.५ युवा, खेलकुद तथा सकारात्मक रुपान्तरण ........................................................................................................71

परिच्छेद ६ : उत्थानशील पूर्वाधार तथा अन्तरआबद्धता........................................................................................ 75

६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण........................................................................................................75

६.२ सडक, पुल तथा यातायात ........................................................................................................78

६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा........................................................................................................82

६.४ सूचना, सञ्चार तथा प्रविधि........................................................................................................84

परिच्छेद ७: सन्तुलित वातावरण, विपद् तथा जलवायु उत्थानशीलता........................................................................................ 89

७.१ वन, जैविक विविधता तथा जलाधार........................................................................................................89

७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन........................................................................................................93

७.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........................................................................................................96

परिच्छेद ८ : सक्षम प्रणाली तथा सुशासन........................................................................................ 101

८.१ नीति, कानुन, न्याय तथा सुशासन........................................................................................................101

८.२ संगठन, मानव संसाधन तथा सेवा प्रवाह........................................................................................................104

८.३ राजश्व तथा स्रोत परिचालन ........ 107
८.४ तथ्याङ्क योजना तथा विकास व्यवस्थापन ........ 109
परिच्छेद ९:  योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा सिकाइ ........ 113
९.१ योजना कार्यान्वयन ........ 113
९.२ लगानी तथा स्रोत व्यवस्थापन ........ 114
९.३ अनुगमन तथा मूल्याङ्कन ........ 116
९.४ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन खाका ........ 117
९.५ प्रगति प्रतिवेदन ........ 118
अनुसूची १ : आवधिक योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन ढाँचा ........ 120
अनुसूची २ : आवधिक योजनामा समावेश आयोजना कार्यक्रम विवरण ........ 128
अनुसूची २ : नगरपालिकाको श्रोत नक्सा ........ 137

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

विकास योजनाले उपलब्ध तथा सम्भाव्य श्रोत साधनलाई अधिकतम परिचालन गरी निश्चित अवधिभित्र निर्धारित लक्ष्य, उद्देश्य र प्रतिफल हासिल गर्ने मार्गचित्र प्रस्तुत गर्दछ। संवैधानिक अधिकारको सफल कार्यान्वयन गर्न दीर्घकालीन योजना, आवधिक योजना र वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा र चरणबद्ध कार्यान्वयन आवश्यक छ। विकासको गतिलाई तिब्रता प्रदान गर्न तथा जनताप्रतिको सरकारको जवाफदेहिता अभिवृद्धि गर्नसमेत विकास योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको आवश्यकता पर्दछ। जनप्रतिनिधिले निर्वाचनमा सहभागि हुँदा जनतासँग प्रस्तुत गरेका घोषणा तथा प्रतिवद्धतालाई संस्थागत रूपमा विकासको साझा एजेण्डा तथा प्रतिवद्धताको रूपमा रूपान्तरण गरी व्यवहारमा कार्यान्वयन गर्न आवधिक योजना तर्जुमा आवश्यक रहेको छ।

नेपालको संविधानले संघीय शासन प्रणाली अवलम्बन गर्दै तहगत सरकारलाई आ–आफ्नो अधिकारभित्रका विषयमा कानुन बनाउने, नीति तथा योजना तर्जुमा गर्ने, वार्षिक बजेट तर्जुमा गर्ने, त्यसका लागि आवश्यक पर्ने स्रोतको प्रबन्ध गर्ने, निर्णय गर्ने र कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ। संविधानद्वारा प्रदत्त स्थानीय तहको अधिकारलाई व्यवस्थित गर्ने उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट गर्नुका साथै स्थानीयस्तरको विकासका लागि दीर्घकालीन, मध्यमकालीन (आवधिक), वार्षिक र विषय क्षेत्रगत रणनीतिक तथा गुरूयोजना योजना बनाई लागु गर्न निर्देशित गरेको छ। प्रस्तुत सन्दर्भमा स्थानीय सरकारले विकास गतिबिधिलाई योजनाबद्ध तथा व्यविस्थत रूपमा सञ्चालन गर्न र विकास प्रयासलाई अपेक्षित नतिजा उन्मुख बनाउन आवधिक योजना तर्जुमा जरूरी छ। स्थानीय विकासको गतिलाई तिब्रता प्रदान गर्न तथा स्थानीय सरकारको जनताप्रतिको जवाफदेहिता अभिवृद्धि गर्न आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक तथा गुरूयोजनाको तर्जुमा तथा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन आवश्यक हुन्छ। यसबाट वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक, सहज र वस्तुनिष्ठ बनाउन सहयोग पुग्दछ। योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन लगायत योजना व्यवस्थापन प्रक्रियाको हरेक चरणमा सहभागितामूलक, समावेशी, पारदर्शी र जवाफदेही प्रणालीको सुनिश्चितताका लागि पनि आवधिक योजना तर्जुमा आवश्यक हुन्छ। स्थानीय विकासका गतिविधिहरूमा तीनै तहका सरकार, निजी क्षेत्र, विकास साझेदार तथा गैर सरकारी क्षेत्र, सहकारी र समुदायसँग सहकार्य गरी दिगो विकास लक्ष्य हासिल गर्ने अवस्थाको सुनिश्चितता गर्न पनि आवधिक योजना आवश्यक छ।

स्थानीय आवधिक योजनाले सीमित स्रोत साधनलाई प्राथमिकताका क्षेत्रमा उपयोग गर्ने उपयुक्त विकल्प पहिल्याउँछ। यसले सामाजिक तथा आर्थिक विकासमा तीव्रता ल्याउन, विगतको उपलब्धि तथा प्रगति समीक्षा र हालको अवस्थाको यथार्थ चित्रण गर्दै आगामी दिनको नतिजा आँकलन गर्न र नतिजामुखी विकास पद्धति अवलम्वन गर्न मद्दत गर्दछ। योजनाले विकास प्रक्रियामा सरोकारवाला विशेष गरी पछाडि रहेका तथा जोखिममा रहेका वर्गको संलग्नता र उनिहरू प्रति सरकारको जवाफदेहिता वृद्धि गर्न पनि सहयोग पुऱ्याउँछ। नागरिकहरूमा विश्वास अभिवृद्धि तथा जनमत निर्माण गरी समाजलाई विकास तथा समृद्धितर्फ अग्रसर गराउने र स्थानीय आर्थिक विकास अवधारणाको माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन स्थानीय आवधिक योजनाले

महत्वपूर्ण भूमिका खेल्दछ। यसका अतिरिक्त विपद् जोखिम संवेदनशीलता तथा जलवायु उत्थानशीलतालाई विकास प्रक्रियाको मूलप्रवाहमा ल्याउन र लैङ्गिक उत्तरदायी बजेटको माध्यमबाट सामाजिक समानता तथा रुपान्तरण ल्याउन आवधिक योजना उपयोगी हुन्छ। सुशासन, सामाजिक न्याय, समानता र संरचनागत रुपान्तरणका लागि पनि स्थानीय आवधिक योजना तर्जुमा जरूरी रहेको छ।

उपरोक्त संवैधानिक, नीतिगत, कानूनी, सैद्धान्तिक तथा प्रक्रियागत व्यवस्थालाई मध्यनजर गरी अपार संभावना र मौलिक विशेषता रहेको यस परशुराम नगरपालिकाको समग्र विकास प्रक्रिया र नतिजालाई मार्गदर्शन गर्न राष्ट्रिय योजना आयोगद्वारा जारी गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा आधारित भई निर्वाचित जनप्रतिनिधिको नेतृत्व तथा राष्ट्रसेवक कर्मचारी र सरोकारवालाको संलग्नतामा सहभागितामूलक प्रक्रिया अबलम्बन गरी आवधिक योजना तर्जुमा गरिएको छ। यसबाट नगरपालिकाको विकास गतिविधिलाई व्यवस्थित र सेवासुविधालाई जनताको घरदैलोसम्म पुऱ्याउन नगरपालिका विकासको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा सूचकहरूको वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग तालमेल हुन गई अपेक्षित नतिजा हासिल हुन अपेक्षा गरिएको छ।

## १.२ राष्ट्रिय परिदृश्य

मुलुकमा विद्यमान युवा जनसाङ्ख्यिक लाभ तथा उपलब्ध अपार प्राकृतिक, सांस्कृतिक र मानवीय स्रोतको उपयोग एवम् मुलुकको भौगोलिक, सांस्कृतिक र सामाजिक विविधताको सम्बर्द्धनका लागि सङ्घीय संरचनामा आधारित राजनीतिक शासन प्रणाली अवलम्बन गरिएको छ। यसबाट मुलुकमा राज्यका स्रोत साधनको समन्यायिक वितरण र बहुपक्षीय तथा दिगो उपयोग; अन्तरराष्ट्रिय सम्बन्ध र सहयोगको क्षेत्रमा देखिएको बढोत्तरी; कृत्रिम बौद्धिकता लगायत सूचना तथा सञ्चार प्रविधि, सामाजिक-आर्थिक पूर्वाधार तथा अन्तरआवद्धता भएको अभूतपूर्व विकास; सार्वजनिक, निजी, गैरसरकारी साझेदारीका माध्यमबाट आमनागरिक विशेष गरी पछाडि रहेको वर्ग तथा क्षेत्रका आवश्यकता, आकांक्षा र सोच पुरा गर्नुका साथै सुशासन, सामाजिक न्याय र समुन्नतिको आकांक्षालाई ठोस आकार र सार्थकता दिन उपयुक्त वातावरण र अवसर सिर्जना भएको छ। यसैगरी, नेपाललाई सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति गरी २०३० सम्म मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउन तथा दिगो विकासका लक्ष्य हासिल गर्न राजनीतिक, नीतिगत तथा संरचनागत र लगानी अनुकूल वातावरण बन्दै गएको छ।

नेपालको संविधानले संघीय शासन प्रणाली अवलम्बन गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र तहगत सरकारद्धारा शासन सञ्चालन गर्ने व्यवस्था गरेको छ। तहगत सरकारको सम्बन्ध सहकारिता, सहअस्तित्त्व र समन्वयको सिद्धान्तमा आधारित हुने गरी तीनै तहको लागि एकल तथा साझा अधिकारको व्यवस्था गरेको छ। वर्तमानमा सङ्घीयता कार्यान्वयनको मार्गचित्र अनुरूप मुलुकमा दोस्रो अवधिका लागि तीनै तहमा जननिर्वाचित सरकार गठन भई आ-आफ्नो अधिकारभित्रका विषयमा नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र जवाफदेहिता वहन गर्न निरन्तर प्रयासरत छन्। संवैधानिक व्यवस्था अनुसार संरचनागत रूपान्तरण र योजनाबद्ध विकास दिगो शान्ति, सुशासन र समुन्नतिको साझा आकांक्षा पूरा गर्न राजनीतिक शक्ति र सरकारी र गैरसरकारी साझेदार बीच समन्वय, सहकार्य र सहमतिको वातावरण क्रमशः बन्दै गएको अवस्था छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्याससँगै राजनीतिक दलहरू आर्थिक-सामाजिक विकास र समुन्नति मार्गचित्र तर्फ अग्रसर हुन थालेका छन्। अनुकुल राजनीतिक वातावरण

निर्माण र तहगत सरकारको क्रियाशीलतासँगै निजी, सहकारी, समुदाय, गैरसरकारी तथा विकास साझेदारबाट लक्षित वर्ग तथा विषयगत क्षेत्रमा आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका कार्यहरू तिब्र बन्दै गएका छन्।

तिब्र विकास र लगानी अभिवृद्धि गर्न वित्तीय सङ्घीयताको सवलीकरणका लागि नीतिगत, कानुनी र संस्थागत व्यवस्थाको आधार तयार भएका छन्। नेपाल संविधान अनुरूप तहगत सरकारबीच अधिकार र जिम्मेवारीको बाँडफाँट तथा संस्थागत व्यवस्थासँगै विकास नतिजामा तिब्रता ल्याउन राजस्व परिचालन, बाँडफाँट, वित्तीय हस्तान्तरण र ऋण परिचालन लगायत वित्तीय सङ्घीयताको अभ्यास भैरहेको छ। प्रदेश तथा स्थानीय तहमा नीतिगत, कानुनी तथा संस्थागत प्रबन्धका साथै क्षमता विकास हुँदै गएको छ। यसबाट अन्तरसरकार, आमनागरिक, निजी क्षेत्र, समुदाय र सरोकारवाला विचको समन्वय, साझेदारी तथा सहकार्यबाट सेवाप्रवाह र विकास कार्य सम्पादनमा बढोत्तरी भएको छ। सहज राजनीतिक, नीतिगत तथा लगानीको वातावरणको फलस्वरूप यातायात, जलश्रोत तथा ऊर्जा, सिँचाइ, खानेपानी तथा सरसफाइ र औद्योगिक पूर्वाधारको विस्तारसँगै कृषि, पर्यटन, उद्योग, व्यापार तथा व्यवसायमा वृद्धि हुँदै गएको छ। मुलुकको इतिहासमै विकासका लागि सुनौलो वातावरण रहेकोमा न्यून उत्पादन, बेरोजगारी, नगरबाट सहर-बजारमा हुने तिब्र बसाइँसराइ, युवापङ्तिमा बढ्दो निराशा र वौद्धिक पलायन बढ्दै जाँदा उत्पादनशील क्षेत्रमा लगानी घट्दै जाने अवस्था सिर्जना भैरहेको छ। जलवायु परिवर्तन तथा तापमान वृद्धिसँग हिमाल, जलस्रोत लगायत प्राकृतिक स्रोत, जलविद्युत लगागत विकासका पूर्वाधार र जनजीवनमा पर्दै गएको नकारात्मक असरसँगै राष्ट्रियस्तरमा जलवायु वित्त परिचालनको सम्भावना बढ्दै गएता पनि स्थानीय स्तरमा लगानीको लागि थप प्रयास गर्नु आवश्यक रहेको छ।

## १.३ प्रदेश परिदृश्य

नेपालको संविधान बमोजिम नेपाललाई ७ प्रदेशमा विभाजन गरियो। यी मध्ये साविकका महाकाली अञ्चलका ४ जिल्ला र सेती अञ्चलका ५ जिल्लाको सुदूरपश्चिम प्रदेश कायम भयो। भौगोलिक रुपमा यस प्रदेशले हिमाल, पहाड र तराई गरी तिनै धरातलीय स्वरुपलाई समेटेको छ। त्यस्तै हावापानीको दृष्टिकोणले हेर्दा पनि यस प्रदेशमा नेपालमा पाइने सबै प्रकारको (उष्ण मनसुनीदेखि टुन्ड्रा) हावापानी विद्यमान रहेको छ । यो प्रदेश १०९ मिटरदेखी ७१३२ मिटरसम्म उचाई र २८° २२" उत्तरी अक्षांशदेखि ३०° ०९" उत्तरी अक्षांश र ८०°०३" पूर्वी देशान्तरदेखि ८१° २५" पूर्वी देशान्तरसम्म फैलिएको छ । यस प्रदेशको सबैभन्दा अग्लो भू-भागको रुपमा अपि हिमाल (७,१३२ मिटर) र होचो भू-भागको रुपमा कैलाली जिल्लामा (१०९ मिटर) रहेको छ।

नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. मध्ये सुदुरपश्चिम प्रदेशले १९,९९९.२८ वर्ग कि.मि. अर्थात् १३.२७% क्षेत्रफल ओगटेको छ । यसमा प्रदेशको कुल क्षेत्रफलमा हिमाली भू-भाग ८३९३.११ वर्ग कि.मि. (४०.६०%), पहाडी भू-भाग ६७४८.७८ वर्ग कि.मि. (३४.५४%) र तराई भू-भाग ४८५७.३९ वर्ग कि.मि. (२४.८६%) पर्दछ । यस प्रदेशमा पहाडी तथा हिमाली भू-भाग बढी रहेको छ । यो प्रदेश नेपाल राज्यको करिब पश्चिम भागमा पर्दछ । यो प्रदेशका २ जिल्ला (कैलाली र कञ्चनपुर) तराई क्षेत्रमा, ४ जिल्ला (डोटी, डडेल्धुरा, अछाम, बैतडी) पहाडी क्षेत्रमा र ३ जिल्ला (दार्चुला, बझाङ र बाजुरा) हिमाली क्षेत्रमा पर्दछन् ।

यस प्रदेशको सिमाना पूर्वमा कर्णाली प्रदेशका सुर्खेत, दैलेख, कालीकोट र मुगु जिल्ला तथा लुम्बिनी प्रदेशको बर्दिया जिल्ला पर्दछ। पश्चिम र दक्षिणमा भारत, उत्तरमा कर्णाली प्रदेशको हुम्ला जिल्ला तथा मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत रहेको छ।

नेपालको संविधान अनुसार नेपालको शासकीय स्वरुप संघीय संरचनामा नेपाललाई ७५३ स्थानीय तह, ७ प्रदेश र संघीय सरकारको रुपमा विभाजन गरिएको छ। प्रदेश निर्वाचन क्षेत्र ३२ र प्रतिनिधि सभा निर्वाचन क्षेत्र १६ वटा रहेको छ। यो विभाजन मध्ये यस सुदूरपश्चिम प्रदेश अन्तर्गत महाकाली अञ्चलका ४ जिल्ला दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर, सेती अञ्चलका बझाङ्ग, बाजुरा, डोटी, अछाम र कैलाली गरी जम्मा ९ जिल्ला रहेका छन्। १ उप-महानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी जम्मा ८८ स्थानीय तह रहेका छन्।

२०७८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ मध्ये यस प्रदेशको जनसंख्या २६,९४,७८३ रहेको छ जुन कुल जनसंख्याको ९.२३% हुन आउँछ। यस मध्ये पुरुषको जनसंख्या १२,७२,७८६ र महिलाको जनसंख्या १४,२१,९९७ रहेको छ।

यस प्रदेशका प्रमुख नदीहरुमा सेती र महाकाली हुन्। अन्य सहायक नदीहरुमा चमेलीया, बुढीगंगा, दरगंगा, सुर्नाया, ढिकगाड, होपरीगाड, रंगुन, डोटेली गाड, स्पालगाड, खुवटया, मोहना, श्वशसैया, बानरा, आदि हुन्। यस क्षेत्रमा पर्ने प्रमुख तालहरुमा कैलाली जिल्ला घोडाघोडी ताल विश्वसम्पदा सूचीमा सूचिकृत सिमसार क्षेत्रको रुपमा परिचित हुनुका साथै धार्मिक दृष्टिकोणबाट समेत प्रसिद्ध छ। कञ्नपुर जिल्लामा रहेको झिलमिला ताल, वेदकोट ताल, डडेल्धुराको आलीताल, डोटी जिल्लामा रहेको छतिवन ताल आदि छन् भने डोटी, अछाम, बझाङ र बाजुरा जिल्लाको बिचमा रहेको खप्तड ताल यस क्षेत्रको प्रमुख पर्यटकीय आर्कषणको रुपमा रहेको छ।

यस प्रदेशमा थुप्रै धार्मिक स्थलहरु रहेका छन्। जसमध्ये डडेल्धुराको परशुरामधाम, डोटीको खप्तड, अछामको रामारोशन, बाजुराको बडीमालिका, बझाङको तपोवन, ऋषिकुण्ड र सुर्मासरोवर, बैतडीको रौलाकेदार र सिगास, दार्चुलाको मालिकार्जुन, लटीनाथ, गल्लाकेदार र हुनैनाथ, कैलालीको बेहडा बाबा आदि हुन्।

यस क्षेत्रका प्रमुख मन्दिरहरुमा बाजुरामा बडीमालिका, बझाङमा सुर्मादेबी, जल्फादेवी, मष्टा र दुर्गा, दार्चुलाको मालिकार्जुन, लटीनाथ, गल्लाकेदार, बैतडीको त्रिपुरासुन्दरी, निङ्गलासैनी, जगन्नाथ, ईश्वरी गंगाधाम, कृष्णमन्दिर, महारुद्र, मेलौली भगवती, ग्वालेक केदार र राताशिला, डडेल्धुराको उग्रतारा, भागेश्वर, घण्टेश्वर, डोटीघटाल र बेताल, अछामको बैजनाथ, बर्मादेवी, डोटीको शैलेश्वरी, केदार, लानाकेदारेश्वर, कञ्चनपुरको सिद्धनाथ, बैजनाथ र विष्णु मन्दिर, कैलालीको गोदावरी, वनदेवी, बेंहडा बाबा तथा नैनादेवी आदि प्रमुख हुन्।

यस क्षेत्रका प्रमुख पर्टक स्थलहरुमा खप्तड, बुढीनन्दा देवी, शुक्लाफाँटा, सुर्मासरोवर ताल, महाभारतपर्वत, घनघश्या लेक, भेल्छडा, पाताल भुमेश्वर, रौलाकेदार, घोडाघोडी ताल, अजयमेरुकोट, आलीताल, बेदकोट, व्यास हिमाल, सैपाल हिमाल, बडीमालीका, मेलौली भगवती, उग्रतारा मन्दिर, टिकापुर पार्क, अपि हिमाल, रामारोशन क्षेत्र, दोधाराचादनी झोलुङ्गे पुल, कर्णाली पुल आदि पर्दछन।

सूदूरपश्चिम प्रदेश सरकारले प्रदेशको "आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" को दीर्घकालीन सोचसहित प्रथम पञ्चवर्षीय योजनाको आधारपत्रमा सूदूरपश्चिम प्रदेशको समग्र विकासको लागि अल्पकालीन लक्ष्य विक्रम संवत् २०७८/०७९ देखि २०८३/०८४, मध्यमकालीन लक्ष्य वि.सं. २०७८/७९ देखि २०९० र दीर्घकालीन लक्ष्य २०७८/०७९ देखि २१०० सम्मका लागि समृद्धि र सुखका मुख्य सूचकहरू निर्धारण गरिएका छन्।

## १.४ स्थानीय परिदृश्य

संवैधानिक तथा कानुनी व्यवस्था बमोजिम स्थानीय तहमा निर्वाचित पदाधिकारीको पहिलो कार्यकालमा स्थानीय सरकारको रूपमा यस नगरपालिका नीति, कानुन तथा योजना निर्माण; संस्थागत विकास, मानव संशाधन विकास, सेवाप्रवाह र पूर्वाधार विकासको जग निर्माणमा क्रियाशील रह्यो। स्थानीय तहमा निर्वाचित पदाधिकारीको दोस्रो तथा चालु कार्यकालमा यस नगरपालिका संस्थागत क्षमता विकासलाई सुदृढ गर्दै चुस्त सरकारको अवधारणा बमोजिम शासन सञ्चालन, सेवा प्रवाह तथा जनताको आवश्यकता तथा मागमा आधारित विकास कार्य सम्पादनलाई प्रदान गर्न अग्रसर रहेको छ। स्थानीय शासन, सेवाप्रवाह र विकास प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीयस्तरमा प्रतिवद्ध एवम् सक्षम नेतृत्व विकास गर्न; नागरिकले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय शासन प्रणालीलाई सुदृढीकरण गर्न; सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न तथा संविधान प्रदत्त अधिकारलाई स्थानीय तहमा कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवासुविधालाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो बनाउन स्थानीय सरकारको रूपमा यस नगरपालिका निरन्तर क्रियाशिल रहेको छ।

मुलुकमा सङ्घीयता कार्यान्वयनसँगै स्थानीय सरकारको रूपमा नगरपालिका स्थापना पश्चात नगरवासीका ठुला-साना आवश्यकताको सम्बोधन; बाढी, महामारी तथा भूकम्प लगायतका विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनःनिर्माण र पुनर्लाभमा सहयोग तथा सहजीकरण; स्वास्थ्य, पोषण, शिक्षा, खानेपानी तथा सरसफाइ, कृषि प्रसार र उद्यम तथा व्यवसाय प्रवर्द्धन लगायत नियमनकारी सेवा प्रवाहमा सहजता आएको छ। मुलुकको अन्य स्थानीय तहमा जस्तै यस नगरपालिकामा पनि नागरिकका आवश्यकता तथा अपेक्षा एकातिर ज्यामितिय दरमा वृद्धि भईरहेका छन् भने अर्कोतर्फ नागरिक तथा निर्वाचित जनप्रतिनिधि निर्णय प्रक्रियाका महत्त्वपूर्ण अङ्गमा निर्णायक अधिकारीका रूपमा सहभागी भईरहेका छन्। यसले स्थानीय स्तरमा एकातर्फ जनसहभागिता र नेतृत्वमा गतिशीलता अभिवृद्धि भइरहेको छ भने अर्कोतर्फ सुशासनका आधारभुत पक्षहरूमा सुधार भइरहेको छ। नेपालको सम्बन्धमा संघीयताको अभ्यास नौलो भएको र विगतमा लामो समयसम्म स्थानीय तह निर्वाचित जनप्रतिनिधि विहिन रहेको हुँदा स्थानीय तहका जनप्रतिनिधिमा सापेक्षिक रूपमा शासन सञ्चालन, सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी क्षमता र अनुभवको कमी रहेको महशुस गरिएको छ। यसबाट नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन फितलो हुन सक्ने जोखिम रहेको छ। यसको निराकरणका लागि सहभागितामूलक योजना तर्जुमा विधि अबलम्बन गरी एकीकृत तथा रणनीतिक योजना तर्जुमा आवश्यक महसुस भई अभ्यासको थालनी गरिएको छ।

नेपालको संविधानको व्यवस्था र वित्तीय संघीयताको अवधारणा अनुसार यस नगरपालिकाले आन्तरिक राजस्व, राजस्व तथा रोयल्टी बाँडफाँट, अन्तरसरकार वित्तीय हस्तान्तरण र ऋण परिचालन, विकास साझेदार र समुदायसँग समन्वय, सहकार्य तथा साझेदारी गरी सेवा प्रवाह र विकास कार्यमा राजस्व संकलन तथा स्रोत परिचालन गर्दै आएको छ। संवैधानिक व्यवस्था अनुकुल राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिस अनुसार नेपाल सरकार तथा प्रदेश सरकारबाट नगरपालिकाले राजस्व तथा रोयल्टी बाँडफाँट र अन्तरसरकार वित्तीय हस्तान्तरण वापतको रकम प्राप्त गरी प्राथमिकताका क्षेत्रमा परिचालन गर्दै आइरहेको छ। जुन संवैधानिक मर्म तथा नगरपालिका आवश्यकता अनुरूप प्रयाप्त भने रहेको छैन।

यस सन्दर्भमा स्थानीय तहको चासो संस्थागत विकास र आर्थिक समृद्धिको खाका सहितको परशुराम नगरपालिकाको आवधिक योजना निर्माण गरिएको छ । विकासका परिसूचकहरूमा पृथक् तथ्याङ्कहरूको विश्लेषण, तदनुरूप आवधिक योजनाहरूमा परशुराम नगरपालिका को प्रक्षेपण, योजनाहरूको तर्जुमा, आवधिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरूको अभावले विगतमा भएका उपलब्धि तथा कमी कमजोरीहरूलाई केलाउन निकै कठिन भएको छ। राष्ट्रिय रूपमा आवधिक योजनाको एउटै नीतिगत आधार हुने भएकोले पनि परशुराम नगरपालिका को आर्थिक, सामाजिक, गरिबी, पूर्वाधारको विशिष्टता अनुरूपको नीति र सो अनुसारका कार्य योजना विगतमा बन्न सकेनन् । यसको प्रथम प्राथमिकताको रूपमा छरिएर रहेका तथ्याङ्कको सङ्कलन तुलनात्मक विश्लेषण, सोहीअनुसार राष्ट्रिय नीति र आवधिक योजनासँग तालमेल हुने गरी परशुराम नगरपालिकाको समग्र विकास नीतिका आधारहरू तयगर्नु रहेको छ। मौसममा आधारित कृषि उत्पादन, पर्यटन र विप्रेषण यस नगरपालिकाको समग्र अर्थतन्त्रका मुख्य आयाम हुन् ।

## १.५ योजना तर्जुमाको उद्देश्य

परशुराम नगरपालिकाले संवैधानिक व्यवस्था तथा नेपाल सरकारको दीर्घकालीन सोच, २१०० तथा सोह्रौ योजनाले तय गरेको "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच अनुसारका लक्ष्य तथा उद्देश्य तथा सूदूरपश्चिम प्रदेश सरकारले प्रदेशको "आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" सोचसँग सामाञ्जस्यता कायम गरी परशुराम नगरपालिकाको प्रथम आवधिक योजनाको सोच "सुदूरको शान, ईश्वरको धाम : हाम्रो परशुराम" तय गरी योजनाको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न आन्तरिक तथा स्थानीय स्रोत; संघ, प्रदेश, विभिन्न विकास साझेदार, निजी तथा व्यवसायिक, सहकारी गैरसरकारी र सामुदायिक क्षेत्रबाट उपलब्ध हुने स्रोत तथा लगानीलाई योजनावद्ध, प्रभावकारी र दिगो रूपमा परिचालित गर्दै विकासको गति तिब्र बनाउने संकल्प गरेको छ।

परशुरामवासीको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्य देहायबमोजिम रहेका छन् :

१. योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु,
२. स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिबद्धता र उत्तरदायित्व सिर्जना गर्नु,
३. विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु,
४. सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु,
५. नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु ।
६. समावेशी, सहभागितामूलक र नतिजामा आधारित स्थानीय विकासको अवधारणालाई प्रवर्द्धन गर्नु।

## १.६ योजना तर्जुमा विधि तथा प्रक्रिया

### १.६.१ तयारी छलफल एवम् सहमति निर्माण

आवधिक योजनाका तयारी प्रक्रियालाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन तथा मार्गनिर्देशन गर्न नगर प्रमुखको संयोजकत्वमा आवधिक योजना तर्जुमा सम्बन्धी तयारी बैठक तथा छलफल आयोजना गरियो। उक्त बैठकमा योजना तर्जुमाका प्रस्तावित विधि र प्रक्रिया, सहभागिता तथा जिम्मेवारी र समयसीमाका बारेमा छलफल तथा निर्णय गरियो। यस छलफलमा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष तथा कार्यपालिका सदस्य तथा शाखा प्रमुख लगायत कर्मचारीको उपस्थिति रहेको थियो।

### १.६.२ वस्तुस्थिति विश्लेषण तथा दीर्घकालीन सोच तर्जुमा कार्यशाला

उपलब्ध तथ्याङ्क तथा सूचना आधारित रही योजना तर्जुमा कार्यशाला आयोजना गरी स्थानीय आवधिक योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रकिया, समयतालिका, सहभागिता तथा जिम्मेवारी बारे प्रस्तुति तथा छलफल गरियो। नगर प्रमुख ज्यूको संयोजकत्वमा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, राजनीतिक दलका प्रतिनिधि तथा योजना तथा अनुगमन शाखाका प्रमुख समेत निर्देशक समिति तथा विषयगत समितिमा कार्यशाला सहभागि जनप्रतिनिधि, कर्मचारी र अन्य सहभागिलाई विषय क्षेत्र, रूची र समावेशी सहभागिताको आधारमा थप गरी ५ वटा विषयगत समूह निर्माण गरियो। निर्देशक समितिले समष्टिगत क्षेत्र र आर्थिक, सामाजिक, पूर्वाधार, वन तथा वातावरण र संस्थागत तथा सुशासन समूहले सम्बिन्धित विषय क्षेत्रको वस्तुस्थिति विश्लेषण र योजना तर्जुमाको समूहगत अभ्यास गरियो। समूहगत अभ्यासमा समष्टिगत र सम्बन्धित विषयगत क्षेत्रको समस्या पहिचान गरी सूची तयार गर्ने तत्पश्चात समस्या विश्लेषण गरी मूल समस्या पहिचान, समस्याको कारण र असर सम्बन्धको विश्लेषण गरियो। विश्लेषण गर्दा उपलब्ध भएसम्म तथ्याङ्क तथा सूचनाबाट पुष्ट्याइ समेत गरियो। कारण-असर सम्बन्ध विश्लेषणलाई रूपान्तरण गरी साधन-साध्य विश्लेषण गरियो र सोको आधारमा नतिजा खाका तर्जुमा गरियो। यस प्रक्रियामा महिला एवम् पछाडि रहेका वर्ग र समुदायबाट नगरसभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारीको आवाज, विचार र प्राथमिकतालाई विशेष ध्यान दिइयो।

### १.६.३ सान्दर्भिक दस्तावेजको पुनरावलोकन, तथ्याङ्क विश्लेषण र आधार अवस्था सूचना तयारी

स्थानीय योजनासँग सम्बन्धित संवैधानिक अधिकार सूची तथा प्रावधान; सान्दर्भिक संघीय तथा प्रादेशिक ऐन, नियम तथा दिग्दर्शन; नगरपालिकाले तर्जुमा गरी लागू गरेका नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड; विषय क्षेत्रगत रणनीतिक तथा  गुरूयोजना र वार्षिक नीति तथा कार्यक्रम; वस्तुस्थिति विवरण; अध्ययन तथा प्रतिवेदन तथा प्रगति प्रतिवेदन आदिको समूहगत रूपमा पुनरावलोकन र विश्लेषण गरी समष्टिगत तथा विषय क्षेत्रगत वस्तुस्थिति विश्लेषणको पुष्ट्याइ तथा विवरण थप गरियो। यसैगरी योजनाको आधार वर्षको अवस्था र आगामी तीन तथा पाँच वर्षको लक्ष्य समेत समष्टिगत तथा विषय क्षेत्रगत परिमाणात्मक लक्ष्यको मस्यौदा तयार गरियो। यस सम्बन्धी कार्य आवधिक योजना तर्जुमा तथा मध्यमकालीन खर्च तर्जुमा कार्यशालामा सहभागितात्मक रूपमा तयार गरिएको छ।

### १.६.४ आवधिक योजनाको प्रारम्भिक मस्यौदा तयारी

आर्थिक वर्ष २०८२/८३ को मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति तथा कार्यकम र बजेट तर्जुमा प्रक्रियालाई योजनाको प्राथमिकता र नतिजामा आधारित बनाउन मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया तथा संरचनाको दस्तावेज तयारी प्रक्रियासँगै निर्देशक समिति र विषयगत समिति तथा सम्बन्धित विषयगत शाखा,

उपशाखा र एकाइका प्रमुख तथा प्रतिनिधि कर्मचारीको सक्रिय सहभागिता र योजना विज्ञको सहयोग र सहजीकरणमा योजनाको प्रारम्भिक मस्यौदा तयार गरियो।

### १.६.५ सरोकारवाला परामर्श

आवधिक योजनाको प्रारम्भिक मस्यौदा उपर सुझाव प्राप्त गर्न नगरपालिकामा कार्यरत विकास साझेदार संस्थाका प्रतिनिधि, विषयगत समिति संयोजक तथा शाखाका प्रमुख, राजनीतिक दल, पछाडि रहेका वर्ग समुदाय र प्रदेश सरकारका प्रतिनिधिसँग परामर्श गरी सुझाव समेत समावेश गरिएको छ।

### १.६.६ योजना तर्जुमा अन्तिम परामर्श

वस्तुस्थिति विश्लेषण तथा दीर्घकालीन सोच तर्जुमा कार्यशालाको उपलब्धी, प्रारम्भिक मस्यौदा दस्तावेज र परामर्शबाट प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा योजनाको खाका तथा सूचना उपर जाँच, थप छलफल र परिमार्जन गरी अन्तिम रूप दिन नगरपालिकासँग परामर्श गरिएको छ। उक्त परामर्शमा विकासका प्रमुख भौतिक स्रोतसाधन र सामर्थ्य पहिचान तथा नक्शाङ्कन; विकासका संभावना तथा अवसर, सवाल तथा चुनौती, परशुराम विकासको मोडेल तथा विषयगत नतिजा खाँका; रणनीति, कार्यनीति तथा कार्यक्रम प्रस्तुति, छलफल र अन्तिम स्वरूप प्रदान गरियो। यसैगरी परिमाणात्मक लक्ष्य, मापनका सूचक, आधार अवस्था, लक्ष्य र पुष्ट्याईको स्रोत निर्धारण, विकासको अपेक्षित अवस्थाको नक्शाङ्कन, आर्थिक विश्लेषण तथा लगानी; संगठन संरचना तथा मानव संशाधन व्यवस्थापन एवम् अन्तर सरकार, विकास साझेदार, गैरसरकारी, नीजि क्षेत्र, सहकारी तथा समुदाय समन्वय, सहकार्य र साझेदारीबीच सम्वाद, समन्वय, सहकार्य र लगानी परिचालन लगायत आवधिक योजनाको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको खाका समेत तयार गरिएको छ।

### १.६.७ आवधिक योजनाको दस्तावेज तयारी

वस्तुस्थिति विश्लेषण तथा दीर्घकालीन सोच तर्जुमा कार्यशालाको उपलब्धि, सरोकारवाला परामर्शबाट प्राप्त सुझाव तथा पृष्ठपोषण र योजना तर्जुमा कार्यशालाको प्रस्तुति तथा छलफल; प्रमुख भौतिक स्रोतसाधन र सामर्थ्य पहिचान तथा नक्शाङ्कन; विकासको अपेक्षित अवस्थाको नक्शाङ्कन; आर्थिक विश्लेषण तथा लगानी; आवधिक योजनाको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन समेत समावेश गरी योजना तथा विषय विज्ञ समेतको सहयोगमा आवधिक योजनाको दस्तावेज तयार गरियो। यस दस्तावेज उपर संघीय सरकार, प्रदेश सरकार र जिल्ला समन्वय समिति तथा नगरपालिका स्थित मुख्य सरोकारवालाबाट थप सुझाव प्राप्त गरी योजना दस्तावेजलाई अन्तिम रूप दिईनेछ।

# परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ परशुराम नगरपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

परशुराम नगरपालिका डडेल्धुरा जिल्लाको जोगबुडा क्षेत्रमा रहेकोछ । प्राकृतिक सुन्दरताले भरिपूर्ण परशुराम नगरपालिका सुदूरपश्चिम प्रदेश, डडेल्धुरा जिल्लाको भित्री मधेश भेगमा अवस्थित छ। साविकका दुईवटा गाविसहरु जोगबुडा र शिर्षलाई मिलाई २०७१/०८/१६ गते परशुराम नगरपालिकाको घोषणा गरिएको हो ।

"भगवान विष्णुका" १० वटा मुख्य अवतारहरु मध्ये छैठौँ अवतार भगवान परशुरामको नामबाट यस नगरपालिकाको नामाकरण परशुराम नगरपालिका गरिएको हो । स्कन्ध पुराणमा उल्लेख गरिए अनुसार जमदग्नी पुत्र परशुरामले तप, ध्यान तथा साधना गरेको पुण्य स्थल परशुरामधाम यसै पालिकामा अवस्थित छ।

क्षेत्रफल र जनसंख्या दुबैका आधारमा डडेल्धुरा जिल्लाको सबैभन्दा ठुलो स्थानीय तह परशुराममा १२ वटा वडा रहेका छन्। यस नगरपालिकाको क्षेत्रफल ४१४.०७ वर्ग कि.मी. छ, भने राष्ट्रिय जनगणना २०७८ अनुसार परशुराम नगरपालिकाको जम्मा जनसंख्या ३५,५९० रहेको छ। जसमध्ये ५३% महिला र ४७% पुरुष छन।

### २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

सुदूरपश्चिमको मध्य पहाडी जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरूपका हिसाबले उपत्यका, पहाड, भिर, पाखा, खोच, लेक, भिरालो जमिन आदि प्रकृतिको भूबनोट रहेको पाइन्छ। नगरपालिकाको बीच भाग भएर बग्ने रंगुन नदी, शिर्ष नदि पुन्तरा खोला र नेपाल भारतकै सिमानाको रुपमा रहेको महाकाली यस नगरपालिकामा रहेका छन् । रंगुन नदी र महाकालीको दोभानमा स्थित परशुरामधामले परिचित रहेको यो नगरपालिकामा मन्दिर तथा धार्मिक स्थलहरु यहाँको अर्को आकर्षण हो। परशुराम नगरपालिकामा पर्याप्त खेतियोग्य जमिनहरू छन्। नगरपालिकामा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुङ्गा, बालुवा आदि प्रसस्त मात्रामा पाइन्छ । नगरपालिकामा रहेको सम्भावना पहिल्याएर विभिन्न प्राकृतिक स्रोतको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्र सबल हुने सम्भावना देखिन्छ।
नगरपालिकामा ३०३ मिटर देखी अन्दाजी १२०० मिटरसम्मको क्षेत्र र नदी खोलाहरुबाट निर्मित समथर भू–भागहरु पर्दछन् । बर्षातको समयमा बर्षेनी बाढीले बगाएर ल्याएको पाँगो माटोले पुरिएर बनेको हुँदा यहाँको माटो उर्वरायुक्त छ । कमजोर भौगर्भिक वनावट (सुख्खा ढुङ्गा, कंकड, बालुवा) को कारणले गर्दा अधिक बर्षा भएको समयमा यहाँ भू–क्षय र पहिरो एवम् नदी कटानले गर्दा कैयौं हेक्टर जमिनको मलिलो माटो बगाउने गर्दछ। यस क्षेत्रमा सिंचाईको व्यवस्था राम्रो किसिमको छ । यहाँ गर्मी मौसममा ज्यादा गर्मी र हिउँद महिनामा सामान्य जाडो बगाउने गर्दछ । यस क्षेत्रमा सिंचाईको व्यवस्था राम्रो किसिमको छ ।
हिउँद महिनामा सामान्य जाडो हुने गर्दछ। खाद्यान्न बाली र फलफूल खेतीको दृष्टिले यो क्षेत्र जिल्लाको ज्यादै महत्वपूर्ण मानिन्छ जसले डडेल्धुराको ३७ प्रतिशत खाद्यान्न आपूर्ति गर्ने गदर्छ । यस क्षेत्रमा हिउँदे बाली गहुँ, दलहन आदी र बर्षेबालीमा धान, मकै,कोदो मुख्य रहेका छन् । फलफूलहरुमा केरा, आपँ, लिची, भुँइकटहर, मेवा

आदी पाइन्छन् । यहाँ सदाबहार बोट विरुवाहरु पाईन्छन् जस्तै साल, सिसम आदि । यस प्रदेशको जंगल आर्थिक दृष्टिकोणले ज्यादै महत्वपूर्ण मानिन्छ।

मध्य पहाडी प्रदेश : १२०० मिटर देखि २००० मिटरसम्म फैलिएको भू–भागलाई मध्य पहाडी प्रदेश भनिन्छ । यसमा महाभारत क्षेत्र पर्ने गर्दछ । शितल हावापानी र स्वास्थ्यका दृष्टिकोणले राम्रो छ । मध्ये पहाडी क्षेत्रमा बिशेष गरी चिसो मौसममा हुने सल्ला र अन्य प्रजातिका रुखहरु बढी पाईन्छन् ।

परशुराम नगरपालिका समुद्री सतह बाट ३०३ देखि लिएर महाभारत श्रेणीको १५३२ मिटर उचाई सम्म फैलिएको छ । यस क्षेत्रको हावापानी मिश्रित (उपोष्ण, समशितोष्ण र शितोष्ण) रहेको छ । धरातलीय स्वरुप अनुसार यहॉको हावापानी लाई मुख्य २ भागमा बाड्न सकिन्छ ।

क) उपोष्ण जलवायु : जिल्लाको भित्री मधेश, नदी तथा खोला द्वारा निर्मित समथल भू–भागहरु जस्तैः– शिर्ष, जोगबुढा, र महाकाली नदीका किनारका भागहरुको ३०३ मि. देखी ८०० मि. सम्ममा यस प्रकारको हावापानी पाईन्छ । गर्मी मौसममा औसत २०–३७ सेल्सियस सम्म तापक्रम रहन्छ ।

ख) समशितोष्ण जलवायु : नगरपालिकाको भित्री मधेश र महाभारत पहाडको ८०० मि. देखी २००० मि. सम्म यस प्रकारको हावापानी पाईन्छ । गर्मी मौसममा औसत २०–२५ सेल्सियस सम्म तापक्रम रहन्छ ।

### २.१.३ धार्मिक र ऐतिहासिक स्थल तथा तिनीहरुको अवस्थिति

परशुराम नगरपालिका क्षेत्रमा थुप्रै एतिहासिक एवं धार्मिक स्थलहरु रहेका छन् । यो जिल्ला ऐतिहासिक एवं धार्मिक स्थलमा धनी मानिन्छ तर यी सम्पदाहरुको उचित संरक्षण र प्रचारप्रसारको कमीका कारण यिनीहरुको सहि सदुपयोग हुन नसकेको देखिन्छ ।

यो नगरपालिकामा विभिन्न खालका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु रहेका छन् । नेपालकै प्रशिद्ध धाम मध्येको १ धामको रुपमा रहेको परशुराम धाम वडा नं. ५ मा अवस्थित रहेको छ जुन यस नगरपालिकाको प्रमुख साँस्कृतिक एवम् धार्मिक धरोहरका रुपमा बिद्यमान रहेको छ भने यहाँ बसोबास गर्ने व्राह्मण, क्षेत्री, दलित, मगर, जानजाति, राउटे जातीको बसोबास भएको यस नगरपालिकामा मुख्यतय दशैतिहार, कृष्णजन्माष्टमी, नागपञ्चमी, माघी, बिषु, तीज, होली, वुद्धजयन्ती, ल्होसार आदी चाडपर्वहरु मनाइन्छन् ।

यस जिल्लाको आकार पूर्व र पश्चिम साँगुरो र उत्तर दक्षिण फराकिलो छ । यो नगरको भूभाग समुन्द्री सतहबाट न्यूनतम ४३२ मि. देखि २,६३९ मि.उचाईसम्म रहेको छ । ५०० फिटदेखि १,००० फिट उचाइसम्म रहेको चुरे पहाड, महाभारत श्रृङ्खला तथा भित्री मधेश यस जिल्लाको खाद्यभण्डार क्षेत्र हो । जिल्लाकै सबैभन्दा बढी धान उत्पादन हुने क्षेत्रको रुपमा यो नगरपालिकाको क्षेत्रलाई लिईन्छ ।

परशुराम नगरपालिकामा थुप्रै एतिहासिक एवं धार्मिक स्थलहरु रहेका छन् । यो जिल्लाकै ऐतिहासिक एवं धार्मिक स्थलमा धनी मानिन्छ तर यी सम्पदाहरुको उचित संरक्षण र प्रचारप्रसार गर्न सकिए धार्मिक पर्यटनको विकास हुने प्रशस्त सम्भावना रहेको देखिन्छ। परशुराम धाम, सिद्धनाथ थान, भागेश्वर मन्दिर धुरा, पिपलकोट दरवार, बोडा ताल, सैलेश शृंखला, खुदाकोट खुटकुड़ी, तिखाचुली गुफा, महादेव भगवती मन्दिर, वैजनाथ मन्दिर, समैजी मन्दिर, खिट्केश्वर मन्दिर, कृष्ण मन्दिर आदी यस नगरपालिकाका महत्वपूर्ण धार्मिक एवं पर्यटकीय क्षेत्रहरु हुन् ।

प्रमुख नदी खोलाहरु जिल्ला स्थित मुख्य नदीनालाहरुमा महाकाली नदी, रंगुन नदी, पुन्तुरा नदी, शिर्ष र साँदनी नदी आदि रहेका छन्। पर्यावरणीय एवम् प्राकृतिक दृष्टिकोणले जिल्लामा यसले अत्यन्त महत्व राख्दछ । नगरक्षेत्रमा रहेका प्रमुख नदीहरुको विवरण तल प्रस्तुत गरिएको छ ।

महाकाली नदीः तिब्बतीय हिमाली क्षेत्रबाट उत्पत्ति हुनुका साथै चौलानी, रामगंगा, धौलीगंगा, जस्ता प्रशस्त सहायक नदीहरु मिश्रीत हुँदै यो नदी जिल्लाको सबै भन्दा ठुलो नदी हो, यो नदी देशको पश्चिम सिमानाको रुपमा रुपाल, शिर्ष र जोगबुढा हुँदै बगेको छ ।

रंगुन नदीः जिल्लाको दक्षिणमा पर्ने महाभारत र चुरे श्रृङ्खलाबाट दक्षिणी ढाल भई भित्री मधेशको मध्य भागवाट बगेको यो खोला परशुराम क्षेत्र नजिकै पुगी महाकाली नदीमा मिसिन्छ । यसका सहायक खोलाहरुमा पन्तुरा, कलेना, सुनखोला, कोलखान खोला आदी पर्दछन् ।
पुन्तुरा गाडः जिल्लाको दक्षिणमा पर्ने चुरे श्रृङ्खलाबाट दक्षिण पश्चिम ढाल हुँदै भित्री मधेशको मध्य भागबाट यो गाड बगेको छ । पनपा १२ को करावण्डमा यो खोला अर्को रंगुन खोलामा मिले पछि यसले ठुलो रुप लिन्छ ।
शिर्ष खोलाः यो खोला जिल्लाको दक्षिणमा पर्ने महाभारत र चुरे श्रृङ्खलाबाट दक्षिण ढाल भई भित्री मधेशको मध्य भागबाट बगेको महाकाली नदीमा मिसिन्छ । यसका सहायक खोलाहरुमा अन्य सानातिना खहरे खोल्साहरु मात्रै रहेका छन् ।
प्राकृतिक स्रोतको दृष्टिकोणले सम्भावनायुक्त, मानवीय स्रोतको दृष्टिकोणबाट नेतृत्व क्षमतायुक्त राजनीतिक दल र सचेत एवम् उत्प्रेरित नगरबासी यस नगरपालिकाको दीगो विकासका आधार स्तम्भका रुपमा रहेका छन् । हिन्दू धर्मावलम्बीको अत्यधिक बाहुल्यता (९२.७२%) रहेको यस क्षेत्रमा विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहनुका साथै विभिन्न चाडपर्वहरु मनाइने गरिन्छ । यस नगरपालिकामा साना व्यापार तथा उद्योगहरु र प्राकृतिक स्रोत तथा सामाजिक÷सांस्कृतिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र वैकल्पिक स्रोतको रुपमा वैदेशिक रोजगारी पनि रहेको छ । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम पनि रहेको छ ।

| क्रस | विवरण | प्रतिशत | क्षेत्रफल |
|---|---|---|---|
| १ | खेती भएको जमीन | ८.१४ | ३३.७ |
| २ | वनजंगलले ढाकेको | ८६.५८ | ३५८.५३ |
| ३ | आवास क्षेत्र/सार्वजनिक स्थान | २.१६ | ८.९५ |
| ४ | नदी, कुलो, बाटोले चर्चेको | ३.१२ | १२.९४ |
| | कुल क्षेत्रफल | १०० | ४१४.०७ |

## २.२ विगतको उपलब्धी समीक्षा

नगरपालिकाका विगतका वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यक्रम मार्फत नगरपालिकाको मार्गदर्शन र योजना कार्यक्रमको लक्ष्यका आधारमा सम्वोधन गर्ने प्रयास गरिएको छ। पछिल्लो बर्षहरुमा आर्थिक मन्दी तथा अस्थिर राजनीति सन्तुलन तथा नीति, तरल राष्टिय अर्थतन्त्र र विश्वव्यापी आर्थिक शीथिलताको परिवेशमा प्रदेश तथा संङ्घीय सरकार र विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख गराउने प्रयास गरिएको छ । पछिल्ला आर्थिक वर्षमा संघीय तथा प्रदेश सरकारबाट प्रतिवद्धता भई स्विकृत भएका बजेटहरु समेत कटौति भएका छन् र समानीकरण सशर्त समपूरक तथा विशेष अनुदान घट्दो अवस्थामा विनियोजन तथा हस्तान्तरण भएका छन्।

नगरपालिकाको नीति कार्यक्रमहरुको कार्यान्वयन तथा समय तालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न अनुभव, सीप तथा क्षमता, कार्यविधि तथा मापदण्डको कमी महशुस गरिएको छ । उक्त सिकाईका आधारमा परशुराम नगरपालिकाको आवधिक योजनालाई प्रभावकारी कार्यान्वयन योग्य तथा व्यवहारिक वनाउने प्रयत्न गरिएको छ।

योजना अवधिमा स्थानीय सरकार सञ्चालन, सेवा प्रवाह र विकास व्यवस्थापन लागि नीति, कानुन र संरचना व्यवस्था तथा कर्मचारी व्यवस्थापनका साथै आर्थिक, सामाजिक तथा पूर्वाधार विकास, वातावरण व्यवस्थापन र

विपद् तथा जलवायु उत्थानशीलताको आधार तयार भएको छ। यस अवधिमा पूर्वाधार विकासतर्फ नगरपालिका केन्द्र, वडा केन्द्र र टोलहरुमा सडक सञ्जाल विस्तार तथा नियमित/१२ है महिना यातायात सुचारू सडक ५०० कि.मि. निर्माण भएको छ। नगरपालिका क्षेत्रका रहेका १२ वटा वडाका टोलबस्तीहरुमा ९० प्रतिशत घरपरिवारमा राष्ट्रिय प्रसारण लाइनको विद्युतमा पहुँच पुगेको तथा विस्तार भएका छन्। नगरपालिकाका सवै वस्तिमा खानेपानी सुविधा उपलव्ध छ। नगरमा सिचाई आयोजना, तटबन्धन, सिंचाई पोखरी निर्माण तथा मर्मत संभार भइ सिंचाइ सुविधा तथा कृषि भूमि र बस्ती संरक्षणको प्रयास भैरहेको छ।

नगरपालिकामा ५ भन्दा बढी बैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा रहेका छन्। सहकारी संस्थाबाट क्रियाशील रूपमा ऋण, बचत र कृषि सम्बन्धी सेवा प्रवाह भैरहेको छ। कृषि अन्तर्गत नगरपालिकामा ३,००० भन्दा बढी कृषकलाई सूचीकृत तथा अभिलेखीकरण गरिएको छ। नगरपालिका खाद्यान्न, तरकारी, मासु, अण्डा, दुध र मह लगायतका कृषि वस्तु उत्पादनमा आत्मनिर्भर भएको छ । साथै यसको संकलन प्रसोधन तथा मूल्य श्रृंखलाका आधारमा प्याकेजिङ तथा निकासी तर्फ उन्मुख भएको छ। नगरपालिकामा धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यस्थल रहेका छन्। हाल उपलब्ध पर्यटकीय उत्पादनहरुको संरक्षण, संवर्द्धन तथा दीगो प्रयोगका साथै सिर्जनशील नविन तथा आकर्षक पर्यटीय उत्पादनको विस्तारबाट पनि परशुरामको विकास तर्फ अग्रसर देखिएको छ।

## २.३ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस नगरपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको धरातलीय स्वरूपमा पनि विविधता पाइन्छ । यहाँ प्राय भिरालो भुमि भएपनि नदीको किनारा, खोलाको किनारा आदिले खोचहरु आदि विविध प्रकृतिको बनोट रहेको पाइन्छ । यहाँको जमिनको प्रकृति प्राय भिरालो किसिमको रहेकोछ। भूउपयोगको अवस्था हेर्ने हो भने ८ प्रतिशत जति भूभाग खेती गरिएको कृषि जमिन रहेकोछ। पालिकावासीहरुको जीविकोपार्जनको मुख्य स्रोतको रूपमा कृषि व्यवसाय रहेको छ । अझैसम्म पनि परम्परागत पद्धतिमा आधारित यहाँको कृषि प्रणाली निर्वाहमुखी मात्र बनेको छ भने भर्खर मात्र व्यावसायिक खेतीतर्फ प्रयासहरू सुरू हुन थालेका छन्। कृषितर्फ खाद्यान्न बाली, तरकारी तथा अमिलो जातका फलफूल खेती नै यहाँको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको छ भने पशुपक्षी पालनतर्फ मह, घ्यु तथा मासुजन्य उत्पादन मुख्य आम्दानीको स्रोतको रूपमा रहेको छ। कृषिको यान्त्रीकरण तथा उन्नत जातका बिउको प्रयोगबाट यस पालिकाको कृषि विकासमा सुधार हुने अपेक्षा गर्न सकिन्छ।

यस पालिकामा गहुँ, धान, मकै, आलु, मुसुरो, रहर आदि कृषि उपजको उत्पादन हुन्छ। नगरपालिका क्षेत्रभित्र नगदे बालीका रूपमा आलु, टमाटर, काउली, सिमीजस्ता तरकारी बालीहरूको उत्पादन हुने गरेकोछ। त्यसैगरी आरु, आँप, केरा, अमिलो लगायतका फलफूलहरू उत्पादन हुने गरेकोछ। दलहनमा राजमा, मास, भटमास, सिमि लगायतका बालीहरूको उत्पादन हुने देखिन्छ भने तेलहनमा केहि मात्रामा तोरी, सर्स्यु उत्पादन हुने गरेकोछ।

परशुराम नगरपालिका मा पशुपक्षी पालनको अवस्थालाई हेर्दा भैंसी, गाई र बाख्राको पालन यहाँका कृषकका मुख्य व्यवसाय हुन्। भौगोलिक रूपमा सबैभन्दा दुर्गम परशुराम नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा कृषकहरूले पराम्परागत रूपमा उल्लिखित पशुपालन व्यवसाय अपनाउँदै आएको पाइन्छ। विगतमा पक्कि सडकको पहुँचबाट निकै टाढा रहेको यस परशुराम नगरपालिकामा खच्चर तथा भरिया मालसामान ढुवानी गर्ने गरिन्थ्यो तर अहिले

ग्राभेल सडक सञ्जालको विस्तारले गर्दा साना गाडीको सुविधा वृद्धि भइरहेकोछ। विगतको तुलनामा अहिले भैँसीपालनमा केही कमी आएको छ भने किसानहरू गाईबाख्रा, कुखुरा र मौरीपालनतर्फ सक्रिय भएको पाइन्छ।

नगरपालिकाले "कृषि उत्पादनमा वृद्धिः नगरको समृद्धि" अवधारणा अनुसार कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, विविधिकरण तथा यान्त्रीकरणको लागि किसानहरुलाई "कृषि यान्त्रीकरण र प्रतिफलमा आधारित कृषि अनुदान" को व्यवस्था गरिनेछ । साथै नगरपालिकामा अगुवा कृषक परिचयपत्रको सुरुवात गरेको छ। भूमि वर्गीकरण गर्दै भू–उपयोग योजना यथाशिघ्र कार्यान्वयनमा ल्याउने नीति लिएको छ। नगरपालिकाका सबै वडाहरुमा उत्पादन हुन सक्ने वालीको सम्भाव्यता अध्ययन गरी पकेट क्षेत्र तथा निर्माणका लागि "नगरप्रमुख कृषि कार्यक्रम" लाई निरन्तरता दिइनेछ । साथै, नगरभित्रका उत्कृष्ट कृषकहरुलाई पुरस्कृत र सम्मान गर्ने योजना बनाएको छ। रंगुन र पुन्पुना जस्ता नदीका बगरको कृषिजन्य उपयोगका लागि बगर खेती प्रवद्र्धन कार्यक्रम सञ्चालन गरिनेछ । छाडा चौपायाहरुको उचित ब्यवस्थापन गर्ने तथा नगरपालिकाको वडा नम्बर १२ मा रहेको कृषि हाटबजार र कोल्ड च्याम्बरलाई सञ्चालनमा ल्याउने र शीत भण्डारको क्षमता विस्तार गर्ने योजना रहेको छ। "माटो नै जीवन हो" भन्ने तथ्यलाई मध्यनजर गरी स्वस्थ माटो कार्यक्रम सञ्चालन ल्याइएको छ। गोठ सुधार, भकारो सुधार र खोर सुधारद्वारा गरिने मलको उत्पादन र जैविक विषादीमा अनुदान उपलब्ध गराउने ब्यवस्था गरिनेछ साथै प्राङ्गारिक मल उत्पादनलाई प्रोत्साहन गर्ने नीति लिइएको छ।

### २.२.२ पर्यटन तथा संस्कृति

परशुराम नगरपालिका पर्यटनको राम्रो सम्भावना बोकेको स्थानीय तहमा पर्दछ । यहाँ धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्वका धेरै स्थानहरू छन् । "हाम्रो संस्कृति हाम्रो सान, परशुरामधाम हाम्रो पहिचान" भन्ने सोचका साथ हिन्दूहरुको पवित्र ग्रन्थ स्कन्द पुराणमा वर्णित परशुरामधामको सौन्दर्यीकरणलाई नगर गौरवको योजनाको रुपमा अगाडी बढाइनेछ । साथै महाकाली नदीमा ज्याफ्टिङको सञ्चालनका लागि नीजि क्षेत्रसँग समन्वय हुदै आएको छ। परशुराम नगरपालिका वडा नम्बर २ को भागेश्वर धुरा, वडा नं. ०९ र १० को वीचमा रहेको त्रिशुलेखान सम्म जाने पदमार्ग निर्माणको योजना रहेको छ। "परशुरामधामः मुलुक र विश्वमा पहिचान" को नारासहित यस क्षेत्रलाई धार्मीक एवम् अध्यात्मिक क्षेत्रको रुपमा घोषणा गर्दै अध्यात्म, योग, धार्मीक एवम् माइस पर्यटन र नगरको समृद्धिको वाहकको रुपमा उपयोग र विकास गरिदै लगिनेछ । साथै परशुरामधाम क्षेत्रमा "परशुराम साहित्य महोत्सव (Parshuram literature festival) कार्यक्रम" लाई निरन्तरता दिने तथा नगरमा प्रचलित तर संकटमा पर्दै गएका "रनपुतला नाच", "छलीया बाजा र नाच", "रोपाई बाजा तथा संस्कृति", "मांगलिक गीत तथा फाग", "विषु पर्व", "साँस्कृतिक नाटक", "गौरा पर्व", आदिको संरक्षण, जगर्ना र प्रचारप्रसारका लागि कार्यक्रमहरु सञ्चालनमा ल्याउने कार्यक्रमहरु तर्जुमा गरिएका छन् ।

स्थानीय तहहरुका समसामयिक सम्भावना र चुनौतीहरुलाई सम्बोधन गर्न सुदूरपश्चिम प्रदेशका स्थानीय तहका प्रमुखहरुको सम्मेलनको आयोजना गर्ने "वारीको परशुराम पारिको पूर्णागिरी" भावना अनुरुप धार्मिक पर्यटकीय सर्किटको विकास गर्ने र परशुरामधाम क्षेत्रलाई नगरपालिका मातहत सञ्चालन र व्यवस्थापन गर्नको लागि आवश्यक समन्वय र कानूनी प्रवन्ध मिलाइएको छ।

यस क्षेत्रमा प्रचलित धार्मिक तथा सांस्कृतिक लोकगाथा एवम् मौलिक रीतिरिवाजहरूको पनि विशिष्ट महत्त्व रहेकोछ । यहाँको भाषा, कला, संस्कृति र प्रकृति आफैँमा अनुपम छ | यी मनोरम सम्पदाहरूको संरक्षण, संवर्धन र विकास गर्न सकेको खण्डमा पालिकालाई थप अर्थिक तथा अन्य लाभ पुग्ने देखिन्छ |

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

परशुराम नगरपालिका को मुख्य बजार जोगबुडा हो । अन्य मुख्य सरसामानका लागि डडेल्धुरा धनगढी महेन्द्रनगर लगायत काठमाण्डौ तथा भारतीय शहर प्रमुख बजारको रूपमा रहेकाछन् । यस पालिकामा डेरी, कुटानी पिसानी, सिलाइकटाइ, काष्ठमिल जस्ता लघु उद्योगहरू सञ्चालनमा रहेका छन् भने विभिन्न प्रकारका दाल, तरकारी र फलफूल आदिको उत्पादनलाई धनगढी र डडेल्धुरा आपूर्ति गरिन्छ । धार्मिक तथा सांस्कृतिक रूपमा निकै धनी मानिएको यस पालिकामा बसोवास गर्ने अधिकांश मानिसहरू खेतीपाती तथा व्यापार व्यवसायमा संलग्न छन् ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

परशुराम नगरपालिकाका  मानिसहरू जेठ, असार, असोज, कात्तिक र चैत महिनामा स्थानीय खेतीपाती, मौसम अनुसारको घाँस सङ्कलन, जडिबुटी सङ्कलन, भण्डारण तथा विक्रीवितरण व्यवसायले गर्दा ब्यस्त हुने गर्दछन् । त्यसकारण बाँकी अन्य महिनाहरूमा केही फुर्सदिला देखिएका कारण विकास निर्माणका गतिविधिहरूमा समुदायको सहभागिता हुने गरेको देखिन्छ । यस पालिकामा  सिजन अनुसारको घरायसी काममा पुरुषभन्दा महिलाहरू बढी ब्यस्त हुने अवस्था रहेको विभिन्न तथ्याङ्क एवम् विश्लेषणबाट देखिन्छ । पालिका  भित्रको कूल जनसङ्ख्यामा आधाभन्दा बढी जनसङ्ख्या आर्थिक रूपले सक्रिय रहेकोछ । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ ।

### २.२.५ सहकारी

यस नगरपालिकामा नियमित सञ्चालनमा रहेका १७ वटा सहकारी संस्थाहरू छन् । ऋण प्रवाह, धितो मूल्याङ्कनजस्ता विषयहरूमा सहकारीहरूको आफ्नै विविध प्रावधानबाट ग्रामीण वडावासीहरू ऋण सुविधाबाट लाभान्वित हुन सकिरहेका छैनन् र वडास्तरको धितोबाट आवश्यकताअनुसार सहकारीबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि सहकारीहरूमा छैन । यसर्थ पर्याप्त पुँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणबाट पनि सिपयुक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पुँजी भएकाहरूले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन्। सहकारी संस्थाहरूमा सदस्यको हैसियतबाट तुलनात्मक रूपमा धितोबिना नै ऋण सुविधा सहज भए पनि आवश्यकताअनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको देखिँदैन ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

नगरपालिका क्षेत्रभित्र सबै स्वास्थ्य संस्थाहरूमा सुरक्षित मातृत्व, पोषण सेवा र परामर्श सेवा उपलब्ध छन्। आधारभूत स्वास्थ्य सेवालाई चुस्तदुरूस्त राख्न नगरपालिका स्वास्थ्य चौकी र पालिकाका  सबै वडाहरूमा सक्रिय महिला स्वास्थ्य स्वयंसेविका रहेका छन् ।

परशुराम नगरपालिका  क्षेत्रका बासिन्दाहरूमा विशेष गरी झाडापखाला, रुघाखोकी, ज्वरो, टाइफाइड, ग्यास्ट्रिक तथा निमोनिया लगायतका रोगहरूको सङ्क्रमण बढी भेटिन्छ । नगरभित्रका स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई सुत्केरी पोषण प्रोत्साहन सुरुवात गरिएकोछ । सुत्केरी महिलाको प्रोत्साहनका लागि सुत्केरी महिलासँग उपमेयर कार्यक्रम सञ्चालन गरिएको छ। पछिल्ला दिनमा स्वास्थ्य सेवाको पहुँचमा विस्तार भएकोछ । स्थायी

परिवार नियोजनका लागि हरेक वर्ष स्वास्थ्य संस्थामा शिविर सञ्चालन गर्ने गरिएको छ । स्वस्थ व्यवहार परिवर्तनको लागि स्वास्थ्य संस्थास्तरमा अन्तरक्रिया तथा मधुमेह, रक्तचाप र पिसाव जाँच जस्ता कार्यक्रम हरेक वर्ष सञ्चालन हुने गरेको छ । विद्यालयस्तरमा वर्षमा २ पटक जुकाको औषधी तथा भिटामिन ए र स्वास्थ्य शिक्षा कार्यक्रम हुने गरेको छ । स्थानीयस्तरमै पाठेघर खस्ने महिलाहरूको उपचार हुने गरेकोछ । पालिका स्तरमा स्वास्थ्य सेवा उपलव्ध गराउन गैरसरकारी संस्थाहरू स्वास्थ्य क्षेत्रमा साझेदारको रूपमा रहेकाछन् ।

आधारभूत स्वास्थ्य सेवालाई चुस्त र दुरूस्त बनाउनको लागि यस नगरपालिकाले स्वास्थ्य शाखाबाट औषधी खरिद, रिक्त दरबन्दीमा कर्मचारी भर्ना, कर्मचारीहरूलाई तालिममा सहभागी, विभिन्न कार्यक्रमहरूको समीक्षा, स्वास्थ्य शिविर लगायत कार्यहरू गर्दै आइरहेकोछ । यस सन्दर्भमा स्वास्थ्य सेवाको प्रभावकारिता एवम् गुणस्तर अभिवृद्धिका लागि सरोकारवाला निकायबाट समयसमयमा उल्लिखित सरकारी संस्थाहरूको अनुगमन तथा नियमन आवश्यक देखिन्छ ।

नगर क्षेत्रका गर्भवति र सुत्केरी महिला लक्षित निःशुल्क एम्बुलेन्स सेवा तथा सुत्केरी महिलाहरुका लागि उपमेयर पोषण कोसेली कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै नगरपालिकामा शव बाहनको ब्यवस्था गर्ने नीति लिइएको छ। जोगबुडा अस्पतालको भौतिक एवम् गुणात्मक स्तरोन्नति गरी आधुनिक उपकरण, Cesarean section र विशेषज्ञ सेवा सहितको सुविधासम्पन्न अस्पतालमा रुपान्तरण गर्न अस्पतालको स्वामित्व प्रदेश सरकारलाई दिइएको छ।
ज्येष्ठ नागरिक र दीर्घरोगीहरुलाई घरदैलोमा निःशुल्क स्वास्थ्य जाँच तथा जोगबुडा अस्पतालमा निःशुल्क स्वास्थ्य उपचारको प्रवन्ध मिलाइएको छ। महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिबृद्धिका निम्ति तालिम, प्रोत्साहन, अक्षयकोष स्थापना सञ्चालन तथा सम्मानजक विदाई कार्यक्रमहरु सञ्चालन गरिएको छ । नगरपालिकालाई पूर्णरुपमा पोषणमैत्री नगरपालिकाको रुपमा विकास गर्न पोषण केन्द्रित कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ। यस्तो लक्ष्य हासिल गर्न आगामी आर्थिक वर्ष नगरपालिकाका थप वडाहरुमा पोषणमैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
किशोरकिशोरी तथा युवाहरुमा नवीनतम र जटील मानसिक समस्याहरु तथा बढ्दो डिप्रेसन, एन्जाइटी, एक्लोपन, आत्महत्या, लागु पदार्थ दुर्वयसन, आदिबाट बचावटका लागि मनोपरामर्श र साइकियाट्रिक सेवाको उपलब्ध गराइएको छ। साथै सार्वजनिक स्थलहरुमा मदिरा, गुट्खा, चुरोट, खैनी जस्ता लागुपदार्थ सेवनलाई पूर्ण रुपमा निषेध गरिएको छ। "स्वस्थ नागरिक समृद्ध समुदाय कार्यक्रम" अन्तर्गत जोगबुडा अस्पतालमा प्रत्येक महिना बिशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर सञ्चालन गरिएका छन्।

### २.३.२ शैक्षिक विकास

यस नगरपालिकाको स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, र प्रविधिको संरक्षण, प्रवर्द्धन, र विकास गर्न नगर शिक्षा समितिबाट आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन, अनुगमन र नतिजा प्रकाशनको लागि कार्यविधि निर्माण गरिएकोछ । यसैगरी सूचना प्रविधिको प्रयोग गरी कक्षा ८ को परीक्षाफल कार्यालयको वेबसाइटमार्फत प्रकाशन गर्ने तयारी पालिकाले गरेकोछ । प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत सहयोगीलाई स्थानीय तहबाट बजेट विनियोजन र कक्षा सञ्चालन गर्ने नीति लिइएकोछ । विद्यायलको शैक्षिक विकास र शिक्षकको क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको र अनलाइन विधिबाट शैक्षिक सूचना प्रवाह गरी विद्यालय र पालिकाविच बैठक सञ्चालनको गर्ने अभ्यासको सुरुवात गरिएकोछ ।

प्राविधीक तथा ब्यावसायिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि शैक्षिक ऋणको ब्यवस्था गरिएको छ। नगरभित्रका महिलाहरुको शैक्षिक उन्ननयन र विकासका लागि उच्च शिक्षा अध्ययनमा सहुलियत प्रदान गर्न "छोरी बुहारी शैक्षिक सशक्तिकरण छात्रवृत्ति कार्यक्रम" सञ्चालनमा ल्याइएको छ। विद्यार्थीसँग नगरप्रमुख कार्यक्रम" तथा नगर स्वयंसेवक परिचालन गरिएकोछ।

School Sports कार्यक्रम सञ्चालन गरी आधारभुत तहका विद्यार्थीहरुलाई अन्तर विद्यालय प्रतिस्पर्धा कार्यक्रम गरिएको छ । "स्वस्थ विद्यार्थी परशुरामका सम्पत्ती अभियान" सहित वर्षको दुइ पटक विद्यालयमा स्वास्थ्य परीक्षण गरी student health profile कार्यक्रमलाई निरन्तरता दिइएको छ। विद्यार्थी मनोसामाजिक परामर्श, योग शिक्षा, संस्कार सहितको शिक्षा, आत्मरक्षा तालिम कार्यक्रम संचालन गरी पुर्ण सिकाइको वातावरण सिर्जना गरिएको छ।

फरक क्षमता भएका बालबालिकाको शिक्षामा सहज, समन्यायिक एवम् समावेशी पहुँच सुनिश्चितताका लागि सहायक सामग्री तथा आवश्यक व्यवस्थापन गरिएका छन् । "हरेक शुक्रबार सिकाइको बार" भन्ने सोचका साथ सामुदायिक विद्यालयमा सिर्जनात्मक क्रियाकलापलाई निरन्तरता दिइएको छ।

यस नगरपालिकामा रहेका अधिकांश विद्यालयहरूमा स्रोत कक्षा, एकीकृत पाठ्यक्रम, इन्टरनेट सुविधा जस्ता शैक्षिक गुणस्तर कायम गर्न सघाउ पुऱ्याउने साधनहरू उपलब्ध नभएको देखिन्छ । विद्यालयहरूमा बालक्लबहरू गठन भए तापनि बालमैत्री शिक्षण विधिको प्रयोग नभएको देखिन्छ । सबै विद्यालयहरूले दलित, अपाङ्ग, विपन्न तथा जेहेन्दार जस्ता विभिन्न शीर्षकमा छात्रवृत्ति उपलब्ध गराउँदै आएका छन् यस पालिकामा रहेका अधिकांश विद्यालयहरूमा स्रोत कक्षा, एकीकृत पाठ्यक्रम, इन्टरनेट सुविधा जस्ता शैक्षिक गुणस्तर कायम गर्न सघाउ पुऱ्याउने साधनहरू उपलब्ध नभएको देखिन्छ । विद्यालयहरूमा बालक्लबहरू गठन भए तापनि बालमैत्री शिक्षण विधिको प्रयोग नभएको देखिन्छ । सबै विद्यालयहरूले दलित, अपाङ्ग, विपन्न तथा जेहेन्दार जस्ता विभिन्न शीर्षकमा छात्रवृत्ति उपलब्ध गराउँदै आएका छन् ।

### २.३.३ खानेपानी तथा सरसफाइ

नगरपालिका क्षेत्रमा रहेका कूल ७४३४ घरधुरी मध्ये ७८ प्रतिशत घरपरिवारले खानेपानीको धाराको पानी उपयोग गर्दछन् भने अन्यले परम्परागत धारा, मूलको पानी प्रयोग गर्ने गरेका छन् । अझै पनि केही घरपरिवारमा पाइपबाट खानेपानीको सुबिधा अपुग देखिन्छ । मुहानदेखि मुखसम्म सरसफाइ कार्यक्रम कार्यान्वयनमा रहेको छ । नगरपालिका पूर्ण रूपमा खुल्ला दिसामुक्त क्षेत्र घोषणा भइसकेको अवस्था भए पनि केही घरधुरीहरूमा शौचालय नभएको देखिन्छ । वडाहरूको फोहरमैला जैविक भए मल बनाउने, प्लास्टिक र अजैविक भए जलाउने गरी घरैमा व्यवस्थापन गरिने गरेको छ । सार्वजनिक शौचालयहरूको अभाव रहेकोछ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था समेत छैन। पूर्ण सरसफाइमा अझै पनि कमीकमजोरी छन् । विद्यालयहरूमा सेनिटरी प्याडको विर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत देखिन्छन् |

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

नेपालको संविधानले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्दै लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक लगायतका हकको प्रत्याभूति गरेको छ । पालिका ले पाँच वर्षभित्र बालविवाहमुक्त, महिला हिंसामुक्त र

शतप्रतिशत महिला साक्षर नगर निर्माणको लागि आवश्यक पहल गरेको छ । महिलामैत्री नगरपालिकाका लागि टोलटोलमा आमा समूह गठन भएका छन् । लक्षित वर्गका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन हुने छ । सामाजिक सुरक्षा कार्यक्रमबाट सबै वर्गलाई समेट्ने प्रयास भइरहेको छ । लक्षित वर्गका लागि आयमूलक कार्यक्रम सञ्चालनमा रहेका छन् । पालिका स्तरमा बाल, महिला, आदिवासी जनजाति तथा अपाङ्ग सञ्जाल रहेका छन् । स्थानीय समिति तथा संरचना समावेशी स्वरूपमा गठन हुने गरेका छन् । सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई पालिका स्तरीय योजनाले समेट्ने छ । पालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला सञ्जाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस पालिका वासी जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बाल सुरक्षा अनुदान र दलित वर्गहरू सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित भएका छन् ।

### २.३.५ युवा, खेलकुद तथा कला

यस नगरपालिकाले युवा जनशक्तिलाई उत्पादन, विकास निर्माण र रोजगारीसँग जोड्ने नीति लिएको छ भने नगरपालिका तथा वडा तहमा खेलकुद प्रतियोगिताको आयोजना तथा खेलाडी प्रोत्साहन हुनेगरेको छ। परशुराम नगरपालिकाका विभिन्न ठाउँहरूमा खेलकुद मैदान रहेका छन् ।

परशुरामको खेल क्षेत्रलाई गतिशिल बनाउन नगर गौरवको आयोजनाको रुपमा क्रिकेट स्टेडियम निर्माणाधिन रहेको र खेलाडीहरुलाई प्रोत्साहन गर्न sports scholarship को ब्यवस्था गरिएको छ। परशुरामका युवा जनशक्तिलाई दक्ष, सिर्जनसील तथा ब्यावसायिक बनाउन नगर गौरवको आयोजनाको रुपमा परशुराम सीप मेला व्यवस्थापन गरिएको छ। परशुराम नगरपालिका क्षेत्रभित्रका स्थानीय युवाहरुलाई उद्यमशिल बनाउन युवा उद्यमशिलता ऋण कार्यक्रम सञ्चालनमा ल्याइएको छ। नगरपालिका स्थित वडा नं. ०४ मा रहेको पोखरी र वडा नं ७ को साँदनी खेलमैदानलाई multipurpose stadium को रुपमा स्तरोन्नती गर्ने योजना बनेको छ।

यस पालिकामा बसोबास गर्ने विभिन्न जातजातिकाहरूको आफ्नै मौलिक संस्कृतिहरू छन् । सबै जातिहरूले आफ्नो संस्कृति अनुरूपका चाडपर्व निकै महत्त्व र उत्साहका साथ मनाउँदै आइरहेका छन् । यहाँ माघे संक्रान्ति, शिवरात्रि, दशैं, तिहार, रामनवमी, कृष्णजन्माष्टमी, गौरा, जात्रा, मेला लगायतका चाडपर्व मनाइने गरिन्छ । विभिन्न जातजातिहरूका छुट्टै संस्कृतिहरू हुँदाहुँदै पनि एकअर्काप्रतिको अटल धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो ।

## २.४ पूर्वाधार तथा सहरी विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

परशुराम नगरपालिका ले भवन निर्माण योजना तथा नक्सापास मापदण्ड तयार गरी लागु गरेकोछ । हरेक क्षेत्रको विकास निर्माणलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउने पहल कदमी गरिनु पर्दछ । पालिकामा आवास योजना तथा एकीकृत बस्ती विकाससम्बन्धी कानुन बनाउने अधिकार प्राप्त भएको छ भने आवास निर्माणको लागि

आवश्यक स्थानीय ढुङ्गा गिट्टी, बालुवा, काठ आदिको उपलब्धता रहेकोछ । आवश्यक खानेपानीका स्रोतहरू तथा प्राकृतिक जल निकासको अवस्था र बसोबासको लागि उपयुक्त हावापानी रहेकोछ । व्यवस्थित बस्ती विकासको लागि पालिका ले उपयुक्त नीति तयार गरेर प्राविधिक विज्ञहरूको सहयोगमा उक्त कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । नगरपालिकाको प्रशासकीय भवन पक्कि रहेकोछ। त्यसैगरी नगरपालिकाका ९ वटै वडामा आफ्नै कार्यालय भवन रहेकोछ।

बाढी र कटानले नगरपालिकाका केही क्षेत्र प्रभावित भएका कारण बर्सेनी मानवीय तथा आर्थिक क्षतिको सामना गर्नु परेको छ । भूउपयोग नीति अनुसार बस्ती विकास हुन नसक्दा परशुराम नगरपालिका का विभिन्न ठाउँहरूमा मापदण्ड विपरीत आवास निर्माण भएका छन् साथै मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नभएकाले अव्यवस्थित भवन निर्माण हुने क्रम रोकिएको छैन । पालिकामा विद्यमान अवस्थामा सहरी विकासको पूर्वाधार विकास गर्न आवश्यक आर्थिक समस्या रहेको देखिन्छ । एकै पटकमा सेवा प्रदान गर्न बनाउनुपर्ने भवनहरू र तिनको लागि आवश्यक मानव स्रोतसाधनको लागि गर्नुपर्ने लगानी पुऱ्याउन सक्षम हुन नसक्दा परशुराम नगरपालिका ले सेवाग्राहीलाई शीघ्र सेवा प्रदान गर्न नसकिरहेको अवस्था छ । ग्रामीण क्षेत्रमा आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिने तथा निर्माण सामग्री कम गुणस्तरको प्रयोग गर्ने गरिएका कारण त्यस्ता ठाउँका भवन जोखिमयुक्त रहेका छन् । सामूहिक आवास तथा एकीकृत बस्ती निर्माणमा जनचासो नहुँदा जोखिममा रहेका घर तथा बस्ती स्थानान्तरणमा समेत चुनौती रहेकोछ ।

आवास तथा बस्ती विकासका लागि आवश्यक उच्च प्रविधिहरू प्रयोग तथा दक्ष जनशक्तिहरूको परिपूर्ति गर्नु परशुराम नगरपालिका को बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका लागि पहिलो प्राथमिकतामा राख्नु पर्ने देखिन्छ । सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गरी परशुराम नगरपालिका लाई सुव्यस्थित एवं सुरक्षित पालिका बनाउने प्रसस्त आधार रहेकाछन्। स्थानीय स्रोत र साधनको प्रयोग गरी सुरक्षित घरहरू बनाउन सकिने तथा व्यापक जनसहभागिता स्वयं पालिका ले आफ्नो वस्तुगत अवस्था अनुरूप आवास योजना निर्माण गर्ने अधिकार रहेको कारण मौलिक प्रकृतिको वास्तुकलाको जगेर्ना गरी मौलिक पहिचान कायम गर्न आवास निर्माण अनुमति दिँदा विशेष प्रोत्साहन गर्नु पर्ने देखिन्छ । खेर गएका बाँझो जमिनहरूलाई आवास योजना निर्माण गरी सुरक्षित घडेरी विकास गर्ने तथा उर्वर, खेतीयोग्य जमिनको संरक्षणमा परशुराम नगरपालिका को पहलकदमी जरुरी छ ।

### २.४.२ सडक, पुल तथा यातायात

परशुराम नगरपालिका भित्र हालसम्म ८ किमि सडक कालोपत्रे गरिएका छन्। नगरका १२ वटा वडामा ग्राभेल सडक सञ्जालको पहुँच विस्तार भइरहेको छ। उल्लिखित पक्की बाहेकका निर्मित अन्य सबै सडकहरू कच्ची अवस्थामा रहेकाछन् । नगरपालिकाका सबै वडाहरूलाई सडक सञ्जालले जोडेको छ । यहाँका कतिपय कच्ची सडकहरूमा वर्षाको समयमा आउने पहिरोले बाटो अवरुद्ध हुने, पानी जम्ने, हिलो हुने भएका कारण नियमित रूपमा सडक सुचारू गर्न कठिनाइ हुने गरेकोछ ।

यस परशुराम नगरपालिका क्षेत्रभित्र निर्माण भएका र हुँदै गरेका कतिपय सडकहरू व्यवस्थित एवम् योजनाबद्ध ढङ्गले निर्माण गर्न चालु आर्थिक बर्षमा सडक गुरुयोजना तयार गरिएको छ। बाढी तथा पहिरोका कारण धेरै स्थानहरूमा खेतीयोग्य जमिनको नाश हुनुका साथै सडक सञ्जाल विच्छेद हुने जस्ता प्रतिकूल असर परिरहेको

देखिन्छ । तसर्थ नगर क्षेत्रभित्रका सम्पूर्ण सडकहरूलाई व्यवस्थित एवम् योजनाबद्ध रूपमा स्तरोन्नति गर्न समयमै आवश्यक प्रभावकारी योजना निर्माण तथा त्यसको कार्यान्वयनका लागि बजेटको आवश्यकता रहेको देखिन्छ ।

आन्तरिक सडक सञ्जालको पूर्ण रूपमा विकास हुँदा पालिकालाई कृषि, पर्यटन र जडीबुटी उत्पादन केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय वस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तरोन्नति गर्न सके कृषि उत्पादन र बजारीकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढावा हुन सक्ने देखिन्छ । सडक पूर्वाधार विकासबाट आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनेछन् । साथै स्थानीय स्रोत साधनको संरक्षण र दिगो प्रयोग तथा स्थानीय स्तरमा औद्योगीकरणमा सहजता हुने देखिन्छ ।

### २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

नेपालको संविधानले वैकल्पिक ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ । यस नीतिअनुरूप दुर्गम क्षेत्रहरूमा राष्ट्रिय प्रसारण लाइन पुऱ्याउन सम्भव नभएका तथा छरिएर रहेका बस्तीहरूका लागि वैकल्पिक तथा नवीकरणीय ऊर्जाका उपायहरू अवलम्बन गर्न सकिन्छ । सबै क्षेत्रमा आधुनिक ऊर्जाको पहुँच पुऱ्याउन र सहरी क्षेत्रको बढ्दो ऊर्जाभारको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित ऊर्जामाथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र दिगो व्यवस्थापन गरी यस क्षेत्रलाई मूल प्रवाहमा ल्याउन जरुरी छ । नवीकरणीय ऊर्जा क्षेत्रमा नेपालमा भइरहेका कार्यहरूमा लघु जलविद्युत्, सुधारिएको पानी घट्ट, सौर्य ऊर्जा, वायु ऊर्जा, सुधारिएको चुलो, विद्युतीय चुलो, गोबरग्याँस र वायोग्याँस आदि रहेका छन् ।

परशुराम नगरपालिका का अधिकांश स्थानमा राष्ट्रिय प्रसारण लाइनमार्फत विद्युतीकरण भइसकेकोछ । हाल अधिकांश घरधुरीमा राष्ट्रिय प्रसारणको विद्युत् सेवा उपलब्ध छ भने अपुग स्थानहरूमा विद्युत् सेवा विस्तारको काम भइरहेको छ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् । बदलिँदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महसुस गरी एकीकृत सूचना तथा सञ्चार प्रविधि नीति अहिलेसम्म तर्जुमा गरिएको छैन । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

परशुराम नगरपालिका  क्षेत्रका सबै वडामा मोबाइल सेवाको सुविधा पुगे तापनि केहि बस्तीमा मोबाइल नेटवर्क ज्यादै कमजोर रहेकोछ । हाल स्थानीय स्तरमा प्रसारण हुने एफ.एम. रेडियो सञ्चालनमा नरहेको भए तापनि वाइफाइ

तथा इन्टरनेटको पहुँच विस्तार भएका ठाउँहरूमा रेडियो सुन्ने तथा स्याटलाइट टेलिभिजन हेर्न सकिने अवस्था छ। अति दुर्गम तथा बिकट भौगोलिक ठाउँमा अवस्थित बस्तीहरूमा सूचना, सञ्चार तथा प्रविधिको विकासमा परशुराम नगरपालिका निकै पछि परेकोछ। छरिएर रहेको बस्ती भएकाले सञ्चारक्षेत्रको विकास र विस्तार गर्न कठिनाइ रहेको देखिन्छ।

## २.५ वन, वातावरण तथा विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

वन क्षेत्र जैविक विविधिताको भण्डार मात्र होइन कृषि, ऊर्जा, जल तथा औद्योगिक कच्चा पदार्थको स्रोत हुनुको साथै प्रमुख पर्यटकीय गन्तब्य र बहुसङ्ख्यक जनताको जीविकाको प्रमुख आधार पनि हो। वन क्षेत्रमा नेपालको आर्थिक समुन्नति गर्न सक्ने प्रचुर सम्भावना रहेको छ। जडीबुटी लगायत विभिन्न वन पैदावारको बिक्रीबाट मात्र बर्सेनी करिब दुई अर्बभन्दा बढी राजस्व सङ्कलन हुने गरेको छ। नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र तथा जैविक विविधताको संरक्षण गर्न राज्यले प्राथमिकता दिने कुरा उल्लेख गरिएको छ। वन वातावरण र जैविक विविधताको दृष्टिकोणले परशुराम नगरपालिका एक महत्त्वपूर्ण स्थान मानिन्छ।

नगरपालिकाको कुल क्षेत्रफलको ८६ प्रतिशत भन्दा बढी रहेको वन क्षेत्रको व्यवस्थापनमा सामुदायिक वन उपभोक्ता समितिको योगदान रहेको छ। १२० भन्दा बढी सामुदायिक वन उपभोक्ता समितिले यसरी वनको व्यवस्थापन गरेका छन्। वन क्षेत्रमा जडिबुटीको उत्पादन तथा उपयोगलाई प्रवर्द्धन गर्दै स्थानीय जडिबुटी उद्योगको स्थापना तथा सञ्चालनको कार्यका लागि प्रारम्भिक सम्भाब्यता अध्ययन गरिएको छ।

भूउपयोगको दृष्टिकोणले नदी तथा खोला क्षेत्रले जैविक विविधताको संरक्षणमा निकै महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। नगरक्षेत्रमा रहेका विभिन्न नदी, खोला तथा साना खोल्साले यस क्षेत्रको जैविक विविधताको संरक्षणमा निकै ठुलो योगदान पुऱ्याएका छन्।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

नगरपालिका ले जलाधार व्यवस्थापनलाई जीविकोपार्जनसँग जोडेर जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन तर्जुमा गरेको छ। यस नगरपालिकाको मुख्य जलाधार क्षेत्र रंगुन शिर्ष पुन्तुरा र महाकाली लगायत साना खोलाहरु आदि रहेका छन्।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

नगर क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभए तापनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत रूपमा प्रवर्द्धन गर्ने, सौर्य ऊर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, ग्रामीण वडाहरूमा वायोग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भइरहेको अवस्था छ। पालिका ले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न एवम् जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन्। पालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास र रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ। अझै पनि ग्रामीण वडाहरूमा खाना पकाउनका लागि दाउराको प्रचलन यथावतै छ। त्यसैगरी वन पैदावारमा आधारित उद्योगधन्दा पनि दिनानुदिन बढेकै छन्। विकास निर्माणका कार्यहरू गर्दा वातावरणीय पक्षलाई कम महत्त्व दिने

एउटा संस्कृति नै बनेकोछ। जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ। बालीनालीमा नयाँ किरा तथा रोगहरू लाग्ने गरेकोछ। पानीका स्रोतहरू सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग, कुपोषण, तनाव आदिले विद्यार्थीहरू विरामी भई पठनपाठनमा समस्या र खेती फसलमा कमी आएकोछ। वातावरणीय प्रभावहरू क्रमश: स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन्।

जलवायु परिर्वतनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सिप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिँदैन। अव्यवस्थित भूउपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ। नगर क्षेत्रमा जम्मा हुने प्लास्टिकजन्य फोहरमैला एवम् स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेकोछ। यस क्षेत्रको खानेपानी, सिँचाइ, र विभिन्न उचाइमा रहेका कृषि, पशुपालन, पूर्वाधारका योजनामा आगामी दिनमा जलवायु परिवर्तनको प्रभावबाट हुने जोखिमलाई कसरी न्यूनीकरण गर्ने वा अनुकूलनका प्रयासको थालनी गर्ने भन्ने विषय गम्भीर रूपमा देखिन थालेकोछ। तीव्र सहरीकरणबाट वन, र उर्वर भूमिमाथि  वढ्दै गएको चाप र जलवायु परिर्वतनबाट सृजित भएका र भविष्यमा हुन सक्ने दुश्प्रभावलाई कसरी न्यूनीकरण वा अनुकूलन गर्ने भन्ने विषय  नगरपालिकाको  सामु एक चुनौतीको रूपमा देखिएकोछ।

कृषि क्षेत्रमा अत्यधिक रासायनिक औषधीको प्रयोगमा न्यूनीकरण हुन नसकेका कारण जल तथा जमिनमा प्रदूषण बढ्दो रूपमा रहेको छ। नगरपालिकाका सबै वडाहरूबाट फोहरमैला सङ्कलन गर्न सकिएको छैन। बजार क्षेत्रमा यातायातको बढ्दो चापका कारण धुलोधुँवा र प्रदूषण बढेको देखिन्छ। साथै ग्रामीण क्षेत्रमा अव्यवस्थित रूपमा बाटो खन्ने गरेका कारण भूक्षयको समेत समस्या हुने गरेको देखिन्छ। जोगबुडा बजार क्षेत्रमा फोहरमैला सङ्कलन तथा व्यवस्थापन गर्न नसक्दा समयसमयमा समस्या देखिँदै आएका छन्।

### २.५.४ महामारी तथा विपत् व्यवस्थापन

नगर र वडा स्तरीय विपत् व्यवस्थापन समिति गठन भएको छ। स्थानीय आपतकालीन सञ्चालन केन्द्र स्थापना प्रक्रिया अगाडि बढेको छ। स्थानीय आपतकालीन सञ्चालन केन्द्रले गैरसरकारी संस्थाहरू र सरकारी एजेन्सीहरू र अन्य सरोकारवालाहरूसहित नगरस्तरीय प्रकोप सम्बन्धी जानकारीका लागि समन्वय र सञ्चार बिन्दु बनाउने काम अगाडि बढेको छ।

परशुराम नगरपालिकाको विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना  मा उल्लेख भएअनुसार नगरपालिकाका केही स्थानका घरधुरी जोखिममा रहेका छन। खोलानालाले बर्सेनी बाटो परिवर्तन गर्ने गरेका कारण नदी किनारमा रहेका कृषि क्षेत्र बगरमा परिणत हुने गरेका छन्। नदी कटानका साथै पालिका भित्र पहिरोको जोखिमयुक्त क्षेत्रहरू समेत रहेका छन्। यदाकदा वनजङ्गल वरपरका क्षेत्रमा आगलागीको प्रकोप समेत हुने गरेको छ भने वनजङ्गल निकटका खेतीयोग्य क्षेत्रमा वन्यजन्तुहरूको प्रवेशका कारण बालिनाली तथा धनजनमा क्षति हुने गरेको (बाँदर, बँदेल आदि) देखिन्छ। कुनै बेला चट्याङ्गका कारण समेत यहाँ धनजनको क्षति हुने गरेको छ। विपत् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सोअनुसारको भूउपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन। विपद्को त्रासले स्थानीयहरू घर/बस्ती छाडी अन्यत्र बसाइँसराइ सर्ने सम्मको अवस्था सिर्जना भएको छ। विपद्को जोखिमले जग्गा जमिन बिक्री गर्ने वा भूउपयोग परिर्वतन गर्ने प्रवृत्ति रोक्न सकिएको छैन। नगरपालिका स्तरमा वैज्ञानिक भूउपयोग प्रणाली स्थापना तथा विपत् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग भएको देखिँदैन।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउनु नयाँ लोकतान्त्रिक गणतन्त्रको आवश्यकता हो। यसका लागि शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समदुाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्नु आवश्यक छ। संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु सुशासनको मूल मर्म हो । संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ । सुशासनका लागि संघीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, पालिकामा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ। यसै सन्दर्भमा नगरपालिकामा बन्न लागेको यस प्रथम आवधिक विकास योजना सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्त्वपूर्ण हुनेछ।

नगरपालिकाको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय कानुनको अधीनमा रही ५ वटा विषयगत विकास समितिहरू र विधायन, नगर शिक्षा तथा स्वास्थ्य, साझेदारी विकास, स्थानीय समन्वय, नगरस्तरीय विपत् व्यवस्थापन, बजार अनुगमन र सल्लाहकार समिति लगायतका समितिहरूले कार्यसम्पादन गर्दै आएका छन्। सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनका लागि एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ । नगरपालिकाले आफ्नो पहिलो पाँच बर्षे कार्यकालमा बिभिन्न ऐन, कानुन, कार्यविधि, मापदण्ड र निर्देशिका तर्जुमा गरी नगरपालिकाको नियमित कार्य सम्पादनलाई व्यवस्थित बनाउने प्रयास गरेको थियो भने दोस्रो जननिर्वाचित कार्यपालिकाले पनि विभिन्न अन्य आवश्यक ऐन, कानुन, कार्यविधि, मापदण्ड र निर्देशिका तर्जुमा गरी नगरपालिकाको नियमित कार्य सम्पादन गरिरहेकोछ।

स्थानीय तहको निर्वाचन २०७४ पश्चात् निर्वाचित जनप्रतिनिधिको सक्रिय पहलमा संघीयता कार्यन्वयनको सुरुआती चरण पूरा भएको छ । कुनै पनि नीति तथा कानुन नभएको अवस्थामा नव निर्वाचित प्रतिनिधिहरूको मुख्य जिम्मेवारी नै स्थानीय ऐन, नीति, निर्देशिका तथा कानुन निर्माण गरी परशुराममा सुशासन कायम गर्नु रहेको थियो। आवश्यक कर्मचारी पदपूर्ति नभएको साथै भएका कर्मचारी पनि नगरपालिकाको कार्य व्यवस्थापनमा अभ्यस्त नभइसकेको अवस्थामा पालिकाका नियमित कार्य सञ्चालनमा समेत चुनौतीको सामना गर्नु परेको थियो। भौतिक पूर्वाधारको अभावले गर्दा सुरुआती बर्षमा कार्य सम्पादनमा ठुलो कठिनाइ सिर्जना भएको थियो र यस स्थानीय तहले अधिकांश समय एवम् स्रोत भौतिक पूर्वाधार तथा कार्यालय सञ्चालनका आवश्यक सामग्री व्यवस्थापनमा खर्चनु परेको थियो।

### २.६.२ सङ्गठनात्मक विकास

नगर कार्यपालिकाको कार्यालय प्रमुखको रूपमा नगरप्रमुख र नगर उपप्रमुख निर्वाचित पदाधिकारीका रूपमा रहने व्यवस्था छ। यसैगरी उपप्रमुखले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहिआएको छ। नगर कार्यपालिकाको कार्यालय प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) को रूपमा नेपाल सरकारको निजामति सेवाको प्रशासन सेवा,

सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ। प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले कार्यपालिका तथा नगरसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज नगर सभाप्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेकोछ। प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा र आन्तरिक लेखापरीक्षण एकाइको संस्थागत व्यवस्था गरिएकोछ।

प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत प्रशासन उपशाखा, राजश्व उपशाखा, योजना तथा अनुगमन उपशाखा र कानुन एकाइ रहने व्यवस्था छ। यसै शाखाले पालिका भित्र रहेका १२ वटै वडाहरूसँग समन्वय गर्ने व्यवस्था पनि रहेको छ। पूर्वाधार विकास शाखा अन्तर्गत सडक, सिँचाइ तथा अन्य पूर्वाधार विकास उपशाखा, भवन तथा वस्ती विकास उपशाखा र वातावरण तथा विपत् व्यवस्थापन एकाइ रहने व्यवस्था छ। स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गत सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा र महिला बालबालिका र समाज कल्याण उपशाखाको व्यवस्था गरिएकोछ। यसैगरी विद्यमान सङ्गठन संरचना अन्तर्गत प्रमुख प्रशासकीय अधिकृतको मातहतमा स्वास्थ्य र कृषि/पशु तर्फका निकायहरू (प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, कृषि विकास शाखा र पशु सेवा केन्द्र) रहने व्यवस्था भएको देखिन्छ। संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस नगरपालिकाको सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित नगर कार्यपालिका मार्फत नगरपालिकाको कार्य सञ्चालन हुँदै आएकोछ। नगरपालिकाको विद्यमान कर्मचारी दरबन्दी विवरण अनुसार प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन्।

नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नगरलाई आवश्यक मानविय श्रोत पहिचान गरेको छ। नगरको आवश्कयताका आधारमा रिक्त दरवन्दी मागका लागि प्रदेश लोकसेवा आयोगलाई माग गरेको छ भने श्रेणीविहिन तथा प्राविधिक पदहरु आन्तरिक पदपुर्ति गर्दै आएको छ।

### २.६.३ स्रोत परिचालन

पालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकायको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत पालिकाको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दिगो र गुणस्तरयुक्त गराउँदै स्थानीय स्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी सोहीबमोजिम स्रोत परिचालन तथा व्यवस्थापन गर्नुपर्ने हुन्छ। परशुराम नगरपालिका ले हालसम्म पनि स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा नगरेकोले सम्वन्धित मन्त्रालय तथा स्रोत प्रदायक निकायको कानुन, ऐन, निर्देशिका तथा कार्यविधिका आधारमा स्रोत परिचालन गर्ने गरेकोछ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत स्रोत परिचालन समन्वय शाखाले सबै ७५३ स्थानीय तहलाई राजश्व परिचालनसम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण, आन्तरिक स्रोत साधनको पहिचान र परिचालनमा सहजीकरण तथा समन्वय, राजस्वको आधार विस्तारमा प्रोत्साहन र प्रवर्द्धन, राजस्व सूचना तथा तथ्याङ्क आदान प्रदान प्रणाली विकास, अनुसन्धान र प्रकाशन, स्थानीय आर्थिक विकाससम्वन्धी कार्यमा सहजीकरण, राजश्व परिचालन क्षमता लेखाजोखा र सुधार, राजश्व परिचालनमा स्थानीय तहमा उत्कृष्ट देखिएका कार्यको अन्य स्थानीय तहसँग अनुभव आदानप्रदान, स्थानीय तहको राजश्व परिचालनमा भएका विवाद समाधानका लागि समन्वय, स्थानीय राजस्वको मूल्याङ्कन, स्थानीय तहको प्राकृतिक स्रोतसाधन सम्बन्धी कर तथा राजस्व व्यवस्थापनमा सहयोग र समन्वय तथा स्थानीय तहको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशनसम्बन्धी कार्य गरिरहेको छ र सोही शाखाको समन्वय तथा सहजीकरणमा परशुराम नगरपालिका को स्रोत परिचालन तथा व्यवस्थापन हुने गरेकोछ।

### २.६.४ योजना व्यवस्थापन

सोह्रौं योजनाको राष्ट्रिय लक्ष्य हासिल गर्न सुदूरपश्चिम प्रदेश सरकारले प्रथम पञ्चवर्षीय आवधिक योजनाको तर्जुमा गरेको छ। योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यावहारिक कार्यनीति सहितको योजना आवश्यक पर्दछ।

परशुराम नगरपालिकाले सोह्रौं योजना तथा सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ति हुने गरी आफ्नो पहिलो पञ्चवर्षीय योजना तयार पारेको छ। योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र नगरपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ।

# परिच्छेद तीन : परशुराम विकासको मार्गचित्र

## ३.१ पृष्ठभूमि

परशुराम नगरपालिका नेपालको राजधानी शहर काठमाण्डौँबाट करिव ६८० कि.मी.को दुरीमा देशकै पश्चिम सिमानामा अवस्थित डडेल्धुरा जिल्लाको जोगबुडा क्षेत्रमा रहेकोछ । प्राकृतिक सुन्दरताले भरिपूर्ण परशुराम नगरपालिका सुदूरपश्चिम प्रदेश, डडेल्धुरा जिल्लाको भित्री मधेश भेगमा अवस्थित छ। साविकका दुईवटा गाविसहरु जोगबुडा र शिर्षलाई मिलाई २०७१/०८/१६ गते परशुराम नगरपालिकाको घोषणा गरिएको हो ।

"भगवान विष्णुका" १० वटा मुख्य अवतारहरु मध्ये छैठौँ अवतार भगवान परशुरामको नामबाट यस नगरपालिकाको नामाकरण परशुराम नगरपालिका गरिएको हो । स्कन्ध पुराणमा उल्लेख गरिए अनुसार जमदग्नी पुत्र परशुरामले तप, ध्यान तथा साधना गरेको पुण्य स्थल परशुरामधाम यसै पालिकामा अवस्थित छ।

क्षेत्रफल र जनसंख्या दुबैका आधारमा डडेल्धुरा जिल्लाको सबैभन्दा ठुलो पालिका परशुराममा १२ वटा वडा रहेको छन। यस नगरपालिकाको क्षेत्रफल ४१४.०७ वर्ग कि.मी. छ, भने राष्ट्रिय जनगणना २०७८ अनुसार परशुराम नगरपालिकाको जम्मा जनसंख्या ३५,५९० रहेको छ। जसमध्ये ५३% महिला र ४७% पुरुष छन।

## ३.२ विकासका प्रमुख संभावना तथा अवसर

यस नगरपालिकाको विकासका प्रमुख सम्भावना तथा अवसरमा धार्मिक तथा सांस्कृतिक पर्यापर्यटकीय गन्तव्यस्थल, औद्योगिक तथा व्यापारिक क्षेत्र, वन तथा जडिबुटी, सडक पूर्वाधार तथा अन्तरआबद्धता, उद्योग, व्यापार तथा व्यवसाय र संघ,संस्थाको क्रियाशिलता हुन्;

१. **धार्मिक, सांस्कृतिक तथा पर्यापर्यटकीय गन्तव्यस्थलः** नगरपालिकामा परशुराम धाम लगायतका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यस्थल रहेका छन्। हाल उपलब्ध धार्मिक पर्यटकीय उत्पादनहरुको संरक्षण, संवर्द्धन तथा दीगो प्रयोगका साथै सिर्जनशील नविन तथा आकर्षक पर्यटीय उत्पादनको विस्तार बाट पनि परशुरामको विकासमा गुणात्मक प्रभाव पर्नेछ।

२ **सहकारी केन्द्रित कृषि विकास :** कृषि तथा पशुपन्छी पालनको व्यवसायीकरण, यान्त्रिकिकरण तथा वजारीकरणका लागि नगरपालिकाले हाल सञ्चालनमा रहेका व्यवसायिक कृषक, सहकारीहरुसँग सहकार्य गरी नगरपालिका—सहकारी साझेदारी मोडल तथा नीजि क्षेत्रको सहकार्यमा समृद्धिको यात्रा शुरु गर्न सकिने सम्भावना रहेको छ। नगरपालिकाको प्रमुख खाद्यान्न; धान, मकै, तोरी, गहुँ, कोदो, फापर, आलु, मास, गहत, केराउ, चना, भटमास, राजमा, बोडी, सिमि, नगदेबालीहरु; अदुवा, कुरिलो , खुर्सानी, मसलावाली; बेसार, लसुन, खुर्सानी, धनिया, सुप आदि, तेलहन बालीमा तोरी, बदाम, तिल, तरकारीमा; काउली, बन्दा, चिप्लेभिण्डी, भन्टा, मुला, करेला, फर्सी सागहरु तथा फलफूलमा; आप, लिची, केरा, मेवा, भुइकटहर, रुखकटहर, अनार, उखु, अम्बा, निबुवा, कागतीको प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ।

३. **उद्योग, व्यापार तथा व्यवसायः** नगर क्षेत्रमा सञ्चालनमा रहेका उद्योगलाई सार्वजनिक निजी साझेदारी तथा कम्पनी मोडेलबाट संञ्चालन र स्तरोन्नति गर्ने सकिने संभावना रहेको छ। नगरपालिका खाद्यान्न, तरकारी,

मासु, अण्डा, दुध र मह लगायतका कृषि वस्तु उत्पादनमा आत्मनिर्भर भईसकेको हुनाले यसको संकलन प्रसोधन तथा मूल्य श्रृंखलाका आधारमा प्याकेजिङ तथा निकासी गर्न सक्ने संभावना रहेकोछ। भौगोलिक सहजता, वजारको पहुँच तथा तुलनात्मक लाभको क्षेत्रका रुपमा स्थापित औद्योगिक विकासको माध्यम बाट रोजगारीका अवसरको बृद्धि गरी परशुरामलाई समृद्ध नगरको रुपमा स्थापित गर्न सकिने छ।

४. **समावेशी विकास :** नगरक्षेत्रका सम्पूर्ण भौतिक संरचना तथा सामाजिक वातावरणलाई महिला, जेष्ठ नागरिक, अपाङ्ग, वालवालिका तथा पिछडिएका नागरिक मैत्री वनाई परशुरामले नविनतम विकासको मार्गचित्र कोर्नेछ।

५. **सडक पूर्वाधार तथा अन्तरआबद्धताः** नगरपालिका केन्द्र, वडा केन्द्र र प्रमुख नगर/टोलमा सडक सञ्जाल पुगेको छ। नगरपालिकामा नियमित/१२ है महिना यातायात सुचारू सडक र मौसमी सडकहरु निर्माण भई सुचारु रहेको अवस्था छ। नगरपालिकाको केन्द्र परशुराम बजार र १२ वडाका वडा केन्द्र, जिल्ला सदरमुकाम, प्रदेश राजधानी तथा अन्य बजारसँग जोडिएका छन्। नगरपालिकाको पश्चिम क्षेत्रबाट महाकाली करिडोर भएर उत्तर दक्षिण राजमार्ग निर्माणाधिन अवस्थामा रहेको छ। यसबाट नगरपालिकामा सेवाप्रवाह, उत्पादन, उद्यम तथा व्यापार र रोजगारी वृद्धिको प्रचुर संभावना रहेकोछ।

६. **राजस्व परिचालनः** नगरपालिका क्षेत्रबाट बगेर जाने प्रमुख तीन खोलाहरुबाट प्राप्त ढुङ्गा गिट्टी बालुवा कंक्रिट संकलन तथा विक्रि वितरणबाट राजस्व परिचालनको संभावना रहेको छ। नगर क्षेत्रमा स्थापना भई सञ्चालनमा आएका ठूला साना उद्योग व्यवसायबाट समेत राजश्व वृद्धिको सम्भावना रहेको छ।

७. **संघ,संस्थाको क्रियाशिलताः** नगरपालिका क्षेत्रमा बैंक, लघु वित्त संस्था, सहकारी संस्था टोल विकास संस्था, र गैसस तथा विकास साझेदार संस्थाबाट विकास निर्माण र सेवा प्रवाहमा क्रियाशिल रहेका छन्। विकास साझेदार निकायको सहयोगमा परशुराम खानेपानी सरसफाई स्वच्छता कार्यक्रम, आयआर्जन कार्यक्रम, किशोरी सशक्तिकरण कार्यक्रम, मानव अधिकार प्रवर्द्धन कार्यक्रम तथा जलवायु उत्थानशील कृषि प्रणाली परियोजना सञ्चालनमा रहेका छन्।

## ३.३ प्रमुख समष्टिगत सवाल तथा चुनौति

नगरपालिकाबासीको जीवनस्तर न्यून मध्यम हुनु वा पछाडि रहनु यस नगरपालिकाको मुख्य समष्टिगत सवालको रूपमा रहेको छ। उत्पादन तथा उत्पादकत्व न्यून हुनु; पूर्वाधार, सेवा तथा तथा सुविधा न्यून हुनु; उद्योग, व्यापार तथा व्यवसाय विकास र विस्तार न्यून हुनु; स्थानीय शासन प्रणाली सुदृढ नहुनु यसको प्रमुख कारण तथा सवालको रूपमा रहेका छन्। उत्पादन तथा अर्थतन्त्र निर्वाहामुखी र परनिर्भिर हुनु, प्रविधि तथा नवप्रवर्तनमा कम ध्यान जानु; ज्ञान, सीप र क्षमतामा कमी हुनु; व्यवसायिक सोच, सेवा तथा सुविधा तथा पूर्वाधार न्यून हुनु; प्रविधि तथा नवप्रवर्तन विस्तार नहुनु गुणस्तरीय, व्यावसायिक र सीपयुक्त मानवपूँजी निर्माणमा कमी हुनु आदि उत्पादन तथा उत्पादकत्व न्यून हुनुको प्रमुख कारणका रूपमा रहेका छन्। यसैगरी योजनाबद्ध विकासको जग तयार नहुनु; गुणस्तरीय र सुरक्षित सडक पूर्वाधारको कमी हुनु; जागरण तथा प्रतिवद्धता कमजोर हुनु; सरकारी, गैसस, समुदाय र सहकारी र समुदायको लगानी न्यून हुनु; नीति, कानुन, कार्यविधि र संस्थागत व्यवस्था नहुनु; राजनीतिक प्रतिवद्धता तथा सहमती नहुनु आदि पूर्वाधार, सेवा तथा तथा सुविधा न्यून हुनुको प्रमुख कारणहरू हुन्।

यसका साथै व्यवसायिक सोच, सीप तथा क्षमता न्यून हुनु; व्यावसायिक विकास सेवा उपलब्ध नहुनु; नीतिगत तथा संस्थागत व्यवस्था नहुनु; दक्ष कर्मचारी तथा लगानी न्यून हुनु; युवा तथा वौद्धिक पलायन हुनु, विकास व्यवस्थापन र सुशासन कमजोर हुनु उद्योग, व्यापार तथा व्यवसाय विकास र विस्तार न्यून हुनुको कारणहरू हुन्। यसको अलवा स्थानीय नीति, कानुन तथा संगठन तथा सेवा प्रवाह प्रभावकारी नहुनु; रूपान्तरणकारी नेतृत्व विकास नहुनु; राजनीतिक संस्कार तथा नीतिगत व्यवस्था कमजोर हुनु; योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली संस्थागत हुन नसक्नु; सूचना व्यवस्थापन हुन नसक्नु; राजस्वको आधार कमजोर तथा आन्तरिक राजश्व न्यून हुनु, जलवायु परिवर्तनको असर, पहिरो, बाढी, असिना, हावाहुरी र भूकम्पीय जोखिम लगायत विपद जोखिम कायम रहनु आदि स्थानीय शासन प्रणाली सुदृढ नहुनुको कारणको रूपमा रहेका छन्।

## ३.४ परशुराम विकासको मोडल

नगरपालिकाको विकासलाई योजनाबद्ध, सुव्यवस्थित र प्रभावकारी बनाउन नेपाल तथा प्रदेश सरकारको दीर्घकालीन सोच मुखरित भई आवधिक योजनामा "सुदूरको शान, ईश्वरको धाम : हाम्रो परशुराम"को दीर्घकालीन सोच तयार गरिएको छ। सोचलाई साकार पार्न नगरपालिकाको नेतृत्वमा नागरिक तथा सरोकारवालाबाट आवधिक योजनाको रूपमा योजनाबद्ध विकासका चरणबद्ध पाइला चालिनेछ। थप पाइलाको रूपमा आवधिक योजना तयार गरिएको छ, नगरपालिकाको विकासको लागि प्राकृतिक स्रोतको दिगो व्यवस्थापन; स्वस्थ, शिक्षित र सक्षम मानव पुँजी निर्माण; नवप्रवर्तन, प्रविधि र पूर्वाधार विकास; सकारात्मक रूपान्तरण, सुशासन र समुन्नति जस्ता गन्तव्य तय भएको छ।

नगरपालिकाले तय विकासको गन्तव्यमा पुग्न कृषि, पशु र वनजन्य उत्पादनको विविधीकरण, व्यवसायीकरण तथा उत्पादकत्व वृद्धि; प्रविधि, नवप्रवर्तन, व्यावसायिक सोच तथा सेवा र उद्योग व्यवसाय सिर्जना र विकास; योजनाबद्ध, दिगो र उत्थानशील पूर्वाधार, सेवासुविधा तथा अन्तरआवद्धता; मानव पुँजी निर्माण, उत्पादन, रोजगारी र आयआर्जनसँग आबद्ध स्वास्थ्य, शिक्षा, स्थानीय कला तथा संस्कृति र सम्पदालाई मूल उपायको रूपमा अबलम्बन गरिनेछ। यसका साथै स्थानीय शासन, सेवाप्रवाह र विकास प्रक्रियामा महिला, बालबालिका र लक्षित वर्गको सहभागिता, क्रियाशीलता र समन्यायिक लाभको सुनिश्चतता; जलस्रोत, वनजङ्गल र जैविक विविधताको दिगो व्यवस्थापन र जलवायु परिवर्तनको असर तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापन; सुदृढ समन्वय, साझेदारी तथा सहकार्य र लगानी अभिवृद्धि, तथ्यमा आधारित, नागरिकमैत्री र प्रभावकारी स्थानीय नीति, कानुन, संगठन, सेवा प्रवाह तथा विकास व्यवस्थापन लगायतका उपायमा जोड दिइनेछ।

नगरपालिकाको दिगो, उत्थानशील र जनमैत्री विकासका लागि शुरूवाती चरणमा कृषि, वन, उद्योग तथा पर्यटन; पूर्वाधार तथा अन्तरआवद्धता; स्वच्छ, शिक्षित र कर्मशील मानव पुँजी; सक्षम प्रणाली, डिजिटल प्रविधि तथा सुशासनमा प्राथमिकता दिई व्यवहारिक नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा तथा कार्यान्वयन र नतिजाको मापन, सिकाइ र नतिजामा जवाफदेहिता वहन गरिनेछ। यस प्रक्रियामा सुशासन, लगानी, नीति, कानुन र संरचनागत सुधारका लागि तहगत सरकार; बजार, सहभागिता र पैरवीको लागि समुदाय तथा सहकारी; नवप्रवर्तन, लगानी र साझेदारीका लागि मुख्यत निजी क्षेत्र तथा बजारसँग र लगानी प्रविधि, पूर्वाधार र क्षमता विकासका लागि विकास साझेदारसँग साझेदारी गरिनेछ।

विकासको गन्तव्यमा पुग्न चालिने कदम तथा गरिनेमा प्रयासमा रैथाने सिप, प्रविधि, उत्पादन र प्राङ्गारिक अभ्यास, बहुमूल्य खानी तथा खनिज सम्पदा, विविधतायुक्त प्राकृतिक, सांस्कृतिक र पर्यटकीय वैभव; सरकारी, निजी, समुदाय, सहकारी र गैरसरकारी साझेदारी; उर्वर जमिन, वन र जडिबुटी; सडक पूर्वाधार तथा अन्तरआबद्धता; उत्पादन, उद्योग, व्यापार तथा व्यवसाय; राजस्व वृद्धि तथा स्रोत परिचालन जस्ता सम्भावना र अवसरको उपयोग विशेष पहल लिइनेछ। यस प्रक्रियामा नगरपालिकाको विकास तथा तय भएको गन्तव्यमा पुग्न न्यून उत्पादन र जीवनस्तर; उद्योग, व्यापार र व्यवसायको विकास र विस्तारमा कमी; सहज तथा गुणस्तारीय सडक र यातायात पूर्वाधारको कमी; कमजोर जागरण, प्रतिवद्धता तथा परम्परागत नेतृत्व शैली जस्ता सवाल तथा चुनौतीको सम्बोधन गर्न संरचना रूपान्तरण र सहभागितात्मक रूपमा नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यसैगरी पुँजी, युवा तथा वौद्धिक पलायन; न्यून उत्पादनशील पूर्वाधार, सेवा सुविधा र पहुँच, कमजोर विकास व्यवस्थापन र शासन; उच्च जलवायु परिवर्तनको असर र विपद जोखिम; कमजोर संस्थागत र उत्थानशील क्षमता सम्बोधन गरी विकास नीति तथा कार्यक्रम सञ्चालन, मापन र प्रगतिको लेखाजोखा गरिनेछ।

## ३.५ निर्देशक सिद्धान्त

नेपालको बदलिँदो राजनैतिक, सामाजिक र कानुनी आधार र पन्ध्रौँ राष्ट्रिय योजनालाई समेत ध्यानमा राखेर निम्न निर्देशक सिद्धान्तहरूलाई पालन गरी नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ साथै आवधिक योजना कार्यान्वयन गर्दा सबै सरोकारवाला संस्था/निकाय तथा समूहहरूले निम्नलिखित विकासका सिद्धान्तहरूलाई अनिवार्य रूपमा अवलम्बन गर्नुपर्ने हुन्छ।

(क) नेपालको संविधानको भाग १ धारा १४ मा "नेपालको अर्थतन्त्र समाजवाद उन्मुख हुनेछ" भन्ने उल्लेख भएअनुसार पिछडिएका, उपेक्षित तथा सीमान्तकृत समुदायको सामाजिक विकास तथा आर्थिक उत्थानका लागि नगर विकास योजनाको ध्येय समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रको निर्माण गर्नु हुनेछ।

(ख) उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरिनेछ।

(ग) नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१ (घ) (१) अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा नगरपालिकाको स्थानीय अर्थतन्त्र सुदृढ गरिनेछ।

(घ) संविधानको भाग ४ धारा ५१ (घ) (२) मा उल्लेख भएअनुसार अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा पालिकाको समृद्धि हासिल गरिनेछ।

(ङ) संविधानको भाग ४ धारा ५१ (घ) (३) अनुसार सहकारी क्षेत्रको प्रवर्द्धन गर्दै यसलाई पालिकाको उच्च सम्भावना रहेका आर्थिक विकासका क्षेत्रमा परिचालन गरिनेछ।

(च) रणनीतिक शहरी पूर्वाधारका योजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबिचको सहकार्य अगाडि बढाइनेछ।

(छ) स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, विद्युत्, सञ्चार र यातायात जस्ता सेवाहरूमा सबै ब्यक्तिको सहज पहुँच पुऱ्याउन नेपाल सरकार, प्रदेश, विकास साझेदार, निजी क्षेत्र र समुदायसँग सहकार्य गरिनेछ।

(ज) आर्थिक–सामाजिक रूपले पछाडि परेका दलित, जनजाति, गरिब, एकल महिला, अपाङ्ग र पिछडा वर्गको सेवामा पहुँच बृद्धि गर्न अवरोध पुऱ्याउने कारक तत्त्वहरू पत्ता लगाई सोको सम्बोधन गर्ने गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

(झ) स्थानीय स्रोत, सिप तथा साधनको अधिकतम परिचालन गरी प्राकृतिक स्रोतको दिगो उपयोग गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्य तथा समावेशी विकासका उद्देश्य प्राप्त गर्नेतर्फ नगर विकास योजनाका नीति तथा कार्यक्रमहरू परिलक्षित गरिनेछ ।

(ञ) सांस्कृतिक तथा भौगोलिक विविधताको पृष्ठभूमि रहेको परशुराम नगरपालिका मा आधुनिक कृषि र पर्यटन विकासमार्फत "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्यलाई यथार्थमा बदल्न योगदान दिन सक्ने नवप्रवर्तनकारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

## ३.६ आवधिक योजनाको रणनीतिक गन्तव्य

### ३.६.१ सोच

नेपालको सोह्रौ योजना, दीर्घकालीन सोच २१०० र सुदूरपश्चिम प्रदेशको पञ्चवर्षीय योजनाको सोच उन्मुख भइ सहभागतामूलक प्रक्रिया अनुसार नगरपालिकाको दीर्घकालीन सोच तय गरिएको छ। प्रस्तुत सोच हासिल गर्न तर्जुमा गरिएको यस आवधिक विकास योजनाको सोच देहायअनुसार प्रस्तुत छः

"सुदूरको शान, ईश्वरको धाम : हाम्रो परशुराम"

यसको विस्तारित रूप विकास नीति, योजना, कार्यक्रम बजेट तर्जुमा, कार्यान्वयन र निर्णय प्रक्रिया मार्फत सुदृढ आर्थिक प्रणाली, नागरिकहरुको स्वरोजगारको सुनिश्चितता, सहभागिता, संरचनागत रूपान्तरण तथा पारदर्शिताको अभ्यास सहित सुशासित र समुन्नत समृद्ध परशुराममा बसोबास गर्ने सुखी नगरपालिकाबासी रहेको छ।

### ३.६.२ लक्ष्य

परशुरामबासीको जीवनस्तरमा गुणात्मक सुधार गर्ने।

### ३.६.३ उद्देश्य

१. कृषि, वन, उद्योग र धार्मिक पर्यटनमा आधारित उत्पादन, रोजगारी र आय बृद्धि गर्नु,
२. स्वस्थ, सिर्जनशील, व्यावसायिक र सम्मानित मानव पुँजी विकास गर्नु,
३. पूर्वाधार, सेवा तथा सुविधामा सहज पहुँच र अन्तरआवद्धता विस्तार गर्नु,
४. सक्षम स्थानीय शासन प्रणाली र सेवा सञ्चालन गर्नु।

### ३.६.४ रणनीति

१. कृषि, पशु र वनजन्य उत्पादनको विविधीकरण, व्यवसायीकरण तथा उत्पादकत्व वृद्धि गर्ने;
२. प्रविधि, नवप्रवर्तन, व्यावसायिक सोच तथा सेवा र उद्योग व्यवसाय सिर्जना र विकास गर्ने;
३. पूर्वाधार विकास, सेवाप्रवाह तथा अन्तरआवद्धतालाई योजनाबद्ध, दिगो र उत्थानशील बनाउने;
४. धार्मिक पर्यटकिय गन्तव्यको प्रचार प्रसार र धार्मिक स्थलहरु बीचको सर्किट स्थापना गर्ने

५. स्वास्थ्य, शिक्षा, स्थानीय कला तथा संस्कृति र सम्पदालाई मानव पुँजी निर्माण, उत्पादन, रोजगारी तथा आयआर्जनसँग आवद्ध गर्ने;

६. स्थानीय शासन, सेवाप्रवाह र विकास प्रक्रियामा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न, आदिवासी जनजाति, अन्तरपक्षीय वर्ग र लोपोन्मुख समुदायको सहभागिता, क्रियाशीलता र समन्यायिक लाभको सुनिश्चित गर्ने,

७. वनजङ्गल र जैविक विविधताको दिगो व्यवस्थापन र जलवायु परिवर्तनको असर तथा बाढी, असिना, हावाहुरी र भूकम्पीय जोखिम लगायत विपद जोखिम न्यूनीकरण र व्यवस्थापन गर्ने,

८. तहगत सरकार, विकास साझेदार, गैर सरकारी संस्था, सहकारी, नीजि तथा समुदायिक क्षेत्र बीचको समन्वय, साझेदारी तथा सहकार्य सुदृढ बनाउने र लगानी वृद्धि गर्ने,

९. स्थानीय नीति, कानुन, संगठन, सेवा प्रवाह तथा विकास व्यवस्थापनलाई तथ्यमा आधारित, नागरिकमैत्री र प्रभावकारी बनाउने।

### ३.६.५ नगरपालिका विकासका प्राथमिकता

समुन्नत नगरपालिका निर्माणका लागि योजनामा प्रस्तुत सोच, लक्ष्य, उद्देश्य र संरचनागत रूपान्तरण क्षेत्र र संभावना तथा अवसर, अधिकार क्षेत्र, सामर्थ्य, सवाल तथा चुनौतीसमेतका आधारमा पहिचान गरिएका विकासका प्राथमिकता देहायअनुसार रहेको छ:

१. कृषि, वन, उद्योग तथा धार्मिक पर्यटन;

२. पूर्वाधार तथा अन्तरआवद्धता;

३. मानव पुँजी तथा सामाजिक विकास;

४. सक्षम प्रणाली तथा सुशासन

### ३.६.६ विकास तथा संरचनागत रूपान्तरणका क्षेत्र

आविधक योजनाको सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा समष्टिगत रणनीति अनुसार परशुराम विकास तथा संरचनागत रूपान्तरणका क्षेत्र देहायअनुसार तय गरिएका छन्:

१. उत्पादन, रोजगारी तथा आर्थिक विकास;

२. स्वस्छ, शिक्षित तथा व्यावसायिक मानव पुँजी निर्माणा र सामाजिक संरक्षण;

३. उत्थानशील पूर्वाधार तथा अन्तरआबद्धता;

४. स्वच्छ वातावरण, विपद तथा जलवायु उत्थानशीलता; र

५. सक्षम प्रणाली तथा सुशासन

### ३.६.७ समष्टिगत परिमाणात्मक लक्ष्य

आवधिक योजनाको दीर्घकालीन सोचमा उल्लिखित "सुदूरको शान, ईश्वरको धाम : हाम्रो परशुराम" सम्बन्धी समष्टिगत परिमाणात्मक लक्ष्य हासिल गर्ने गरी कार्यान्वयन हुने अपेक्षा गरिएको छ। नगरपालिकाको समष्टिगत परिमाणात्मक लक्ष्यमा प्रस्तुत सूचक तथा लक्ष्यले सुदूरपश्चिम प्रदेशको आवधिक योजना र सोह्रौं योजनाका परिमाणात्मक लक्ष्य प्राप्त गर्न समेत योगदान पुऱ्याउने अपेक्षा रहेको छ।

## तालिका 1: अपेक्षित परिमाणात्मक लक्ष्य

| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कूल) | | | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | तेस्रो | पाँचौं | | |
| औसत आर्थिक वृद्धिदर | प्रतिशत | ८.०० * | ८.५० | ९.०० | १०.०० | मानव विकास प्रतिवेदन, पालिका विभिन्न दस्तावेजहरू र सुदूरपश्चिम प्रदेशको प्रथम पञ्च वर्षिय योजना | आर्थिक वृद्धिदर थप भएको हुने |
| कृषि क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ५.०० * | ६.0० | ६.५० | ७.५० | | |
| उद्योग क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ५.५० * | ७.०० | १०.०० | १२.०० | | |
| कूल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ३.00 * | ३.५० | ५.०० | ८.०० | | |
| प्रतिव्यक्ति कूल राष्ट्रिय आय | अमेरिकी डलर | १००० * | ११०० | १३०० | १५०० | | शिक्षा, स्वास्थ्य, सडक, खानेपानी तथा विधुत लगायतका क्षेत्र तिनै तहको सरकारको प्राथमकितामा परेको हुनुको साथै थप अनुगमन पनि प्रभावकारी भएको हुने |
| गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | २०.०० * | १८.०० | १५.०० | १३.०० | | |
| बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | २०.०० * | १८.०० | १५.०० | १४.०० | | |
| बेरोजगारी दर | प्रतिशत | १०.०० * | ९.५० | ९.०० | ८.५० | | |
| ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | १०.०० * | १० | १५ | २५ | | |
| इन्टरनेट प्रयोगकर्ता कूल परिवार | प्रतिशत | १५ * | १५ # | २० # | २५ # | | |
| अपेक्षित आयु | वर्षमा | ७०.०० * | ७०.५० | ७१.०० | ७१.०० | | |
| विपत् बाट हुने वार्षिक क्षती रकम | रु. लाखमा | १५० | १७५ | २०० | २०० | | विपत् व्यवस्थापन थप प्रभावकारी भएको हुने |

*सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७९-२०८३, सोह्रौ योजनाको राष्ट्रिय लक्ष्य, नगरपालिकाको बजेटको आधारमा

## तालिका 2: समष्टिगत नतिजा खाका

| क्र.सं. | सूचक | एकाई | २०८०/८१ सम्मको उपलव्धी | २०८२/८३ सम्मको लक्ष्य | २०८४/८५ सम्मको लक्ष्य | २०८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | बार्षिक कृषि उत्पादन उत्पादन | लाखमा | ७८४९ | ८६५४ | ९५४१ | १०५१८ |
| २ | १२ है महिना सिंचाई हुने कृषि योग्य भूमि | प्रतिशत | ७८ | ८६ | ८९ | ९३ |
| ३ | व्यावसायिक फर्मको संख्या | संख्या | २०० | २३० | ३०४ | ४०२ |
| ४ | भ्रमण गर्ने पर्यटक | संख्या | ५००० | ६०५० | ७३२१ | ८८५८ |
| ५ | उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ४५० | ४९५ | ५९९ | ७२५ |
| ६ | सेवा सुचारु वैक शाखा र वित्तीय सेवा प्रदायक | संख्या | ४ | ५ | ६ | ८ |
| ७ | विभिन्न रोजगार कार्यक्रमबाट सिर्जित रोजगारी | जना | ८० | १०० | ३५० | ६५० |
| ८ | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ८६ | ९० | १०० | १०० |
| ९ | प्रारम्भिक वाल विकास केन्द्रको भर्ना दर | प्रतिशत | ७५ | ७७ | ८० | ८३ |
| १० | प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्ने विद्यालय | संख्या | ३० | ३१ | ३२ | ३३ |
| ११ | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार | प्रतिशत | ६५ | ७० | ७४ | ७९ |
| १२ | एक घर एक धारा हुने घरपरिवार | प्रतिशत | ७५ | ७७ | ८२ | ८७ |
| १३ | सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ६५ | ६७ | ७१ | ७५ |
| १४ | नगरपालिका स्तरीय समिति तथा संरचनामा महिलाको सहभागिता | प्रतिशत | ३० | ३६ | ३६ | ३६ |
| १५ | सक्रिय युवा क्लव तथा युवा संजाल | संख्या | १३ | १६ | २५ | ४० |
| १६ | कभर्ड हल र खेल मैदान | संख्या | २ | ३ | ४ | ६ |

| क्र.सं. | सूचक | एकाई | २०८०/८१ सम्मको उपलब्धी | २०८२/८३ सम्मको लक्ष्य | २०८४/८५ सम्मको लक्ष्य | २०८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १७ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | २५ | २९ | ३८ | ५० |
| १८ | कुल सडक लम्बाई | कि.मि. | ७६ | ८९ | १०३ | १२१ |
| १९ | विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ८० | ८४ | ९३ | ९८ |
| २० | वनले ढाकेको वा हरियाली क्षेत्र | प्रतिशत | ८६ | ८६ | ८६ | ८६ |
| २१ | स्रोतमै फोहर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने परिवार | संख्या | २५ | २५ | २५ | २५ |
| २२ | विपद् व्यवस्थापन कोषको वार्षिक रकम | रू. हजार | २००० | २००० | २००० | २००० |
| २३ | स्वीकृत नीति, कानून र कार्यविधि तथा मापदण्ड | संख्या | ४७ | ५० | ५३ | ५६ |
| २४ | संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत | प्रतिशत | ७८ | ८८ | ९२ | ९५ |
| २५ | बार्षिक आन्तरिक आय रकम | रु.हजार | १९५०० | २६००० | ३७४३० | ५५७१० |
| २६ | समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ७५ | ८४ | ९० | ९४ |

तालिका 3: समष्टिगत आर्थिक खाका

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ सम्मको उपलब्धी | २०८२/८३ को लक्ष्य | २०८४/८५ सम्मको लक्ष्य | २०८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | वार्षिक उत्पादन | रु. लाखमा | १६५९९ | १८३०० | २०१७६ | २२२४४ |
| १.१ | कृषि | रु. लाखमा | ७८४९ | ८६५४ | ९५४१ | १०५१८ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रु. लाखमा | ८७५० | ९६४७ | १०६३६ | ११७२६ |
| २ | औषत पारिवारिक आय | रु. लाखमा | १.१५ | १.२६ | १.३९ | १.५३ |
| ३ | उद्योग, व्यापार र व्यावसाय | संख्या | १७५० | १९२९ | २१२७ | २३४५ |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | १४४९३ | १४४९३ | १४४९३ | १४४९३ |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ८० | ८३ | ८७ | ९० |

## २.७ दिगो विकास लक्ष्यसँगको आबद्धता



विश्वव्यापी प्रतिवद्धता र २०३० विकास एजेण्डाको रूपमा स्वीकार दिगो विकास लक्ष्यको मार्गचित्रमा १७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २३२ विश्वव्यापी सूचक निर्धारण गरिएका छन्। नेपालले दिगो विकास लक्ष्यलाई आफ्नो सन्दर्भमा स्थानीयकरण गर्दै कुल ३०१ राष्ट्रिय सूचकमा समायोजन गरी आवधिक योजना, विषय क्षेत्रगगत योजना र अन्य राष्ट्रिय प्रतिवद्धता मार्फत आन्तरिकीकरण गरेको छ।

मुलुकमा सङ्घीयता कार्यान्वयनको मार्गचित्र अनुरूप प्रदेश संरचना स्थापना पश्चात प्रथम पञ्चवर्षीय योजना देखि नै गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यलाई आत्मसात् गर्दै आधार अवस्था प्रतिवेदन मार्फत कुल ९५ सूचकको आधार अवस्था तयार गरी प्रदेश सरकारले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने प्रयास गरेको छ। दिगो विकास लक्ष्यलाई नगरपालिकाको आवधिक योजनाको संरचनागत रूपान्तरणका क्षेत्र, रूपान्तरणकारी रणनीति, सूचक र प्रमुख कार्यक्रम आन्तरिकीरण गरिएको छ। राष्ट्रिय प्रतिवद्दता र प्रदेश सरकारको पहलसँग तादात्म्यता कायम गर्दै परशरामपरशुराम विकासको मार्गचित्रको रूपमा तयार आवधिक योजनामा दिगो विकास लक्ष्य अधिकतम योगदान पुग्ने गरी संरचनागत रूपान्तरणका क्षेत्र, समष्टिगत तथा विषय क्षेत्रगत रणनीति, सूचक तथा प्रमुख कार्यक्रम मार्फत स्थानीयकरण गरिएको छ।

आवधिक योजनामा ५ विषयक्षेत्र २२ उपक्षेत्र समेत समेटेर १६२ वटा आयोजना कार्यक्रम पहिचान भइ समावेश गरिएका छन् । जसमा नगरपालिका आफैले सञ्चालन गर्ने १२१ वटा आयोजना समावेश छनभने अन्य आयोजनाको लागि प्रदेश संघ लगायत नीजि क्षेत्र र विकास साझेदारबाट लगानी अपेक्षा गरिएको छ।

| श्रोत | आयोजना संख्या | बजेट रकम (रु. हजारमा) |
|---|---|---|
| १ नगरपालिका आफै | १२१ | ५८८३२४९ |
| २ संघ प्रदेश तथा अन्य | ४१ | १६१७८८८ |
| **जम्मा** | **१६२** | **७५०११३७** |

नगरपालिकाको प्रथम आवधिक योजनामा समावेश गरिएका आयोजना कार्यक्रमलाई दिगो विकास लक्ष्य अनुसार कोडिङ्ग गरी निम्न अनुसारको तालिकामा देखाइएको छ।

| दिगो विकास लक्ष्य | आयोजना संख्या | बजेट रकम (रु. हजारमा) |
|---|---|---|
| १ गरिबीको अन्त्य | २६ | ५६७७३७ |
| २ शुन्य भोकमरी | १५ | २१७३४२ |
| ३ स्वस्थ जीवन | ८ | ४५२६०८ |
| ४ गुणस्तरीय शिक्षा | ८ | १९५७५२७ |
| ५ लैङ्गिक समानता | ४ | ५५१२३ |
| ६ दिगो सफापानी तथा सरसफाई सेवा | १३ | ३३१९०७ |
| ७ आधुनिक उर्जामा पहुँच | ६ | ४२४९३ |
| ८ समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ४ | ४१३२४ |
| ९ उद्योग नविन खोज र पुर्वाधार | १९ | २३४६७०१ |
| १० असमानता न्यूनिकरण | ९ | ६८६५८ |
| ११ दिगो शहर र वस्तीहरु | ९ | १८०६६६ |
| १२ दिगो उपभोग तथा उत्पादन | १ | १३४३१ |
| १३ जलवायु परिवर्तन अनुकुलन | ६ | १०५०३४ |
| १४ जलचर जीवन | ० | ० |

| | | |
|---|---|---|
| १५ भूसतह स्रोतको उपयोग | ३ | ५३२५२ |
| १६ शान्तिपूर्ण न्यायपूर्ण र सशक्त समाज | १८ | १००९८६३ |
| १७ दिगो विकासका लागि साझेदारी | १३ | ५७४७२ |
| **जम्मा** | **१६२** | **७५०११३७** |




परशुराम नगरपालिकाको आवधिक योजनामा समावेश १६२ वटा आयोजना तथा कार्यक्रममध्ये बजेट विनियोजनको आधारमा हेर्दा उद्योग, नविन खोज तथा पूर्वाधार (३१%) क्षेत्रमा सबैभन्दा बढी लगानी गरिएको देखिन्छ। त्यसपछि गुणस्तरीय शिक्षा (२६%) र शान्तिपूर्ण, न्यायपूर्ण तथा सशक्त समाज निर्माण (१३%) क्षेत्रमा उल्लेखनीय बजेट विनियोजन गरिएको छ। गरिबीको अन्त्य (८%), स्वस्थ जीवन (६%), दिगो सफा पानी तथा सरसफाई सेवा (४%) र शून्य भोकमरी (३%) क्षेत्रमा मध्यम स्तरको लगानी गरिएको छ। अन्य क्षेत्रमा जस्तै लैङ्गिक समानता, आधुनिक उर्जामा पहुँच, समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम, असमानता न्यूनीकरण, दिगो शहर तथा वस्ती, जलवायु परिवर्तन अनुकूलन, भूसतह स्रोतको उपयोग र दिगो विकासका लागि साझेदारीमा न्यून (१–२%) बजेट विनियोजन भएको देखिन्छ। समग्रमा नगरपालिकाले पर्यटन पूर्वाधार, शिक्षा र सुशासनसम्बन्धी क्षेत्रमा बढी प्राथमिकता दिईएको छ।

| लैङ्गिक उत्तरदायी बजेट कोडिङ | आयोजना संख्या | बजेट रकम (रु. हजारमा) |
|---|---|---|
| १ लैङ्गिक उत्तरदायी रुपले प्रत्यक्ष योगदान | ९ | ९६६३७ |
| २ लैङ्गिक उत्तरदायी रुपले अप्रत्यक्ष योगदान | ७१ | ३०४९८९२ |
| ३ लैङ्गिक उत्तदायी रुपले तटस्थ | ८२ | ४३५४६०७ |
| जम्मा | **१६२** | **७५०११३७** |

परशुराम नगरपालिकाको आवधिक योजनामा समावेश १६२ वटा आयोजना तथा कार्यक्रमलाई लैङ्गिक उत्तरदायी बजेट कोडिङ अनुसार वर्गीकरण गर्दा अधिकांश कार्यक्रम लैङ्गिक रूपमा तटस्थ रहेको देखिन्छ। कुल कार्यक्रममध्ये ८२ वटा (५८%) कार्यक्रम तटस्थ प्रकृतिका रहेका छन्। त्यस्तै, ७१ वटा (४१%) कार्यक्रमले

लैङ्गिक उत्तरदायीतामा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने देखिन्छ। तर लैङ्गिक समानता प्रवर्द्धनमा प्रत्यक्ष योगदान पुऱ्याउने कार्यक्रम संख्या अत्यन्त न्यून भई ९ वटा (१%) मात्र रहेको पाइन्छ। यसबाट नगरपालिकाको योजनामा लैङ्गिक उत्तरदायी कार्यक्रमको समावेशीकरणको अवस्था अझ सुदृढ बनाउन आवश्यक रहेको संकेत गर्दछ। यसका लागि नीतिगत प्रावधान तथा कार्यक्रमगत रणनीतिहरु तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

| जलवायु अनुकुलन कोडिङ | **आयोजना संख्या** | **बजेट रकम (रु. हजारमा)** |
|---|---|---|
| १ - जलवायु सम्वेदनशिल रुपमा अत्यन्तै सान्दर्भिक | २४ | ४२९७२० |
| २ - जलवायु सम्वेदनशिल रुपमा सान्दर्भिक | ३८ | ५६३५६९ |
| ३ - जलवायु सम्वेदनशिल रुपमा तटस्थ | १०० | ६५०७८४८ |
| जम्मा | **१६२** | **७५०११३७** |

परशुराम नगरपालिकाको आवधिक योजनामा समावेश १६२ वटा आयोजना तथा कार्यक्रमलाई जलवायु अनुकूलन कोडिङ अनुसार वर्गीकरण गर्दा अधिकांश कार्यक्रम जलवायु अनुकूलनका दृष्टिले तटस्थ रहेको देखिन्छ। कुल कार्यक्रममध्ये १०० वटा (८७%) कार्यक्रम जलवायु अनुकूलनसँग प्रत्यक्ष सम्बन्ध नभएका तटस्थ प्रकृतिका रहेका छन्। त्यस्तै, ३८ वटा (८%) कार्यक्रम जलवायु अनुकूलनमा सान्दर्भिक र २४ वटा (६%) कार्यक्रम अत्यन्तै सान्दर्भिक रहेको पाइन्छ। यसले नगरपालिकाको योजनामा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी कार्यक्रमहरू समावेश भए पनि समग्र रूपमा यसको प्राथमिकता अझ बढाउनुपर्ने आवश्यकता रहेको देखाउँछ।

## २.८ सोह्रौ योजना तथा सुदूरपश्चिम प्रदेशको आवधिक योजनासँगको अन्तरआवद्धता

नेपालको दीर्घकालीन सोच २१०० र सोह्रौं योजना र सुदूरपश्चिम प्रदेशको आवधिक योजनासँग तालमेल कायम रहने गरी नगरपालिकाको आवधिक योजना तर्जुमा गरिएको छ। उपलब्ध सूचना तथा जानकारीको आधारमा विश्लेषण गरी तहगत योजना बीच सूचक, रणनीति र कार्यक्रममार्फत अन्तर-आबद्धता कायम गर्ने प्रयास गरिएको छ। योजना कार्यान्वयनमा तहगत समन्वय, सहकार्य, साझेदारी र अन्तरसम्बन्धको अवधारणा अवलम्बन गरिएको छ।

## २.९ कार्यान्वयन तथा लगानी संयन्त्र

योजनामा प्रस्तुत रूपान्तरणकारी रणनीति, कार्यक्रम तथा आयोजनाको प्रकृति, भौगोलिक क्षेत्र, क्षमता तथा सम्भाव्यताको आधारमा देहायको प्राथमिकता अनुसार लगानी संयन्त्र छनौट गरी कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछः-

१. नगरपालिकाको प्रत्यक्ष लगानी,

२. संघीय सरकारको लगानी

३. प्रदेश सरकारको लगानी

४. गैसस, विकास साझेदार र वैदेशिक सहयोग,

५. निजी क्षेत्रको लगानी,

६. सहकारी र समुदायको लगानी

## २.१० नगर गौरवका आयोजनाहरु

आवधिक योजना अवधिमा नगरपालिकाको गौरवको आयोजनाका लागि निम्न आयोजना रहेका छन् ।

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | जम्मा बजेट रु (हजार) |
|---|---|---|---|
| १ | शीतगृह भण्डार निर्माण आयोजना | १ | ३०००० |
| २ | परशुराम क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १ | ९१५७७ |
| ३ | परशुराम सीप मेला | १ | १५२६३ |
| ४ | छोरी बुहारी शैक्षिक सशक्तिकरण छात्रवृत्ति कार्यक्रम | १ | १२२१० |
| ५ | परशुराम क्रिकेट रङशाला निर्माण आयोजना (वडा नं १२) | १ | ६१०५१ |
| ६ | जोगबुडा सलोन चिर्किटे सडक निर्माण मर्मत स्तरोन्नती आयोजना | १ | ३०५२५५ |
| ७ | लिप्ना–गैरीगाउँ–तिखाचुली–सापासेला–नायल–बुडर रणनीतिक सडक | १ | ३०५२५५ |
| ८ | उज्यालो परशुराम कार्यक्रम | १ | १५२६३ |
| ९ | प्लाष्टिक मुक्त नगर कार्यक्रम | १ | ६१०५ |
| १० | रंगुन, शिर्ष, पुन्तुरा र महाकाली नदी क्षेत्रमा तटवन्ध निर्माण | १ | ४५७८८ |
| ११ | राजस्व संकलनमा उत्कृष्ठ वडा तथा उत्कृष्ठ करदाता सम्मान कार्यक्रम | १ | ४५७९ |

# परिच्छेद ४: उत्पादन, रोजगारी तथा आर्थिक विकास




## ४.१ कृषि, खाद्य सुरक्षा र सिंचाई

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, कृषि प्रसार, कृषि सडक र सिंचाईलाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। स्थानीय सरकार संचालन ऐनले कृषि सडक, सिँचाइ प्रणालीको विकास र विस्तार, कृषि तथा खाद्य सुरक्षाको विषयमा नीतिगत, कानुनी र कार्यक्रमगत दायित्व नगरपालिकालाई दिइएको छ भने कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन; कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण; कृषकहरुको क्षमता अभिवृद्धि र सशक्तिकरण; कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी समन्वय, व्यवस्थापन र नियमन; कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण तथा प्रांगारिक खेती तथा मलको प्रर्वद्धन र प्रचार प्रसार जस्ता विषयमा समेत स्थानीय तहलाई काम, कर्तव्य र अधिकार समेत उल्लेख गरेको छ।

यस नगरपालिकाले संविधान तथा संघीय र प्रदेश कानुनबाट प्राप्त अधिकारको कार्यान्वयन गरिरहेको छ। आर्थिक विकास समितिले कृषि, खाद्य सुरक्षा तथा सिंचाई सम्बन्धी नीतिगत पहलहरू लिएको छ भने कृषि विकास शाखाले योजना तथा सेवा प्रदानमा सक्रिय भूमिका निर्वाह गरिरहेको छ।

### ४.१.२ विद्यमान अवस्था

परशुराम नगरपालिकामा करीव ८० प्रतिशत घरधुरी कृषि पेशामा संलग्न छन्। धेरैजसो कृषक परम्परागत खाद्य वाली तथा तरकारी उत्पादनमा संलग्न छन्। उत्पादित वस्तु स्थानीय वजारमा खपत हुने गरेको छ भने पालिका बाट वाह्य वजारमा हुने निर्यातको मात्रा नगन्य छ।

उत्पादन हुने मुख्य अन्न बालीहरूमा धान, मकैं, कोदो, गहुँ, दलहन बालीमा बोडी, मास, मसुरो, सानो केराउ, गहत, भटमास र तेलहन बालीमा तोरी, बदाम, तिल, रायो, सस्र्यु, तरकारी खेती तर्फ आलु, फर्सी, लौका, सिमी, स्कुस,

घिरौला, रायो, बन्दा, प्याज, काउली, भिन्डी, लसुन, अदुवा, बेसार, तथा फलफुलमा आँप, नास्पाती, हलुवावेद, खुर्सानी, आरु, लप्सी, रुख कटहर, जुनार, ज्यामिर, भोगटे, कागती, अम्बा, केरा, आदि पर्दछ। नगरपालिकामा सबैभन्दा ठूलो क्षेत्रमा खाद्यान्न, दलहन र तरकारी बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले सानो क्षेत्रमा फलफुल लगाइने गरेको छ।

"नतिजामुखी कृषि प्रविधि प्रणाली" अन्तर्गत निर्माण भएको कृषि एप तथा वेवसाईट सहित डिजिटल कृषक कार्डको समयानुकुल व्यवस्थापन÷नविकरण गरी हेल्लो किसान कार्यक्रम सञ्चालन गर्ने, नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर उन्मुख बनाउन सघन खेती विस्तारका लागि सामूहिक खेती प्रणाली, पकेट विकास कार्यक्रम एवम् व्यावसायिक कृषक प्रवद्र्धनात्मक कार्यक्रम सञ्चालन गर्ने तथा नगरपालिकामा भएका कृषि उपज सङ्कलन, बिक्री केन्द्र तथा इकाइहरुको स्तरोन्नति गरी कृषि उपजहरुको बजारीकरणमा प्रवर्द्धन गर्ने नीति लिइएको छ। प्राविधिक विद्यालयका विद्यार्थीहरुलाई प्रयोगात्मक तालिम मार्फत कृषि अनुसन्धान क्रियाकलापमा परिचालन गर्ने एवम् हरेक घरमा करेसावारी विस्तारको लागि "नगर सवारी घर घरमा करेसाबारी" कार्यक्रम आह्वान गरिएको छ। फलफूल बगैचा र नर्सरी स्थापना, सुधार तथा विस्तार कार्यक्रम सञ्चालन गरिएका छन्।

नगरपालिकाले कृषक समुह दर्ता, समुह नविकरण, निजी कृषि फर्म दर्ता तथा नविकरण, उन्नत बीउ विजनमा अनुदान, कृषि सामग्रीमा सहुलियत तथा विभिन्न बालीमा रोग कीराहरुको व्यवस्थापन लगायत कृषि सम्बन्धि परामर्श सेवाहरू उपलब्ध गराउनुका अतिरिक्त सिंचाई सुविधाका लागि पूर्वाधार विकास र विस्तार समेत गरिरहेको छ। कृषि, खाद्य सुरक्षा र सिंचाईका क्षेत्रमा विभिन्न सेवाहरू प्रदान गरिरहेको छ।

सिंचाई पूर्वाधारका रूपमा धरातलिय नदिमा आधारित प्रदेश सरकार, नगरपालिका, विभिन्न परियोजना तथा समुदायबाट निर्मित साना सिँचाइ आयोजना तथा पक्कि र कच्चि कुलो छन्। नगरपालिकाका विभिन्न स्थानमा तरकारी, फलफुल र आलुका पकेट क्षेत्र विकास र विस्तार भई कृषि उपजहरू उत्पादन भईरहेका छन्।

### ४.१.३ मूख्य सवाल तथा चुनौति

नगरपालिकाका अधिकांश क्षेत्रमा अझैपनि निर्वाहमुखी कृषि प्रणाली हुनु, कृषि सम्बन्धी विभिन्न किसिमका बाली उत्पादन, रोगकीरा व्यवस्थापन तथा जलवायुमैत्री आधुनिक कृषि प्रविधि सम्बन्धी कार्यमुलक अनुसन्धान हुन नसक्नु, कृषि उपज संकलन केन्द्र पुर्ण रुपमा सञ्चालन नहुनु, कृषि उत्पादनको व्यवसायिकरणका लागि शीत भण्डारणको सुविधा उपलब्ध नहुनु, सिचाईको लागि बर्षे मौसममा मात्र निर्भर हुनु, लोपोन्मुख, परम्परागत खाद्यान्न तथा तरकारी बालीहरुको बजारीकरण हुन नसक्नुका अतिरिक्त कृषियोग्य जमिनमा न्यून सिँचाइ सुविधा हुनु, पर्याप्त सिँचाइ कुलो गुणस्तरीय तथा पक्की नहुनु, भएका सिँचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मतसम्भारको कमी हुनु, सिँचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तर्सम्बन्ध स्थापित गर्न नसकिनु समेत यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्। कृषि उपजको उत्पादकत्व तथा उद्यमको प्रतिफल बढाइ कृषक पलायन रोक्नु, जलवायु अनुकूल कृषि प्रविधिको प्रयोग गरी उत्पादन क्षमता बढाउनु, आधुनिक कृषि प्रविधि र कार्यात्मक अनुसन्धानलाई प्रवर्द्धन गरी कृषकको उत्पादनशीलता र दक्षता बढाउनु, दक्ष प्राविधिक जनशक्तिको सहज आपूर्ति गर्नु तथा पर्याप्त सिँचाइको प्रवन्ध

मिलाउनु, वन्यजन्तुको बढ्दो प्रकोप नियन्त्रण गर्नु, कृषि फार्मको विकास र विस्तार गर्नु, गरिब तथा विपन्न घरपरिवारको खाद्यमा पहुँच सुनिश्चत गर्नु निर्वाहमूखी कृषि प्रणालिलाई व्यवसायीकरण गर्नुका प्रमुख चुनौती हुन्।

### ४.१.४ सम्भावना तथा अवशर

यस नगरपालिकामा कृषि क्षेत्रको यान्त्रिकरण र व्यवसायिकरणकालागि पर्याप्त पुँजी जुटाउनु, कृषकले कृषि उत्पादनको सही मुल्य प्राप्त गर्नु, कृषि उत्पादनमा वन्यजन्तुले गर्ने हानी रोक्नु, वालीमा देखिने रोगको पहिचान, परिक्षण तथा उपचारका लागि प्राविधिक र उपकरणको व्यवस्थापन गर्नु कृषि क्षेत्रका मुख्य चुनौती हुन ।

फलफुल तरकारी पकेट क्षेत्रको रुपमा बिस्तार गर्ने, शितभण्डार निर्माण, संकलन केन्द्रहरु स्थापना गर्न सकिने, कृषकहरुलाई प्राविधिक सहयोग, कृषि अनुदान तथा प्रविधि हस्तान्तरणका माध्यम वाट कृषकको दक्षता अभिबृद्धि गर्ने । सार्वजनिक जग्गा तथा सामदायिक वनलाई घाँस खेती तथा नगदे बालीको उत्पादनका लागि प्रयोग गर्ने, तथा सहुलियत कृषि लगानीमा सहजीकरण र बिमाको व्यवस्था गर्ने कृषि क्षेत्रका अवसरहरु हुन् ।

कृषि उत्पादनलाई व्यावसायिक रूपले उत्पादन गर्ने, मौसमी तथा बेमौसमी व्यवसायिक तरकारी खेती गर्ने, यहाँका केही क्षेत्रमा उत्पादनशील जमिन भएको हुनाले सिँचाइबाट मनग्य फलफूल, नगदेवाली, आलु, गेडागुडी, मकै,धान, गहुँ आदिको उत्पादन गर्न सकिने र यहाँको उत्पादन स्थानीय बजार लगायत राजमार्ग जोड्ने सडक हुदै ठुला शहर सम्म विक्रीवितरण गर्न सकिने, सिँचाइका लागि विगतमा निर्माण भएका सिँचाइ कुलो तथा थप निर्माणका लागि पानीको स्रोत रहेको तथा सिँचाइका स्रोतहरूको दिगो व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्न सकिने सम्भावना रहेको छ। कृषि विकासका क्षेत्रमा विभिन्न परियोजनाहरू संचालन हुदै आएका हुदा त्यस्ता परियोजनाहरूबाट जलवायुमैत्री कृषि प्रणालीको विकास गर्न सकिने सम्भावना रहेकोछ। डिजिटल परामर्श सेवाले कृषकहरूलाई प्राविधिक ज्ञान र सूचना दिने प्रक्रिया थप प्रभावकारी बनाउन सक्छ।

### ४.१.५ सोच

दिगो आम्दानी र स्वस्थ जीवनको आभासः जैविक कृषि उत्पादनको प्रयास

### ४.१.६ लक्ष्य

कृषिको उत्पादन र उत्पादकत्व बढाउने।

### ४.१.७ उद्देश्य

१. व्यवसायिक कृषि उत्पादन बढाउनु।
२. कृषि सम्बन्धी नीतिगत, संरचनात्मक सुधार गरी क्षमता विकास गर्नु।
३. पर्याप्त सिंचाई पूर्वाधारको विकास र सिंचित क्षेत्र विस्तार गर्नु।
४. खाद्य उत्पादन वृद्धि र आर्थिक सुदृढीकरणद्वारा खाद्य सुरक्षा सुनिश्चित गर्नु।

### ४.१.८ रूपान्तरणकारी रणनीति

**(१) दिगो कृषि विकासका लागि नीतिगत र संरचनात्मक सुदृढीकरण गर्नेः** दिगो कृषि अभ्यास र प्राङगारिक खेतीलाई प्रवर्द्धन गर्न प्राङगारिक कृषि क्षेत्र घोषणा गरिने छ। बाँभो र सिमान्तिक भूमि माथि बहुउद्देश्यीय र

उच्च मुल्यबालीका कृषि वन प्रणालीको प्रवर्द्धन गरिने छ। विद्यालय स्तरदेखि नै कृषि शिक्षालाई समाहित गरिने छ जसले कृषि पेशामा आकर्षण र मर्यादा वृद्धि गर्नेछ। कृषिको व्यावसायिकीकरणका लागि भूमि व्यवस्थापन प्रणालीलाई प्रोत्साहन गरिने छ। कृषि क्षेत्रका तथ्याङ्कलाई संकलन, विश्लेषण र प्रकाशित गरिने छ। नगरपालिकामा एकीकृत अर्गानिक फर्म स्थापना गरिने छ। नगरपालिकाद्वारा सञ्चालित कृषि फर्म र बहुउद्देश्यीय संस्थाहरूको क्षमता बढाइ कृषि अनुसन्धार र विकासका काम गरिने छ। कृषि उत्पादनको भण्डारण र प्रशोधनका लागि शीतघर र भण्डारण सुविधाहरू स्थापना गर्न तिनै तहका सरकार, कृषक समूह, कृषि सहकारी र निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिने छ। सडक विस्तार भएका स्थान र सम्भावना भएका क्षेत्रमा फलफुल तथा उपयुत्त बालीको खेती प्रर्वद्धन गरिने छ। दिगो कृषि विकासमा सूचना प्रणालीको प्रयोगलाई प्राथमिकता दिइनेछ।

(२) **कृषि उत्पादन पकेट क्षेत्र, पहिचान, विकास तथा विस्तार गर्नेः** समग्र कृषि क्षेत्रको अध्ययन गरी सम्भाव्य उत्पादन तथा कृषि व्यवसायिकरणका आधारमा कृषि उत्पादन क्षेत्र र कृषि बालि पहिचान गरिने छ। प्राथमिकतामा राखिएको तथा सम्भाव्य बाली तथा वस्तुहरुको विशेष उत्पादन पकेट क्षेत्र विकास र विस्तार गरिने छ। बाली पकेट क्षेत्रका कृषकहरुलाई आवश्यक पर्ने उत्पादका सामाग्री र सेवा एकद्धार प्रणाली माफत उपलब्ध गराउने व्यवस्था गरिने छ।

(३) **उच्च मुल्य भएका रैथाने बालीको प्रवर्द्धन तथा व्यवसायिकरण गर्नेः** उच्च मुल्य भएका रैथाने बाली तथा क्षेत्रको पहिचान र नक्शाङ्कन गरी पकेट क्षेत्र निर्धारण र विकास गरिने छ। उच्च मुल्य भएका रैथानी बालीको उत्पादन, भण्डारण तथा बजारिकरणका लागि विशेष कार्यक्रम संचालन गरिने छ। रैथाने बालीको उत्पादन वृद्धि र विस्तार गर्न जैविक प्रविधि तथा जैविक विषादी लगायत रैथाने ज्ञान र प्रविधिको विकास तथा प्रवर्द्धन गरिनेछ।

(४) **कृषि क्षेत्रको व्यावसायीकरणका लागि कृषक केन्द्रित प्रोत्साहनात्मक र क्षमता विकास कार्यक्रम लागू गर्नेः** कृषकहरूको उत्पादनशक्ति, आय र कृषि क्षेत्रमा लगानीको दायरा विस्तार गर्न सहयोग गर्दै व्यावसायिक कृषि उत्पादन वृद्धि गर्नका लागि अनुदान, प्रविधि हस्तान्तरण र कृषकको क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ। आधुनिक र वैज्ञानिक कृषि प्रविधिहरूको तालिम र प्रदर्शनमार्फत कृषकलाई सशक्त बनाइनेछ। कृषि सामग्रीको बजारीकरणका लागि सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरिने छ। व्यावसायिक कृषिमा योगदान पुऱ्याउने कृषक समूह वा सहकारी र  उत्पादकत्व वृद्धि गर्ने कृषकहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार वा विशेष सुविधा उपलब्ध गराइनेछ।

(ङ) **कृषी उत्पादनको विकास, विस्तार र प्रवर्द्धनका लागि कृषि सेवाकेन्द्रको विस्तार र सुदृढीकरण गर्नेः** सम्पुर्ण वडाहरूमा कृषि सेवा केन्द्र स्थापना गरिने छ। कृषि सेवा केन्द्र मार्फत् कृषि सामाग्री, कृषि प्रसार, कृषि शिक्षा र कृषि बीमा लगायत कृषि सम्बन्धी प्राविधिक सेवा र व्यवसायिक सहायता एकीकृत रूपमा उपलब्ध गराईनेछ। स्थानीय कृषि उत्पादन र बजारिकरणका लागि कृषि उपज संकलन केन्द्रको सुदृढीकरण गरी पुर्णरूपमा संचालनमा ल्याईनेछ।

**(च) जलस्रोत व्यवस्थापन, सिँचाइ प्रणालीको विकास र विस्तारबाट कृषिजन्य उत्पादनमा वृद्धि गर्नेः** परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गरिने छ। कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास र विस्तार गरिने छ। भिरालो क्षेत्र, असिंचित क्षेत्र र नदी किनारका क्षेत्रमा विशेष प्रविधिमा आधारित सिंचाई सुविधा विस्तार गरिने छ।

### ४.१.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| १ | मेयर कृषि कार्यक्रम | ५ | १२२१० |
| २ | शीतगृह भण्डार निर्माण आयोजना | १ | ३०००० |
| ३ | सामुहिक एवम सघन खेती प्रणाली प्रवर्द्धन कार्यक्रम | ५ | १२२१० |
| ४ | कृषि बाली पकेट विकास कार्यक्रम | ५ | १५२६३ |
| ५ | व्यावसायिक कृषक प्रवर्द्धन कार्यक्रम | ५ | ६१०५ |
| ६ | कृषि उत्पादन, भण्डारण, वाह्य बजारीकरण कार्यक्रम | ५ | १८३१५ |
| ७ | कृषि हाटवजार प्रवर्द्धन कार्यक्रम | ५ | ६१०५ |
| ८ | मानव र वन्यजन्तु द्वन्द न्युनिकरण कार्यक्रम | ५ | ६१०५ |
| ९ | जलवायुमैत्री कृषि प्रविधि सम्बन्धी सामुदायिक सिकाई केन्द्र स्तरोन्नती तथा प्रसारण  कार्यक्रम | ५ | ३०५३ |
| १० | किसान सुचीकरण कार्यक्रम | ५ | १८३२ |
| ११ | कृषि प्रसार ,खाद्य सुरक्षा तथा पोषण सुधार कार्यक्रम | ५ | १८३१५ |
| १२ | गैसस विकास साझेदारहरु संगको कृषि प्रवर्द्धन साझेदारी कार्यक्रम | ५ | ३०५२६ |
| १३ | फलफुल, जडीवुटी संकलन, प्रसोधन तथा बजारीकरण | १ | १४५०० |
| १४ | नगर सिंचाइ विकास कार्यक्रम | ५ | ६१०५१ |
| १५ | कलेना सलौन टुडेला पेटिखोला जामिरखेत सिचाई आयोजना वडा नं १ | १ | ३०५२६ |
| १६ | थक्लेनी सिचाई आयोजना वडा नं १ | १ | ३०५२६ |
| १७ | सिर्षे सिचाई आयोजना वडा नं ४ मर्मत सम्भार | १ | ३०५२६ |
| १८ | पाताल सिचाई आयोजना वडा नं ११ | १ | ३०५२६ |
| १९ | तुलाभाडी पन्तुरा सिचाई आयोजना वडा न १२ | १ | ३०५२६ |
| २० | सिंचाई प्रविधिहरु ताल पोखरी, लिफ्ट, थोपा, प्लाष्टिक पोखरी, स्प्रिङ्गकलर प्रवर्द्धन | ५ | ४५७८८ |
| २१ | सिंचाई पूर्वाधार निर्माण मर्मत संभार स्तरोन्नती कार्यक्रम | ५ | १२२१० |
| | जम्मा | | ४४६२१६ |

### ४.१.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| बार्षिक कृषि उत्पादन उत्पादन | लाखमा | ७८४९ | ८६५४ | ९५४१ | १०५१८ |
| साना किसान औसत वार्षिक आय | हजारमा | २५० | २७० | २९२ | ३१६ |
| कृषि व्यवसायमा संलग्न समूह र सहकारी | संख्या | ७० | ९० | ११० | १३० |
| कुल कृषि भूमि मध्ये खेति गरिएको भूमि | प्रतिशत | ८० | ८२ | ८७ | ९२ |
| खाद्यान्न बालीको औसत उत्पादकत्व प्रति हेक्टर | मे.टन | ४ | ४ | ५ | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| व्यावसायिक उत्पादनमा संलग्न कृषक | संख्या | २५०० | २५०० | २५०० | २५०० |
| कुल तरकारी उत्पादन | मे.टन | १४०० | १५४० | १८६३ | २२५५ |
| कुल खाद्यान्न उत्पादन | मे.टन | २००० | २२०० | २६६२ | ३२२१ |
| मह उत्पादन | मे.टन | २ | २ | ३ | ३ |
| च्याउ उत्पादन | मे.टन | २ | २ | ३ | ३ |
| १२ है महिना सिंचाई हुने कृषि योग्य भूमि | प्रतिशत | ७८ | ८६ | ८९ | ९३ |
| दर्ता तथा कृषि फर्म | संख्या | १७५ | १९१ | २२७ | २६९ |
| सूचीकृत कृषक | संख्या | ० | १०० | २०० | ३०० |

### ४.१.११ अनुमान तथा जोखिम पक्ष

नगरपालिकामा रहेका व्यावसायिक तथा अन्य कृषकहरुको संख्या वृद्धि भई कृषि उत्पादन बढ्ने र कृषि उत्पादन प्रशोधन, विविधिकरण र बजारीकरण प्रणाली सुदृढ हुनेछ। सिंचाई क्षेत्रमा प्रस्तावित कार्यक्रम र आयोजनाको प्रभावकारी कार्यान्वयन मार्फत थप कृषि योग्य भूमी सिंचित हुने र बाह्रै महिना सिंचाई सुविधा उपलब्ध भइ उत्पादकत्व तथा उत्पादन वृद्धि हुनगई कृषि क्षेत्रको समग्र विकासमा सघाउ पुग्नुका साथै गरिवी निवारणमा योगदान पुग्ने अनुमान गरिएको छ।

कृषि उत्पादनमा उन्नत प्रविधि, मल, गुणस्तरीय बीउ, सिंचाइ सुविधा र संरक्षित कृषि प्रणाली, मुल्य श्रृंङ्खला र बजार अन्तरसम्बन्ध सुदृढ नभएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। कृषिजन्य उत्पादनमा जलवायु परिवर्तन नकारात्मक असर तथा नयाँ प्रकोपहरुको समेत जोखिम रहको छ।

## ४.२ पशुपन्छी विकास

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले पशुपन्छी विकास, पशुपालन व्यवस्थापन र पशुजन्य उत्पादन व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। जनावरको स्वास्थ्य र प्रजनन भने संघीय, प्रदेश र स्थानीय तहको साझा अधिकारमा पर्दछ। स्थानीय सरकार सञ्चालन ऐनले पशुपन्छी उत्पादन तथा प्रबर्द्धन, पशु स्वास्थ्य सेवा प्रणालीको विकास, जनावरजन्य उत्पादनको बजारीकरण तथा पशु चौपाया संरक्षण सम्बन्धी नीतिगत, कानुनी र कार्यक्रमगत जिम्मेवारी नगरपालिकालाई प्रदान गरेको छ। यस नगरपालिकाको आर्थिक विकास समितिले पशुपन्छी विकासका क्षेत्रमा नीतिगत पहलहरू लिएको छ भने पशुपन्छी विकास शाखाले सेवा सञ्चालन र व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गरिरहेको छ। पशुपन्छी क्षेत्रको विकासका लागि सरकारीस्तरबाट कार्यालय तथा सेवा केन्द्र सञ्चालन भएका छन् भने निजी क्षेत्रबाट पनि यस्तो सेवा उपलब्ध हुँदै आएको छ।

### ४.२.२ विद्यमान अवस्था

पशुपन्छी पालन नगरपालिकाका वासिन्दाहरूको प्रमुख आर्थिक गतिबिधि मध्ये एक हो। यस क्षेत्रमा परम्परागत तथा व्यावसायिक रुपमा पशुपन्छी पालनको अभ्यास भइरहेको छ। कृषकहरूले मुख्य रूपमा क्रमशः गाई/गोरू, राँगा/भैसी, बाख्रा तथा भेडा पालन गर्ने गरेका छन्। गाई–भैसी, बाख्रा, बंगुर, लोकल तथा उन्नत जातका कुखुरापालनका लागि उपयुक्त हावापानी रहेको छ। यस क्षेत्रको माथिल्लो भेगमा चरन क्षेत्र र डाले धाँसको

उपलब्धता रहेको छ। समथर भेगमा अधिक अन्नबाली हुने भएकोले पराल लगायतको कृषिजन्य अवशेष पशु आहारको रुपमा उपलब्ध रहेको छ। मासु तथा दुधजन्य उत्पादनको लागि बजारको सहज उपलब्धता रहेको छ। दुध अन्डा र मासुमा नगरपालिका आत्मनिर्भर उन्मुख भइरहेको यस क्षेत्रमा गाई–भैंसी, बाख्रा, बंगुर कुखुरा कालिज आदिको व्यावसायिक उत्पादन वृद्धि हुँदै गएको छ। पशुजन्य उत्पादन (खासगरी दूध, अण्डा, माछा र मासु) को मागसमेत बढ्दै गएको छ भने पछिल्ला दिनमा स्थानीय उत्पादनमा आत्मनिर्भरता उन्मुख रहेको छ।

नगरपालिकाले पशुपन्छीको कृत्रिम गर्भाधान र उन्नत नश्लसँग प्राकृतिक गर्भाधान मार्फत नश्ल सुधार कार्यक्रम सञ्चालन तथा पशुपन्छी पकेट क्षेत्र सहयोग कार्यक्रमलाई निरन्तरता दिइएको छ। पशु स्वास्थ्य प्रयोगशालालाई स्तरोन्नति गरी पशुपन्छी रोगको नमुना परीक्षण सेवालाई विस्तार तथा घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रोत्साहन गरिएको छ। पशुपालन व्यवसाय प्रवद्र्धनको लागि लागत साझेदारीमा गोठ तथा खोर सुधार कार्यक्रम, निःशुल्क भेटेरीनरी क्लिनिक, कृषि यान्त्रिकीकरण कार्यक्रम, निशुल्क औषधि वितरण कार्यक्रम, गाईभैंसीमा बाँझोपन निवारणका लागि घरदैलो लगायतका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिएको छ। परशुराम नगरपालिकालाई पूर्ण पशुपन्छी खोपयुक्त नगर बनाउने अभियान सञ्चालन गरिएको छ। पशुपालन सम्बन्धी प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई वडा कार्यालयहरुमा प्रयोगात्मक तालिममा परिचालन गर्ने तथा पशुपन्छीपालक कृषकहरुको सिप र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएका छन् । साइलेज उत्पादनका लागि मकै लगायतका घाँस खेती गर्ने कृषकहरुलाई अनुदानमा आधारित घाँस तथा हाइब्रिड मकैको बीउ वितरण गरिएका छन् ।

नगरपालिकाले पशुपालन गर्ने कृषकका लागि तालिम, प्राविधिक सहयोग, अनुदान सहयोग प्रदान गर्नुका साथै पशु बीमा र सहुलियत ऋण कार्यक्रममार्फत् कृषकलाई प्रोत्साहनका गतिबिधि सञ्चालनमा रहेका छन्। त्यसैगरी नगरपालिकाले उन्नत जातका वोयर बोका र वाखा वितरण, पशु बिमा कार्यक्रम, पशु बन्ध्याकरण र उपचार सेवा दिदै आएको छ। हालसम्म नगरपालिकाले रेविज रोग नियन्त्रण, खोप कार्यक्रम, निशुल्क पशु उपचार, कुकुर वन्ध्याकरण, घास प्रवर्द्धन तथा कृतिम गर्भाधार मिसन सञ्चालनमा ल्याएको छ।

### ४.२.३ मुख्य सवाल तथा चुनौति

पशुपालनमा निर्वाहमुखी अभ्यास रहनु, पशुपालन तथा पशुपन्छीजन्य व्यवसायमा आकर्षणको कमी हुनु, वैदेशिक रोजगारी तथा अन्य रोजगारीको तुलनामा पशुपालन कम प्राथमिकतामा पर्नु, युवाहरूलाई पशुपालनमा आकर्षित गर्न विशेष कार्यक्रमहरू संचालन नहुनु, पशुपन्छी उत्पादन तथा बिक्रीका लागि बजार मूल्यको अस्थिरता हुनु, व्यवस्थित र व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकहरूलाई प्राविधिक सेवा, परामर्श र सहयोगका कार्यक्रमहरू न्यून हुनु, पशु आहारका लागि दाना र घाँसको उत्पादन पर्याप्त नहुनु, उन्नत नश्लका पशुपन्छी पाल्ने अभ्यास सीमित हुनु, पशुपन्छीका लागि बीमा तथा सहुलियतपूर्ण ऋणको व्यवस्थामा कमी हुनु यस क्षेत्रका मुख्य सवालका रूपमा रहेका छन्।

पशुपन्छीजन्य वस्तुको उत्पादन र उत्पादकत्व बढाई पशुपन्छी व्यवसायलाई व्यावसायिकरण गर्ने पशुपन्छीजन्य व्यवसायमा आकर्षणको बढाउनु, वैदेशिक रोजगारी तथा अन्य रोजगारीको तुलनामा पशुपालन क्षेत्रलाई प्राथमिकतामा पार्नु र युवाहरूलाई पशुपालनमा आकर्षित गर्नु प्रमुख चुनौतीहरूका रूपमा रहेका छन्।

### ४.२.४ सम्भावना तथा अवशर

यस क्षेत्रमा गाई–भैंसी, बाख्रा, बंगुर, कुखुरा र कालिजको व्यावसायिक उत्पादन वृद्धि गर्ने; स्थानीय स्तरमा दूध, अण्डा, माछा र मासुजस्ता पशुजन्य उत्पादन बढाई नगरपालिकाको आत्मनिर्भरता बढाउने; तालिम, प्राविधिक सहयोग र अनुदान मार्फत् पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्ने; पशु बीमा र सहुलियतपूर्ण ऋण कार्यक्रममार्फत कृषकहरूलाई प्रोत्साहन गर्ने; खसी, बोका र कुखुराका उत्पादनहरू स्थानीय खपतका अतिरिक्त निर्यात गर्ने; नगरपालिकामा जैविक उत्पादन प्रवर्द्धन गर्न उत्पादनमा आधारित अनुदान व्यवस्था, वन्यजन्तुबाट हुने क्षतिका लागि क्षतिपूर्तिको व्यवस्था, एक वडा–एक कृषि प्राविधिकको व्यवस्था, मोबाइल एप्स तथा स्थानीय किसान सहायता केन्द्रको स्थापना, र कृत्रिम गर्भाधान तथा पशु बीमा कार्यक्रम प्रभावकारी बनाउन बिमा एजेण्टको शाखा विस्तार गर्ने सम्भावना छन्। यसका अतिरिक्त, मासु काट्ने सुरक्षित र स्वस्थ प्रक्रियाको व्यवस्था गरी स्थानीय बासिन्दा र पर्यटकहरूका लागि स्वस्थ मासु, दूध, तथा दुग्धजन्य उत्पादनहरू उपलब्ध गराउनु पशुपन्छी क्षेत्रमा महत्वपूर्ण अवसरको रूपमा रहेको छ।

### ४.२.५ सोच

व्यवसायिक पशुपन्छी पालन मार्फत आर्थिक समृद्धि

### ४.२.६ लक्ष्य

पशुपन्छीजन्य उपजको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने

### ४.२.७ उद्देश्य

१. उन्नत नश्लको व्यवस्थापन गरी पशुपन्छीजन्य उपजको उत्पादन र उत्पादकत्व बृद्धि गर्नु।

२. पशुपन्छी पालन तथा सोको उत्पादन, व्यावसायीकरण र बजारीकरण सम्बन्धी प्राविधिक ज्ञान, सिप र प्रविधिको विकास र विस्तार गर्नु।

### ४.२.८ रूपान्तरणकारी रणनीति

(१) **पशुपन्छीपालन र व्यवसायीक उत्पादनको विकास, विस्तार र प्रवर्द्धन गर्नेः** समग्र पशुपन्छी पालन क्षेत्रको अध्ययन गरी सम्भाव्य पशुपन्छीजन्य वस्तु  पालन तथा उत्पादन क्षेत्र पहिचान गरिने छ। सम्भाव्यताका आधारमा प्राथमिकता नर्धारण गरी पशुपन्छी पकेट क्षेत्र क्षेत्र विकास र विस्तार गरिने छ। पकेट क्षेत्रका पशुपन्छी पालकहरुलाई आवश्यक पर्ने सामाग्री र सेवा एकद्धार प्रणाली मार्फत उपलब्ध गराउने व्यवस्था गरिने छ। दिगो र व्यवसायीक पशुपन्छी पालनलाई प्रर्वद्धन गर्नका लागि नीतिगत र संरचनात्मक सुधार गरिने छ। व्यवसायीक पशुपन्छी पालनतर्फ कृषकहरूलाई प्रोत्साहन गर्न अनुदान र सहुलियत कार्यक्रमहरू संचालन गरिने छ।

(२) **उन्नत घाँस उत्पादनको विकास, विस्तार र पशुपन्छी आहारा व्यवस्थापन गर्नेः** उन्नत जातको घाँस र पशु आहारको उत्पादनलाई वृद्धि गर्न अनुदान र प्रोत्साहनमुलक कार्यक्रमहरू लागू गरिने छ। घाँस खेती र आहार व्यवस्थापनका राम्रा तथा नविन अभ्यासहरूका बारेमा प्राविधिक सहयोग र तालिम प्रदान गरिने छ।

**(३) कृत्रिम गर्भाधान र उन्नत नश्ल सुधारको विकास र विस्तार गर्ने:** पशुपन्छी पालक कृषक तथा प्राविधिकहरूका लागि कृत्रिम गर्भाधान र आधुनिक प्रजनन प्रविधि सम्बन्धी तालिम उपलब्ध गराईनेछ। उन्नत नश्लको विकास तथा प्रजनन सेवाको पहुँचलाई सुधार गर्नका लागि कृत्रिम गर्भाधान सेवा केन्द्रहरू स्थापना गरिने छ। कृत्रिम गर्भाधान तथा उन्नत नश्ल विकास र विस्तारका लागि संघ सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूसंग समन्वय र सहकार्य गरिने छ।

**(४) कृषक, कृषक समूह, सहकारी तथा व्यवसायीहरुको क्षमता विकास गर्ने:** पशुपन्छीपालक कृषक, कृषक समूह, सहकारी र व्यवसायिहरूका लागि पशुपन्छीपालन, पशुपन्छीजन्य वस्तु उत्पादन, बजारिकरण र यस क्षेत्रमा भएका नविन तथा आधुनिक अभ्यासहरू सम्बन्धी क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने छ। व्यवसायिक पशुपन्छी पालन र उत्पादन सहजिकरणका लागि सहकारी, वित्तिय संघसंस्था लगायत अन्य सरोकारवालाहरूसंग समन्वय र सहकार्य गरी विभिन्न अनुदान तथा कम ब्याजदरमा ऋण उपलब्ध गराउन पहल गरिने छ।

### ४.२.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| २२ | पशु विकास तथा प्रवर्द्धन कार्यक्रम | ५ | ६१०५ |
| २३ | पकेट विकास कार्यक्रम - कुखुरा, बाख्रा तथा हास | ५ | ९१५८ |
| २४ | निजि क्षेत्र बाट संचालित पशुपालन फर्ममा अनुदान | ५ | २४४२० |
| २५ | भकारो सुधार कार्यक्रम | ५ | १२२१ |
| २६ | पशु शिविर संञ्चालन कार्यक्रम | ५ | २४४२ |
| २७ | कृषक अगुवा तालिम संञ्चान कार्यक्रम | ५ | ३०५३ |
| २८ | विभिन्न खोप कार्यक्रम संञ्चालन | ५ | ३०५३ |
| २९ | युवाहरुलाई पशुपालन सम्बन्धी तालीम | ५ | २४४२ |
| ३० | पशुपंक्षी दाना उद्योग | १ | ३००५० |
| ३१ | आधुनिक तरकारी बजार | ५ | ३०५२६ |
| ३२ | फ्रेसहाउस आधुनिकिकरण प्रोत्साहन अनुदान | ५ | १२२१ |
| | **जम्मा** | | **११३६९०** |

### ४.२.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | १५० | १७३ | २२८ | ३०२ |
| व्यावसायिक फर्मको संख्या | संख्या | २०० | २३० | ३०४ | ४०२ |
| वार्षिक दुध उत्पादन (लिटर) | हजारमा | १५०० | १८८० | २४८७ | ३२८९ |
| वार्षिक मासु उत्पादन | मे.टन | १००० | १२५४ | १६५८ | २१९२ |
| सुधारिएको मासु पसल/कोल्डस्टोर | संख्या | २० | २३ | ३० | ४० |
| पशुपंक्षीजन्य उद्यम तथा व्यवसाय | संख्या | ५० | ५८ | ७६ | १०१ |

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| माछा उत्पादन | मे.टन | ० | ० | ० | ० |
| डेरी तथा दुग्ध चिस्यान केन्द्र | संख्या | ४ | ५ | ६ | ८ |
| समूहमा आवद्ध पशुपंक्षीपालन कृषक | संख्या | १००० | ११५० | १५२१ | २०११ |

### ४.२.११ अनुमान तथा जोखिम पक्ष

नगरपालिकामा रहेका व्यावसायिक तथा अन्य पशुपालक कृषकहरुको संख्या वृद्धि भई पशुजन्य उत्पादन बढ्ने र उत्पादन प्रशोधन, विविधिकरण र बजारीकरण प्रणाली सुदृढ हुनेछ। पशुजन्य उत्पादनमा उन्नत प्रविधि, मुल्य श्रृंङ्खला र बजार अन्तरसम्बन्ध विकास गर्न नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। यसैगरी पशुपालन जन्य उत्पादनमा जलवायु परिवर्तन नकारात्मक असर तथा नयाँ प्रकोपहरुको समेत जोखिम रहको छ।

## ४.३ पर्यटन, सँस्कृति र सम्पदा

### ४.३.१ पृष्ठभूमि

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनका प्रावधान अनुसार स्थानीय तहले पर्यटन, संस्कृति र सम्पदाको संरक्षण, प्रवर्द्धन र विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यसै अनुरूप स्थानीय तहहरूलाई भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासका लागि नीति तथा कानुन निर्माण गरी आवश्यक योजना तथा कार्यक्रमहरू सञ्चालन गर्ने अधिकार रहेको छ। त्यसैगरी प्राकृतिक श्रोत, स्मारक तथा संग्रहालयहरूको संरक्षण र प्रवर्द्धन, परम्परागत पर्व तथा संस्कृतिको संरक्षण र सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने जिम्मेवारी पनि स्थानीय तहलाई दिइएको छ। यी प्रावधानहरूले स्थानीय तहलाई सांस्कृतिक धरोहरको संरक्षण र पर्यटकीय विकासमार्फत सामुदायिक तथा आर्थिक समृद्धिमा योगदान पुर्‍याउने अवसर प्रदान गर्दछ।

नगरपालिकाले प्रचुर पर्यटकीय सम्भावना बोकेको छ। यहाँ पर्यटकीय हिसाबले महत्वपुर्ण स्थलहरू जस्तै प्राकृतिक तथा मनोरम स्थलहरू, पौराणिक तथा धार्मिक महत्वका सम्पदा तथा स्थलहरू छन् भने विविध भाषा, रहनसहन र संस्कृतिहरूले भरिपुर्ण छ।

### ४.३.२ विद्यमान अवस्था

परशुराम नगरपालिका पर्यटन विकासको सम्भावना बोकेको नगरपालिका हो । वडा नं. ५ स्थित परशुरामधाम लगायतका मन्दार तथा धार्मिक क्षेत्रहरु, रंगुन महाकाली शिर्ष नदि र यसवरपरका रमणीय क्षेत्रहरु पर्यटकीय सम्भावना वोकेका क्षेत्रहरु रहेका छन ।

परशुराम परिक्रमा पदमार्ग निर्माणको लागि सम्भाव्यता अध्ययन गरिएको छ। नगरभित्रका होमस्टे र पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने कार्यक्रमहरु सञ्चालन गरिएका छन्। यहाँको पर्यटकीय सम्भावना तथा सांस्कृतिक महत्वलाई मध्यनजर गरी कानुनतः परशुराम नगरपालिकालाई विशेष पर्यटकीय तथा सांस्कृतिक क्षेत्रको रुपमा पहिचान दिलाउन सकिने सम्भावना रहेको छ भने पर्यटकीय गतिविधि

विकासका लागि स्थानीय तथा प्रदेश सरकारको समन्वयमा नीतिगत र संरचनात्मक पहलहरू भइरहेको छ। यस क्षेत्रको पर्यटन र सांस्कृतिक महत्वलाई थप प्रवर्द्धन गर्न पूर्वाधार विकास, प्रचार-प्रसार र सामुदायिक सहभागिता आवश्यक देखिन्छ।

### ४.३.३ मुख्य सवाल तथा चुनौति

पर्यटक आवागमनलाई सहज बनाउन यातायात र सञ्चार जस्ता पूर्वाधारहरू लगायत होटेल, रेस्टुरेन्ट र पर्यटकका लागि आवश्यक भौतिक सुविधा नहुनु; स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा यहाँका पर्यटकीय तथा सांस्कृतिक सम्पदाको बारेमा पर्याप्त प्रचार-प्रसार नहुनु; पर्यटकीय र सांस्कृतिक प्रर्वद्धन गर्न ठोस कार्यक्रम सञ्चालन नहुनु; पर्यटन र सांस्कृतिक सम्पदाको प्रवर्द्धनमा स्थानीय समुदायको संलग्नता न्यून हुनु; पर्यटन नीति र योजना निर्माण तथा कार्यान्वयनमा नगरपालिका, अन्य स्थानीय तह र प्रदेश सरकार बीच  समन्वय र सहकार्य नहुनु यस क्षेत्रका मुल सवाल हुन्।

परशुराम नगरपालिकाको दिगो पर्यटन विकासमा पर्यटकीय पूर्वाधारहरूको विकासका लागि स्रोत साधन व्यवस्थापन, पर्यावरणीय संरक्षण तथा समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्नु चुनौतिपूर्ण रहेको छ।

### ४.३.४ सम्भावना तथा अवशर

परशुराम नगरपालिकामा रहेको परशुरामधाम क्षेत्र विविध प्राकृतिक सौन्दर्य, धार्मिक स्थल, सांस्कृतिक पर्व र स्थानीय जातीय समुदायहरूको मौलिक कला, भाषा र संस्कृतिले यस क्षेत्रलाई पर्यटक आकर्षणको केन्द्र बनाउन सकिने; समुदायका सस्ँकृति झल्काउन होम स्टे तथा सास्कृतिक केन्द्रहरुको निर्माण गर्ने, महाकाली तथा रंगुनमा समेत बोटिङ तथा ऱ्याफ्टिङ सञ्चालन गर्न सकिने, विभिन्न वडाहरुमा रहेका होम स्टे, होटल, रिसार्टेहरुको सँस्थागत विकास गरि आन्तरिक पर्यटन एवम् बाह्य पर्यटन प्रोत्साहन गर्ने, नगर क्षेत्रभित्रका ऐतिहासिक, पुरातात्विक, धार्मिक महत्वका स्थलहरुको व्यवस्थापन गर्ने व्यवस्थित गर्ने लगायतका धार्मिक र प्राकृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धनबाट आन्तरिक र अन्तर्राष्ट्रिय पर्यटकलाई आकर्षित गर्न सकिने; पर्यटकीय सम्भावनालाई प्रवर्द्धन गरी स्थानीय समुदायको आयआर्जन बढाउन र स्थानीय संस्कृति र जीवनशैलीको उत्थान गर्न सकिने सम्भावनाहरू रहेका छन्।

साहसिक तथा पदमार्ग पर्यटन उद्योगका लागि आवश्यक अध्ययन र तालिमका लागि युवायुवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगका लागि आवश्यक अन्न, तरकारी, फलफूल नगरपालिकामा  नै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय रैथाने उत्पादन र बजारीकरणमा स्थानीय समुदाय इच्छुक रहनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्सँग आबद्ध हुने अवसर प्राप्त हुनु आदि यस नगरपालिकाका लागि पर्यटन विकासका अवसर हुन्। यस नगरपालिकामा ग्रामीण कृषि पर्यटन र पर्यटन महोत्सव गरी विभिन्न किसिमका पर्यटन प्रवर्द्धनका क्रियाकलापहरू सञ्चालन गर्न सकिने अवशर पनि रहेको छ।

### ४.३.५ सोच

सम्पदाको संरक्षणः सुदृढ पर्यटन

### ४.३.६ लक्ष्य

दिगो पर्यटन मार्फत् स्थानीय आर्थिक, सामाजिक र सांस्कृतिक उत्थानमा योगदान पुर्याउने।

### ४.३.७ उद्देश्य

१. पर्यटकीय स्रोत तथा सम्पदा, र संरक्षण तथा प्रर्वद्धन गर्नु,

२. पर्यटकीय सेवा तथा सुविधको विकास र विस्तार गर्नु,

३. स्थानीय कला तथा संस्कृतीको, पहिचान, संरक्षण तथा प्रर्वद्धन गर्नु।

### ४.३.८ रूपान्तरणकारी रणनीति

(१) **पर्यटन विकास सम्बन्धी उपयुक्त नीतिगत तथा संरचनाको विकास र परिचालन गर्नेः** पर्यटन क्षेत्रको दीर्घकालीन रणनीति र गुरूयोजना तयार गरी कार्यान्वयन गरिने छ। अन्तर सरकार, निजी क्षेत्र, समुदाय तथा अन्य सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी गरी पर्यटकीय पूर्वाधार र सुविधाहरूको संरक्षण, विकास र विस्तार गरिने छ। उँपालिकाको संगठन संरचनामा पर्यटन विकास शाखा वा उपशाखा गठन गरी क्रियाशिल बनाईनेछ। पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि स्थानीय नीति तथा कानुनहरू निर्माण गरी कार्यान्वयन गरिने छ।

(२) **पर्यापर्यटकीय पूर्वाधार तथा सुविधाको विकास, विस्तार र प्रवर्धन गर्नेः** धार्मिक, प्राकृतिक र सांस्कृतिक क्षेत्रहरूमा पहुँच सुनिश्चित गर्न सडक, पुल र ट्रेलहरू निर्माण तथा स्तरोन्नती गरिने छ। पर्यटकीय गन्तव्यमा आवतजावतका लागि पदमार्ग निर्माण गरिने छ। प्राकृतिक स्थानहरूको संरक्षणसहित पिकनिक स्थलहरू व्यवस्थित बनाइनेछ। होमस्टे, होटेल, रेस्टुरेन्ट लगायत आवासीय सुविधा विकास र विस्तारका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ। ग्रामीण कृषि पर्यटन र साहसिक पर्यटन प्रवर्द्धन गर्न प्रदेश सरकार तथा सरोकारवाला संग विशेष पहल गरिने छ।

(३) **पर्यटकीय सेवा तथा सुविधालाई आकर्षक र गुणस्तरीय बनाउनेः** स्थानीय समुदायलाई आतिथ्य सेवा, गाइड र अन्य पर्यटन सम्बन्धी सिपमूलक तालिम प्रदान गरिने छ। पर्यटकहरूको लागि नगरपालिकामा सहायता केन्द्र स्थापना गरी सञ्चालन गरिने छ। गर्ने। पर्यटकीय गन्तव्यहरूमा सरसफाइ, हरियाली र पर्यावरणीय संरक्षणका लागि कार्यक्रमहरू संचालन गरिने छ।

(४) **मौलिक कला, भाषा, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्द्धन गर्नेः** जातीय समुदायका सांस्कृतिक पर्वहरूलाई पर्यटकीय महोत्सवको रूपमा विकास गरिने छ। क्षेत्रीय इतिहास, भाषा, कला र संस्कृति झल्काउने संग्रहालय स्थापना गरिने छ। स्थानीय समुदायको मौलिक भाषा, कला र सांस्कृतिक गतिविधिको संरक्षण गर्न जनस्तरमा प्रोत्साहन गरिने छ। स्थानीय कला, हस्तकला र उत्पादनहरूको ब्रान्डिङ र बजारीकरणमा सहजिकरण गरिने छ। सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न पुस्तक, डकुमेन्ट्री र डिजिटल सामग्री निर्माण गरी प्रचार प्रसार गरिने छ।

### ४.३.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ३३ | परशुराम क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १ | ९१५७७ |
| ३४ | महाकाली नदीमा ऱ्याफ्टिङ्ग कार्यक्रम | १ | ३०५२६ |
| ३५ | भागेश्वर धुरा पदमार्ग निर्माण आयोजना वडा नं २ | १ | १२२१० |
| ३६ | त्रिशुलेखान पदमार्ग निर्माण आयोजना वडा नं ९ र १० | १ | १२२१० |
| ३७ | परशुरामधाम - ऐला संगम आलिताल - गोदावरी धार्मिक सर्किट प्रवर्द्धन कार्यक्रम | ५ | ६१०५ |
| ३८ | परशुराम - पूर्णागिरी धार्मिक पर्यटकीय सर्किट प्रवर्द्धन कार्यक्रम | ५ | ६१०५ |
| ३९ | पर्व, मेला, धार्मिक, साँस्कृतिक जगेर्ना तथा प्रवर्द्धन कार्यक्रम | ५ | ९१५८ |
| ४० | पिकनिक पार्क निर्माण आयोजना | १ | २३७०५ |
| ४१ | नगर क्षेत्रका धार्मिक स्थलको संरक्षण तथा पुर्ननिमार्ण | ५ | ३३५७८ |
| | जम्मा | | २२५१७३ |

### ४.३.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| पर्यटन तथा संस्कृति क्षेत्रमा रोजगार | जना | ३० | ३३ | ४० | ४८ |
| पर्यटकीय संख्यामा वद्धि | प्रतिशत | ५ | ११ | १३ | १६ |
| व्यवस्थित र स्तरोन्नत पर्यटकीय सम्पदा र गन्तव्य | संख्या | ५ | ६ | ७ | ८ |
| भ्रमण गर्ने पर्यटक | संख्या | ५००० | ६०५० | ७३२१ | ८८५८ |
| आगमन हुने वार्षिक वाह्य पर्यटक (हजारमा) | संख्या | १ | १ | १ | २ |
| संरक्षित र प्रवर्द्धित साँस्कृतिक सम्पदा | संख्या | ८ | ९ | ११ | १३ |
| प्रवर्द्धित पर्यटकीय टोल/बस्ती | संख्या | ६ | ७ | ८ | १० |
| उपलब्ध पर्यटकीय सेवा तथा सुविधाको प्रकार | संख्या | ४ | ४ | ५ | ६ |
| पर्यटन सम्बन्धी अध्ययन र अनुसन्धान (वार्षिक) | संख्या | १ | १ | १ | २ |
| प्राकृतिक र सांस्कृतिक पर्यटनमा क्रियाशिल संरचना र संस्था | संख्या | ३ | ३ | ४ | ५ |
| कला तथा संस्कृतीमा क्रियाशिल श्रष्टा | जना | १० | ११ | १३ | १६ |

### ४.३.११ अनुमान तथा जोखिम पक्ष

नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका, निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुन सक्नेछ। विपद, महामारी, आर्थिक संकट र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्दछ।

## ४.४ उद्योग, व्यापार तथा व्यावसाय

### ४.४.१ पृष्ठभूमि

स्थानीय तहलाई उद्योग, व्यापार र व्यावसायको प्रवर्द्धन तथा व्यवस्थापनमा कानुनतः महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अधिकार छ। नगरपालिकाले लघु, साना र घरेलु उद्योगहरूको नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन, उद्यमशीलताको विकास र प्रवर्द्धन गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न सहजीकरण र स्थानीय उत्पादनहरूको

बजारीकरणका लागि नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन गर्न सक्छ। नगरपालिकाको स्थानीय व्यापार, वस्तुको उत्पादन, आपूर्ति तथा मूल्य निर्धारणलाई सहजीकरण गर्दै आर्थिक गतिविधिको प्रवर्द्धन र व्यवस्थापन गर्न अहंम भूमिका निर्वाह गर्दछ। स्थानीय बजार, हाटबजार व्यवस्थापन, स्थानीय वस्तु र सेवाको गुणस्तर परीक्षण तथा मूल्य निर्धारण, पर्यावरणमैत्री व्यवसायहरूको प्रवर्द्धन र उपभोक्ता हित संरक्षणका क्षेत्रमा समेत नगरपालिकाले नीति निर्माण, कार्यान्वयन तथा अनुगमन गर्दछ।

उल्लेखित कानुनी प्रावधान अनुरूप परशुराम नगरपालिकाले स्थानीय स्तरमा उद्योग, व्यापार र व्यावसायको प्रवर्द्धन गर्दै उद्यमशीलता विकास र रोजगारी सृजना गर्ने प्रयासहरू गरिरहेको छ। उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन सम्बन्धी कार्यविधि; "घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधी; एफ.एम. रेडियो व्यवस्थापन तथा संचालन कार्यविधी; बजार अनुगमन निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

### ४.४.२ विद्यमान अवस्था

परशुराम नगरपालिकाको स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन साना तथा घरेलु उद्योगहरू, थोक र खुद्रा व्यापारहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। नगरपालिका क्षेत्र भित्र साना ठुला गरी १०० वटा उद्योगहरु र १५०० व्यवसाय सञ्चालनमा रहेका छन् फर्निचर, वेल्डिङ, चाउमिन, सावुन लगायतका उद्योगहरु पर्दछन्। हाल मुख्यतया कृषिमा आधारित उद्योगहरू, सेवामूलक उद्योग, सरकारी उद्योग, समुदायमा आधारित उद्योग, घट्ट मील, संकलन तथा प्रशोधन सम्बन्धी उद्योग आदि रहेका छन्। ठुला उद्योगहरू सञ्चालनमा आउन नसके पनि नगरपालिकामा उपलव्ध स्थानीय स्रोत र साधनको उपयोग गरी सञ्चालित साना तथा घरेलु एवम् कृषिजन्य उद्योगहरूले नगरपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याउदै आएका छन्।

नगरभित्र सञ्चालनमा रहेका व्यवसायहरुको जोखिम न्यूनीकरण गर्न व्यावसायिक सुरक्षा कोषको स्थापना गर्ने नीति लिइएको छ। व्यावसायिक उत्तरदायित्व, आचरण र नैतिकता तथा व्यावसायिक क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गरिएका छन्। नगरभित्र उद्योग तथा व्यापार व्यवसायको क्षेत्रमा लगानी भित्र्याउन लगानी सम्मेलनलाई जोड दिने तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुको प्रवर्द्धनको लागि सिप विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिएका छन्।

नगरपालिकामा मेड्पा कार्यक्रम मार्फत उद्यमशीलता, सिप विकास र बजारीकरण सम्बन्धी तालिम प्रदान गरिएपछि ३०० भन्दा बढी उद्यमीहरूले आफ्ना व्यवसाय सञ्चालन गरेका छन्। नगरपालिकामा सञ्चालनमा आएका उद्योग तथा व्यवसायहरू प्रशस्त भएता पनि औपचारिक रूपमा दर्ता गरिएका व्यवसायहरूको संख्या न्युन रहेको छ।

### ४.४.३ मुख्य सवाल तथा चुनौति

उद्योग स्थापना गर्न नागरिकहरूमा व्यावसायिक सोच, ज्ञान तथा सिपको कमी हुनु; रैथाने तथा परम्परागत सिपमा आधारित उद्यमशीलता विकासमा ध्यान नपुग्नु, उद्यम, व्यापार तथा व्यवसाय संचालन र व्यवस्थापनमा निर्वाहामुखी प्रणाली अबलम्बन गरिनु, सामुहिक तथा सहकारी प्रणाली अवलम्बन हुन नसक्नु, बजारमुखी उत्पादनमा ध्यान नजानु; नागरिकमा अनुदानमुखी प्रवृत्ती हुनु; वित्तीय साक्षरता तथा वित्तीय पहुँचमा कमी हुनु; सबै व्यापार तथा व्यावसाय नगरपालिकामा दर्ता तथा नविकरण अभ्यासमा कमी यस क्षेत्रका समस्याका रुपमा रहेका छन्।

नगरपालिकाको धेरै भाग मध्यावर्ती क्षेत्र परेकोले उद्योग सञ्चालनमा समस्या उत्पन्न हनु, कुनै पनि वस्तुको बजार मूल्य सामानता नहुनु, बजार प्रतिस्पर्धा कम हुनु, नगरपालिकाको दर्ता प्रकृयामा नआएका व्यवसायको संख्या धेरै हुनु, विद्युत सेवाको प्रवाहका कारण उद्योग व्यवसाय सञ्चालनमा कठीनाई हुनु, उद्योग सञ्चालनमा दक्ष कामदारको अभाव उद्योग र व्यवसायिक क्षेत्रका समस्या हुन ।

स्थानीयस्तरमा उद्योग, व्यापार, र व्यावसायलाई व्यवस्थित ढंगले विकास गर्नका लागी पूर्वाधार निर्माण गरी औद्योगिक वातावरण सृजना गर्नु, उद्यमशीलता विकास गर्नु, औद्योगिक जनशक्ति उत्पादन गर्नु, कृषि, पशु विकास र जडीवुट्टीको व्यावसायिक उत्पादन गर्नु, औद्योगिक ग्रामको निर्माण गर्नु, सडक, विद्युत आदि भौतिक पूर्वाधारको पहुँच वृद्धि गर्नु, बाह्य लगानी वातावरणको निर्माण गर्नु, प्रतिस्पर्धात्मक क्षमताको पहिचान र विकास गर्नु, युवा जनशक्तिलाई उद्यमशीलता तर्फ आकर्षित गराउनु जस्ता चुनौतीहरू रहेका छन्।

### ४.४.४ सम्भावना तथा अवसर

स्थानीय श्रम, सिप र रैथाने ज्ञानमा आधारित साना तथा मझौला उद्योग तथा व्यवसाय संचालन गर्ने; वैदेशिक रोजगारी बाट फर्किएका जनशक्तिहरूको श्रम, सिप र ज्ञानलाई परिचालन गरी आर्थिक वृद्धि गर्ने; नगरपालिकामा संचालित उद्योग तथा व्यवसायहहरूबाट राजश्व उठाई आन्तरिक आम्दानी वृद्धि गर्ने; साना उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जना भई बसाइँसराइ कम भई स्वस्थानको विकासमा समुदायहरूको योगदान बढाउने; आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने सम्भावनाहरू यस विषय क्षेत्रमा रहेका छन्।

साना तथा मझौला उद्योगको लागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, रैथाने तथा परम्परागत सिप हुनु, पर्यटकीय क्षेत्रको विकास मार्फत् स्थानीय बजार प्रर्वद्धन गर्नु, बैंक तथा वित्तिय संस्थाहरू नगरपालिकाका बजार क्षेत्रमा हुनु, उद्यमशीलता विकास तथा उद्योग, व्यापार, व्यावसाय प्रर्वद्धनमा सहजिकरणका लागि उद्यम विकास शाखा संचालनमा रहनु यस नगरपालिकाको उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रका अवसरहरू हुन्।

### ४.४.५ सोच

दिगो विकासको आधारः रैथाने उत्पादनमा आधारित उद्यम व्यापार

### ४.४.६ लक्ष्य

उत्पादन, उद्योग व्यवसाय र सेवा क्षेत्रको विकास र विस्तार गर्ने

### ४.४.७ उद्देश्य

१. स्थानीय स्रोत साधन, श्रम, सिप र प्रविधिको विकास र विस्तार गर्नु,
२. उद्यम, व्यापार तथा व्यवसायको सिर्जना र विकास गर्नु,
३. स्वच्छ र प्राङ्गारिक उत्पादन र प्रवर्द्धन गर्नु।

### ४.४.८ रूपान्तरणकारी रणनीति

**(१) रैथाने सिपमा आधारित साना तथा मझौला उद्योगहरूको विकास र प्रवर्द्धन गर्नेः** उद्यम तथा व्यवसायको संभाव्यता अध्ययन गर्दै उपयुक्त उद्योग र व्यवसायको छनोट तथा कार्यान्वयन सम्बन्धी नीतिगत व्यवस्था

सहित कार्यक्रम संचालन गरिने छ। स्थानीय कच्चा पदार्थ र रैथाने सिपलाई उपयोग गरेर व्यवसायिक सिप विकास कार्यक्रम र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ। अन्न, फलफुल, तरकारीबाली तथा दुध, अण्डा, मासुजन्य वस्तुको उत्पादन, प्रशोधन र व्यवसायीकरणका लागि स्थानीय स्तरमा उद्योग स्थापनामा सहजिकरण गरिने छ।

(२) **उद्यमशीलता विकास, सिप अभिवृद्धि र व्यवसाय सञ्चालनका लागि वित्तीय पहुँच र वित्तीय साक्षरता बढाउने**ः व्यवसायिक सिप विकास कार्यक्रम र उद्यमशीलता विकास कार्यक्रममार्फत स्थानीय समुदायलाई आवश्यक सिप र जानकारी प्रदान गरिने छ। नगरपालिकामा रहेका सहकारीहरूको क्षमता विकास गरिने छ। वित्तीय साक्षरता तथा सेवा पहुँच कार्यक्रम सञ्चालन गर्दै ग्रामीण क्षेत्रका समुदायलाई सहुलियतपूर्ण वित्तीय सेवामा पहुँच बढाईनेछ। वैदेशिक रोजगारीबाट फर्किएकाहरूको पुनःस्थापना र उद्यमशीलता विकासका लागि प्रोत्साहनमुलक कार्यक्रम संचालन गरिने छ।

(३) **औद्योगिक ग्रामको निर्माणसहित उद्योग स्थापना गर्न आवश्यक पूर्वाधारहरू (जस्तै: सडक, विद्युत, पानी) को विकास गर्ने**ः औद्योगिक ग्रामको सम्भाव्यता अध्ययन गरी निर्माणका लागि आवश्यक योजनाहरू तर्जुमा गरी संघ तथा प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिने छ। उद्योग सञ्चालनका लागि आधारभूत पूर्वाधार (सडक, विद्युत, पानी, भण्डारण) को विकास, विस्तार तथा स्तरोन्नति गरिने छ। उद्योग क्षेत्रलाई ऊर्जा र यातायात सुविधा उपलब्ध गराउन लक्षित परियोजना र कार्यक्रम कार्यान्वयन गरिने छ।

(४) **स्थानीय उत्पादनहरूको बजारीकरण र उपभोक्ता संरक्षणमा आधारित नीतिहरू निर्माण तथा कार्यान्वयन गर्नेः** स्थानीय उत्पादनहरूको बजारीकरण र स्तरोन्नतिको लागि बजार प्रवर्द्धन तथा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिने छ। बजार अनुगमन तथा उपभोक्ता संरक्षणका लागि प्रभावकारी अनुगमन प्रणालीको विकास गरिने छ। स्थानीय उत्पादनहरूको गुणस्तर सुधार गर्दै बजारमा पहुँच बढाइनेछ।

(५) **वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको सिप, ज्ञान र अनुभवको परिचालन गरी रोजगारी सिर्जना र आर्थिक वृद्धि सुनिश्चित गर्ने**ः वैदेशिक रोजगारीबाट फर्किएकाहरूको सिप र ज्ञानको तथ्याङ्क संकलन गर्दै सामाजिक परिचालन र व्यवसाय छनोट कार्यक्रम सञ्चालन गरिने छ। वैदेशिक रोजगारीपछि पुनःस्थापना र उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्दै उनीहरूको ज्ञानलाई व्यवसायिक उत्पादनमा रूपान्तरण गरिने छ। उद्यमशीलतामा आधारित वित्तीय सेवाहरूको पहुँच विस्तार गर्दै पुनःस्थापनामा सहयोग गरिने छ।

### ४.४.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ४२ | व्यवसाय प्रवर्द्धन कार्यक्रम | ५ | **३९६८** |
| ४३ | उद्यमशिलता प्रवर्द्धन कार्यक्रम | ५ | **८२४२** |
| ४४ | लघु उद्यम विकास कार्यक्रम | ५ | **७३२६** |
| ४५ | सार्वजनिक नीजि साझेदारी कार्यक्रम | ५ | **३०५३** |
| ४६ | साना तथा मझौला उद्योग प्रवर्द्धन कार्यक्रम | ५ | **३०५२६** |
| ४७ | उद्योग, व्यापार, व्यवसाय ईजाजत,  दर्ता, नियमन, नविकरण तथा खारेजी सम्बन्धी कानुन निर्माण | ५ | **१८३२** |

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| | जम्मा | | ५४९४६ |

### ४.४.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ४५० | ४९५ | ५९९ | ७२५ |
| नगरपालिकामा सञ्चालनमा रहेका उद्योग | संख्या | १०० | १२१ | १४६ | १७७ |
| नगरपालिकामा सञ्चालनमा रहेका व्यापार व्यवसाय | संख्या | १६५० | १९९७ | २४१६ | २९२३ |
| व्यावसायिक र प्राविधिक सीपयुक्त दक्षव्यक्ति | संख्या | २०० | २२० | २६६ | ३२२ |
| व्यवसाय करबाट संकलित राजस्व | रू. हजारमा | ७०८ | ७७९ | ९४२ | ११४० |
| उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | २० | २२ | २७ | ३२ |
| उद्यम सृजना र विकास सम्बन्धी तालिम लिने उद्यमी | संख्या | ३५ | ३९ | ४७ | ५६ |
| उद्योग, व्यापार तथा व्यवसाय क्षेत्र वार्षिक कारोवार | रु. लाखमा | ८७५० | ९६४७ | १०६३६ | ११७२६ |
| उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रमा लगानी | प्रतिशत | १ | १ | २ | २ |

### ४.४.११ अनुमान तथा जोखिम पक्ष

नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका, निजी क्षेत्रको समन्वय, सहकार्य र साझेदारमा उद्योग व्यापार र व्यवसाय सिर्जना, विकास र प्रवर्द्धनका लागि पुर्वाधार, सिप तथा प्रविधिको विकास हुनेछ। बस्तुको ढुवानो लागतमा अधिकता, आयातित वस्तुको बढ्दो प्रयोग, उत्पादनमुखी उद्योगमा लगानी र बजार मूल्यमा कडा प्रतिस्पर्धाका कारण स्थानीय उद्योग तथा व्यवसायीहरु पलायन हुन सक्ने जोखिम रहेको छ।

## ४.५ श्रम, रोजगारी र गरिबी निवारण

### ४.५.१ पृष्ठभूमि

नेपालको संविधानमा श्रम तथा रोजगार सम्बन्धी हकलाई नागरिकको मौलिक हकको रूपमा समेटीएको छ। हाल संघीयस्तरमा श्रम, रोजगारी तथा गरिबी निवारणका विषयमा रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावली २०७५, राष्ट्रिय रोजगार रणनीति २०७१, वैदेशिक रोजगार नीति २०६८, गरिबी निवारण नीती २०७६, गरिबी निवारण कोष ऐन २०६३ जारी भई कार्यान्वयनमा रहेका छन्। संघीय संरचनामा स्थानीय तहहरूले श्रम, रोजगारी र गरिबी निवारणका क्षेत्रहरूमा अहम् भूमिका निर्वाह गर्न थालेका छन्। दिगो विकास लक्ष्य (SDG) ले गरिबी निवारणलाई पहिलो प्राथमिकतामा राखेको छ, जसले सबै प्रकारका गरिबी अन्त्य गर्न र रोजगारीका अवसरहरू सिर्जना गर्न विशेष जोड दिएको छ। नेपालको संविधानले श्रम, रोजगारी र गरिबी निवारणलाई सामाजिक न्यायको आधारमा प्राथमिकता दिएको छ।

स्थानीय तहलाई रोजगार सिर्जना, श्रमको अधिकारको संरक्षण र गरिबी निवारणका लागि नीतिगत र कानुनी काम, कर्तव्य र अधिकार प्रदान गरेको छ। परशुराम नगरपालिकाले स्थानीय स्रोत साधनको सदुपयोग गर्दै, युवाहरूको

रोजगारीको अवसर सिर्जना गर्न र गरिबीको स्तरलाई घटाउनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। नगरपालिका स्थानीय तहमा रहेका रोजगारीका समस्या, अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको साधान तथा अवशर र सम्भावनाहरूको उपयोग गर्दै रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरुको विकास गर्न सघाउ पुग्ने उद्देश्यका साथ स्थानीय रोजगार रणनीति तर्जुमाको क्रममा छ।

### ४.५.२ विद्यमान अवस्था

परशुराम नगरपालिकाको आर्थिक संरचना रोजगारी र विप्रेषणमा आधारित छ, जहाँ ठूलो संख्यामा श्रमशक्ति बाह्य रोजगारी तथा सानो हिस्सा स्थानीय तहमा कृषिमा निर्भर रहँदै आएको छ तर कृषिको परम्परागत स्वरूप, सीमित रोजगारीका अवसरहरू र न्यून उत्पादनशीलताका कारण गरिबीको न्युन दर समेत रहेको छ। नगरपालिकामा रहेका हरेक घरधुरीका कम्तिमा १ जनाले कुनै न कुनै उद्यम व्यवसायमा रोजगारी पाइरहेका छन्। संघ, प्रदेश, नगरपालिका तथा अन्य निकायबाट सञ्चालिन परियोजना सहित विभिन्न अनौपचारिक क्षेत्र (परम्परागत कृषि र पशुपालन सहित) लाई पनि समावेश गर्ने हो भने परशुरामको श्रम बजारमा ५० प्रतिशत भन्दा धेरैले रोजगारी पाइरहेको अनुमान छ। यहाँ कृषि तथा पशुपालन क्षेत्र, परम्परागत व्यवसाय तथा व्यापारमा रोजगारीका अवसरहरू छन्।

नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वेरोजगार सूचीकृत भएका छन् भने सूचीकृत विपन्न वेरोजगारले आयोजनाहरूको निर्माण कार्यमा संलग्न भइ न्यूनतम १०० दिनको रोजगारी प्राप्त गरेका छन्। यसैगरी एकल असहाय तथा अति विपन्न व्यक्तिले जीविकोपार्जन सहयोग प्राप्त गरेका छन्। वार्षिक रुपमा विभिन्न युवाले नगरपालिकाबाट सिप, प्रविधि र सहयोग प्राप्त गर्ने गरेका छन्। नगरपालिकामा रहेका बैंक, वित्तिय संस्था तथा सहकारीबाट वित्तिय सेवा प्रवाह भैरहेको छ।

### ४.५.३ मुख्य सवाल तथा चुनौति

वैदेशिक लगायत वाह्य क्षेत्रको रोजगारीमा युवा जनशक्ति आकर्षण बढ्नु; श्रम बजारको अभाव, बगीकृत वेरोजगार पहिचान नहुनु; स्थानीय स्तरमा दक्ष तालीम प्राप्त व्यक्ती नहुनु; संघ, प्रदेश तथा स्थानीय सरकारले श्रम, रोजगारी तथा गरिबी निवारणको क्षेत्रमा ठोस कार्यक्रम संचालन नगर्नु; जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरूमा कमी हुनु; उद्यमशीलता तथा औद्योगिक विकासको अभावले स्वरोजगारका अवसर सीमित हुनु; महिला, विपन्न तथा पिछडिएका वर्गका व्यक्तिहरूले रोजगारमा समान पहुँच पाउन नसक्नु; वित्तीय पहुँच बढ्दो क्रममा भए पनि सबै क्षेत्र तथा समुदायसम्म पुग्न नसक्नु;वित्तीय साक्षरताको अभावले कृषक, उद्यमी र श्रमिकहरूले लाभ लिन नसक्नु; वैदेशिक रोजगारीबाट फर्किएकाहरूको सिप र अनुभवलाई स्थानीय अर्थतन्त्रमा उपयोग गर्ने संरचना र नीतिको अभाव हुनु; गरिबी निवारणका लागि दीर्घकालीन र दिगो योजनाको अभाव हुनु आदी यस क्षेत्रका मुल सवालहरू हन्।

गरिबी निवारणका लागि स्थानीय स्रोत साधनको परिचालन, उद्यमशीलताको प्रवर्द्धन, वैदेशिक रोजगारीबाट फर्किएकाको पुनःस्थापना, र सामाजिक सुरक्षाका उपायहरूको प्रभावकारी कार्यान्वयनमार्फत सबै नागरिकलाई सम्मानजनक जीवनयापनको सुनिश्चितता प्रदान गर्नु चुनौतीपूर्ण रहेको छ।

### ४.५.४ सम्भावना तथा अवसर

यस नगरपालिकामा परम्परागत कृषिलाई व्यवसायिक र आधुनिक प्रविधिसँग एकीकृत गर्न सकिने; पशुपालन तथा स्थानीय उत्पादनहरूको व्यवसायिक प्रवर्द्धन गरी स्वरोजगार बढाउने; प्राकृतिक र सांस्कृतिक सम्पदालाई उपयोग गरी पर्यटन विकास गर्ने; नगरपालिकाका प्राकृतिक, मानविय र आर्थिक स्रोतहरूलाई उचित ढंगले परिचालन गरी रोजगारी सिर्जना गर्ने; सूचना प्रविधि र नयाँ प्रविधिको प्रयोग बढाई उत्पादनशीलता र रोजगारी सिर्जना गर्न सकिने; विदेशबाट फर्किएका श्रमिकहरूको सिप र अनुभवलाई उद्यमशीलतामा रूपान्तरण गर्न सकिने सम्भावना छ।

आर्थिक रूपले जानसाङ्ख्यिक लाभ लिन सकिने जनसङ्ख्याको बाहुल्यता हुनु; संघीय संरचनामा रोजगार र गरिबी निवारणका लागि स्थानीय सरकारलाई प्रदान गरिएका अधिकार कार्यान्वयनमा संघ, प्रदेश तथा सरोकारवालाहरू संग समन्वय र सहकार्य गर्नु; सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु; बैंक, वित्तीय संस्था, र सहकारीमार्फत वित्तीय पहुँच र साक्षरताको विस्तार गर्नु; सार्वजनिक-निजी साझेदारीको मोडेल अपनाएर उद्योग र पूर्वाधार विकासमा लगानी गर्नु जस्ता यस क्षेत्रका अवशरहरू हुन्।

### ४.५.५ सोच

श्रम र सिपको सम्मानः परशुरामको अभियान

### ४.५.६ लक्ष्य

उत्पादनशील र दिगो रोजगारी सिर्जना गर्ने

### ४.५.७ उद्देश्य

१. कच्चा श्रम शक्तीलाई सिपयुक्त दक्ष मानव संशाधनमा रूपान्तरण गर्नु,

२. स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गर्नु,

३. एकल, असहाय र जोखिम रहेका वर्ग उद्यम र रोजगारीमा आवद्ध गर्नु

### ४.५.८ रूपान्तरणकारी रणनीति

**(१) स्थानीय बजारमा उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरूको विकास र विस्तार गर्नेः** स्थानीय श्रम बजारको अध्ययन गरी आन्तरिक रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान र विस्तार गरिने छ। कृषि, पशुपालन, पर्यटन र साना उद्यमहरूलाई आधुनिक प्रविधिसँग एकीकृत गर्दै उत्पादन र रोजगारी सिर्जना गरिने छ। विदेशबाट फर्किएका श्रमिकहरूको पुनःस्थापना र उद्यमशीलता विकासका लागि सहजीकरण गरनेछ। वैदेशिक रोजगारीबाट फर्केकालाई स्थानीय अर्थतन्त्रमा मूलप्रवाहीकरण गर्न अन्तर–सरकार एवं अन्तर–निकाय सहकार्य र साझेदारी गरिने छ।

**(२) स्थानीय तहमा दक्ष, सिपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्नेः** श्रम बजारको माग अनुसारका दक्ष, सिपयुक्त र प्रतिस्पर्धी जनशक्ति तयार गर्न रोजगारीमूलक सिप, उद्यमशीलता र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने छ। श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्दै श्रम प्रतिको सम्मान अभिवृद्धि गर्न अभियानमुलक कार्यक्रम संचालन गरिने छ। युवा जनशक्ति तथा श्रमिकहरूलाई लक्षित गरी रोजगार मेला संचालन गरिने छ।

(३) **रोजगारमैत्री निजी लगानी प्रोत्साहन गर्ने:** स्थानीय तहमा उद्यमशीलताको प्रवर्द्धन एवम् निजी क्षेत्रको पूँजी र प्रविधिलाई आकर्षित गरिने छ। सार्वजनिक-निजी साझेदारी (PPP) मोडेलमार्फत निजीक्षेत्रलाई लगानीगर्न प्रोत्साहन गरिने छ। निजी क्षेत्रलाई आकर्षित गर्न कर सहुलियत, अनुदान र सहज ऋण उपलब्ध गराउने व्यवस्था गरिने छ।

(४) **श्रम तथा रोजगारी सम्बन्धी मौलिक हक पूरा गर्न नीतिगत एवं संस्थागत व्यवस्था गर्ने:** स्थानीय रोजगार रणनीति तयार गरी कार्यान्वयनलाई निरन्तरता दिईने छ। रोजगार प्रोत्साहनका लागी श्रम तथा रोजगार बैंक स्थापना गरिने छ। स्थानीय श्रम तथा रोजगार सम्बन्धी विस्तृत विवरण सहितको लगत तयार गरी नियमित अद्यावधिक गरिने छ। श्रम तथा रोजगार सम्बन्धी नविन तथा सफल अभ्यासहरू अनुशरण गर्न प्रोत्साहन गरिने छ।

(५) **एकल, असहाय र जोखिममा रहेका वर्गहरूको जीवनयापनको आधार सुनिश्चित गर्दै उनीहरूको आत्मसम्मान र आर्थिक सशक्तीकरण गर्ने:** एकल, असहाय र जोखिममा रहेका व्यक्तिहरूलाई आत्मनिर्भर बनाउन विशेष सिप तथा उद्यमशीलता विकास कार्यक्रम संचालन गरिने छ। जोखिम वर्गका लागि 'रोजगार बैंक' मार्फत रोजगारीको अवसर उपलब्ध गराईनेछ। सहकारी संस्थामार्फत जोखिम वर्गलाई सिप हस्तान्तरण र पूँजी व्यवस्थापनान सहजिकरण गरिने छ। अव्यवस्थित बसोबासी, भूमिहिन दलितका लागि जग्गा व्यवस्थापनमा सहजीकरण गरिने छ।

### ४.५.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ४८ | रोजगार प्रवर्द्धन कार्यक्रम | ५ | १८३१५ |
| ४९ | परशुराम सीप मेला | ५ | १५२६३ |
| ५० | स्थानीय तहको रोजगार रणनीति तर्जुमा तथा कार्यान्वयन | ५ | ४२० |
| ५१ | सहकारी तथा वित्तिय संस्था प्रवर्द्धन कार्यक्रम | ५ | ७३२६ |
| | **जम्मा** | | ४१३२४ |

### ४.५.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| सूचीकृत वेरोजगार | संख्या | १८५० | २१५५ | २२०० | २६०० |
| विभिन्न रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | १२ | २० | २५ | ३१ |
| विभिन्न रोजगार कार्यक्रमबाट सिर्जित रोजगारी | जना | ८० | १०० | ३५० | ६५० |
| वार्षिक सीप, प्रविधि र सहयोग प्राप्त गर्ने युवा | जना | ० | १० | ३० | ५० |
| गरिबीको रेखामुनी रहेका घरपरिवार | संख्या | १५ | १५ | १५ | १५ |
| सेवा सुचारु वैक शाखा र वित्तीय सेवा प्रदायक | संख्या | ४ | ५ | ६ | ८ |

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| सूचारू सहकारी संस्था | संख्या | ११० | ११४ | ११९ | १२४ |
| वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या | संख्या | ४५० | ६०० | १००० | १५०० |
| बैंक र वित्तीय संस्थाबाट औद्योगिक, व्यवसायिक क्षेत्रमा लगानी रकम | रू. लाख | ० | ० | ० | ० |
| बैकमा खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ८० | ८५ | ९२ | १०० |

### ४.५.११ अनुमान तथा जोखिम

रोजगारी सिर्जना सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा गर्नेछ। गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। नगरपालिकामा रोजगारी तथा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ। गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ। अनौपचारिक क्षेत्रको रोजगारको स्वरुपमा परिवर्तन हुदै जाने भएकोले स्थानीय तबरमा तयार भएका दक्ष श्रमिकले बजार नपाउने जोखिम रहन सक्नेछ।

# परिच्छेद ५: स्वस्थ, शिक्षित तथा मानव पुँजी निर्माण




## ५.१ स्वास्थ्य, पोषण र जनसंख्या

### ५.१.१ पृष्ठभूमि

नागरिकको आधारभूत आवश्यकताका रूपमा रहेको स्वास्थ्य सेवा संविधानले नि:शुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेकोछ। त्यसैगरी आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेकोछ। त्यसैअनुरूप दिगो विकासका लक्ष्य ३ तथा सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिकको उद्देश्य पूरा गर्नु स्थानीय तहको दायित्वको रुपमा रहेको छ।

### ५.१.२ विद्यमान अवस्था

नगरपालिकामा नगर अस्पताल, आयुर्वेद औषधालय, स्वास्थ्य चौकी, बर्थिङ सेन्टर, आधारभूत स्वास्थ्य सेवा केन्द्र, गाउँघर क्लिनिक तथा खोप केन्द्र रहेका छन् । नीजि अस्पताल तथा क्लिनिकबाट स्वास्थ्य सेवा प्रदान गरिरहेका छन । नगर स्वास्थ्य शाखाबाट नियमित रुपमा विभिन्न तालिम तथा गोष्ठी संचालन गर्दै आएको छ। नगरवासीहरुका लागि नगर अस्पतालको सेवा उपलव्ध रहेको छ।

६८ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई वर्षमा दुई पटक घरघरमै गएर स्वास्थ्य परीक्षण गर्ने कार्यलाई थप प्रभावकारी बनाइएको छ। सरुवा तथा नसर्ने रोगहरूको नियन्त्रण र रोकथामलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिएको छ। नगरबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवालाई निशुल्क र थप प्रभावकारी बनाई आम नागरिकको पहुँच विस्तार गरिएको छ। परशुराम नगर अस्पतालमा आधुनिक प्रयोगशाला, एक्सरे, औषधी तथा चिकित्सक सहितको २४ घन्टे आकस्मिक सेवालाई प्रभावकारी बनाई विशेषज्ञ सहितको स्वास्थ्य सेवा विस्तार गरिएको छ। कुपोषित बालबालिकाहरुको सघन उपचार र महिलाहरुको स्तन, पाठेघरको क्यान्सरको स्क्रिनिंग जाँच तथा पाठेघर खस्ने रोगको लागि निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएका छन् । नगरभित्र सञ्चालनमा रहेका सामुदायिक

तथा निजी अस्पताल, स्वास्थ्य क्लिनिक, मेडिकल, प्रयोगशाला, आयुर्वेद, चस्मा पसल आदिलाई नियमित अनुगमन र नियमन गर्ने व्यवस्था मिलाईएको छ।

### ५.१.३ मुख्य सवाल तथा चुनौती

नगरपालिकामा विशिष्ट स्वास्थ्य सेवा सर्बसुलभ रुपमा उपलवध हुन सकेको छैन। सघन उपचार तथा विशेषज्ञ सेवा सहितको चिकित्सक आधुनिक प्रयोगशालाको व्यवस्था हुन सकेको छैन। स्वास्थ्य संस्थामा मापदण्ड अनुसारका भौतिक संरचना हुन सकेको छैन। स्वास्थ्य संस्थामा अत्यावश्यक औजार तथा उपकरणहरुको प्रयाप्त उपलब्धता हुन सकेको छैन। निशुल्क पाइने औषधीहरु समयमा नै आयात हुन सकेको छैन। बिशेषज्ञ डाक्टरको अभावमा स्वास्थ्य सेवा प्रवाह तथा संस्थागत सुत्केरी सेवा दर बृद्धि गर्न कठिनाई भएको छ।

### ५.१.४ सम्भावना तथा अवसर

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवासम्बन्धी नीति तथा कानुनहरूको निर्माण भई कार्यान्वयन हुन सक्नेछ। प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना गर्ने, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै जाने, दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि हुदै जाने सम्भावना रहेको छ। स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै जाने, सबै वडाहरू सडक सञ्जालमा जोडिँदा स्वास्थ्य सेवाको पहुँचमा सहजता रहेको जस्ता विषयहरू स्वास्थ्य तथा पोषण विकास हुदै जाने अवसर रहेको छ।

### ५.१.५ सोच

स्वस्थ नागरिक: निरोगी नगरपालिकाबासी

### ५.१.६ लक्ष्य

सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने

### ५.१.७ उद्देश्य

१. आधारभूत, निशुल्क र विशिष्टिकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु,

२. स्वस्थ जीवनशैली तथा व्यवहार परिवर्तनको लागि अनुकुल वातावरण  सिर्जना गर्नु,

३. पोषण अवस्थामा दिगो सुधार गर्नु,

४. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्नु।

### ५.१.८ रुपान्तरणकारी रणनीति

१. **गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने**ः विशेषज्ञ डाक्टर सहित सघन उपचारका लागि आवश्यक पूर्वाधार तथा मानविय श्रोतको व्यवस्था, क्षमता विकास र स्वास्थ्य संस्थाको पूर्वाधार सामग्री तथा उपकरणको औषधीको व्यवस्था गरी आधारभूत, निशुल्क तथा विशिष्ठकृत स्वास्थ्य सेवाको गुणस्तर र पहुँचलाई सहज उपलव्ध गराईनेछ। आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ। गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ। सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२. **स्वस्थ जीवनशैली तथा व्यवहार परिवर्तनको लागि अनुकुल वातावरण सिर्जना गर्न चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने**ः गुणस्तरीय एवम् स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै

कुपोषण न्यूनीकरण गरिनेछ। मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ। "सुनौला हजार दिन" अभियानलाई निरन्तरता दिइनेछ। नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्य पदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ।

३. **पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता गर्ने:** न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूकालागि पोषणयुक्त खानेकुराहरूको प्रवन्ध मिलाइनेछ। स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्यवस्था मिलाईनेछ। पोषण सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। गर्भवती महिला तथा बालबालिकाको लागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ।

४. **स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने:** स्वास्थ्यको सहज पहुँचकालागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोगमा ल्याइनेछ। स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ। ल्याब सेवा सञ्चालनकालागि आवश्यक पहल अघि बढाइनेछ।

### ५.१.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ५२ | स्वास्थ्य संस्था, वर्थीङ्ग सेन्टर स्तरोउन्नती कार्यक्रम | ५ | ७६९२४ |
| ५३ | नगर स्वास्थ्य कार्यक्रम | ५ | २४८६९७ |
| ५४ | उपप्रमुख सुत्केरी कोशेली कार्यक्रम | ५ | १२२१० |
| ५५ | किशोरकिशोरी स्वास्थ्य सेवा कार्यक्रम | ५ | ३०५३ |
| ५६ | प्रजनन् रुग्णता स्वास्थ्य सेवा कार्यक्रम | ५ | १८३२ |
| ५७ | पोषण कार्यक्रम | ५ | ३३५७८ |
| ५८ | प्याथोलोजी तथा ल्याव परीक्षण केन्द्र | ५ | ६१०५१ |
| ५९ | मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | ५ | १५२६३ |
| | **जम्मा** | | **४५२६०८** |

### ५.१.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ८६ | ९० | १०० | १०० |
| बच्चालाई ६ महिलासम्म स्तनपान गराउने महिला | प्रतिशत | ९२ | ९४ | ९८ | १०२ |
| २३ महिना सम्मका नियमित वृद्धि अनुगमन गरिएका बालबालिका संख्या | संख्या | ० | ० | ० | ० |
| वृद्धि अनुगमन गरिएका मध्ये कुपोषित ५९ महिनाभन्दा कम उमेरका बालबालिका | प्रतिशत | ८ | ८ | ९ | १० |
| परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ५५ | ५८ | ६४ | ७० |
| कम तौल भएका नवजात शिशु | प्रतिशत | २ | २ | २ | ३ |
| प्रोटोकल अनुसार ८ पटक गर्भवती जाँच गराउने महिला (जीवित जन्ममा) | प्रतिशत | ८५ | ८९ | ९८ | ९८ |

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| प्रोटोकल अनुसार बच्चाको जन्मपछि तीन पटक उत्तर प्रसूति सेवा प्राप्त महिला | प्रतिशत | ६८ | ७१ | ७९ | ८७ |
| डि.पि.टि.-हेप वि. १ दादुरा रूबेला दोश्रो बीचको ड्रपआउट दर | प्रतिशत | १० | ११ | १२ | १३ |
| २३ महिना भित्र पूर्णखोप प्राप्त गरेका बालबालिका | प्रतिशत | ८० | ८४ | ९३ | ९३ |
| कुष्ठरोगको प्रकोप दर (प्रति १०,०००) | जना | ० | ० | ० | ० |
| निमोनियाका विरामी दर (प्रति हजार २ देखि ५९ महिनाका बालबालिका) | जना | ० | ० | ० | ० |
| झाडापखालाका बिरामी दर (प्रति हजार २ देखि ५९ महिना बालबालिका) | जना | ० | ० | ० | ० |
| भिटामिन ए खाने गर्भवती महिला | प्रतिशत | ५३ | ६२ | ७२ | ८४ |
| गर्भावस्थाको अवधिभर १८० आइरन चक्की खाने गर्भवती महिला | प्रतिशत | ८७ | ९१ | ९४ | ९८ |

#### ५.१.११ अनुमान तथा जोखिम पक्ष

स्वास्थ्य संस्था तथा सेवा प्रवाह सम्बन्धी भौतिक संरचना, विशेषज्ञ सहितको मानविय श्रोत तथा प्रविधि सुविधा पर्याप्त भएको हुनेछ। दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ। स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवालाबीच सहकार्य र साझेदारी हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्दछ।

### ५.२ शिक्षा, विज्ञान प्रविधि तथा नवप्रवर्तन

#### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले विद्यालय तहको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेकोछ । शैक्षिक विकासको सन्दर्भमा निरक्षरता अन्त्य गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच कायम गर्न राष्ट्रिय तथा स्थानीयस्तरबाट अभ्यासहरू भइरहेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संघीय, प्रादेशिक तथा स्थानीय सरकारका तर्फबाट आवश्यक पहल भइरहेकोछ । शिक्षालाई विकासको मूल आधारका रूपमा लिई परशुराम नगरपालिकाले माध्यमिक तह सम्मको नमुना विद्यालयका साथै प्राविधिक शिक्षाका पूर्वाधार तयार गरी सहज अवसरहरू सृजना गर्ने कुरालाई महत्त्व दिई तर्जुमा गरिएको नगर शिक्षा योजना कार्यन्वयन तथा अद्यावधिक कार्यलाई निरन्तरता दिनु आवश्यक देखिन्छ ।

#### ५.२.२ विद्यमान अवस्था

परशुराम नगरपालिकाको शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य क्षेत्रलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि नगरपालिकामा शिक्षा युवा तथा खेलकुद शाखा स्थापना भइ सञ्चालनमा रहेको छ। नगरपालिकामा नगर शिक्षा समिति तथा खेलकुद विकास समिति रहेको छ। नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि नगरपालिकाको साथै संघ तथा प्रदेश सरकारबाट विभिन्न प्रकारका अनुदानहरु उपलब्ध हुँदै आइरहेको छ। नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको तथ्याङ्कलाई व्यवस्थित र पारदर्शि बनाउनका लागि एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली (IEMIS) लागू गरिएको छ। नगरपालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि नगर शिक्षा ऐन २०७६ संसोधन सहित, विभिन्न ऐन, कार्यविधि र विभिन्न योजनाहरु निर्माण भएका छन्।

नगरपालिकाले शिक्षा क्षेत्रको समग्र विकासको लागि शिक्षा सुधार कोषको निर्माण, व्यवस्थापन र परिचालन गर्ने, शिक्षक तथा विद्यार्थी क्षमता विकास कार्यक्रमसँगै बालमैत्री सिकाइ र बसाई व्यवस्थापनलाई प्रभावकारी बनाउने झोलाविहीन शुक्रवार, विद्यालय करेसाबारी कार्यक्रम, व्यवहारिक सीप विकास, फोहोरमैला व्यवस्थापन लगायतका प्रयोगात्मक सिकाई एवम् विद्यार्थीहरुलाई श्रमप्रति आकर्षित गर्ने कार्यमा जोड दिने विद्यार्थीहरुलाई सीप मेला एवम् विज्ञान प्रदर्शनी लगायत कार्यक्रम सञ्चालन गर्ने तथा कार्यमूलक अनुसन्धान कार्यक्रमलाई प्रोत्साहन तथा शिक्षक र विद्यार्थीहरुको अध्ययन तथा सृजनात्मक क्षमता विकास कार्यक्रमलाई जोड दिइने खालका कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिई कार्यान्वयन हुदै आएको छ।

नगरपालिकाको नगर शैक्षिक प्रोफाइल तयार गरिएको छ। नगर शिक्षा योजना निर्माण भई स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा आएको छ। नगरपालिकाका सवै विद्यालय सम्म मोटरबाटो रहेको साथै सार्वजनिक साधनहरुको उपलव्धता रहेको छ। नगरपालिकामा कलेज, माध्यमिक विद्यालय, आधारभूत विद्यालय र बालविकास लगायत सामुदायिक तथा संस्थागत शिक्षण संस्थानहरू रहेका छन ।

### ५.२.३ मुख्य सवाल तथा चुनौती

नगरपालिकाका केहि नमूना विद्यालयमा शिक्षाको गुणस्तर उत्कृष्ठ भएपनी सवै विद्यायमा सोही गुणस्तर कायम गर्नु प्रमुख समस्याको रुपमा रहेको छ। दुर्गमका वडाहरुमा विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु, अभिभावकहरु चनाखो नहुनु, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी कम हुनु, शिक्षामा आधुनिक प्रविधिको प्रयोग कम हुनु, निजि र सामुदायिक विद्यालय बीचको विभेद, विद्यालयहरु भौतिक पूर्वाधार पर्याप्त नहुनु, पठनपाठनमा भाषिक समस्या उत्पन्न हुनु शिक्षा क्षेत्रका समस्या हुन्।

खेलकुद क्षेत्रको समुचित विकास गर्न खेल मैदान अनुसार खेलसामग्री तथा पूर्वाधारको विकास गर्न नसक्नु, खेल क्षेत्रको नीतिगत व्यवस्था गरी खेलाडीको भविष्य सुनिश्चित गर्न नसक्नु, युवाहरुका रोजगारीको सुनिश्चतता गर्न नसक्नु जस्ता समस्याहरु विद्यमान रहेका छन्। सम्पूर्ण माध्यमिक विद्यालयमा सुरक्षित तथा सिकाईमैत्री विद्यालय वातावरण तयार गरी विद्यालय शिक्षमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु यस नगरपालिकाको प्रमुख चुनौती रहेको छ।

### ५.२.४ संभावना तथा अवसर

महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तीकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने अवस्था रहनु, माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, शिक्षासँगै रैथाने ज्ञान, सिप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना रहेको छ।

प्राविधिक तथा व्यावसायिक सिपप्रतिको युवाको आकर्षण रहनु, अभिभावकहरूमा थप जागरुकता विकास गरी शिक्षामा सबैको पहुँच पुऱ्याउन सकिनु, समृद्धिका मुख्य संवाहकका रूपमा रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, सुशासनको मुख्य आधार नै शिक्षाको विकास रहनु यहाँका शिक्षा विकासका अवसरहरू हुन्।

### ५.२.५ सोच

गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको विकास, समृद्ध परशुरामको आधार

### ५.२.६ लक्ष्य

प्रविधिमैत्री तथा उत्पादनमूखी शिक्षाको माध्यमले समावेशीता सहितको पहुँच, समता र सक्षमतामा आधारित गुणस्तरीय रोजगारमुलक तथा जीवनउपयोगी शिक्षा सुनिश्चत गर्ने ।

### ५.२.७ उद्देश्य

१. विद्यालय शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नु ।

२. प्रारम्भिक बाल विकासलाई सुबिधायुक्त र बालमैत्री तुल्याउनु ।

### ५.२.८ रुपान्तरणकारी रणनीति

१. **विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्नेः** शिक्षक दरबन्दि मिलान नियमित गर्दै अपुग शिक्षक भएका विद्यालयमा स्वयंमसेवक शिक्षक वा करार शिक्षकको ब्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको ब्यवस्था गरिनेछ। विभिन्न निकायहरुसँग समन्वय सहकार्य गर्दै शिक्षाको बजेटमा वृद्दि गर्ने, स्थानिय भाषा, लिपी संस्कार तथा संस्कृतिजन्य ज्ञान सीप र क्षमता अभिवृद्धिका लागि आवश्यक अवसर सुनिश्चित गरिनेछ। सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयहरूको नक्साङ्कन गरी आवश्यकताका आधारमा शैक्षिक सेवाहरूको पहुँच विस्तार हुनेछ। अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डबमोजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। जनशक्तिको दक्षता र सक्षमता सुधार गरिनेछ। सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी बनाईनेछ। अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भइ नतिजामा आधारित अनुगमन प्रणाली स्थापित गरिनेछ।

२. **प्रारम्भिक सिकाई प्रक्रियालाई सुविधायुक्त र बालमैत्री तुल्याउनेः** प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि भएको हुनेछ। एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गर्दै बाल विकास केन्द्रको ब्यवस्थापन अवस्था विश्लेषण सर्वे गरी राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका बमोजिम कार्यान्वयन गरिनेछ। लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार गरिनेछ। विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गरिनेछ।

### ५.२.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ६० | विद्यार्थीसँग नगरप्रमुख कार्यक्रम | ५ | १५२६३ |
| ६१ | विद्यालय शिक्षा कार्यक्रम | ५ | १८३१५३० |
| ६२ | निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन कार्यक्रम | ५ | ९१५८ |
| ६३ | शिक्षा क्षेत्र सुधार कोष | ५ | २४४२० |
| ६४ | छोरी बुहारी शैक्षिक सशक्तिकरण छात्रवृत्ति कार्यक्रम | ५ | १२२१० |
| ६५ | अनाथ, असहाय, द्वन्दपीडित बालबालिकाका लागि विद्यालय आवाश कार्यक्रम | ५ | १०००० |
| ६६ | विद्यालय भवन निर्माण मर्मत तथा स्तरोन्नती कार्यक्रम | ५ | ३०५२६ |
| ६७ | विद्यालय बगैचा तथा खेलकुद स्थल निर्माण आयोजना | ५ | २४४२० |
| | जम्मा | | १९५७५२७ |

### ५.२.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| प्रारम्भिक वाल विकास केन्द्रको भर्ना दर | प्रतिशत | ७५ | ७७ | ८० | ८३ |
| कक्षा १ को नव प्रवेशी मध्ये पूर्व प्राथमिक शिक्षाको अनुभव भएका विद्यार्थी | प्रतिशत | ६० | ६१ | ६४ | ६६ |
| पुस्तकालय भएका विद्यालय | प्रतिशत | ७० | ७१ | ७४ | ७७ |
| प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्ने विद्यालय | संख्या | ३० | ३१ | ३२ | ३३ |
| वार्षिक पेशागत प्रशिक्षण प्राप्त शिक्षक | जना | ० | ० | ० | ० |
| एसएलसी अथवा एसइइ पुरा गर्ने जनसंख्या | जि.पि.ए. | ० | ० | ० | ० |
| कक्षा १२ उत्तिर्ण गर्ने | जनसंख्या | ० | ० | ० | ० |
| विद्युतमा पहुँच भएका विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० |
| इन्टरनेटमा पहुँच भएका विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० |
| अपाङ्गमैत्री विद्यालय | संख्या | १ | ५ | ५ | ६ |
| खानेपानी, सरसफाई र स्वच्छता सुबिधा उपलब्ध  भएको विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० |

### ५.२.११ अनुमान तथा जोखिम पक्ष

सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको, शैक्षिक अभियन्ता तथा सरोकारवालाहरुको अग्रसरता, आवश्यक योजना तथा ऐन नियम निर्देशिकाहरु निर्माण गरी, विद्यालयमा भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरु नगरपालिका मार्फत योजना रहने जस्ता सम्भावना रहेका छन्। भौगोलिक विकटताका कारण विद्यालयमा आवतजावत गर्न बढी समय लाग्ने जस्ले गर्दा स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट विद्यालयको संख्या व्यवस्थापन गर्नुपर्ने र सोको संचालन र व्यवस्थापन गर्नुपर्ने वर्तमान व्यवस्थाले शिक्षाको गुणस्तर न्यून हुने जोखिम रहेको छ।

## ५.३ खानेपानी सरसफाइ तथा स्वच्छता

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा पार्ने बहुआयामिक प्रभावलाई दृष्टिगत गरी यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ। दिगो विकास लक्ष्यले समेत खानेपानी तथा सरसफाइसम्बन्धी स्पष्ट लक्ष्य निर्धारण गरेको छ । स्थानीय तहले हरेक घरपरिवारका लागि आधारभूत खानेपानीको प्रभावकारी व्यवस्था गरी त्यसको वितरण तथा अनुगमन कार्यको सुनिश्चित गर्नु पर्दछ। सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्वन्धी अभिमुखिकरण गर्ने समेत स्थानीय तहको दायित्व रहेकोछ ।

### ५.३.२ विद्यमान अवस्था

नगरपालिकामा खानेपानी तथा सरसफाई परियोजनाहरुको सामुहिक धारा प्रणालीबाट व्यक्तिगत धारा प्रणालीमा विस्तारित हुदै गएको छ। नगरपालिकाका खानेपानी योजनाहरुका लागि मर्मत सम्भार कोषको व्यवस्था गरिएको छ। खानेपानी तथा सरसफाइको क्षेत्रमा विभिन्न विकास साझेदार गैससहरुको सहयोग रहेको छ। एक घर, एक धारा तथा शौचालय निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ। खुला दिशामुक्त क्षेत्र हुदै पूर्ण सरसफाई युक्त क्षेत्र घोषणा भएको छ। विभिन्न अवस्थामा सावुन पानीले हात धुने वानीको विकास, र शौचालयको प्रयोगका कृयाकलापमा सुधार आएको छ । खानेपानीको मुहा/श्रोतहरु प्रसस्त मात्रामा रहेका छन्। खानेपानी योजना सञ्चालन गर्दा

जनश्रमदान तर्फ समुदायहरु काम गर्न अग्रसर भई नियमानुसार जागृत भएका छन्। शुद्ध पानी पिउने, सावुन पानीले हातधुने, शौचालयको प्रयोग, निरोगी सुखी जीवन जस्ता कार्यक्रमहरुको थालनी भएको छ।

नगरपालिकामा सानाठुला खानेपानी आयोजना मार्फत सतप्रतिशत घरधुरीमा गुणस्तरीय खानेपानी सेवा प्रदान गरिएको छ। नगरपालिका खुला दिशामुक्त क्षेत्र घोषणा भएको छ। नगरपालिकाको खानेपानी सरसफाई स्वच्छता सम्वन्धी अध्ययन गरी नीति वनाउने तयारी गरेको छ।

### ५.३.३ मुख्य सवाल तथा चुनौती

खानेपानी आयोजनाहरु नीजिक्षेत्रबाट सञ्चालित भएकोले विपन्न वर्गले नियमित महसुल बुझाउन र नयाँ जडान गर्न कठिनाई हुने गरेकोछ। खानेपानीको श्रोतको रुपमा भूमिगत जलश्रोत र अत्यन्तै न्यूनमात्रामा नदिको मुहान रहेकोमा मुहान भएकोमा नगर क्षेत्रमा भूमिगत जलश्रोत घट्दै गएको र मुहानमा बाढीले क्षति पुर्‍याउन सक्ने जोखिम रहदै आएकोछ। खानेपानीको श्रोत घट्दै गएकोले आयोजनाको लागत बढने र त्यसको प्रत्यक्ष असर महशुलमा वृद्धि हुने गरेको छ। कुल घरधुरीको ९० प्रतिशत भन्दा बढी घरपरिवारमा सुरक्षित शौचालय रहेको छ। प्लास्टिक तथा शिशाजन्य वस्तुको अधिक उपयोग हुनु, उद्योगजन्य फोहोर व्यवस्थापन हुन नसक्नु तथा जलवायु परिवर्तनको असरले स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनु चुनौतीका रुपमा रहेको छ।

### ५.३.४ संभावना तथा अवसर

परशुराम नगरपालिकामा खानेपानी श्रोतको प्रयाप्त सम्भावना रहेको छ। उचित व्यवस्थापन हुन सकेमा खानेपानी आयोजनाले घरधुरीलाई मात्र नभई खानेपानीलाई प्रशोधन तथा प्याकिङ गरी बजारमा विक्री गर्न सकिने सम्भावना रहेकोछ। शुद्ध खानेपानी र सरसफाइको सन्दर्भमा जनप्रतिनिधि, अगुवाहरू र नीजि क्षेत्रको चासो बढ्दै जानु, खानेपानीको सवाल राष्ट्रिय प्राथमिकतामा पर्नु र स्थानीय सरकारको कार्यक्षेत्रमा पर्नु, फोहोरमैला व्यवस्थापनमा जनप्रतिनिधि समुदाय र नीजि क्षेत्र संवेदनशील हुँदै जानु, खानेपानी, सरसफाइ र फोहोरमैला व्यवस्थापनमा सहयोगी संस्था र समुदायको सहकार्य हुनु आदि अवसरको रुपमा रहेका छन्।

आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, खानेपानी श्रोतका लागि प्रविधिको विकास हुनु जलाधार क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस नगरपालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका अवसरहरू हुन्।

### ५.३.५ सोच

“पानी आँगन बारीः हाम्रो जिम्मेवारी”

### ५.३.६ लक्ष्य

नगरपालिकाबासी सबैलाई स्वच्छ पिउने पानी सुविधा उपलब्ध गराउने

### ५.३.७ उद्देश्य

१. खानेपानीको पहुँच र गुणस्तरमा सुधार गर्नु,

२. सरसफाईजन्य आनिवानीमा गुणात्मक सुधार गर्नु,

### ५.३.८ रुपान्तरणकारी रणनीति

१. **खानेपानीमा सवैको पहुँच कायम गर्ने;** खानेपानीका स्रोतहरूको पहिचान गरी संरक्षण गरिनेछ। एक घर एक धारा कार्यक्रम लागु गरिनेछ। आधारभूत खानेपानीको पहुँच वृद्धिको लागि ठाउँठाउँमा पानी वितरण ट्याङ्कीको सम्भ्याव्यता अध्ययन गरिनेछ। नयाँ संरचनाको लागि आवश्यक स्थानको व्यवस्था मिलाइनेछ। विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ। आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाको लागि संरचना निर्माण गरिनेछ। सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ। निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ। व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ।

२. **दिगो सरसफाई स्वच्छता कायम गर्ने;** नेपाल सरकार, प्रदेश सरकार, समुदाय र विकास साझेदार तथा गैससहरूसँगको साझेदारीमा सरसफाइको दिगो अभ्यास संस्थागत भएको हुनेछ। निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ। घरबाट निस्किने अन्य फोहोरमैला व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ। हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहोरमैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ। घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ। केही सार्वजनिक ठाउँहरूमा लैङ्गिकमैत्री अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ। सरसफाइसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

### ५.३.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ६८ | खानेपानी आयोजनाहरुको गुस्तर वृद्धि, विस्तार र परीक्षण - सार्वजनिक नीजि साझेदारी | ५ | ३०५३ |
| ६९ | वोडापाती मकला कोलखान खानेपानी आयोजना १ | १ | २४४२० |
| ७० | कलेना सलौन स्यालकोट टुडेला चनेपोखरा खानेपानी आयोजना १ | १ | २४४२० |
| ७१ | जौखेत मनगडा गेरेडे खानेपानी आयोजना १ | १ | २४४२० |
| ७२ | कटाल वस्ती वृहत खानेपानी आयोजना वडा नं ४ | १ | ३०५२६ |
| ७३ | परिगाउँ वृहत खानेपानी आयोजना ५ | १ | ४५७८८ |
| ७४ | पातल उत्तिसैन सियाला खानेपानी आयोजना ११ वडा ३५० घरपरिवार | १ | २४४२० |
| ७५ | पलगढी खानेपानी आयोजना वडा नं ११ | १ | ३०५२६ |
| ७६ | आमपानी पन्तुरा वृहत खानेपानी आयोजना वडा नं १२ | १ | ४५७८८ |
| ७७ | गुप्नेगडा पानखोला सानखोला खानेपानी आयोजना | १ | १५२६३ |
| ७८ | खानेपानी, सरसफाइ तथा स्वच्छता संरचना निर्माण, मर्मत र दिगो सञ्चालन कार्यक्रम | ५ | ६१०५१ |
| ७९ | खानेपानी सरसफाई स्वच्छता रणनीति योजना तर्जुमा तथा कार्यान्वयन | ५ | ४०० |
| | **जम्मा** | | **३३००७५** |

### ५.३.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार | प्रतिशत | ६५ | ७० | ७४ | ७९ |
| एक घर एक धारा हुने घरपरिवार | प्रतिशत | ७५ | ७७ | ८२ | ८७ |
| नियमित गुणस्तर परीक्षण तथा उपचार भएका खानेपानी आयोजना | संख्या | २५ | २६ | २७ | २९ |
| सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ६५ | ६७ | ७१ | ७५ |

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| फोहोर विसर्जनको स्थल (खाडल) हुने घरधुरी | प्रतिशत | ७० | ७२ | ७६ | ८१ |
| शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात | प्रतिशत | ९० | ९३ | ९८ | ९८ |
| सार्वजनिक शौचालय | संख्या | ६ | ६ | ७ | ७ |

### ५.३.११ अनुमान तथा जोखिम पक्ष

योजनाको प्रस्ताव अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा खानेपानीको सेवा प्रवाहमा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ। सुख्खा खडेरी जस्ता जलवायु परिवर्तबाट खानेपानीको स्रोत सुक्न तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण आदि बहुक्षेत्रगत विषय भएकोले खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ।

## ५.४ लैङ्गिक समानता सामाजिक समावेशीकरण

### ५.४.१ पृष्ठभूमि

महिलाहरूको क्षमता, श्रम, सिप र सृजनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्मअनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ । लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई सवै क्षेत्रमा मूलप्रवाहिकरण गर्नु पर्दछ । बालबालिकाको हकलाई संविधानले मौलिक हकको रूपमा स्थापित गरेको छ। ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवम् सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु स्थानीय तहको समेत दायित्व हो । अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याउनका लागि स्थानीय तहले समावेशी र समन्यायिक पहुँच तथा सहभागितामा जोड दिइनु पर्दछ ।

नगरपालिकाले महिला विकास कार्यक्रम, क्षमता अभिवृद्धि, सामाजिक संरक्षण प्राप्त गर्ने लाभग्राही पहिचान परिचय पत्र वितरण, ज्येष्ठ नागरिक मञ्च, दिवा सेवा केन्द्र जस्ता केन्द्र सञ्चालन तथा सामाजिक संरक्षणका कृयाकलाप सञ्चालन गर्नु पर्दछ। साथै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका तथा अन्य अल्पसंख्यक र सीमान्तकृत वर्गको संरक्षण तथा जीवन निर्वाह सहज बनाउन बनाउन विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

### ५.४.२ विद्यमान अवस्था

महिलाहरुको नेतृत्वदायी भूमिका विभिन्न तहमा रहेको छ। महिला तथा बालबालिका कार्यलयबाट दिने सेवा प्रवाहका लागि बिभिन्न किसिमका उप समितिहरुको गठन र परिचालन जस्तै - परिचयपत्र बितरण, सामाजिक सुरक्षा भत्ता, घरदैलौमा बैकिङ्ग सेवा मार्फत सामाजिक सुरक्षा भत्ता बितरण गर्ने गरिएको छ। बैक खाता छोरीको सुरक्षा जिवनभरीको खाता खोल्ने र तथ्याङ्क संकलनको काम थालनी भएको छ। नगरपालिकाको अपाङ्गता परिचय पत्र बितरण कार्यबिधि तर्जुमा गरिएको छ। विकास साझेदारहरुले कार्यक्रम सञ्चालन गर्न सुरु गरेका छन्।

नगरपालिकाले लैङ्गिक हिंसा निवारण कोष, ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण, असहाय एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी कार्यविधि निर्माण गरी सेवा प्रदान गर्दै आएको छ।

बालमैत्री सूचकहरुको पुनरावलोकन र बाल प्रतिभा पहिचान सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएका छन् । ज्येष्ठ नागरिकहरुको सम्मानजनक जीवनयापनका लागि दिवा सेवा केन्द्र सञ्चालनमा सहयोग पुर्याइएको छ। बाल अधिकार, बाल संरक्षण तथा बाल विवाह न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएका छन्। लैङ्गिक हिंसा प्रभावितका लागि लैङ्गिक हिंसा निवारण कोषलाई थप व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गरिएको छ । आर्थिक रुपमा विपन्न, सामाजिक रुपमा पछाडी परेका महिला, आदिवासी, जनजाती, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्ति लगायतको आर्थिक सशक्तीकरणका लागि मागमा आधारित आयआर्जन एवम् सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ । सुनौला हजार दिनका आमाहरु तथा किशोरीहरुको पोषणको अवस्थामा सुधार गर्न बहुक्षेत्रसँग हातेमालो गर्दै कार्यक्रमहरु सञ्चालन गरिएको छ।

नगरपालिका भित्र सवै वडामा महिला समूह र एउटा नगरपालिका स्तरीय महिला समिति रहेको छ। नगरपालिकाका सवै माध्यमिक विद्यालयमा बाल क्लव रहेको छ। नगरपालिकामा आमा समुह वडा स्तरीय बाल क्लव वटा तथा नगर स्तरीय बाल क्लव एक वटा रहेका छन् ।

हरेक वडामा टोल विकास संस्था लगायत वित्तीय संस्थाहरू एवम् गैसस तथा विकास साझेदारी संस्थाहरुले नगरपालिकाको विकास र सेवा प्रवाहमा क्रियाशिल रहेका छन्। लक्षित वर्गको क्षमता तथा सीप विकास र आत्मनिर्भरता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

### ५.४.३ मुख्य सवाल तथा चुनौती

नगरपालिका भित्र बालश्रमको अवस्था कायमै रहेको छ। वडा तथा नगरपालिकास्तरमा लक्षित वर्ग सञ्जालहरुको कमी रहेको छ। दलित तथा अपाङ्गता भएका व्यक्तिको लागि आत्मनिर्भरताका अवसरमा कमी रहेको छ। लक्षित वर्गको लागि क्षमता विकासको अवसरमा कमी रहेको छ। बालमैत्री स्थानीय शासनका आधारहरू तयार हुन सकेको छैन। राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा लक्षित वर्गको सहभागिता कमजोर रहेको छ। दलित, महिला, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिक र बालबालिकालाई हेर्ने दृष्टिकोण परम्परागत र विभेदपूर्ण रहेको छ। दलित, महिला, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिक र बालबालिकालाई आफ्नो अधिकार र कर्तब्यको सम्बन्धमा जानकारीको कमी रहेको छ। बालबालिका तथा अपाङ्गमैत्री पूर्वाधारमा कमी रहेको छ।

### ५.४.४ संभावना तथा अवसर

सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा सहाहित गर्दै लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकारसहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके नगरपालिकाले समतामूलक समृद्ध नगरपालिकाको रूपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ।

महिला र बालबालिकाको हकअधिकारको सन्दर्भमा सरकारहरूबाट विभिन्न अभियान र कार्यक्रमहरू सञ्चालन भइरहनु, संविधान र अन्य कानुनहरूले लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्नु, जनप्रतिनिधि र समाजका अगुवाहरू यस विषयमा संवेदनशील हुनु, महिला सञ्जाल र बालक्लबहरू गठन भई क्रियाशील हुनु, महिला तथा बालबालिकाको क्षेत्रमा विभिन्न विकास साझेदार निकायहरूबाट कार्यक्रम सञ्चालन हुनु अवसरहरू हुन्। त्यसैगरी, लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हकसम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको  प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि

सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयम् क्रियाशील भई सङ्गठित हुनु आदि अवसरका रूपमा रहेका छन्।

### ५.४.५ सोच

सुखी जेष्ठ नागरिक र खुसी बालबालिका: विभेदमुक्त तथा समावेशी नगरपालिका

### ५.४.६ लक्ष्य

लक्षित समुदायको सशक्तिकरण गर्ने ।

### ५.४.७ उद्देश्य

१. लक्षित वर्गको क्षमता विकास गर्नु,

२. लक्षित वर्गको आत्मनिर्भरता अभिवृद्धि गर्नु,

३. विभेदमुक्त नगरपालिकाका रुपमा परिचित गराउनु,

४. पृतिसत्तात्मक सामाजिक संरचनामा परिवर्तन गर्नु,

५. अपाङ्गता भएका, परिवारबिहीन बालबालिका लागि शिक्षाको सुनिश्चिता कायम गर्नु,

६. विपन्न तथा लक्षित समुदायकका लागि प्रयाप्त मात्रामा रोजगारीको अवसरहरु सिर्जना गर्नु।

### ५.४.८ रुपान्तरणकारी रणनीति

**१. नगरपालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्नेः** नीति निर्माण र कार्यान्वयनमा समान महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ। लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ। महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ। स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालन का साथै नगरपालिकामा राहत कोषको सञ्चालन गरिनेछ। परम्परागत हानिकारक सामाजिक मूल्य मान्यताहरु न्यूनीकरण गरिनेछ। महिलालाई सिपमुलक तालिमहरुको पहिचान तथा ब्यवस्था गरी आर्थिक पहुँचमा पुराउनको लागि महिला उधमी सिर्जना गरिनेछ। बिभिन्न समिति तथा उपसमितिहरुमा आबद्ध महिलाहरुका लागि अनौपचारिक शिक्षाको ब्यावस्था गरिनेछ। लैगिक विभेद न्यूनीकरणका लागि बिभिन्न किसिमका कार्यक्रमहरु मार्फत समतामुलक समाज निर्माण गरिनेछ। स्थानिय स्तरका श्रोत तथा साधनहरुको उपयोग हुने खालका योजनाहरुको निर्माण र कार्यान्वयन गरी प्रशस्त मात्रामा रोजगारीको अवसरहरुको व्यवस्था मिलाइनेछ।

**२. विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गरी बाल सहभागिता वृद्धि गर्नेः** बालबालिका विरुद्ध हुने हिंसा, यौनदुर्व्यवहार, बालश्रम,  बलात्कार, बेचबिखनजस्ता अपराधविरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ। अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ। बालक्लब तथा बालसञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ। स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ। बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा वृद्धि गरिनेछ। बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वडामा बालउद्यान निर्माण गरिनेछ। बालमैत्री स्थानीय शासनका माध्यमबाट बालअधिकार सूचकहरू पूरा गर्न बालमैत्री पालिका घोषणा गरिनेछ।

३. **ज्येष्ठ नागरिकको हेरचाह, स्याहार र उपयुक्त वातावरण सिर्जना तथा उनीहरुको ज्ञान, सिप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्नेः** ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ। ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ। ज्येष्ठ नागरिकलाई सम्मानस्वरुप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ। ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ।

४. **अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने तथा अपाङ्ग व्यक्तिहरूप्रति गरिने हिंसाको न्यूनीकरण गर्नेः** भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ। शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ। अपाङ्गता भएका व्यक्तिका लागि सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ। अपाङ्ग व्यक्तिहरूप्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिको सहभागिता वृद्धिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

५. **दलित तथा सीमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सुनिश्चत गर्नेः** नगरपालिकामा उपलव्ध रोजगारीका अवसरमा दलित तथा सीमान्तकृत समुदायका युवाहरूलाई प्राथमिकता दिइनेछ। स्थानीय उपभोक्ता समितिहरूमा दलित तथा सीमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्वको प्रावधान राखिनेछ। दलित तथा सीमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समतामूलक रूपमा वितरण गर्ने प्रबन्ध मिलाइनेछ।

### ५.४.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ८० | उपप्रमुख महिला सशक्तिकरण तथा लक्षित वर्ग कार्यक्रम | ५ | ९१५८ |
| ८१ | उपमेयर महिला उद्यमशिलता कार्यक्रम | ५ | ९१५८ |
| ८२ | दलित तथा अल्पसंख्यक सशक्तिकरण कार्यक्रम | ५ | ६१०५ |
| ८३ | बालमैत्री स्थानीय शासन कार्यक्रम | ५ | ७३५० |
| ८४ | जेष्ठ नागरिक संरक्षण कार्यक्रम | ५ | ४८८४ |
| ८५ | अपांगता भएका ब्यक्ति संरक्षण कार्यक्रम | ५ | ६१०५ |
| ८६ | किशोरी अध्ययन श्रोत केन्द्र परियोजना | ५ | २३७०५ |
| ८७ | किशोरी आयआर्जन तथा सशक्तिकरण कार्यक्रम | ५ | १३१०३ |
| ८८ | मानव अधिकार प्रवर्द्धन कार्यक्रम | ५ | ५१४१ |
| ८९ | सामाजिक सुरुक्षा कार्यक्रम | ५ | १५२६३ |
| | **जम्मा** | | **९९९७१** |

### ५.४.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| लक्षित वर्गको कार्यक्रममा विनियोजन बजेट | रु. हजारमा | ० | ० | ० | ० |

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेक अपाङ्गता भएका व्यक्ति | संख्या | २ | ६ | ९ | १२ |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र तथा वृद्धश्रम | संख्या | ० | १ | २ | २ |
| बस्तीस्तरको योजना तर्जुमा छलफलमा सहभागी लक्षित वर्ग | प्रतिशत | १० | ३६ | ४३ | ४३ |
| वार्षिक लैंगिक तथा बाल हिंसाका घटना | संख्या | ० | ० | ० | ० |
| सहयोग वा अनुदानमा महिला, दलित तथा अपाङ्गद्धारा सञ्चालित व्यवसाय | संख्या | ० | २ | ३ | ५ |
| नगरपालिका स्तरीय समिति तथा संरचनामा महिलाको सहभागिता | प्रतिशत | ३० | ३६ | ३६ | ३६ |
| सहयोग प्राप्त गर्ने अपाङ्गत भएका व्यक्ति | संख्या | ३ | ६ | ९ | १२ |

### ५.४.११ अनुमान तथा जोखिम पक्ष

महिला, बालबालिका तथा लक्षित वर्गका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी व्यवहारिक कार्यक्रम लागू भएको हुनेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम हरेक विषय क्षेत्रसँग अन्तरसम्बन्धित रही कार्यान्वयन गर्नुपर्ने भएकोले सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा प्रतिवद्धता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

## ५.५ युवा, खेलकुद तथा सकारात्मक रुपान्तरण

### ५.५.१ पृष्ठभूमि

विकासको लागि युवा वर्गको महत्त्वपूर्ण भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्नसकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । संविधानको सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने उल्लेख गरिएको छ। स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने व्यवस्था गरिएको छ।

स्थानीय तहले युवा तथा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनका लागि स्थानीय स्तरबाटै युवा जागरण सशक्तिकरण तथा युवा परिचालनमा जोड दिनु पर्दछ। युवा सीप उद्यमशिलता तथा नेतृत्व विकासका अवसरहरु श्रृजना गर्नुपर्दछ। साथै खेलकुद विकास तथा यसका पूर्वाधारको विकास निर्माण स्तरोन्नती तथा खेल प्रतियोगिताको आयोजनामा ध्यान पुऱ्याउनु पर्दछ।

### ५.५.२ विद्यमान अवस्था

परशुराम नगरपालिकाको युवा तथा खेलकुद क्षेत्रलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि नगरपालिकामा शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था रहेको छ भने, नगरपालिकाको मातहतमा रहने गरी नगरपालिका स्तरीय खेलकुद विकास समिति रहेको छ। हरेक बर्ष नगरपालिका स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन गरिएको छ। जिल्ला स्तरीयमा आयोजना हुने राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा करीब १२० जना खेलाडी

सहभागी भएका छन्। नगरपालिकाबाट प्रतिनिधित्व गर्दै खेलाडीहरु प्रदेश तथा राष्ट्रीय स्तरको खेलकुदको प्रतियोगितामा सहभागी जनाइसकेका छन्।

नगरपालिकाले म युवा, मेरो सीप कार्यक्रम मार्फत युवाको सिप विकासमा जोड दिइएको, युवा परामर्श र पुनस्थापना कार्यक्रम तथा अपाङ्ग युवाहरुलाई हौसला प्रदान गर्ने, खेलाडी उत्पादन तथा क्षमता विकासको लागि भलिबल, क्रिकेट र फुटबलको बन्द क्याम्प कार्यक्रमहरु सञ्चालन गर्ने तथा सेपाक ताक्रो, ब्याडमिन्टन, कराते, तेक्वान्दो र कबड्डी जस्ता खेलहरूको विकासमा जोड दिइएको छ।विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालनमा ल्याईएको छ।

नगरपालिकाका विभिन्न स्थानहरुमा सानाठुला गरी ५ भन्दा बढी खेलमैदानहरु रहेका छन्। त्यसैगरी, यस अवधिमा युवा क्लव गठन तथा परिचालनमार्फत युवाहरूको खेल क्षमता विकास गरी १० जना बढी प्रदेश तथा राष्ट्रियस्तरमा खेलाडीको रुपमा स्थापित हुन सक्षम भएका छन्।

### ५.५.३ समस्या तथा चुनौती

यस क्षेत्रमा विशिष्ट सुविधा सहितको स्तरीय खेलकुद सामग्री अभ्यास स्थल र कवर्डहलको कमी रहेको छ। खेलको प्रशिक्षणको कमीका कारण खेलमा व्यावसायिकताको समेत कमी रहेको छ। खेलाडीका लागि प्रोत्साहनको कमी रहेको छ। युवाका लागि सीप विकास तथा दिगो रोजगारीका अवसरको कमी रहेको छ। खेलका लागि न्यून पूर्वाधार र प्रशिक्षण हुनु, युवा पलायन बढ्नु तथा युवाको लागि मौसमी रुपमा रोजगारीका अवसर उपलब्ध हुन चुनौतीका रुपमा रहेको छ।

### ५.५.४ संभावना तथा अवसर

विशेष योजनाका साथ आर्थिक उत्पादनको क्षेत्रमा आर्थिक रूपले सक्रिय युवा जनसङ्ख्या लगाउन सके र वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोक्न सके नगरपालिकाको विकासमा ठूलो फड्को मार्ने सम्भावना रहेकोछ। त्यसैगरी युवाशक्ति परिचालनको लागि कानुनी व्यवस्था हुनु, युवा उमेर समूहको जनसङ्ख्या उच्च रहनु, स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय खेलकुद विकासको जिम्मेवारी स्थानीय सरकारलाई दिनु, खेलकुदप्रति चासो वृद्धि हुँदै जानु, युवाक्लवहरू गठन भई परिचालन हुनु, खेलकूदका सामान्य पूर्वाधार हुनु आदि यस क्षेत्रका प्रमुख सम्भावनाहरू हुन्।

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषद्को गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु अवसरका रूपमा रहेका छन्।

### ५.५.५ सोच

स्वास्थका लागि खेलकुद: राष्ट्रका लागि युवा

### ५.५.६ लक्ष्य

पर्याप्त मात्रामा खेलमैदान तथा आधुनिक पूर्वाधारको सहित खेलकुद क्षेत्रको समुचित विकास गर्ने।

### ५.५.७ उद्देश्य

१. युवा रोजगारीका अवसर वृद्धि गर्नु।

२. खेल क्षेत्रमा पूर्वाधार र खेलाडीको क्षमतामा वृद्धि गर्नु ।

### ५.५.८ रुपान्तरणकारी रणनीति

१. **खेलकुदको समुचित विकासका लागि पूर्वाधार निर्माण तथा प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्नेः** नगरपालिका स्तरमा कम्तीमा एउटा न्यूनतम सुविधासम्पन्न बहुउद्देश्यीय खेलकुद रङ्गशाला स्तरोन्नती गरिनेछ। सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ। खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ। खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हासिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सिपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ। राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कारको व्यवस्था मिलाइनेछ। स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ। विद्यालय तथा नगरपालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२. **युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर वनाउन सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्नेः** युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यावसायिक तथा प्राविधिक तालिम उपलव्ध गराइनेछ। वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पुँजी, ज्ञान, सिप, प्रविधि र अनुभवलाई आफ्नै नगरमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ। परम्परागत पेसा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ। सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव बढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ। विकास वा खेलकुदसम्बन्धी विभिन्न क्लबहरूको स्थापना तथा प्रभावकारी सञ्चालनमार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ। युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवार गराइनेछ। युवालाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रणसम्बन्धी चेतनामूलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ। वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ। विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि नगरपालिका स्तरमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। नगरपालिका स्तरमा यूवा प्रतिभा पहिचान कार्यक्रम संचालन गरिनेछ। यूवाका मुद्धामा वहस तथा पैरवी कार्यक्रम संचालन गरिनेछ तथा यूवा स्वयंमसेवकको विकास तथा परिचालन कार्यक्रम संचालनमा ल्याइनेछ।

### ५.५.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ९० | मेयर उपमेयर गोल्डकप | ५ | ९१५८ |
| ९१ | परशुराम क्रिकेट रङशाला निर्माण आयोजना (वडा नं १२) | १ | ६१०५१ |
| ९२ | पोखरी बहुउद्देशीय खेल मैदान निर्माण आयोजना (वडा न ४) | १ | ५२५० |
| ९३ | साँदनी बहुउद्देशीय खेल मैदान निर्माण आयोजना (वडा न ७) | १ | ५२५० |
| ९४ | नगर खेलकुद विकास कार्यक्रम | ५ | १२२१० |
| ९५ | नगर खेलकुद पूर्वाधार निर्माण तथा मर्मत स्तरोन्नती आयोजना | ५ | २१३६८ |
| ९६ | युवा परामर्श कार्यक्रम | ५ | १८३२ |
| | **जम्मा** | | ११६११८ |

### ५.५.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| सक्रिय युवा क्लव तथा युवा संजाल | संख्या | १३ | १६ | २५ | ४० |
| क्लब तथा सञ्जालमा आवद्ध युवा | जना | २५० | ३१३ | ४८८ | ७६३ |
| कभर्ड हल र खेल मैदान | संख्या | २ | ३ | ४ | ६ |
| अन्तराष्ट्रिय/राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | ४ | ५ | ८ | १२ |
| प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | १० | १३ | २० | ३१ |
| वार्षिक रुपमा स्वरोजगारमूलक तालिममा सहभागी हुने युवा | संख्या | ० | ० | ० | ० |
| अनुदानमा युवाद्धारा सञ्चालित उद्यम व्यवसाय | संख्या | ० | ० | ० | ० |
| वार्षिक रुपमा खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ४० | ५० | ७८ | १२२ |
| वार्षिक युवा तथा खेलकुद क्षेत्रको बजेट | रु. हजारमा | ० | ० | ० | ० |

### ५.५.११ अनुमान तथा जोखिम पक्ष

खेलकुदको विकासमा अन्तरसरकार तथा गैसससँगको साझेदारी तथा सहकार्यमा वृद्धि भएको हुनेछ। खेलकुद तथा प्रशिक्षणा कार्यक्रम मार्फत उनीहरुको श्रृजनशिलता तथा उद्यमशिलता प्रति आकर्षण बढेको हुनेछ। खेलकुद, उद्यम र क्षमता विकास, सम्मानित रोजगारीको अवसर लगायत युवालाई प्रोत्साहन नसकेमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ।

# परिच्छेद ६ : उत्थानशील पूर्वाधार तथा अन्तरआबद्धता



## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन लगायत कानुन अनुसार भू-उपयोग, आवास, भवन, बस्ती विकास तथा सार्वजनिक निर्माण मापदण्ड तयार तथा लागु गर्ने जिम्मेवारी नगरपालिकामा निहित रहेको छ। यसका लागि नगरपालिकाले मापदण्ड तयारी गरी कार्यान्वयन तथा नियमन कार्यलाई व्यवस्थित गर्न जरूरी छ। नगरपालिकाको सेवा प्रवाहलाई व्यवस्थित गर्न नगरपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालय भवनहरु निर्माण भई आफ्नै भवनबाट सेवा प्रवाह गर्दै आएका छन् ।

### ६.१.२ विद्यमान अवस्था

नगरपालिकाका प्रमुख बजार तथा वस्ती क्षेत्र व्यवस्थित सुरक्षित, एकीकृत रुपमा रहेका छन् । नगरपालिकाले भवन तथा नक्सा पास सम्बन्धी मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। नगरपालिकाभित्र अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरु बस्तिस्तरबाट माग गर्दाका बखत छनौट गरी प्रदेश तथा संघमा सिफारिस गर्ने योजनाहरु समेत समावेश गरी आयोजना बैंक बनाउने नीति लिइएको छ।

परशुराम क्षेत्र सुदूरपश्चिम क्षेत्रको बसाईसराई सुरक्षित मानिने क्षेत्र भएकोले प्रदेश लगायत देशका धैरैजसो स्थानबाट यहाँ बसाई सरी आउने गरेका छन्। धनगढी डडेल्धुरा मार्ग खण्डमा बुडरबाट जोगबुडा जोड्ने रणनितक मार्ग निर्माण भएपछी बसाईसराई गरी आउने र जानेको दर करिव उस्तै रहेको छ।

नगरपालिकाले पूर्वाधारहरु निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री, महिलामैत्री तथा ऊर्जा मैत्री बनाउने नीति लिइएको छ। निजी तथा सामुदायिक र सार्वजनिक भवनहरुले राष्ट्रिय राजमार्गको क्षेत्रमा भवन निर्माण गर्दा अन्डरग्राउण्ड पार्किङ्ग सहितको नक्सा पास गर्ने कार्यलाई प्रोत्साहन गरिएको छ ।

### ६.१.३ मुख्य सवाल तथा चुनौती

जमिन खण्डिकरण हुनु, नयाँ घर बन्ने क्रम बृद्धि हुनु; भूउपयोग क्षेत्र निर्धारण समेत जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा नहुँदा बस्ती तथा भौतिक विकासलाई व्यवस्थित र भवन निर्माण मापदण्ड पालना गर्न गराउन कठिनाई हुनु; सरकारी, निजी तथा सार्वजनिक संरचना तथा भवन भूकम्प प्रविधि हुन नसक्नु; कतिपय स्थानमा बस्ती तथा आवासीय घरहरु असुरक्षित र जोखिमयुक्त स्थानमा रहनु तथा बाढी र डुवानको जोखिममा रहनु; बस्ती विकास, भौतिक योजना, नक्शापास तथा भवन निर्माण मापदण्ड लागू हुन नसक्नु, मौलिक शैलीका भवन तथा सार्वजनिक संरचना विस्थापित हुंदै जानु, स्थानीय दक्ष कामदारको कमी हुनु, बस्ती विकास योजना नहुनु, जोखिमयुक्त घना बस्ती, बजार तथा पानी जम्ने स्थानमा ढल निकास नहुनु र सार्वजनिक निर्माणका लागि सार्वजनिक जग्गाका कमी हुन तथा जग्गा व्यवस्थापन हुन नसक्नु आदि यस क्षेत्रमा रहेका मुख्य सवाल हुन्।

भूउपयोग क्षेत्र निर्धारण समेत जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्नु; व्यवस्थित तथा सुरक्षित बस्ती तथा भौतिक विकासलाई व्यवस्थित र भवन निर्माण मापदण्ड पालना गर्नु; छरिएका नगर-बस्तीलाई एकीकृत गरी व्यवस्थित बस्ती विकास गर्नु, मापदण्ड र भूकम्प प्रतिरोधी प्रविधि अनुसार भवन, बस्ती र संरचना निर्माण तथा प्रवलीकरण गर्नु; भवनसंहिता तथा मापदण्डको कार्यान्वयन गर्नु, मौलिक कला तथा संस्कृतिको संरक्षण गरी संरचना निर्माण तथा व्यवस्थापन गर्नु; स्थानीय स्तरमा दक्ष जनशक्ति तयार गर्नु, गुणस्तरीय निर्माण तहगत सरकार र निकाय समन्वय गर्नु आदि प्रमूख चुनौती रहेका छन्।

### ६.१.४ संभावना तथा अवसर

नगरपालिका क्षेत्रमा एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकीकृत, व्यवस्थित र सुरक्षित नमूना बस्ती विकास गर्ने र सेवाप्रवाहलाई प्रभावकारी बनाउने, स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवन निर्माण गर्ने सम्भावना रहेका छन्।

### ६.१.५ सोच

“सुव्यवस्थित, सुविधायुक्त तथा उत्थानशील आवास र बस्ती विकास”

### ६.१.६ लक्ष्य

भवन, आवास, बस्ती विकास तथा सार्वजनिक निर्माणलाई एकीकृत, सुव्यवस्थित तथा उत्थानशील बनाउने।

### ६.१.७ उद्देश्य

१. भवन तथा आवासलाइ एकीकृत, सुविधासम्पन्न तथा उत्थानशील बनाउनु,

२. भवन तथा आवासलाइ स्थानीय कला, संस्कृति तथा प्रकृतिमैत्री बनाउनु,

३. सार्वजनिक भवन, सम्पदा तथा पूर्वाधारको विकास तथा विस्तार गर्नु,

४. सार्वजनिक सेवा तथा सुविधा पहुँच तथा उपयोग सुलभ तथा सहज बनाउनु।

### ६.१.८ रूपान्तरणकारी रणनीति

१. **भवन, आवास, बस्ती विकास तथा सार्वजनिक निर्माण सम्बन्धी मापदण्ड तर्जुमा, सचेतना तथा क्षमता अभिबृद्धि र नियमन गर्ने:** उपलब्ध भवन, आवास तथा बस्ती विकास सम्बन्धी आधारभूत मापदण्ड बमोजिम स्थानीय मापदण्ड तयार तथा अद्यावधिक गरी कार्यान्वयनको सुनिश्चितता र नियमन गरिनेछ। नगरपालिकामा यसका लागि संरचनागत र कर्मचारी व्यवस्था गरिनेछ। संघ तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी मापदण्डको अद्यावधीकरण, कार्यान्वयन तथा नियमनलाई व्यवस्थित गरिनेछ। विकट र विपद्को उच्च

जोखिमयुक्त स्थानमा रहेका असुरक्षित बस्ती तथा घरधुरी पहिचान गरी नजिकको सुरक्षित तथा सहज स्थानमा क्रमशः स्थानान्तरण गरिनेछ।

२. **एकीकृत, सुरक्षित तथा सुविधा सम्पन्न बस्ती विकास विकास तथा विस्तार गर्नेः** नेपाल सरकारसँग समन्वय गरी नगरपालिकाको संभाव्य स्थानमा एकीकृत बस्ती विकास गर्नु पूर्व सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक तथा भौगर्भिक पक्षको अध्ययन तथा विश्लेषण गरिने छ। नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकाय र विकास साझेदारसँग समन्वय तथ सहकार्य गरी पहिरो, नदीकटान, बाढी तथा भूकम्प लगायत प्रकोप जोखिममा रहेका र छरिएर रहेका घर, नगर-बस्तीलाई सुरक्षित र सुविधायुक्त स्थानमा एकीकृत गर्न नगरपालिकाको उपयुक्त स्थान पहिचान गरी एकीकृत तथा नमूना बस्ती विकास गरिनेछ। बजार र ग्रामीण बस्तीमा न्यूनतम पूर्वाधारको निर्माण, विकास तथा विस्तार गरिने छ।

३. **स्थानीय मौलिक कला तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्नेः** स्थानीय मौलिक कला, सांस्कृतिक सम्पदा र मौलिक सार्वजनिक संरचनाको अध्ययन, पहिचान तथा अभिलेख तयार गरी अद्यावधिक गर्दै लगिनेछ। पहिचान भएका स्थानीय मौलिक कला, सार्वजनिक संरचना तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका कार्यक्रम प्राथमिकताकासाथ सञ्चालन गरिनेछ। नगरपालिकाको प्रशासनिक भवन, वडा कार्यालय भवन लगायत सार्वजनिक संरचनाको स्थान छनोट, डिजाइन तथा निर्माण कार्यलाई स्थानीय मौलिक कला तथा सांस्कृति र प्रकृतिमैत्री बनाइनेछ। भवन, आवास तथा बस्ती विकास र सार्वजनिक निर्माणलाई अध्ययन, अनुसन्धान, नवप्रवर्तन र मौलिक कला तथा अभ्यासमा आधारित बनाइनेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जनमुखी सेवा, जलवायु परिवर्तन तथा विपद उत्थानशीलता लगायत अन्तरसम्बन्धित विषयलाई प्रशासनिक भवन, आवास, बस्ती तथा सार्वजनिक निर्माण प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ।

४. **भवन मापदण्ड तथा भवनको नक्शापासलाई सुव्यवस्थित तथा नियमन गर्नेः** राष्ट्रिय भवन संहिता तथा नेपाल सरकारबाट जारी बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७८ अनुकुल बस्ती विकास, योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड निर्माण गरी क्रमिक रूपमा कार्यान्वयन गर्नेछ। प्रचलित कानून र नेपाल सरकारले तोकेको मापदण्ड विपरित नहुने गरी बस्ती विकास, भौतिक योजना तथा भवन निर्माण मापदण्डमा नगरपालिकाको विशेषतामा आधारित स्थानीय सडकको मापदण्ड, भवन नक्शापास तथा अभिलेखीकरण र बस्ती विकास व्यवस्था समावेश गरिनेछ। नक्शापास तथा अभिलेखीकरण प्रक्रियामा भौतिक योजना, सडक मापदण्ड र भवन नक्शापास, स्थानीय मौलिक कला तथा संस्कृतिमैत्री रूपमा निर्माण गर्ने व्यवस्थाको कार्यान्वयन र नियमलाई प्रभावकारी बनाइनेछ।

५. **सार्वजनिक जग्गा तथा सम्पत्तीको संरक्षण तथा बहुउपयोग गर्नेः** नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गा, संरचना तथा सम्पत्तीको अध्ययन, पहिचान, नक्शाङ्कन गरी अभिलेख तयार तथा अद्यावधिक गरिनेछ। अभिलेख भएका जग्गा, संरचना र सम्पत्ती संरक्षण, प्रवर्द्धन, विकास र वहुउपयोग सम्बन्धी योजना बनाइ कार्यान्वयन गरिनेछ। नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी विपद जोखिममा रहेका तथा विस्थापित भएका, अति विपन्न र आश्रय विहिन घरपरिवार, शारीरिक रूपमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत हिंसाको उच्च जोखिममा रहेका व्यक्तिका लागि सुरक्षित आवासको विकास र विस्तार गरिनेछ। अव्यवथित बसोबासी तथा भूमिहिन सुकुम्बासीका लागि आवासको व्यवस्था गर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

### ६.१.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ९७ | नगर वसपार्क निर्माण आयोजना | १ | २०००० |
| ९८ | बहु उद्देश्यीय ब्यवसायीक भवन निर्माण आयोजना | १ | ४९६५० |
| ९९ | सुरक्षित नागरिक आवास कार्यक्रम | ५ | १०२८२ |
| १०० | सार्वजनिक भवन तथा संरचना निर्माण मर्मत तथा स्तरोन्नती कार्यक्रम | ५ | २४४२० |
| १०१ | आवास भवन तथा अन्य सार्वजनिक निर्माण एवम् मर्मत सम्भार | ५ | १५२६३ |
| | **जम्मा** | | **११९६१५** |

### ६.१.१० अपेक्षित उपलब्धि तथा नतिजा

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | २५ | २९ | ३८ | ५० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | ४० | ४६ | ६१ | ८० |
| चट्याङ रहित घर निर्माण | प्रतिशत | १० | १२ | १५ | २० |
| भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | ४० | ४६ | ६१ | ८० |
| लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवन | संख्या | ५ | ६ | ८ | १० |

### ६.१.११ अनुमान तथा जोखिम पक्ष

नगरपालिकामा भूमिको वर्गीकरण सहित भूउपयोग योजना र आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तर्जुमा भई सोको परिपालनामा अभिवृद्धि हुनेछ। भवन, आवास, बस्ती विकास तथा सार्वजनिका निर्माणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदूषणमा वृद्धि हुने जोखिम हुन सक्छ। व्यवस्थित आवास, बस्ती विकास तथा शहरीकरण प्रभावकारी कार्यान्वयनमा आउन नसकेको कारण आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

विकासको प्रवेशद्वारको रूपमा सडक पूर्वाधार रहेको छ। सडक तथा यातायात पूर्वाधार अन्तर्गत सडक सञ्जाल, सडक तथा पुल, विद्युत लगायत वैकल्पिक यातायात र पदमार्ग आदि पूर्वाधार पर्दछन्। संविधान, कानुन तथा मापदण्डले तोकेबमोजिम स्थानीय तह र वडा केन्द्र, उत्पादन तथा आर्थिक क्षेत्र र बजारसँग जोड्ने कृषि तथा स्थानीय सडक तथा पुल, वैकल्पिक यातायात पूर्वाधार र ग्रामीण/शहरी सडक र यातयात सञ्चालनलाई स्थानीय तहको अधिकार क्षेत्रमा रहेका छन्। यसलाई योजनाबद्ध र व्यवस्थित रूपमा सञ्चालन गर्न नगरपालिकाले उपयुक्त नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ।

### ६.२.२ विद्यमान अवस्था

कुल १२ वटा वडा र प्रमुख बस्तीबाट नगरपालिकामा केन्द्रमा पुग्न औसतमा १ घण्टा समय लाग्दछ। यस नगरपालिकामा नियमित रुपमा संचालन हुने सडक लम्बाइ करिब १०० कि.मि. रहेको छ। यस नगरपालिकामा पक्की सडकको लम्बाई ८ किलोमिटर रहेको छ भने ग्राभेल सडकको लम्बाइ ५७७ किलोमिटर रहेको छ। पक्की पुलको संख्या ४ रहेको छ। जसले वर्षातको समयमा सहज रुपमा यातायातको सेवालाई टेवा पुऱ्याएको छ। नगरपालिका क्षेत्रभित्र रहेका अधिकांश बस्तीमा आवागमनको अवस्थालाई सुदृढ गर्न सडकको स्तरोन्नति तथा नियमित मर्मत सम्भारका लागि प्राथमिकतामा राखिएको छ। सडक मापदण्ड, भवन आचारसंहिता सहितको नगर विकास गर्न नगर सडक गुरुयोजना तयार गरिएको छ ।

### ६.२.३ सवाल तथा चुनौती

नगरपालिका सडक, पुल, कल्भर्ट लगायतका संरचनाको कमी तथा निर्माण कार्य ढिला हुनु; निर्माण भएका सडकमा नियमित रूपमा यातायात सञ्चालन हुन नसक्नु; सडक तथा पुल निर्माणमा काम गर्ने निर्माण व्यवसायी तथा कामदारको कमी हुन; पदमार्ग तथा सडकको स्तरोन्नति र व्यवस्थापन हुन नसक्नु, अन्तर सरकार र निकाय बीच समन्वयको कमी हुनु आदि यस क्षेत्रका प्रमुख सवाल हुन्।

नगरपालिका केन्द्र र वडा केन्द्रलाई पक्की सडक सञ्जालमा जोड्नु, निर्माण भएको सडकको स्तरोन्नति गरी सर्वयाम यातायात चल्ने बनाउनु, सहभागितात्मक र वातावरणमैत्री अवधारणा अनुसार सडकको निर्माण तथा स्तरोन्नि कार्य सम्पन्न गर्नु, पदमार्ग, घोरेटो तथा गोरेटो बाटोको स्तरोन्नति, मर्मतसंभार व्यवस्थापन गर्नु, मापदण्ड अनुरुपको दुरीको फेरोमा सडक पुल निर्माण गर्नु प्रमुख चुनौतीहरु हुन्।

### ६.२.४ संभावना तथा अवसर

नगरपालिकाको वीच भएर जोगबुडा बुडर, जोगबुडा दैजी लगायत महाकाली करीडोर सडक मार्ग निर्माण भई चालु अवस्थामा रहेका छन् । यसबाट नगरपालिकाको केन्द्र तथा वडा केन्द्रमा सडक सञ्जाल विकास गर्न र जिल्ला सदरमुकाम तथा अन्य जिल्ला र बजार केन्द्रसँग अन्तरआदवद्धता कायम गर्न तथा सेवा सुविधा प्रवाहलाई सहज भएको छ। उपलव्ध यातायात सञ्जालको उपयोग गरी नगरको आर्थिक गतिविधिलाई चलायमान गराई नगरपालिकामा उपलब्ध कृषि, पशु, वन तथा जडिबुटीको उपयोग गर्न तथा उपलव्ध यर्यापर्यटनको लाभ लिन सक्ने प्रचुर संभावना रहेको छ। यसका लागि नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार र निजी तथा समुदायको लगानीको समेत संभावना रहेको छ।

सडक तथा पूर्वाधार विकाससँगै स्थानीय पहिचानयुक्त बस्ती तथा बजार विकास गर्ने, सडक सञ्जाल वृद्धिसँग सडक आसपास क्षेत्रमा एकीकृत बस्ती, बजार, कृषि, शिक्षा तथा स्वास्थ्य सेवा एवम् उद्योग र व्यापारको विकास र विस्तार गर्ने सम्भावना रहेको छ। जग्गा विकास, एकीकरण र बस्ती एकीकरण पद्धति मार्फत सहरी पूर्वाधार विकास एवम विस्तारको सम्भावना रहेको छ।

### ६.२.५ सोच

“सरकारको प्रतिवद्धताः पक्की सडक सञ्जालमा नगरपालिकाको आवद्धता”

### ६.२.६ लक्ष्य

सडक सञ्जालको विस्तार, स्तरोन्नति र यातायात व्यवस्थापन गर्ने।

### ६.२.७ उद्देश्य

१. योजनाबद्ध र दिगो रूपमा सडक तथा पुलको निर्माण, विस्तार र स्तरोन्नति गर्नु

२. सडक तथा संरचना निर्माण प्रक्रियामा पहिरो तथा बाढी लगायत प्रकोपको जोखिम न्यूनीकरण गर्नु,

३. सेवा सुविधा तथा बजार पहुँच एवम् अन्तरआवद्धता वृद्धि गर्नु।

### ६.२.८ रूपान्तरणकारी रणनीति

१. **योजनाबद्ध रूपमा सडक सञ्जाल, पुल र संरचना निर्माण, विस्तार, स्तरोन्नति तथा व्यवस्थापन गर्नेः** सडक गुरुयोजना तर्जुमा र रणनीतिक सडकको पहिचान, मापदण्ड निर्धारण, नामाकरण तथा प्राथमिकता निर्धारण गरिनेछ। कृषि, पर्यटन, व्यापार, उद्यम व्यवसाय विकास, विस्तार तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय, वातावरणमैत्री र उत्थानशील रूपमा सडक, पुल, ट्रेल तथा संरचना विकास र दिगो सञ्चालन गरिनेछ। सडक सञ्जालको विस्तार, स्तरोन्नति तथा व्यवस्थापनका लागि अन्तर–सरकार, विकास साझेदार र गैससँग साझेदारी, सहकार्य र सहलगानी सुदृढ बनाइनेछ।

२. **सडक संरचनालाई वातावरणमैत्री, विपद् उत्थानशील, गुणस्तरीय र दिगो बनाउनेः** सडक र यातायात संरचनालाई पहुँचयोग्य, सुरक्षित तथा गुणस्तरीय बनाउन नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य गरिने छ। सडक निर्माण, विस्तार तथा स्तरोन्नति कार्यमा अन्तर निकाय समन्वय र सहमति कायम गर्ने तथा वातावरणमैत्री र जोखिम उत्थानशील वायोईन्जिनियरिङ्ग जस्ता प्रविधिको उपयोग अभिवृद्धि गरिने छ। पहिरो, भूस्खलन तथा अन्य विपद्को न्यूनीकरण गर्न वायोईन्जिनियरिङ्ग र स्थानीय प्रकृतिमा आधारित उपयुक्त प्रविधिको उपयोग गरिनेछ। जलवायु अनुकूलित हुने, पहिरो तथा भू-क्षय नियन्त्रण हुने गरी सडक निर्माण, स्तरोन्नति र सञ्चालन गरिनेछ। सडक यातायात नपुगेका दुर्गम नगरबस्तीमा अन्तर सरकार तथा निकाय समन्वय, सहकार्य र सहलगानीमा झोलुङ्गे पुल, पदमार्गको स्तरोन्नति र मर्मतसम्भार गरिनेछ।

३. **बजार केन्द्र, नगरपालिका केन्द्र र वाह्य बजारसम्म पहुँचयुक्त सडकको सञ्जाल विकास र विस्तार गर्नेः** नगरपालिकाको केन्द्र, उत्पादन क्षेत्र तथा आर्थिक केन्द्रलाई राष्ट्रिय तथा प्रदेश सडक सञ्जालमा जोड्न प्राथमिकतासाथ सडक निर्माण, विस्तार तथा स्तरोन्नति गर्न नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ। नगरपालिका क्षेत्रभित्र पहिचान भएका महत्वपूर्ण र सम्भाव्य आर्थिक केन्द्रहरु तथा पर्यटकीय महत्वका स्थानलाई जिल्ला सदरमुकाम अन्य जिल्ला र प्रदेशसँग जोड्ने गरी स्तरीय सडक निर्माण र स्तरोन्नति गर्न नेपाल सरकार, प्रदेश सरकार तथा छिमेकी स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।

४. **सडक तथा संरचना निर्माण र मर्मतसंभारलाई नियमित र व्यवस्थित बनाउनेः** आधुनिक र नविन प्रविधिको प्रयोग गरी हाल सञ्चालनमा रहेका सडकको स्तरोन्नति तथा संरचना निर्माण र विस्तार गर्दै लगिनेछ। सडक डिजाइन, निर्माण, मर्मत-सम्भार, स्तरोन्नति तथा पुनःस्थर्यापना गरी सडक यातायातलाई भरपर्दो र सुरक्षित बनाइनेछ। सडक मर्मतसंभार र दिगो सञ्चालनका लागि सडक मर्मतसम्भार कोषको संस्थागत व्यवस्था गरिनेछ।

५. **यातायात संचालन र व्यवस्थापन प्रणाली सुदृढ बनाउनेः** नगरपालिकाको केन्द्र, वाह्य बजार तथा सबै वडा केन्द्रसम्म वर्षैभरी यातायात सञ्चालन हुन सक्ने सुरक्षित, भरपर्दो सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गरिनेछ। यातायात सेवालाई अपाङ्गमैत्री, लैंगिक तथा जेष्ठ नागरिकमैत्री बनाउन नीतिगत, संरचनागत तथा प्राविधिक व्यवस्थाको लागि प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ। सवारी साधन सञ्चालनयोग्य सडकमा मात्र सार्वजनिक सवारी साधनलाई रुट अनुमति दिने व्यवस्था गरिनेछ। सवारी दुर्घटनालाई न्यूनीकरण गर्न सवारी साधनको नियमित चेकजाँच, सवारी चालक र नागरिक सचेतना तथा सडक दुर्घटना सूचना प्रणालीको अवलम्वन गरी यातायात अनुगमनलाई प्रभावकारी बनाउन प्रदेश सरकारसँग

समन्वय र सहकार्य गरिनेछ। सार्वजनिक यातायातलाई प्रोत्साहन गर्न निजी तथा सहकारी क्षेत्र समन्वय र सहकार्य गरिने छ।

६. **सडक सञ्जाललाई एकीकृत तथा नमूना बस्ती र सेवा सुविधा प्रवाहसँग आवद्ध गर्नेः** सडक तथा यातायात पूर्वाधार विकाससँग सेवाप्रवाह, उत्पादन, रोजगारी तथा आयलाई जोड्ने गरी सडक विस्तार, स्तरोन्नति र पुल तथा अन्य संरचनाको निर्माण गरिने छ। अन्तरसरकार समन्वय र सहकार्यबाट सडक तथा यातायात पूर्वाधारको विकास, विस्तार, स्तरोन्नति र उपयोगमा वृद्धि गरिने छ। नगरपालिकाका महत्वपूर्ण उत्पादन क्षेत्र, महत्वपूर्ण धार्मिक, साँस्कृतिक तथा पर्यटकीयस्थल र केन्द्रलाई जोड्ने गरी सडक, पुल, संरचनाको विकास, विस्तार र स्तरोन्नति गरिनेछ।

### ६.२.९ कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| १०२ | सडक गुरुयोजना निर्माण तथा कार्यान्वयन | ५ | १००० |
| १०३ | परशुराम नगर चक्रपथ निर्माण आयोजना | १ | ३०५२५५ |
| १०४ | बुडर जोगबुडा सडक मर्मत सम्भार स्तरोन्नती आयोजना | १ | ३०५२५५ |
| १०५ | जोगबुडा दैजी सडक निर्माण मर्मत स्तरोन्नती आयोजना | १ | ३०५२५५ |
| १०६ | जोगबुडा सलोन चिर्किटे सडक निर्माण मर्मत स्तरोन्नती आयोजना | १ | ३०५२५५ |
| १०७ | महाकाली करीडोर सहायक सडक निर्माण मर्मत तथा स्तरोन्नती आयोजना | १ | ३०५२५५ |
| १०८ | लिप्ना–गैरीगाउँ–तिखाचुली–सापासेला–नायल–बुडर रणनीतिक सडक | १ | ३०५२५५ |
| १०९ | नगरपालिका देखि वडा कार्यालय जोड्ने सडक निर्माण मर्मत स्तरोन्नती | ५ | ३०५२५५ |
| ११० | नगरस्तरीय सडक निर्माण, स्तरोन्नती, मर्मत तथा कालोपत्रे आयोजनाहरु | ५ | ६१०५१ |
| | **जम्मा** | | **२१९८८३६** |

### ६.२.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| गाउँ/नगरपालिका केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | ६० | ६० | ६० | ६० |
| नियमित यातायात सञ्चालन हुने रुट | संख्या | २ | २ | २ | २ |
| पक्की सडक | कि.मि. | १२ | १४ | १६ | १९ |
| ग्राभेल सडक | कि.मि. | ६० | ७० | ८२ | ९५ |
| पक्की पुल | संख्या | ४ | ५ | ५ | ६ |
| नियमित मर्मत संभार हुने सडकको लम्बाई | कि.मि. | १०० | ११७ | १३६ | १५९ |
| वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | ५ | ६ | ७ | ८ |
| कुल सडक लम्बाई | कि.मि. | ७६ | ८९ | १०३ | १२१ |

### ६.२.११ अनुमान तथा जोखिम पक्ष

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका योजना, नीति तथा कार्यक्रम बीच अन्तरसम्बन्ध, समन्वय र सहकार्य हुने गरी आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ। नगरपालिकाले चालु तथा क्रमागत, वहुवर्षीय, विस्तृत आयोजना प्रस्ताव तयार भएका, कार्यान्वयनका लागि तयारी अवस्थामा रहेका आयोजना तथा कार्यक्रममा प्राथमिकतासाथ बजेट विनियोजन गरी कार्यान्वयन गर्नेछन्। सडक पूर्वाधार दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता, आर्थिक तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन नहुने जोखिम रहन्छ।

## ६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

नेपालको संविधान तथा प्रचलित कानुनले एक मेगावाट सम्मका जलविद्युत आयोजना तथा वैकल्पिक ऊर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन; स्थानीयस्तरमा विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन; वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास, हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन; खानेपानी व्यवस्थापन लगायत स्थानीयस्तरमा खानेपानी साना जलविद्युत आयोजना तथा वैकल्पिक ऊर्जा सम्बन्धी कार्यको लागि स्थानीय सरकार जिम्मेवार बनाएको छ।

नगरपालिकाले ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट लगायत निर्माणजन्य पदार्थ उत्खनन, उत्पादन तथा प्रशोधन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै विद्युत, सोलार प्रणाली, वायोग्यास, सुधारिएको चुल्हो लगायत स्वच्छ, नविकरणीय तथा वैकल्पिक उर्जाको प्रविधिको प्रवर्द्धन र उपयोग एवम् खानेपानी व्यवस्थापन सम्बन्धी कार्यहरू सञ्चालन गर्ने प्रयास गरिहेको छ।

### ६.३.२ विद्यमान अवस्था

नगरपालिकामा मुख्य नदी तथा खोलाहरु; रंगुन शिर्ष पुन्तुरा तथा महाकाली नदी आदि रहेका छन्। हाल यस नगरपालिका भित्र ९० प्रतिशत भन्दा बढी बासिन्दाले विद्युत सेवा उपभोग गरिरहेका छन। खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा दाउरा लगायतका जैविक इन्धनको प्रयोग गर्ने परिवारको अनुपात ४० प्रतिशत रहेको छ भने एल.पी ग्यास प्रयोग गर्नेको संख्या ६० प्रतिशत रहेको छ। विद्युतीय उपकरणको प्रयोग गरी खान पकाउने घरपरिवारको अनुपात १० प्रतिशत मात्र रहेको छ। बत्ती बाल्न सोलारको प्रयोग गर्नेको घरपिरवारको अनुपात ३ प्रतिशत रहेको छ। अव्यवस्थित निर्माण, उत्खनन, कृषि कार्य र फोहोरमैला विसर्जन बढ्दै जाँदा नगरपालिकामा बौलाहा, लोकाहा लगायत खोलानाला जल प्रदूषण बढ्दै गएको छ भने जलवायु परिवर्तनका असरको कारणको पानीको मूल तथा स्रोत घट्दै गएको छ।

### ६.३.३ सवाल तथा चुनौती

यस नगरपालिकामा अझै पनि ४० प्रतिशत घरपरिवारले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्नु, इन्धनको लागि विद्युत, वायोग्यास लागयत स्वस्थ उर्जा प्रयोगको अवस्था न्यून रहनु, बजार क्षेत्रमा उद्योग व्यवसाय सञ्चालन र सिंचाईको लागि प्रयोग गर्न थ्रिफेजको विद्युत लाईन उपलब्ध न्युन हुनु, विद्युत लाइन पुगेका स्थानमा समेत कमजोर आर्थिक स्थितिका कारण विद्युत लाइन जडान गर्न नसक्नु; प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध नहुनु आदि प्रमुख सवालका रूपमा रहेका छन्: दिगो विद्युत सेवाको विस्तार र उपयोग वृद्धि गर्नु, स्वच्छ र किफायती उर्जामा सबैको पहुँच पुऱ्याउनु र जलश्रोतको संरक्षण र बहु-उपयोग आदि यस क्षेत्रका चुनौतीहरु हुन्।

### ६.३.४ संभावना तथा अवसर

नगरपालिकामा रहेका शिर्षनदीबाट जलविद्युत निकाल्न सकिने प्रारम्भिक सम्भावना भएको देखिएको छ। साथै नगर क्षेत्रमा भएका नदी खोलाबाट सिंचाइ र पर्यटन विकासमा प्रयोग गर्न सक्ने प्रचुर संभावना रहेको छ। राष्ट्रिय प्रसारण लाईनसँग जोडिएकोले नगरपालिकामा विद्युत आपूर्तिमा सहज उपलव्धताको सम्भावना रहेको छ। सवै वस्तिमा सडक सञ्जाल विस्तारले विद्युतिय सवारी यातायातको साधनको रुपमा सेवा सञ्चालन हुनु, नविकरणीय तथा वैकल्पिक उर्जाका लागि नेपाल सरकार, विकास साझेदार तथा निजी क्षेत्रबाट समेत सहयोग र कार्यक्रम सञ्चालन हुनु जस्ता संभावना तथा अवसर समेत उपलब्ध रहेको छ।

### ६.३.५ सोच

उज्यालो तथा समुन्नत परशुराम

### ६.३.६ लक्ष्य

जलश्रोत बहु-उपयोग तथा स्वच्छ उर्जाको उत्पादन र उपयोग वृद्धि गर्ने

### ६.३.७ उद्देश्य

१. जलश्रोतको बहुउपयोग बढाउनु,
२. जल प्रदूषण न्यूनीकरण प्रयोग गर्नु,
३. विद्युत तथा स्वच्छ उर्जाको उत्पादन, पहुँच तथा उपयोगमा बृद्धि गर्नु,

### ६.३.८ रूपान्तरणकारी रणनीति

१. **खानेपानी, सिंचाइ, उत्पादन तथा पर्यटन, मनोरञ्जन लगायत जलश्रोतको बहुउपयोग बढाउनेः** जलस्रोत संरक्षण तथा बहुउपयोग सम्बन्धी नीति, कानून, कार्यक्रम र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिने छ। जोखिम संवेदनशीलता अध्ययन तथा नक्शाङ्कनको आधारमा जलउपयोग गुरूयोजना र जोखिम संवेदनशील भूउपयोग योजना तयार गरिनेछ र सोअनुसार खेतीयोग्य जमिन, नगर/बस्ती, बजार, खानेपानी र सडक लगायत विकासका पूर्वाधारको संरक्षण र दिगो सञ्चालनका लागि जलस्रोत, सिँचाइ लागयत पूर्वाधार संरचना निर्माण आयोजनासँगै जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि बाँध तथा जैविक प्रविधिबाट संरक्षण र व्यवस्थापन गर्न समन्वय र सहजीकरण गरिनेछ। तहगत सरकार, समुदाय र विकास साझेदारबीच समन्वय, सहकार्य तथा साझेदारी गरी जलाशय, सिँचाइ तथा खानेपानी आयोजनाको विकास, विस्तार र सञ्चालनमा प्राथमिकता समन्वय, सहयोग र सहजीकरण गरिनेछ।

२. **जलस्रोत संरक्षण र उपयोगमा समुदाय, निजी क्षेत्र र गैसस परिचालन गर्नेः** स्थानीय समुदाय, निजी क्षेत्र तथा गैससहरूसँग समन्वय गरी जलप्रदुषण नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन, अनुगमन तथा मूल्याङ्कन गरिने छ। जलस्रोतको संरक्षण र खानेपानी, सिंचाइ, उत्पादन तथा पर्यटन, उर्जा तथा मनोरञ्जन लगायत क्षेत्रमा दिगो उपयोगको लागि तहगत सरकार, समुदाय, निजी क्षेत्र तथा गैससहरूसँग समन्वय, सहकार्य र साझेदारी गरिने छ।

३. **नगरपालिकाको सबै जनसंख्यामा विद्युतको पहुँच उपलब्ध गराउनेः** विद्युतको उपयोग बढाउन समुदाय र व्यवसाय वर्गमा सचेतना तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। खुलातार प्रणालीलाई केबल प्रणालीमा रूपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरिनेछ। विद्युत सेवा अवरुद्ध हुने स्थान तथा क्षमता कम भएका स्थानमा विद्युतको क्षमता (Voltage) विस्तार र अन्य स्थानमा वद्युत लाइन विस्तार गर्न नेपाल विद्युत प्राविधिकरणसँग समन्वय तथा साझेदारी गरिनेछ।

४. **वैकल्पिक तथा नविकरणीय उर्जाको उत्पादन तथा उपयोग वृद्धि गर्नेः** वैकल्पिक उर्जासम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच वृद्धि गरिनेछ।

दाउरा र जैविक उर्जाको प्रयोगलाई कम गर्दै लैजान, सुधारिएको चुलो, विद्युत चुल्हो र सोलार प्रणालीको प्रवर्द्धन एवम् विस्तार गरिनेछ। नविकरणीय तथा स्वच्छ उर्जाको उत्पादन तथा उपयोग वृद्धि गर्न सङ्घ र प्रदेश सरकारका सम्बन्धित निकायसँग सहकार्य, साझेदारी र सहलगानी प्रवर्द्धन गरिनेछ। गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक र प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। वैकल्पिक ऊर्जा प्रणाली तथा आयोजनाको दिगो सञ्चालनका लागि स्थानीय समुदाय र तहगत सरकार साझेदारी र सहलगानीका लागि कोष स्थापना गरी परिचालन गरिनेछ। जनसमुदायलाई स्वच्छ तथा वैकल्पिक ऊर्जाको विकासका लागि क्षमता अभिवृद्धि, प्रविधि हस्तान्तरण एवम् श्रोत परिचालन गर्न सहयोग र सहजीकरण गरिनेछ। जैविक पदार्थ/फोहोरको उपयोग गरी उपयुक्त क्षमताका वायोग्याँस प्लान्ट स्थापनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

### ६.३.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| १११ | उज्यालो परशुराम कार्यक्रम | ५ | १५२६३ |
| ११२ | शिर्षखोला जलविद्युत सम्भाव्यता अध्ययन | १ | ४६४१ |
| ११३ | विधुत विस्तार तथा व्यवस्थापन कार्यक्रम | ५ | ६१०५ |
| ११४ | वैकल्पिक उर्जा (सोलार) प्रवर्द्धन कार्यक्रम | ५ | ३०५३ |
| | **जम्मा** | **१६** | **२९०६१** |

### ६.३.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ८० | ८४ | ९३ | ९८ |
| खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठालगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | ३५ | ३९ | ४७ | ५६ |
| खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | ६५ | ७२ | ८७ | ९६ |
| खाना पकाउन विद्युतको उपयोग गर्ने जनसंख्या | प्रतिशत | १२ | १३ | १६ | १९ |
| सोलार उपयोग गर्ने परिवार | प्रतिशत | ३ | ३ | ४ | ५ |

### ६.३.११ अनुमान तथा जोखिम पक्ष

विद्युत लाइन तथा सुविधा विस्तार भई विद्युत तथा स्वच्छ उर्जाको उपलब्धता र उपयोग सहज भएको हुनेछ। जलाधार क्षेत्रको संरक्षणमा अन्तर सरकार सहकार्य तथा समुदायस्तरको जागरुकतामा अभिवृद्धि भएको हुनेछ। उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुनमा जोखिम रहन सक्छ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

संविधान एवम् संघीय तथा प्रदेश कानुनले स्थानीय तहलाई एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी; प्रदेश कानून बमोजिम एफ.एम. सञ्चालन, स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन, व्यक्तिगत घटना दर्ता, अभिलेख र पञ्जीकरण व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधियुक्त आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन अधिकार र जिम्मेवारीको व्यवस्था गरेको छ। नगरपालिकाले एफ.एम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि तर्जुमा, सूचना तथा सञ्चार प्रविधिमा आधारित स्थानीय तथ्याङ्क संकलन तथा व्यवस्थापन, व्यक्तिगत घटना दर्ता, अभिलेख र पञ्जीकरण व्यवस्थापन एवम् सेवाप्रवाह र सार्वजनिक वित्त व्यवस्थापनमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली लगायत सूचना प्रणाली, कम्प्युटर तथा मोवाइल एप्लीकेशन र सामाजिक मिडियाको अभ्यास गरी उपरोक्त संवैधानिक तथा कानुन व्यवस्थाको कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ।

### ६.४.२ विद्यमान अवस्था

नगरपालिकामा क्षेत्रभित्र नेपाल टेलिकम र एन्सेलको टेलिफोन टावर रहेका छन्। यसैगरी नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय गरी ५० भन्दा बढी कार्यालय, स्वास्थ्य तथा शैक्षिक संस्थामा कम्प्युटर, इन्टरनेट तथा इमेल लगायत सूचना प्रविधि सम्बन्धी सुविधा उपलब्ध रहेको छ। सूचना तथा सञ्चार प्रविधि तथा पूर्वाधारमा भएको विकास तथा विस्तारसँगै नगरपालिकाको शासन सञ्चालन, सेवाप्रवाह र विकास व्यवस्थापन प्रक्रियामा सूचना प्रविधिको पहुँचका साथै सूचना तथा संचार प्रविधिको उपयोगमा बढोत्तरी हुँदै गएको छ। कम्प्युटर तथा इन्टरनेट लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या करिब ५० प्रतिशत रहेको छ भने टेलिभिजन र कम्प्युटर पहुँच भएका घरपरिवार संख्या २० प्रतिशत भन्दा बढी रहेको छ। नगरपालिकामा विभिन्न १२ प्रकारका सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा रहेका छन्। नगरपालिकामा इन्टरएक्टिभ वेवसाइट, मोबाइल एप्स् र विभिन्न प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ। यसका साथै इन्टरएक्टिभ वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन एवम् राष्ट्रिय, प्रदेश र स्थानीयस्तरका रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अनलाईन प्रणाली मार्फत नियमित रुपमा सूचनाको अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ।

### ६.४.३ सवाल तथा चुनौती

करिब ५० प्रतिशत घरपरिवारमा कम्प्युटर तथा इन्टरनेटको पहुँच उपलब्ध नहुनु; कतिपय बस्ती र स्थानमा मोबाइल टेलिफोन सेवाको गुणस्तर कमजोर हुनु तथा कभरेज नहुनु; नगरपालिका क्षेत्रभित्र सबै वडा कार्यालय, सामुदायिक, विद्यालय, स्वास्थ्य संस्था, बजार र पर्यटकीय तथा टोलमा इन्टरनेट सुविधा उपलब्ध नहुनु र उपलब्ध भएको अवस्था समेत सेवाको गुणस्तर कमजोर हुनु, विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन नसक्नु; सेवाग्राही, जनप्रतिनिधि तथा कर्मचारी डिजिटल साक्षरता र ज्ञान न्यून हुनु; ल्याण्डलाइन टेलिफोन र केबल प्रणालीमा आधारित इन्टरनेट र टेलिफोनको व्यवस्था हुन नसक्नु, नगरपालिकामा एफ.एम रेडियो स्टेशन लगायत सञ्चारका अन्य साधनको विस्तार उपयोग हुन नसक्नु जस्ता सवालहरू रहेका छन्।

सबै नगर-बस्ती तथा स्थानमा विद्युनत तथा मोबाइल नेटवर्क सेवा विस्तार गर्नु; शासन सञ्चालन, सेवाप्रवाह र विकास व्यवस्थापनमा सूचना तथा प्रविधिको पहुँच तथा उपयोग वृद्धि गर्नु; सेवाग्राहीमा सूचना, विवरण र जानकारीको पहुँच बढाउनु; सूचना प्रविधिलाई सेवाप्रवाह, उत्पादन, रोजगारी र आयमा जोड्नु तथा उपयोग गर्नु; सेवाग्राही, जनप्रतिनिधि तथा कर्मचारी डिजिटल साक्षरता र ज्ञान अभिवृद्धि हुनु; नगरपालिका केन्द्र र वडा केन्द्र वीच सूचना सञ्जालीकरण गर्नु; अनलाईन प्रणाली मार्फत सेवा प्रवाह गर्नु; स्थानीय पत्रिका प्रकाशन र एफ.एम

संचालन गर्नु र स्थानीय शासन प्रणाली, सेवाप्रवाह तथा विकास व्यवस्थापनमा सूचना तथा सञ्चार प्रणालीको प्रयोग बढाउनु आदि प्रमुख चुनौती रहेका छन्।

### ६.४.४ संभावना तथा अवसर

सूचना तथा सञ्चार प्रविधि र पूर्वाधार क्षेत्रमा भएको रूपान्तरणकारी फड्कोसँगै नगरपालिकाको शासन सञ्चालन, संगठन संरचना, सेवाप्रवाह र विकास व्यवस्थापनलाई सञ्चार तथा सूचना प्रविधिमैत्री बनाउन सक्ने संभावना रहेको छ। सेवाग्राही, जनप्रतिनिधि तथा कर्मचारी, स्थानीय सञ्चार माध्यम र सञ्चारकर्मीको क्षमता विकास गरी नगरपालिकाको सेवा प्रवाहलाई र डिजिटल र प्रभावकारी बनाउन सक्ने संभावना पनि बढ्दै गएको छ। नगरपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजमा सूचना प्रविधि तथा डिजिटल प्रणालीको विकास र उपयोग गरी सहज एवम् चुस्त बनाउन सकिने अवस्था रहेको छ।

विद्यालय, स्वास्थ्य केन्द्र तथा वडा कार्यालय लगायत सम्पूर्ण सेवा केन्द्रको कार्य प्रणालीलाई सूचना प्रविधिको प्रयोगबाट थप चुस्त, दुरूस्त र प्रभावकारी बनाउन सक्ने संभवना तथा अवसर रहेको छ। प्रविधिको भरपूर उपयोग गरी जलस्रोत, कृषि, उद्योग तथा व्यवसाय विकास र विस्तार एवम् पर्यटन, कला, भाषा तथा संस्कृति संरक्षण एवम् प्रवर्द्धन गर्न र सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सक्ने अवसर रहेको छ। सूचना तथा सञ्चार प्रविधिको उपयोगबाट समग्र आर्थिक सामाजिक विकास कार्यलाई पारदर्शी, चुस्त दुरूस्त र प्रभावकारी बनाउन सक्ने समेत संभावना तथा अवसर समेत उपलब्ध रहेको छ।

### ६.४.५ सोच

"सूचना तथा प्रविधिमैत्री सेवाः विकास र सुशासनमा टेवा"

### ६.४.६ लक्ष्य

सेवा तथा सुविधामा सूचना प्रविधिको पहुँच वृद्धि गर्ने।

### ६.४.७ उद्देश्य

१. सबै क्षेत्र तथा जनसंख्यामा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,

२. सूचना प्रविधिलाई सहज, भरपर्दो, उपयोगी र सुरक्षित बनाउनु,

३. स्थानीय शासन, सेवाप्रवाह तथा विकास कार्यलाई सूचना प्रविधिमा आधारित बनाउनु।

### ६.४.८ रूपान्तरणकारी रणनीति

१. **स्थानीय शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्नेः** नगर कार्यपालिका कार्यालयमा सूचना केन्द्र स्थापना गरी सूचना प्रविधिमैत्री बनाइने तथा एकीकृत रूपमा स्थानीय तथ्याङ्कको व्यवस्थापन गरिनेछ। प्रत्येक वडा कार्यालयमा सूचना केन्द्र स्थापना र सूचना संकलन, विश्लेषण तथा अद्यावधीकरणलाई संस्थागत गरी सूचना प्रवाहलाई व्यवस्थित गरिनेछ। सामाजिक सञ्जालको प्रयोगलाई समाज अनुकूल र रचनात्मक बनाउन पहल गरिनेछ।

२. **सूचना तथा सेवा प्रवाहलाई सञ्चार प्रविधिमैत्री र सहज बनाउनेः** योजना तर्जुमा, आयोजना व्यवस्थापन, खरिद व्यवस्थापन, सेवा प्रवाह, प्रतिवदेन लगायत विषयमा समेत स्थानीय सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित सेवा प्रवाह र विकास कार्य सञ्चालनको व्यवस्था गरिनेछ। कार्यपालिका तथा वडा कार्यालयलाई प्रविधिमैत्री बनाउन र पर्यटकीय तथा बजार क्षेत्रलाई फ्रि वाईफाई जोन बनाउन इन्टरनेट सेवा प्रदायक संस्थासँग समन्वय र सहकार्य गरिनेछ। पूर्वाधार विकासमा PAMS, SOLSTIC, MIMS,

PIMS जस्ता सूचना प्रविधिमैत्री एप्लिकेसन वा औजार विकास र उपयोग गरी आयोजना विकास, अनुगमन प्रगति मापन कार्यलाई अझ बढी प्रभावकारी र पारदर्शी बनाइनेछ।

३. **नगरपालिकाको सूचना तथा सञ्चार प्रणालीलाई सवल, सुदृढ र प्रभावकारी बनाउनेः** नगरपालिकाबाट सम्पादित आयोजना तथा कार्यक्रम, गतिबिधि, उपलब्धि प्रकाशन र प्रसारणको लागि सूचना र सञ्चार प्रविधिको अधितकम उपयोग गरिनेछ। नगरपालिका विकास मुखपत्र प्रकाशन मार्फत नियमित सूचना प्रवाहको व्यवस्था मिलाइनेछ। पदाधिकारी र सेवाग्राही बीच रेडियो, टिभी र सामाजिक सञ्जालको माध्यमबाट नियमित रूपमा संवाद कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिकाको नीति, कानून, कार्यविधि, निर्णय, विकास कार्य सञ्चालन, उपलब्धि, सफल अभ्यासबारे अन्तरसंवाद, पत्रपत्रिका, रेडियो र टिभि नियमित प्रकाशन र प्रसारणको व्यवस्था मिलाइनेछ।

४. **स्वास्थ्य, व्यवसाय परामर्श, प्रशासकीय र पर्यटकीय सेवा तथा सुविधालाई सूचना प्रविधिमा आधारित बनाउनेः** नगरपालिकामा सूचना केन्द्र स्थापना गरी संकलित सूचनालाई नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, सेवा प्रवाह र अनुगमन तथा मूल्याङ्कनमा प्रयोग गरिनेछ। स्वास्थ्य, शिक्षा, कृषि, उद्योग तथा पर्यटन क्षेत्रको विकास, विस्तार, प्रवर्द्धनका लागि गरिएका अध्ययन अनुसन्धानको प्रतिवेदन प्रकाशन र प्रशारणको व्यवस्था गरिनेछ। सरकारी, गैर सरकारी र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी स्थानीय सरकारले प्रवाह गर्ने सेवा सम्बन्धी सूचना तथा अभिलेख अद्यावधिक तथा लक्षित जनसंख्यामा प्रेषण गरिनेछ। सूचना तथा सञ्चार प्रविधि तथा सामाजिक सञ्जालको उच्चतम उपयोग गरी नगरपालिको प्राकृतिक तथा सांस्कृतिक सम्पदा, विकासका संभावना तथा लगानीको अवसरका बारेमा प्रदेश, देश तथा विदेशमा उजागर तथा सम्प्रेषण गर्ने कार्य गरिनेछ।

५. **सेवाग्राही, जनप्रतिनिधि तथा कर्मचारीमा डिजिटल साक्षरता, ज्ञान, सिप अभिवृद्धि गर्नेः** प्रविधिको विकास तथा विस्तार; तथ्याङ्क संरक्षण तथा प्रशोधन; अध्ययन अनुसन्धान तथा सेवा प्रवाहमा विशिष्टकृत सूचना प्रविधि सेवा विस्तार, क्षमता विकास तथा सचेतना अभिवृद्धि गरिनेछ। शासन सञ्चालन, सेवा प्रवाह तथा विकास व्यवस्थापनलाई सूचना प्रविधिमैत्री बनाउन सेवाग्राही, जनप्रतिनिधि तथा कर्मचारीमा संस्थागत रूपमा डिजिटल साक्षरता कार्यक्रम सञ्चान गरिनेछ। डिजिटल साक्षरताको कार्यक्रमलाई सेवा प्रवाह तथा क्षमता विकास कार्यक्रमको अभिन्न अंगको रूपमा विकास गरी सञ्चालन गरिने छ। सार्वजनिक सूचनालाई विद्युतीय सञ्चार माध्यमबाट नियमित रुपमा प्रवाह गर्ने व्यवस्थाला अबलम्बन गरी नागरिकमा सूचनाको हक प्रत्याभूत हुने व्यवस्था गरिने छ।

६. **कार्यप्रणाली, सेवाप्रवाह तथा संगठन विकासलाई सूचना प्रविधिमैत्री बनाउनेः** कार्यप्रणाली, सेवाप्रवाह तथा संगठन विकासलाई सूचना प्रविधिमैत्री बनाई क्रमिक रुपमा कागजरहित शासनमा रुपान्तरण गरिनेछ। स्थानीय सेवा प्रवाहलाई सहज बनाउन विद्युतीय खरिद प्रणाली, योजना, अनुगमन, प्रशासन तथा प्रतिवेदन लगायत सेवा प्रवाहमा सूचना व्यवस्थापन प्रणाली लागू गरिनेछ। विद्युतीय शासनको अवधारणा अनुसार नीति निर्माण तथा निर्ण प्रक्रिया, सार्वजनिक सेवाप्रवाह, प्रतिवेदन र पृष्ठपोषणमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरिने छ। कार्यालय तथा सेवा केन्द्रमा डिजिटल प्रविधि तथा उपकरण व्यवस्था तथा सूचना प्रविधि प्रणालीलाई प्रभावकारी बनाइनेछ।

### ६.४.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ११५ | डिजिटल नगर कार्यक्रम | ५ | ६१०५ |

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ११६ | इन्टरनेट तथा सिसिटिभि जडान र स्तरोन्नति | ५ | ७३२६ |
| ११७ | सूचना तथा सञ्चार प्रविधि तालिम | ५ | २४४२ |
| | **जम्मा** | | **१५८७३** |

## ६.४.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उपलब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| कम्प्युटर, इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ६५ | ६६ | ६८ | ६९ |
| नगरपालिकामा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | १४ | १७ | २० | २५ |
| इन्टरनेट सुविधा उपलब्ध वडा (वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | संख्या | १७ | १७ | १७ | १७ |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ५५. | ५६ | ५७ | ५८ |

## ६.४.११ अनुमान तथा जोखिम पक्ष

सूचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता वृद्धि हुनेछ। प्रविधि खर्चिलो र दक्ष मानविय श्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सुचना तथा दस्तावेज असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहेको छ।

# परिच्छेद ७: सन्तुलित वातावरण, विपद् तथा जलवायु उत्थानशीलता




## ७.१ वन, जैविक विविधता तथा जलाधार

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन लगायत प्रचलित कानुनले स्थानीय सरकारलाई प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन, वातावरण र जैविक विविधता संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन, स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन, स्थानीयस्तरमा हरियाली प्रवर्द्धन, स्थानीयस्तरमा वातावरण संरक्षण तथा व्यवस्थापनको जिम्मेवारी प्रदान गरेको छ। यसका लागि नगरपालिकाले प्राकृतिक स्रोत संरक्षण ऐन र वातावरणीय अध्ययन तथा यससम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि तर्जुमा गरी वन, जैविक विविधता तथा भूसंरक्षण र जलाधार व्यवस्थापन सम्बन्धी विभिन्न क्रियाकलापहरू सञ्चालन गरिरहेको छ।

### ७.१.२ विद्यमान अवस्था

नगरपलिकामा वन जङ्गलको अवस्था राम्रो देखिन्छ। नगरपालिकाको विभिन्न क्षेत्र तथा १२ वटै वडामा फैलिएर रहेका वन, जलाधार क्षेत्र, नदी तथा खोलानालाले जलभण्डारका साथै कृषि प्रणालीलाई भरथेग गर्नुका साथै विभिन्न किसिमका जलचर र वन्यजन्तु तथा पंक्षीलाई बासस्थानको रूपमा आश्रय दिइरहेका छन्। यस नगरपालिकाको अधिकांश क्षेत्र लोहोरे खोलाको जलाधार क्षेत्रमा अवस्थित रहेको र भिरालोपना तथा चिस्यान क्षेत्र अधिक रहेको हुँदा भूक्षय, भूस्खलन, पहिरो र नदी तटीय क्षेत्र नदी कटान तथा बाढीको जोखिमा रहेको छ। नदी तथा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को प्रचुरता रहेको भए तापनि पहुँच मार्ग तथा बजार सहज र व्यवस्थित नभएको हुँदा  बहुमूल्य नदीजन्य पदार्थ संकलन, प्रशोधन र विक्रि गरी राजस्व परिचालन गर्न थप प्रयास गर्न आवश्यक छ। सामुदायिक नक्शाङ्कनबाट यस नगरपालिकामा करिब २० भन्दा बढी स्थानमा पहिरो, नदी कटान तथा बाढिको समस्या रहेको अवस्था छ।

यस नगरपालिकाले जलाधार व्यवस्थापनलाई जीविकोपार्जनसँग जोडेर जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजना तर्जुमा गरेको छ। वन तथा प्राकृतिक श्रोत संरक्षण र व्यवस्थापनलाई नीति, योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्न नगरपालिकामा वन तथा प्राकृतिक श्रोत संरक्षण ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यसैगरी नगरपालिकाको अधिकार क्षेत्रिभित्रका आर्थिक, सामाजिक तथा पूर्वाधार विकास, वातावरण जलवायु अनुकलन कार्यबाट वातावरणमा पर्ने प्रभाव अध्ययनका लागिग संक्षिप्त तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि तर्जुमा र प्रभाव न्यूनीकरणका  लागि विकास निर्माण कार्यमा वातावरण व्यवस्थापन योजना कार्यान्वयनको व्यवस्था गरिएको छ।

### ७.१.३ समस्या तथा चुनौती

वन क्षेत्रमा डढेलो लाग्नु; वन्यजन्तुले मानविय, बालीनाली र पशुपन्छीमा क्षति पुग्नु; वन अतिक्रमण बढदै जानु; वन, जडिबुटी, वन्यजन्तु चोरी शिकारी बढ्नु; भूक्षय, पहिरो, नदी कटान तथा बाढीजन्य घटनामा वृद्धि हुनु; पानीको मूल सुक्दै जानु; पानीको मूहान तथा नदीनालामा प्रदूषण बढ्नु, लोहोरे खोला तथा अन्य खोलानालाबाट अनियन्त्रित रूपमा ढुङ्गा/गिट्टी/वालुवा सङ्कलन तथा निकासी हुनु आदि मुख्य सबाल रहेका छन्। वन डढेको नियन्त्रण गर्नु; नागरिक सचेतना र सहभागितामा वन, जडिबुटी तथा वन्यजन्तुको चोरी शिकारी र वन क्षेत्रको अतिक्रमण नियन्त्रण गर्नु; वन्यजन्तुबाट मानव, पशुपन्छी र बालीनालीमा हुने क्षति न्यूनीकरण गर्नु; वन, जडिबुटी तथा जैविक विविधताको दिगो व्यवस्थापन गरी दिगो लाभ हासिल गर्नु चुनौति रहेका छन्।  भूक्षय, पहिरो, नदी कटान र बाढी नियन्त्रण गर्नु र यसबाट हुने क्षति न्यूनीकरण गर्नु; पानीको मूल र मूहान संरक्षण तथा नदीनालामा हुने प्रदूषण न्यूनीकरण गर्नु; जैविक तथा सिभिल विधिबाट सिल्टेशन ड्याम निर्माण गरी लोहोरे तथा अन्य खोलानालामा ढुङ्गा, गिट्टी र बालुवा र दहत्तर बहत्तर संकलन तथा कानुनी रूपमा वेचविखन गरी नगरपालिकाको राजस्व बढाउनु थप चुनौती रहेको छ।

### ७.१.४ सम्भावना तथा अवसर

व्यावहारिक तथा दिगो भूउपयोग नीति तथा यसको कार्यान्वयनबाट वन, जडिबुटी, जैविक विविधता, जमीन र जलाधारको संरक्षण तथा उर्वर कृषि भूमि र वन जङ्गलको दिगो व्यवस्थापन गर्ने सम्भावना रहेको छ। हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना चक्रमा आत्मसाथ गर्न सकिन्छ। सहकारी संस्थामार्फत वन पैदावार सङ्कलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन गर्न र दिगो वन व्यवस्थापनबाट वन पैदावर उत्पादन र आपूर्ति बढाउन सकिन्छ। सामुदायिक वन समूहमा सामुदायिक होमस्टे सञ्चालन गरी रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गर्न सकिने अवस्था छ। सामुदायिक र कवुलियती वनको विकास र विस्तारमा महिला, विपन्न र दलित समुदायको सहभागिता बढाउँदै जीविकोपार्जनमा टेवा पुऱ्याउन सकिन्छ। सहकारी संस्थाका क्षमता अभिवृद्धि मार्फत वन पैदावारमा आधारित जडीबुटी खेती तथा उद्यमशीलता विकास गर्न सकिन्छ। स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ।

सामुदायिक वन, कबुलियत वनसँग सहकार्य गरी वन कृषि कार्यको प्रवर्द्धन, वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, संवर्द्धन र उपयोग गरी वन, जैविक विविधता, जलाधार संरक्षणलाई दिगो, आयमूलक र वहुउपयोगी बनाउन सकिने प्रचूर सम्भावना रहेको छ। यसैगरी माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भूउपयोग योजनाका आधारमा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन, बस्ती विकासलाई व्यवस्थित गरी नमूना नगरपालिका बनाउन र नगरपालिकाबासीको आर्थिकस्तर वृद्धि गर्न सकिने समेत सम्भावना रहेकोछ।

### ७.१.५ सोच

"परशुरामको वनः आयमुलक धन"

### ७.१.६ लक्ष्य

वन, जलाधार तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्ने।

### ७.१.७ उद्देश्य

१. वन, हरियाली, जलाधार र जैविक विविधताको एकीकृत व्यवस्थापन गर्नु,

२. वन्यजन्तुबाट बालीनाली तथा पशुपंक्षीमा हुने क्षति न्यूनीकरण गर्नु,

३. पहिरो, नदीकटान र बाढीको रोकथाम तथा क्षति न्यूनीकरण गर्नु।

### ७.१.८ रूपान्तरणकारी रणनीति

१. **वन, जडिबुटी, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण तथा दिगो व्यवस्थापन गर्नेः** ओखर, टिमुर तथा अलैची लगायत तुलनात्मक लाभ र मूल्यवान प्रजातीका बोटविरुवा वितरण गरी वृक्षरोपणलाई आयमूलक र वहुउपयोगी बनाइनेछ। वन डढेलो नियन्त्रण, बोटविरुवा तथा जीवजन्तुको संरक्षण गर्न तीनै तहका सरकार, सुरक्षा निकाय, स्वयंसेवी संस्था, समुदाय, निजी क्षेत्र र नगरपालिकाबासी नागरिकसँग समन्वय, साझेदारी र सहकार्य गरिनेछ। सम्बन्धित निकायसँगको समन्वय, सहकार्य र प्राविधिक सहयोगमा समुदायमा आधारित हाब्रे (रेडपाण्डा) संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक वन क्षेत्रमा वन कार्ययोजनामा समावेश गरी सामुदायिक वन क्षेत्रमा अलैची, अम्रिशो बाँस र डाँलेघाँस लगायत आयमूलक बोटविरूवा तथा जडिबुटी रोपण गरिनेछ। ठुलो क्षेत्रफलमा फैलिएको उत्पादनशील सामुदायिक वनमा दिगो वन व्यवस्थापन प्रणाली अबलम्बन गर्न डिभिजन तथा सवडिभिजन कार्यालयसँग समन्वय र सहकार्य गरिने छ। निगालो संरक्षण तथा रोपण मार्फत खहरे खोल्सा नियन्त्रण र हाब्रेको वासस्थानको संरक्षण आदि कार्य गरी भूसंरक्षण नियन्त्रण, जैविक विविधता संरक्षण र प्रकृतिमा आधारित पर्यटन प्रवर्धन कार्य उचित देखिन्छ | वनमा पाइने वनमारा लगायत मिचाहा प्रजातीबाट वायोव्रिकेट र प्राङ्गारिक मल उत्पादन गर्ने प्रविधि तथा सिप हस्तान्तरण र स्थानीय उपभोक्तामा सचेतना अभिवृद्धि गरिनेछ।

२. **वन, हरियाली र भूसंरक्षणका लागि सरोकारवालाबीच सहकार्य र सहजीकरण गर्नेः** वन, हरियाली तथा जलाधार व्यवस्थापनको लागि सरकारी, गैरसरकारी, समुदाय र सरोकारवालाबीच समन्वय, सहकार्य तथा साझेदारी अभिवृद्धि गरिनेछ। सामुदायिक र कवुलियती वनको विकास र विस्तारमा महिला, विपन्न र दलितको सहभागिता अभिवृद्धि गरी जीविकोपार्जन सुधार गरिनेछ। सार्वजनिक, सहकारी, समुदाय तथा निजी साझेदारी तथा सहलगानीमा अल्लो प्रशोधन तथा जडीबुटी खेती, संकलन र प्रशोधन उद्योग सञ्चालन समन्वय र सहकार्य गरिनेछ। सम्बन्धित निकाय, समुदाय तथा सरोकारवालाको सहभागितामा वन डढेलोबाट हुने वन विनाश नियन्त्रण गर्ने कार्य समन्वयात्मक रूपमा सञ्चालन गरिने छ। डिभिजन तथा सबडिभिजन कार्यालयको र सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय र सहकार्यमा वन क्षेत्रभित्र विशेष महत्त्वका धार्मिक, सांस्कृतिक, वनस्पतीजन्य तथा पर्यावरणीय क्षेत्र पहिचान, संरक्षण तथा अभिलेख कायम गरिने छ।

३. **वन तथा वन्यजन्तुबाट मानव, बालीनाली तथा पशुपंक्षीमा हुने क्षति व्यवस्थापन गर्नेः** वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणका लागि संरचना निर्माण; हेरालु व्यवस्थापन; वन क्षेत्रमा वन्यजन्तुको आहार बढावा दिने प्रजातीका विरूवाको रोपण; वन्यजन्तु करिडोरको विकास, विस्तार र संरक्षण गर्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ। कृषि क्षेत्रमा बाँदर, बँदेल, दुम्सी लगायतका वन्यजन्तुबाट हुने अतिक्रमण

नियन्त्रण तथा क्षति नोक्सानी व्यवस्थापन गर्न बीमा लगायत क्षतिपूर्तिको व्यवस्था गर्न अन्तसरकार समन्वय र सहकार्य गरिनेछ।

४. **जलाधार क्षेत्रको संरक्षण तथा भूक्षय, नदी कटान र पहिरो नियन्त्रण गर्नेः** माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भूउपयोग योजनाका आधारमा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन तथा बस्ती विकासलाई व्यवस्थित गरिने छ। जलाधार क्षेत्रको महत्त्व, उपादेयता र संरक्षणका विधि बारे स्थानीय तह र समुदायमा सहकार्य गर्दै सचेतना अभिवृद्धि गरिनेछ। एकीकृत जलाधार व्यवस्थापन पद्दति बमोजिम माथिल्लो र तल्लो तटीय क्षेत्रको सम्बन्ध स्थापित हुने गरी भू-संरक्षण, जमिनको उत्पादकत्व वृद्धि र जलश्रोतको बहुआयमिक उपयोग, वातावरण संरक्षण, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतालाई बढावा दिने कार्य तथा अभ्यास सञ्चालन गरिनेछ। समुदाय तथा विकास साझेदार संस्थासँगको सहकार्य एवम् साझेदारीमा रिचार्ज पिट तथा पुनर्भरण पोखरीको निर्माण, व्यवस्थापन र संरक्षणलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

५. **जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूसंरक्षण तथा जलाधार व्यवस्थापन गर्नेः** वन, खेतीयोग्य जमीन तथा बस्ती संरक्षण, भूक्षय, नदी कटान र पहिरो नियन्त्रण समेत जलाधार क्षेत्रको दिगो व्यस्थापन गर्न अध्ययन र अनुसन्धानमा आधारित उपयुक्त प्रविधिको विकास तथा उपयोग गरिने छ। संघ तथ प्रदेश सरकारका सम्बन्धित निकाय, निजी क्षेत्र, नागरिक समाज समेतको सहयोगमा बस्ती, आवास तथा बजार क्षेत्र, नदी तथा सडकमा हरियाली र वातावरणमैत्री सेवा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिकाको अधिकांश क्षेत्र लोहोरे खोलाको जलाधार क्षेत्रमा अवस्थित भिरालोपना तथा चिस्यान अधिक रहेको यस नगरपालिका क्षेत्रमा हुने भूक्षय, भूस्खलन, पहिरो र नदी कटान तथा बाढीको जोखिम न्यूनीकरण गर्न माथिल्लो तटीय क्षेत्रमा भूसंरक्षण, गल्छी तथा पहिरो नियन्त्रण, विकासका पूर्वाधार संरक्षण र गह्रा सुधार लगायतका संरक्षणका कार्य एवम् तल्लो तटिय क्षेत्रमा सेडिमेन्टेशन ड्याम तथा तटबन्ध निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारी गरिने छ। जैविक तथा सिभिल इञ्जनियरिङ्ग विधिबाट सेडिमेन्टेशन वा सिल्टेशन ड्याम निर्माण गरी लोहोरे तथा अन्य खोलानालामा कानुन बमोजिम ढुङ्गा, गिट्टी र बालुवा र दहत्तरबहत्तर संकलन विक्रीको व्यवस्था गरी नगरपालिकाको राजस्व वृद्धिका लागि परिचालन गरिने छ।

### ७.१.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| ११८ | नगर वृक्षारोपण कार्यक्रम | ५ | **४५७९** |
| ११९ | वन क्षेत्र संरक्षण कार्यक्रम | ५ | **२१२००** |
| १२० | जैविक तटवन्ध तथा ग्याविन जाली निर्माण | ५ | **२७४७३** |
| | **जम्मा** | | **५३२५२** |

### ७.१.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| कुल भूमिमा वन/हरियाली क्षेत्र | बर्ग किमि | ८६ | ८६ | ८६ | ८६ |

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| वनमा आधारित उद्यम र आयआर्जनमा संलग्न घरपरिवार | संख्या | १ | १ | १ | १ |
| जडीबुटी वा जडीबुटीजन्य उत्पादन | रू.हजार | ० | ० | ० | ० |
| नियमित रुपमा वन कार्ययोजना तयार र कार्यान्वयन वन उपभोक्ता समिति | संख्या | १२० | १२० | १२० | १२४ |
| पार्क तथा उद्यान | संख्या | ४ | ४ | ४ | ५ |
| संरक्षित तालतलैया पोखरी | संख्या | २ | २ | २ | २ |
| नदी नियन्त्रण बाँध तथा स्परको लम्बाई | रनिङ्ग मिटर | ३००० | ३६०५ | ३८२५ | ४०५७ |

### ७.१.११ अनुमान तथा जोखिम पक्ष

वन तथा जैविक विविधता, जलाधार संरक्षण तथा व्यवस्थापनमा तीनै तहका सरकार, समुदाय तथा नागरिक समाजको सहकार्य साझेदारी बढोत्तरी हुनेछ। वायोइञ्जिनियरिङ तथा वृक्षारोपणमा समुदायको सहभागिता अभिवृद्धि गरिनेछ। उल्लेखित परिस्थिति निर्माण हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहेको छ।

## ७.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

नेपाल संविधान र प्रचलित कानुनले स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण; न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास; सरसफाई तथा फोहरमैला व्यवस्थापन; वातावरण संरक्षण र व्यवस्थापन; फोहोरमैलाको व्यवस्थापन तथा ल्याण्डफिल साइट प्रबन्ध; सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन; स्वास्थ्यजन्य फोहरमैला सङ्कलन; पुनः उपयोग, प्रशोधन, विसर्जन र नियमन लगायत अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यस बमोजिम नगरपालिकाले स्थानीय स्वास्थ्य तथा सरसफाई संग सम्वन्धित ऐन, खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि, स्वास्थ्य तथा सरसफाई नीति, फोहोरमैला व्यवस्थापन समिति तथा ल्याण्डफिल साइट सञ्चालन कार्यविधि, प्राकृतिक स्रोत तथा वातावरण व्यवस्थापन र नगरपालिकामा सञ्चालन हुने विकास कार्य सञ्चालनमा कानुनअनुसार वातावरणीय अध्ययन र व्यवस्थापन योजनाको नियमनका लागि संक्षिप्त तथा प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन भइरहेको छ।

### ७.२.२ विद्यमान अवस्था

नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि स्थानीय साझेदारसँग सम्झौता गरी फोहोर व्यवस्थापनको प्रयास अघि सारेको छ। हरेक वडा तहमा फोहोरमैला व्यवस्थापन तथा सरसफाई अभियान सञ्चालन भईरहेको छ। विकास निर्माण कार्यमा हरित प्रविधि र वातावरणमैत्री विकासलाई प्रोत्साहन गर्ने नीति अबलम्बन गरेको छ। नगरपालिकाले फोहोर संकलनका लागि ट्याक्टर व्यवस्थापन तथा कर्मचारी र जनप्रतिनिधी परिचालन गरी बजार क्षेत्र सरसफाई अभियान सञ्चालन गर्दै आएको छ।

फोहोरमैलाको दीगो व्यवस्थापन कार्यलाई नगर गौरवको योजनाका रुपमा निजी क्षेत्रसँगको साझेदारीमा अगाडि बढाइएको छ। नगरवासीको पहुँच हुने गरी वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सूचनामूलक कार्यक्रमहरु सञ्चालन तथा प्रसारण गरिएको छ।

### ७.२.३ सवाल तथा चुनौती

नगरपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी संरचनाको ढिलो सुरुवात हुनु तथा कर्मचारी/मानवीय श्रोतको कमी हुनु, वातावरण तथा फोहोरमैला व्यवस्थापनमा विकास साझेदारमा निर्भर हुनु, फोहोरमैला व्यवस्थापन बजार क्षेत्रभन्दा बाहिर विस्तार एवम् नियमित कार्यका रूपमा सञ्चालन गर्न नसक्नु, बजार क्षेत्र तथा सार्वजिनक क्षेत्रमा सार्वजनिक शौचालयको कमी हुनु, फोहोर जलाउने समस्या निराकरण हुन नसक्नु, बजार क्षेत्रबाट सङ्कलन गरिएका फोहोरमैला उत्सर्जन व्यवस्थित रूपमा विसर्जन नहुनु तथा खोलानामा विसर्जन हुनु, हानिकारक, अस्पतालबाट निस्केका (मेडिकल वेस्ट) र प्लास्टिकजन्य फोहर विसर्जनको उचित व्यवस्थापन गर्न नसक्नु आदि सवाल रहेका छन्। फोहोरमैला तथा अन्य वस्तु जलाउनु, वन क्षेत्रमा हुने डढेलो र परम्परागगत उर्जाको प्रयोग तथा पुराना सवारी साधनको प्रयोगको कारण हरितगृह ग्यास उत्सर्जन तथा वायु प्रदूषण बढ्नु; पानीको मुहान तथा नदीनाला जल प्रदूषण बढ्नु; रासायनिक मल तथा विषादीको कारण माटो प्रदूषणको वृद्धि र उत्पादनमा ह्रास आउनु  तथा जलवायु परिवर्तनको नकारात्मक प्रभाव बढ्दै जानु सवालका रूपमा रहेका छन्। जल, वायु, माटो प्रदूषणको नियन्त्रण र रोकथाम गर्नु, पूर्वाधार विकास र प्राकृतिक वातावरण बीच सन्तुलन कायम गर्नु; घरेलु, व्यावसायिक र अस्पतालजन्य फोहोरमैला वैज्ञानिक व्यवस्थापन गर्नु र फोहोर लगायत कृषि कार्यका अवषेश तथा खेरजाने सामान जलाउनु र इन्धनको रूपमा चुनौती रहेका छन्।

### ७.२.४ संभावना तथा अवसर

फोहोरमैला वर्गीकरण, संकलन, भण्डारण, पुन:प्रयोग, प्रशोधन तथा विसर्जन लगायत प्रक्रियाद्धारा वैज्ञानिक रूपमा फोहोरमैला व्यवस्थापन गर्ने; वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनमा सरकार, समुदाय, निजी क्षेत्र, विकास साझेदार र नागरिक समाजको सहकार्य र साझेदारी गर्ने; गैरसरकारी तथा सामुदायिक संस्थासँग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोगजस्ता विधि अवलम्बन गरी फोहोरमैलाको स्रोतमै न्यूनीकरण तथा व्यवस्थापन गरी परशुराम नगरपालिका क्षेत्रलाई सुन्दर बनाउने, स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवम् खुल्ला क्षेत्रमा फलफूल तथा वृक्षारोपण गरी हरियाली पार्क निर्माण गर्ने; वातावरण सरसफाइ समूह/समिति परिचालन गरी प्रदूषण नियन्त्रण, वातावरण संरक्षण तथा स्वच्छता कायम गर्ने सम्भावना रहेको छ।

### ७.२.५ सोच

“सन्तुलित, सफा, स्वच्छ वातावारण र हरियालीयुक्त परशुराम नगर”

### ७.२.६ लक्ष्य

फोहोरमैला व्यवस्थापन, प्रदूषण नियन्त्रण र वातावरणीय स्वच्छता कायम गर्ने।

### ७.२.७ उद्देश्य

१. जल, वायु, माटो प्रदूषणको नियन्त्रण र रोकथाम गर्नु,

२. पूर्वाधार विकास र प्राकृतिक वातावरण बीच सन्तुलन कायम गर्नु,

३. घरेलु, व्यावसायिक र अस्पतालजन्य फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्नु,

### ७.२.८ रणनीति

१. **जल, वायु, माटो लगायतका प्रदुषणको नियन्त्रण, रोकथाम तथा नियमन गर्नेः** प्लाष्टिकजन्य तथा अन्य फोहोरमैला जथाभावी जलाउने र वन डढेलो जस्ता वायु प्रदूषण बढाउने कार्यको अनुगमन तथा नियमन गरी नियन्त्रण गरिनेछ। जल र जमिनको स्वच्छता कायम गर्न विषादी प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारिक उत्पादनको प्रवर्द्धन गरिने छ। नदी, खोलानाला सरसफाई र पानी मुहान संरक्षणलाई अभियानको रूपमा सञ्चालन गरिने छ।

२. **पुर्वाधार निर्माण र वातावरणीय सन्तुलन कायम गर्न वातावरणीय अध्ययन तथा नियमन गर्नेः** विकास निर्माण र वातावरण बीच सन्तुलन कायम गर्न कानुनी व्यवस्थाको परिपालना तथा वातावरणमैत्री संरचना निर्माण तथा सञ्चालन सम्बन्धी अध्ययन अनुसन्धान तथा क्षमता अभिवृद्धि गरिनेछ। वातावरणीय प्रदूषण नियन्त्रणलाई सरकार तथा नागरिकको दायित्वको रूपमा आत्मसात गर्दै वातावरण संरक्षण र फोहोरमैलाको समुचित व्यवस्थापनलाई नगरपालिकाको नीति, योजना तथा कार्यक्रममा प्राथमिकतासाथ समावेश गरी कार्यान्वयन गरिने छ। प्राकृतिक स्रोत, जैविक विविधता र पारिस्थितिकीय प्रणालीलाई बचाउन र उत्थानशीलता हासिल गर्न वातावरण संरक्षण तथा फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गरिने छ।

३. **घरेलु, व्यावसायिक र अस्पतालजन्य फोहोरमैला व्यवस्थापनमा वैज्ञानिक तथा नविनतम प्रविधिको प्रयोग गर्नेः** फोहोरमैला व्यवस्थापनका लागि सरकारी, समुदाय, नीजि तथा समुदाय क्षेत्र सँग साझेदारी गरिनेछ। बजार केन्द्र तथा नगरघरमा उत्पादन हुने फोहोरलाई स्रोतमा नै कम उत्पादन गर्ने, स्रोतमा कुहिने र नकुहिने फोहोरको वर्गीकरण गर्न समुदायस्तरमा तीन आरः घटाउने, पुनःप्रयोग गर्ने र प्रशोधन गर्ने लगायतका जनचेतना र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। वातावरण शिक्षा तथा सचेतना वृद्धिका लागि समुदाय, सामुदायिक संघ/संस्था एवं विद्यालय परिचालन गरिनेछ।

४. **वातावरण संरक्षणलाई अन्तरसम्बन्धित विषयको रूपमा विषय क्षेत्रगत योजना, कार्यक्रम तथा आयोजनामा समावेश गरी मूलप्रवाहीकरण गर्नेः** वातावरण संरक्षणलाई अन्तरसम्बन्धित विषयको रूपमा मूलप्रवाहीकरण गर्न नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ। वातावरण तथा फोहोरमैला व्यवस्थापनलाई विषय क्षेत्रगत नीति, कानुन, मापदण्ड, योजना, कार्यक्रम तथा आयोजनामा समावेश गर्न संरचनागत सुधार र पदाधिकारी, कर्मचारी, समुदाय र सरोकारवालाको क्षमता विकास गरिनेछ।

### ७.२.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| १२१ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | ५ | **१३४३१** |
| १२२ | प्लाष्टिक मुक्त नगर कार्यक्रम | ५ | ६१०५ |
| १२३ | परशुराम वास नमुना वस्ती परियोजना | ५ | **२७४७३** |
| १२४ | सार्वजनिक शौचालय निर्माण कार्यक्रम | १० | **१२२१०** |
| १२५ | फोहोरमैला व्यवस्थापन तथा श्रोत केन्द्र व्यवस्थापन कार्यक्रम | ५ | **१५२६३** |
| | **जम्मा** | **३०** | **७४४८२** |

### ७.२.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| घोषणा वातावरणीयमैत्री टोल | संख्या | ० | २ | ५ | ९ |
| पूर्ण स्वच्छता र सरसफाइ कार्यान्वयन गर्ने बस्ती तथा टोल | संख्या | ० | १५ | २० | २८ |
| सफा चर्पीको प्रयोग गर्ने परिवार | प्रतिशत | ८० | ८० | ८० | ८० |
| स्रोतमै फोहर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने परिवार | संख्या | २५ | २५ | २५ | २५ |
| सार्वजनिक शौचालय | संख्या | ६ | ६ | ६ | ६ |
| विसर्जन हुने फोहोरमैलामा कुहिने फाहोरको अंश | प्रतिशत | ७० | ७० | ७० | ७० |
| ल्याण्डफिल साइट तथा प्रशोधन केन्द्रबाट वातावरणमैत्री रूपमा व्यवस्थापन भएको फोहोरमैलाको परिमाण | मे.टन | ० | ० | ० | ० |
| फोहोर प्रशोधन केन्द्रमा व्यवस्थापन भएको कुहिने फाहोरको परिमाण (प्रति दिन) | मे.टन | ० | ० | ० | ० |
| कानुन अनुसार वातावरणीय अध्ययन भइ कार्यान्वयन हुन आयोजनाको वार्षिक | संख्या | ० | ० | ० | ० |

### ७.२.११ अनुमान तथा जोखिम पक्ष

वातावरण तथा फोहोरमैला व्यवस्थापन र प्रदूषण नियन्त्रणमा तहगत सरकार, समुदाय, नागरिक समाज तथा विकास साझेदारबीच समन्वय, सहकार्यमा बढोत्तरी हुनेछ। यससम्बन्धी नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था गरी प्राथमिकताकासाथ सार्वजनिक-निजी-समुदाय-नागरिक समाज साझेदारीमा वातावरण तथा फोहोरमैला व्यवस्थापन र प्रदूषण नियन्त्रण कार्यक्रम र गतिविधि सञ्चालन हुनेछन। सो हुन नसके अपेक्षित नतिजा हासिल नहुन सक्ने जोखिम रहेको छ।

## ७.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.३.१ पृष्ठभूमि

नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन र स्थानीय सरकार सञ्चालन ऐन लगायत प्रचलित कानुनले स्थानीय सरकारलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी स्थानीय निति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन; विपद् पूर्व तयारी तथा प्रतिकार्य; पूर्व सूचना प्रणाली, खोज, उद्धार तथा राहत; तटबन्ध, नदी र पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन; विपद् जोखिम क्षेत्र नक्साङ्कन तथा बस्ती पहिचान र स्थानान्तरण; विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन, विपद् पश्चातको पुनर्स्थापना र पुनर्निर्माण तथा स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन तथा अनुसन्धान एवम् स्थानीय आपतकालीन कार्य सञ्चालन र समुदायमा आधारित विपद् व्यवस्थापनका लागि मुख्य जिम्मेवार बनाएको छ। उपरोक्त संवैधानिक तथा कानुन व्यवस्था कार्यान्वयन गर्न नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

नगरपालिका क्षेत्रमा मानव जनजीवनलाई असर गर्ने मुख्य प्रकोपमा भूकम्प, पहिरो, मानव वन्यजन्तु द्वन्द, चट्याङ, हावाहुरी, खडेरी, आगलागी र महामारी रहेका छन्। यस प्रकारका प्रकोप र यसबाट सिर्जना हुन सक्ने विपद् जोखिम

न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यका लागि स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा रहेको छ।

### ७.३.२ विद्यमान अवस्था

यस नगरपालिकामा प्राकृतिक प्रकोप मध्ये अविरल बर्षाका कारण सवै भन्दा बढी क्षति पुग्ने गरेको अवस्था छ। नगरपालिकाले वातावरण संरक्षण, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै चरणहरुमा समावेशी अवधारणा अनुरुप महिला बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, आर्थिक सामाजिक रुपमा पछाडि परेको समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी संलग्नता सुनिश्चित गर्ने नीति लिएको छ। नगरक्षेत्र भित्र बाढी, पहिरो, खडेरी, चट्याङ्ग, हावाहुरी, शितलहर, आगलागी, महामारी लगायतलाई समेटेर विगतको घटना र पूर्वानुमानको आधारमा “स्थानीय विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना” निर्माण गरी लागु गरेको छ। विपद् व्यवस्थापन कोषलाई उद्देश्यमूलक, यथार्थपरक तथा मितव्ययी तवरले खर्च गर्न कार्यविधि तथा मापदण्डहरुलाई थप प्रभावकारी बनाई लागु गरिएको छ ।

नगरपालिकाले विपद्का घटनाबाट प्रभावित परिवारका लागि राहत तथा आर्थिक सहायता सम्वन्धी विपद् व्यवस्थापन तथा आर्थिक सहायता कोष सन्चालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। नगरपालिकाबाट विभिन्न सम्भावित जोखिम क्षेत्रमा तटवन्ध गरी बस्ती तथा कृषियोग्य जमिन संरक्षण कार्य गर्दै आएको छ।

### ७.३.३ सवाल तथा चुनौती

स्थानीयस्तरमा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन, विपद जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ सम्बन्धी संरचनागत व्यवस्था र उत्थानशील क्षमतामा कमी हुनु; विपद् पूर्व तयारी तथा प्रतिकार्य सामग्री, औजार तथा उपकरणको कमी हुनु; दमकलको सुविधा सहज नहुनु; विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी तथ्याङ्क उपलब्ध तथा अद्यावधिक नहुनु एवम् नीति, कानुन, कार्यविधि, मापदण्ड, योजना र कार्यक्रममा कमी हुनु यससम्बन्धी मुख्य सवाल हुन्। विपद् तथा जलवायु उत्थानशील नीति, योजना तथा कार्यक्रम तर्जुमा र प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी सचेतना क्षमता वृद्धि र उत्थानशील पूर्वाधार निर्माण गर्नु, स्थानीय विपद् उत्थानशील तथा जलवायु अनुकूलन कार्ययोजना कार्यान्वयन गर्नु, जलवायु अनुकुलन सम्बन्धी सचेतना अभिवृद्धि गर्नु, जलवायु परिवर्तन अनुकूलन संरचना निर्माण गर्नु, नगरपालिकामा विपद् पूर्वानुमान, पूर्व सूचना तथा चेतावनी प्रणाली विकास गरी निरन्तर कार्यान्वयन गर्नु तथा त्यसका लागि आर्थिक श्रोतको व्यवस्थापन गर्नु आदि चुनौती रहेका छन्।

### ७.३.४ संभावना तथा अवसर

नगरपालिकाले जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत तथा कानुनी व्यवस्था र कार्यक्रम सकारात्मक रहेका छन्। नागरिक स्तरमा विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी ज्ञान, सचेतना र धारणामा अभिवृद्धि भएको छ। नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा पर्नसक्ने प्रभाव न्यूनीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी तथा आर्थिक विकासको सम्भावना रहेको छ। जलवायुको असर न्यूनीकरण तथा विपद् पूर्वतयारी लागि मोबाइल एसएमएस, ए.आइ. तथा सूचना प्रविधि मार्फत सूचना प्रवाह, जलवायु तथा विपद् जोखिम तथा सङ्कटाभिमुखता अध्यन तथा विश्लेषण, सुरक्षित आश्रयस्थल तथा बस्ती पहिचान र विकास गरी विपद् न्यूनीकरण तथा उत्थाशीलता हासिल गर्न सकिने सम्भावना रहेको छ। यसकासाथै नगरपालिकाले आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना गरि संघ, प्रदेश तथा स्थानीय

स्तरमा विस्तार भैरहेका आपतकालीन कार्यसंचालन केन्द्रसँगको सूचना संजालमा आवद्ध भई विपद् पोर्टल तथा अन्य उपलब्धिहरु मार्फत जोखिम न्यूनीकरण तथा द्रुत प्रतिकार्यका लागि पूर्वतयारी गर्ने सम्भावना पनि रहेको छ।

### ७.३.५ सोच

"विपद् तथा जलवायू उत्थानशिल परशुराम नगर"

### ७.३.६ लक्ष्य

विपद् तथा जलवायू परिवर्तनबाट हुने क्षति कम गर्ने र उत्थानशीलता अभिवृद्धि गर्ने।

### ७.३.७ उद्देश्य

१. विपद् तथा जलवायु परिवर्तनबाट हुने असर तथा क्षति न्यूनीकरण गर्नु,

२. विपद् पूर्वानुमान, जोखिम नक्साङ्कन, पुर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशील क्षमता अभिवृद्धि गर्नु,

३. जलवायू परिवर्तन असर न्यूनीकरण तथा अनुकुलन क्षमता अभिवृद्धि गर्नु,

४. जलवायु परिवर्तन र विपद् व्यवस्थापनमा सार्वजनिक, नीजि क्षेत्र तथा समुदायको सहभागिता वृद्धि गर्नु।

### ७.३.८ रूपान्तरणकारी रणनीति

१. **जलवायु परिवर्तन र विपद् व्यवस्थापनका लागि आवश्यक नीतिगत र संस्थागत संरचना निर्माण सुधार एवम् क्षमता अभिवृद्धि गर्नेः** जल, जङ्गल, जडिबुटी तथा जमिन लगायतका प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थावन नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था गरी नियमन गरिनेछ। जलवायु तथा विपद् उत्थानशील समुदायको निर्माणको लागि प्रदेश सरकार, गैर सरकारी संस्था र विकास साझेदारसँगको समन्वय र सहकार्यमा समुदाय तथा नगरपालिकामा जलवायु परिवर्तन अनुकूलन कार्ययोजना (लापा) एवं विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा र प्रभावकारी कार्यान्वयन गरिने छ। जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका लागि परम्परागत र रैथाने ज्ञान, सिप र प्रविधिको उपयोग गर्ने सम्वन्धमा समुदायमा सिप हस्तान्तरण र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२. **विषय क्षेत्र योजना तथा कार्यक्रममा विपद् र जलवायुलाई मुलप्रवाहीकरण गर्नेः** विकास कार्यक्रम तथा आयोजना पहिचान, छनौट, निर्माण तथा सञ्चालनका सबै चरणमा जलवायु उत्थानशीलता तथा विपद् जोखिम व्यवस्थापनका सबै विषयलाई मूलप्रवाहीकरण गरिनेछ। विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी नीति तथा कार्यक्रमलाई आवधिक तथा विषय क्षेत्र योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक कार्यक्रम तथा बजेटमा नियमित कार्यक्रमका रूपमा समावेश गरी सञ्चालन गरिनेछ। जलवायु तथा विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताका लागि अवलम्बन गरिएका नीति, योजना तथा कार्यक्रमको आवधिक रूपमा प्रभावकारिता मूल्याङ्कन गरिने छ। नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण तथा भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन, नियमन गरिने छ। विपद्, महामारी, जलवायु विषमता जस्ता कारणबाट हुने क्षतिको जोखिम घटाउन स्वास्थ्य, जीवन, घरसम्पत्ती, उद्योग तथा व्यवसाय, बालीनाली र पशुपन्छी बिमाको व्यवस्था गरिने छ। यस सम्बन्धी सवालमा बिमाको प्रवर्द्धनका लागि बिमा कम्पनीसँग समन्वय, सहजीकरण र प्रोत्साहन गरिने छ।

३. **पूर्वतयारी प्रतिकार्य र पुनर्लाभ सम्बन्धी क्षमता विकास र श्रोत साधनको व्यवस्था गर्नेः** विद्यालय, सामुदायिक अध्ययन केन्द्र र समुदायमा आधारित संस्थामार्फत नगरपालिकाबासीमा ज्ञान, सिप, सचेतना र सजगता वृद्धि गरी सुरक्षित र जलवायु उत्थानशील संस्कारको विकास गरिने छ। नगरपालिकामा जलवायु जोखिम विश्लेषण, कार्वन तटस्थता तथा जलवायु परिवर्तन न्यूनीकरण, जलवायुजन्य विपद्को पूर्वतयारी तथा अनुकुलन सम्बन्धमा क्षमता अभिवृद्धि गरिने छ। समुदायमा जलवायुमैत्री स्रोतको प्रयोगलाई प्रोत्साहन गर्दै नवीकरणीय

ऊर्जा र प्राङ्गारिक कृषि अभ्यासको प्रवर्द्धन गर्न तहगत सरकार, गैरसरकारी संस्था, निजी क्षेत्र र समुदायसँग समन्वय र सहकार्य गरिने छ। रैथाने तथा स्थानीय ज्ञान तथा प्रकृतिमा आधारित समाधानको अभ्यास गर्ने व्यक्ति, समूह तथा संस्थानलाई प्रोत्साहित गर्ने परिपाटी विकास गरिनेछ। विपद प्रतिकार्य क्षमता विकास विकासका लागि हेली प्याड निर्माण, आपतकालीन कार्य संचालन केन्द्र स्थापना र सञ्चालन, स्वयंसेवकको दस्तावेजी तथा प्रशिक्षण, आपतकालीन आश्रयस्थल स्थापना तथा संचालन गरिने छ। तहगत सरकारबीच सहकार्य तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको प्राविधिक सहयोगमा पूर्व सूचना प्रणालीको विकास, खोज-उद्धार सामग्रीको भण्डारण तथा प्रतिकार्यको लागि सिप विकास गरिने छ।

४. **जलवायु परिवर्तन तथा अनुकुलन सम्बन्धी अध्ययन अनुसन्धान तथा क्षमता अभिवृद्धि गर्नेः** गैर सरकारी तथा समुदायमा आधारित संस्थासँग सहकार्य तथा साझेदारी गरी स्थानीय समुदायमा प्राकृतिक स्रोतको महत्त्व, संरक्षणका र दिगो उपयोगका बारेमा नागरिक शिक्षा र सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ। हरियाली प्रवर्द्धनमा विश्वमा नै उदाहरणीय मानिएको सामुदायिक वनको अवधारणालाई अन्य क्षेत्रमा पनि अनुकरण गरी समुदायलाई स्थानीय स्रोतको संरक्षणमा संलग्न गराई उनीहरूको स्वामित्व र जिम्मेवारीको भावना बढाउने व्यवस्था मिलाइनेछ।

५. **जलवायु उत्थानशील उत्पादन तथा हरित उद्यम प्रवर्द्धन गर्नेः** नगरपालिकामा कृषि, पशुपालन, वन, पर्यटन तथा उद्योग व्यवसाय लगायत उत्पादनशील क्षेत्रमा जलवायु जोखिम अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी विषय क्षेत्र अनुसार उत्थानशील कार्यक्रम पहिचान तथा कार्यान्वयन गरिने छ। हाइटेक तथा संरक्षित कृषि, खडेरी तथा बाढी सहने बीउवीजनको प्रयोग, रैथाने बालीको संरक्षण, वैकल्पिक सिँचाइ प्रविधि र सिंचाइ सुविधा वृद्धि, रिजार्ज पोखरी प्राङ्गारिक कृषि, जैविक मल र विषादी र नवीन प्रविधिको माध्यमबाट कृषि क्षेत्रलाई थप जलवायुस्फूर्त बनाउँदै लगिने छ। कृषि तथा पशु बिमा प्रवर्द्धन र विस्तार गरी कृषक तथा व्यवसायीलाई आइ पर्ने सम्भाव्य जोखिम न्यूनीकरण गरिने छ। तहगत सरकारको समन्वयमा सूचना प्रविधि प्रणाली तथा औजारको प्रयोग तथा प्रवर्द्धन गरी जल तथा मौसम पूर्वानुमानसम्बन्धी सूचनामा नगरपालिकाबासीको पहुँच वृद्धि तथा जोखिम न्यूनीकरण गरिने छ। कृषि, पर्यटन, उद्योग तथा यातायातलाई विद्युत तथा नवीकरणीय ऊर्जामा आधारित गराउँदै उत्सर्जनमा न्यूनीकरण गरिने छ।

### ७.३.९ आयोजना कार्यक्रम

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| १२६ | विपद जोखिम प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन | १ | **१२००** |
| १२७ | विपद एवम् प्रकोप व्यवस्थापन कोष - उद्धार राहत तथा पुनस्थापना | ५ | **३०५२६** |
| १२८ | आपतकालीन कार्य सञ्चालन केन्द्र मार्फत विपद् पूर्वतयारी, प्रतिकार्य र पूर्नलाभका कार्यक्रम | ५ | **९१५८** |
| १२९ | रंगुन, शिर्ष, पुन्तुरा र महाकाली नदी क्षेत्रमा तटवन्ध निर्माण | १ | ४५७८८ |
| १३० | खहरे खोला नियन्त्रण र चुरे संरक्षण कार्यक्रम | १ | **१५२६३** |
| १३१ | विपद्संग सम्बन्धी तथ्याङ्क तथा अभिलेख व्यवस्थापन | ५ | **३१००** |
| | **जम्मा** | | **१०५०३४** |

### ७.३.१० अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| विपदबाट वार्षिक रूपमा हुने मानवीय क्षति | संख्या | ० | ० | ० | ० |
| वार्षिक विपदबाट प्रभावित हुने घरपरिवार | संख्या | १५०० | १३५० | १०९४ | ८८६ |
| विपदबाट हुने वार्षिक क्षति | रू. हजार | ३५००० | १७५०० | ४३७५ | १०९४ |
| विपद् व्यवस्थापन कोषको वार्षिक रकम | रू. हजार | २००० | २००० | २००० | २००० |
| विपद जोखिम न्यूनीकरण, व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकलन कार्यक्रम वार्षिक बजेटको अंश | प्रतिशत | १ | १ | १ | १ |
| विपद जोखिम न्यूनीकरण, व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकलन सँग सम्बिन्धिका आयोजना र कार्य | संख्या | २ | ५ | १५ | २५ |

### ७.३.११ अनुमान तथा जोखिम पक्ष

नगरपालिकाले विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तयार गर्ने र उपयुक्त प्रविधि, स्रोत साधन परिचालन गरी विपद् जोखिम न्यूनीकरणको लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ। मानवीय कारणले हुने विपद् बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने जोखिम रहेकोछ। भूकम्प, भूक्षय, कटान, पहिरो तथा आगलागी लगायत प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद् पर्न सक्ने जोखिम रहन्छ।

# परिच्छेद ८ : सक्षम प्रणाली तथा सुशासन




## ८.१ नीति, कानुन, न्याय तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

संघीय व्यवस्था अनुसार स्थानीय सरकारलाई जनताको नजिकको सरकारको रूपमा स्थापित गरिएकोछ। २०७४ सालमा लामो समयदेखि जनप्रतिनिधि विहीन भएपश्चात् निर्वाचित स्थानीय सरकारसँग नागरिकले ठूलो अपेक्षा राखेका छन्। स्थानीय तहले जनप्रतिनिधिहरुको न्याय सम्पादनसँग सम्वन्धित तालिम, कानुनी शिक्षा सचेतना, स्थानीय मेलमिलाप तथा स्थानीय तहको कानून निर्माण क्षेत्रको जिम्मेवारीलाई विधिसम्मत प्रक्रियाबाट जनअपेक्षाअनुसार कुशल, पारदर्शी र जवाफदेही ढङ्गले सम्पादन गर्नु पर्दछ।

स्थानीय तहले आफ्नो कार्य व्यवस्थापन गर्न कानून, नीति, निर्देशिका, कार्यविधिहरु तयार गरी लागू गर्नु पर्दछ। नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहले आवश्यक कानूनी प्रावधान तर्जुमा गर्न सक्ने अधिकार सुनिश्चित गरेको छ। स्थानीय तहले यसरी नीति, योजना तथा कार्यक्रम तय गर्दा नागरिक सहभागिता सुनिश्चित गर्नुपर्दछ । साथै सेवा प्रवाहमा पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्नुपर्दछ।

### ८.१.२ विद्यमान अवस्था

नगरपालिकाले आफ्नो कार्य व्यवस्थापन गर्न कानून नीति निर्देशिका कार्यविधिहरु निर्माण गरेको छ। परशुराम नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि २०७४ बमोजिम निर्माण गरिएका कानुनी दस्तावेजहरुलाई स्थानीय राजपत्रमा प्रकाशन गरि कार्यान्वयनमा ल्याईएको छ। नगरपालिकामा न्यायिक निरुपण र मेलमिलापका लागि न्यायिक शाखा स्थापना गरिएको छ। व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण संकलन आदि कार्य विद्युतीय प्रकृयाबाट "एप्स" हरू प्रयोग गरी सम्पादन गरी आएको छ। नगरपालिकाले सेवाग्राहीको गुनासो सुनुवाइका लागि गुनासो पेटिकाको व्यवस्था गरेको छ। नगरपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई कार्यान्वयनमा ल्याई चुस्त, व्यवस्थित र पारदर्शी सेवा प्रदान गर्दै आएकोछ।

नगरपालिकाले अफ्नो सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, छिटो छरीतो तथा जनमुखी सेवा प्रवाह गर्न प्रदान गर्न ऐन, कार्यविधि तथा निर्देशिका र नीति तयार गरी कार्यान्वयनमा ल्याएको छ। पारित भएका कानुनहरुलाई नगरपालिकाको वेवसाईटमा सार्वजनिक गरिएको छ।

### ८.१.३ मुख्य सवाल तथा चुनौती

नगरपालिकाका लागि आवश्यक कानुन निर्माणमा दक्षतामा कमी रहेको छ। कानुन तर्जुमा प्रक्रिया तथा कार्यान्वयन प्राथमिकतामा पर्न सकेको छैन। बाल विवाह घरेलु हिंसा जस्ता घटना नगरघरमा मेलमिलाप हुने र प्रहरी र न्यायिक समितिमा त्यस्ता घटना नआउने अवस्थ अहिले पनि विद्यमान रहेको छ। नगरपालिकामा डेडिकेटेड कानुनी जानकार वा कानुन अधिकृतको कमि रहेको छ। नीति कानुन न्यायिक सेवालाई विद्युतिय सेवामा जोड्न सकिएको छैन। नगरपालिका पदाधिकारी तथा समितिहरुको कार्य जिम्मेवारीमा स्पष्टता गर्न तथा नागरिक वडा पत्र लगायत सार्वजनिक सुनुवाई सामाजिक परीक्षण तथा सार्वजनिक परिक्षणलाई प्रभावकारी बनाउन सकिएको छैन। नगरपालिकामा तर्जुमा भएका नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयनका साथै नगरपालिका तथा वडा कार्यालयहरूले मासिक रुपमा खर्चको विवरण सार्वजनिक गर्न नसकेको अवस्था छ। मेलमिलाप केन्द्र तथा मेलमिलापकर्ता तयार नहुनु, समिति तथा संस्थागत जिम्मेवारी बाँडफाँड व्यवस्थित गर्न नसक्नु, समय सापेक्ष नागरिक बडापत्र अद्यावधिक हुन नसक्नु, कर्मचारी तथा पदाधिकारीको आचारसिंहता पूर्ण रुपमा कार्यान्वयनमा आउन कठिनाई हुनु आदि समस्या चुनौति रहेका छन्।

### ८.१.४ संभावना तथा अवसर

नगरपालिकाले आफ्नो कार्य व्यवस्थापन गर्न कानून नीति निर्देशिका कार्यविधिहरु निर्माण गर्न सकिने प्रावधान रहेको छ। स्थानीय तहको  नीति, कानून, न्याय र सुशासन प्रवर्द्धनमा स्थानीय तह आफ्नै पहलमा विभिन्न क्षेत्रमा सुधार गर्न सकिने सम्भावनाहरु रहेका छन्।

नगरपालिकाका विगतका राम्रा अभ्यासहरु, छिमेकी स्थानीय तहहरु तथा अन्य निकायले गरेका अध्ययन तथा सिकाईलाई नगरपालिकाको अवसरको रुपमा लिन सकिन्छ। नगरपालिका आफै तथा संघीय सरकार तथा मातहतका मन्त्रालयहरु, प्रदेश सरकार तथा मातहतका मन्त्रालय, विभागहरु, राष्ट्रिय अन्तराष्ट्रिय संघसंस्थाहरुबाट कार्यक्रम तथा सहयोग सहजिकरणलाई अवसरको रुपमा लिइएको छ।

### ८.१.५ सोच

सुशासनयुक्त स्थानीय सरकार: समृद्ध परशुरामको आधार

### ८.१.६ लक्ष्य

नीति निर्माण तथा सुशासन प्रवर्द्धनमा अर्थपूर्ण सहभागिता बृद्धि तथा जवाफदेहिता कायम गर्ने

### ८.१.७ उद्देश्य

१. नीति तथा योजना प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धि गर्नु ।

२. स्थानीय सेवा प्रवाहलाई जवाफदेही र उत्तरदायी बनाउनु ।

३. नगरपालिकाको कार्यप्रणालीमा पारदर्शीता सुनिश्चित गर्नु ।

### ८.१.८ रुपान्तरणकारी रणनीति

**१. नीति निर्माण प्रकृयामा सहभागिता वृद्धि गर्ने;** नीति निर्माण प्रकृयामा नागरिक सहभागिता अभिवृद्धि गरिनेछ। प्रस्तावित नीतिहरु स्वीकृत गर्नु अघि सार्वजनिक रुपमा सुझाव संकलन आह्वान गरिनेछ। सेवा प्रवाह र

सुशासनसम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ। सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ। सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ।

२. **सार्वजनिक जवाफदेहिताका औजारहरुको नियमित रुपमा उपयोग गर्ने;** नगरपालिका स्तरमा बार्षिक रुपमा सामाजिक परीक्षण, हरेक चौमासिकमा सार्वजनिक सुनुवाई तथा हरेक आयोजना कार्यक्रमको अन्त्यमा सार्वजनिक परीक्षण गर्ने कार्य सुनिश्चित गरिनेछ। नगरपालिकाले सूचना पाटी, सन्तुष्टि सर्वेक्षणहरु लिई सेवा प्रवाहमा सुधार ल्याउने व्यवस्था मिलाइनेछ। सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनुगमन प्रणाली सुदृढ गराइनेछ। सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ । सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ।

३. **सूचना तथा गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउने;** नगरपालिकाले वेवपेज, फेसवुक तथा मोवाइल एप्लिकेसन, सुझाव पेटिका तथा गुनासो सुन्ने अधिकारी मार्फत नियमित सल्लाह सुझाव तथा गुनासो संकलन गर्ने तथा त्यसको कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। वेवसाईट मार्फत योजना नीति, कार्यक्रम, बजेट तथा आयव्ययको विवरण नियमित रुपमा सार्वजनिक गरिनेछ। सार्वजनिक खरिद नियमावली अनुसार वार्षिक खरिद योजना तयार गरी खरिद प्रक्रिया कार्यान्वयन गरिनेछ।

### ८.१.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| १३२ | बैठक/सभा व्यवस्थापन | ५ | **१२२१०** |
| १३३ | ऐन ,कानून, कार्यविधि तर्जुमा तथा आवधिक संसोधन परिमार्जन | ५ | **६१०५** |
| १३४ | कानूनी सचेतना अभिवृद्धि | ५ | **१८३२** |
| १३५ | पदाधिकारी कर्मचारी कानुनी तथा कार्यविधि क्षमता विकास कार्यक्रम | ५ | **३०५३** |
| १३६ | न्यायिक इजलास कार्यान्वयन | ५ | **४८८४** |
| १३७ | मेलमिलाप केन्द्र गठन, परिचालन तथा मेलमिलापकर्ता क्षमता विकास कार्यक्रम | ५ | **८५४७** |
| १३८ | विपन्न नागरिकहरुलाई निशुल्क कानुनी सेवा प्रदान कार्यक्रम | ५ | **६१०५** |
| १३९ | न्यायिक समिति सम्मेलन तथा सिकाई आदान प्रदान कार्यक्रम | ५ | **९१५८** |
| १४० | सामाजिक परीक्षण सार्वजनिक सुनुवाई सार्वजनिक परीक्षण कार्यक्रम | ५ | **९१५८** |
| | **जम्मा** | **४५** | **६१०५१** |

### ८.१.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| नीति, कानून, निर्णय र सेवा प्रवाह सन्तुष्ट सेवाग्राही | प्रतिशत | ० | ७५ | ९० | ९५ |
| स्वीकृत नीति, कानून र कार्यविधि तथा मापदण्ड | संख्या | ४७ | ५० | ५३ | ५६ |
| १. नीति | विषय | ४ | ४ | ५ | ५ |
| २. ऐन | विषय | १४ | १५ | १६ | १७ |
| ३. नियम तथा विनियम | विषय | ६ | ६ | ७ | ७ |

| सूचक | एकाई | ८०/८१ सम्मको उप लब्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | २३ | २४ | २६ | २७ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | १४ | १४ | १६ | १७ |

### ८.१.११ अनुमान तथा जोखिम पक्ष

स्थानीय नीति र कानून तर्जुमा तथा आवश्यक परिमार्जन भई कार्यान्वयन हुन सक्छ। न्यायिक समिति तथा मेलमिलाप केन्द्रको माध्यमबाट साना विवादहरु सजिलै छोटो समयमा कम खर्चिलो तरिकाबाट समाधान हुन सक्ने हुन्छ। दक्ष जनशक्तिको कमिका कारण तर्जुमा गरिएका नीति कानूनको प्रभावकारी कार्यान्वयन नहुने हुन सक्छ। न्यायिक समितिको कार्यबोझ र विवादको जटिलताको कारण समयमा मेलमिलाप वा निरुपणबाट विवाद समाधान नहुने जोखिम रहन सक्छ।

## ८.२ संगठन, मानव संसाधन तथा सेवा प्रवाह

### ८.२.१ पृष्ठभूमि

स्थानीय तहले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतमा व्यवस्था गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाई विधिसम्मत प्रक्रियाबाट जनअपेक्षाअनुसार कुशल, पारदर्शी  र जवाफदेही ढङ्गले सम्पादन गर्नु पर्दछ। बदलिँदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएकोछ। यसरी चुलिएको जनआकांक्षालाई सम्बोधन गर्नको लागि सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरूरीछ। दिगो विकास लक्ष्यले संगठन, मानव संसाधन तथा सेवा प्रवाह क्षेत्रलाई महत्त्व दिएकोछ। दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य –१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) यस क्षेत्रसँग जोडिएको लक्ष्य हो।

### ८.२.२ विद्यमान अवस्था

नगरपालिकाले मुख्य प्रशासनिक कार्यालय परशुराम बजार स्थित कार्यालयबाट र १२ वटै वडा कार्यालयबाट नियमित सेवा प्रवाह गर्दै आएको छ। नगरपालिकाको आफ्नै प्रशासनिक भवन निर्माणका लागि प्रक्रिया अघि बढिरहेको अवस्थामा नगरपालिकाले घर भाडामा लिई सेवा प्रवाहलाई निरन्तरता दिएको छ। नगरपालिकाको कार्यसम्पादनमा सहजताका लागि क्षमता विकास, कम्प्युटर सफ्टवेयर प्रणालीको उपयोग र प्रयोगमा ल्याइएको छ। हाल नगरपालिकाका वडा तथा  विषयगत शाखाहरुमा गरि  १३५ जना कर्मचारीहरु कार्यरत रहेका छन्।

सेवा प्रवाहका लागि आवश्यक आधाभूत नीति, कानून, कार्यविधिहरु स्वीकृत भएका छन् भने सेवा प्रवाहमा सहजीकरणका लागि सूचना प्रविधिमा आधारित पद्धति उपयोगमा ल्याइएको छ। सेवालाई समुदायस्तरमा पुर्‍याउन वार्षिक नीति कार्यक्रम अनुसार स्वास्थ्य शिविर सञ्चालन कडा रोगमा उपचार सहयोग तथा आकस्मिक विरामीका लागि एम्वुलेन्स सेवाको व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह संस्थागत स्वमूल्याङ्कनमा नगरपालिकाले ७८ अङ्क प्राप्त गरेको छ ।

### ८.२.३ मुख्य सवाल तथा चुनौती

क्षमता विकासका अवसर नभएका कारण कर्मचारीहरुमा कार्य जिम्मेवारी अनुसारको सीप दक्षताको कमि रहेको छ। स्विकृत दरवन्दी अनुसार कर्मचारी पदपूर्ति हुन सकेको छैन। नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण हुन नसक्नु तथा कर्मचारीको कार्यसम्पादनका आधारमा प्रोत्साहन सहुलियत तथा पुरस्कारको अभ्यास हुन नसक्नु समस्या रहेका छन्। साथै सवै पद अनुसार कर्मचारीको कार्यजिम्मेवारी बन्न नसक्नु तथा सोही अनुरुप जिम्मेवारी नदिईनु समस्या रहेका छन्।

### ८.२.४ संभावना तथा अवसर

नगरपालिकाले आवश्यक मानविय श्रोतको क्षमता विकासमा लगानी गर्ने सम्भावना रहेको छ। नगरपालिकाको आफ्नै प्रशासनिक भवन रहेको तथा १७ वटै वडा कार्यालयबाट सेवा प्रावह हुदै आएको छ।

नगरपालिकाको कार्यसम्पादनमा सहजताका लागि क्षमता विकास, कम्प्युटर सफ्टवेयर प्रणालीको उपयोग र प्रयोगमा ल्याउन सकिने सम्भावना रहेको छ। नगरपालिकाका पदाधिकारी तथा कर्मचारीको क्षमता विकास तथा सिकाई आदानप्रदानमा संघीय तथा प्रदेश स्तरका निकायबाट तालिम क्षमता विकास तथा सिकाई आदानप्रदान सेवा उपलब्ध गराउने अवसर रहेको छ। नेपाल सरकारक संघीय कार्यक्रम विस्तार भई पदाधिकारी, कर्मचारीको क्षमता विकास हुने तथा सेवा प्रवाहका लागि आवश्यक आधाभूत नीति, कानून, कार्यविधिहरु निर्माण संसोधन गरी कार्यान्वयनमा ल्याउन सकिने अवशर रहेका छन्।

### ८.२.५ सोच

प्रशासनमा व्यवसायिकता : प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता

### ८.२.६ लक्ष्य

सवल सक्षम क्षमतावान एवम् उच्च मनोवल सहितको कर्मचारी संयन्त्र तयार गर्ने।

### ८.२.७ उद्देश्य

१. स्विकृत दरवन्दीको आधारमा कर्मचारीको पदपूर्ति गर्नु
२. कर्मचारीहरुको ज्ञान सीप क्षमता अभिवृद्धि गर्नु
३. कर्मचारीहरुको वृत्ति विकासका लागि बजेट तथा कार्यक्रम सुनिश्चित गर्नु
४. जनप्रतिनिधि र कर्मचारी बीच मैत्रीपूर्ण वातावरण सृजना गर्नु

### ८.२.८ रुपान्तरणकारी रणनीति

१. **कर्मचारीको कार्यवोझ तथा कार्यजिम्मेवारी व्यवस्थापन गर्ने;** नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोहि अनुसारको दरवन्दी अनुसारको पदपूर्ति व्यवस्थापन गरिनेछ। कार्य जिम्मेवारी अनुसारको क्षमता विकासका अवसर प्राप्त भई कार्य सम्पादनमा सुधार ल्याइनेछ।
२. **कर्मचारीको कार्य विवरण तथा कार्यशर्त व्यवस्थापन गर्ने;** कर्मचारीको कार्यजिम्मेवारी अनुसारको कार्यशर्त विवरण तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ। कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ। यसका लागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ।
३. **आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने;** आन्तरिक नियन्त्रण प्रणाली तयार भई सो अनुसार अभिमुखीकरण गरिनेछ। साथै आन्तरिक नियन्त्रण प्रकृया कार्यन्वयन भई कार्य सम्पादनमा सुधारको व्यवस्था मिलाइनेछ।

आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ। बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनेछ।

४. **क्षमता विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्ने;** कर्मचारीको उच्च मनोवलका लागि विभिन्न क्षमता विकास क्रियाकलाप तथा रचनात्मक अतिरिक्त कृयाकलाप सञ्चालन गरी कर्मचारीहरुको मनोवल वृद्धि गरिनेछ। आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगका लागि क्षमता विकास योजना तयार गरिनेछ। वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानका लागि विनियोजन गरिनेछ। जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र मागअनुसार अभिमुखीकरण, प्रशिक्षण र क्षमता विकासका कार्यक्रमहरु आन्तरिक तथा वाह्य तहमा सञ्चालन गरिनेछ ।

### ८.२.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| १४१ | कर्मचारीहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण तथा परिचालन | १ | ५०० |
| १४२ | क्षमता विकास योजना तर्जुमा अद्यावधिक तथा कार्यान्वयन | २ | ८०० |
| १४३ | आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन | ५ | १८३२ |
| १४४ | नगर प्रहरी व्यवस्थापन तथा परिचालन | ५ | १८३१५ |
| १४५ | कर्मचारी तथा पदाधिकारी आवाश व्यवस्थापन | ५ | ६१०५ |
| १४६ | नगर चमेना गृह व्यवस्थापन | ५ | १२२१ |
| १४७ | एकिकृत घुम्ति शिविर कार्यक्रम | ५ | २४४२ |
| १४८ | नगर पुस्तकालय सञ्चालन तथा व्यवस्थापन | ५ | १८३२ |
| १४९ | कार्यालय प्रशासन संचालन | ५ | ९१५७६५ |
| | **जम्मा** | **३८** | **९४८८१२** |

### ८.२.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| नगरपालिकामा कार्यरत मानव संशाधन | संख्या | १३५ | १३६ | १३९ | १४२ |
| नगरपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | ४० | ४० | ४१ | ४२ |
| मासिक रूपमा आम्दानी र खर्च सार्वजनिक गर्ने वडा तथा कार्यालय | प्रतिशत | ० | १०० | १०० | १०० |
| संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत | प्रतिशत | ७८ | ८८ | ९२ | ९५ |

### ८.२.११ अनुमान तथा जोखिम पक्ष

नगरपालिकाले प्रदेश, संघ तथा सरोकारवालाको सहकार्यमा स्थानीय नीति, कानून, योजना तर्जुमा, दक्ष मानव संशाधनको सीप र दक्षतामा अभिवद्धि गरी अपेक्षित नतिजा हासिल हुन सक्नेछ। स्थानीय सरकारमा वृत्ति तथा

क्षमता विकास र उत्प्रेरणाको कमीका कारण कर्मचारीको कार्यसम्पादनबाट अपेक्षित नतिजा आउन नसक्ने पनि जोखिम रहन सक्छ।

## ८.३ राजश्व तथा स्रोत परिचालन

### ८.३.१ पृष्ठभूमि

स्थानीय तहको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारका अनुदान लगायत विशेषगरी स्थानीय तहको आन्तरिक आयलाई सुदृढ र दिगो व्यवस्थापन गर्नुपर्दछ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको राजश्व परिचालनसम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण, आन्तरिक स्रोत साधनको पहिचान र परिचालनमा सहजीकरण तथा समन्वय गर्दै आएको छ।

स्थानीय तह आफैले राजश्व सुधार योजना तयार गरी राजश्व परामर्श समितिको सहजिकरणमा स्थानीय तहको एकल अधिकारका क्षेत्रमा राजश्वको दर दायरा तोक्न सकिने प्रावधान रहेको छ ।

### ८.३.२ विद्यमान अवस्था

नगरपालिकाले हरेक बर्ष आर्थिक ऐन स्विकृत गरी सोहि बमोजिम राजश्व संकलन गर्दै आएको छ। राजश्व संकलन प्रणालीलाई पूर्ण अनलाईनमा आधारित बनाएको छ। नगरपालिकाको श्रोतको रुपमा आन्तरिक राजस्व, संघीय तथा प्रदेश सरकारको अनुदान र राजश्व बाँडफाँटको रकम नै मुख्य रुपमा रहेका छन्। स्थानीय राजस्वको दर तथा दायरा वृद्धिका लागि नगरपालिका निरन्तर रुपमा कृयाशिल रहेको छ। आन्तरिक राजश्वलाई व्यवस्थति र दिगो बनाउन उद्योग व्यवसाय दर्ता, नविकरण, सञ्चालन र नियमन सम्वन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ। नगरपालिकाको बजार अनुगमन निर्देशिका बमोजिम बजार अनुगमनबाट समेत राजश्व संकलनमा वृद्धि भई नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सवलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको अवस्था छ। आन्तरिक राजश्व वृद्धिका लागि नगरपालिकाको कार्यालय तथा वडाहरुमा घुम्ती शिविर संचालनको व्यवस्था गरिएकोछ।

राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा वार्षिक रुपमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ। नगरपालिकाको आय स्रोतको रुपमा व्यवसाय कर तथा नियमित सेवा शुल्कको योगदान सवै भन्दा ठूलो रहेको छ। विश्वव्यापी आर्थिक मन्दीको अवस्थामा पनि नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ मा करिव २ करोड आन्तरिक राजश्व संकलन गरेको छ। राजश्व संकलन कार्य विद्युतिय सफ्टवेयरको प्रयोग गरी मुख्य प्रशासनिक कार्यालय लगायत सवै वडा कार्यालयबाट गर्ने गरिएको छ।

### ८.३.३ मुख्य सवाल तथा चुनौती

नगरपालिकाको राजश्व परामर्श समितिको भूमिका आवश्क्ता अनुसार सकृय हुन सकेको छैन। राजश्वको दर दायरामा आवश्यकता अनुसारको परिमार्जन तथा नयाँ सम्भावना खोजी हुन सकेको छैन। राजश्वको वृद्धिका लागि नयाँ क्षेत्रको पहिचान गरी राजश्वको क्षेत्र विस्तार हुन सकेको छैन। नगरपालिका तथा वडा कार्यालयमा सञ्चालनमा रहेका राजश्व सफ्टवेयरका लागि पावर ब्याकअप ल्यापटप ईन्भटर लगायतका उपकरण काम चलाउ मात्र भएको पटक पटक बिग्रने र काममा ढिलाई हुने गरेको, राजश्व चुहावट हुने गरेको (गिट्टि बालुवामा ठेक्का लाग्न नसकेको तथा अमानतबाट पनि उठाउन नसकिएको), राजश्व शाखा वडा कार्यालय तथा राजश्व परामर्श समितिलाई आवश्यकता अनुसार तालिम तथा क्षमता विकासका लागि तालिम गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरुको व्यवस्था गर्न सकिएको छैन।

### ८.३.४ संभावना तथा अवसर

नगरपालिकाले राजश्व संकलन प्रणालिलाई पूर्ण रुपमा अनलाईनमा आधारित बनाउने तथा राजश्व शाखाका कर्मचारीहरुको उपर्युक्त क्षमता अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ। आर्थिक ऐन संसोधन तथा परिमार्जन गरी आन्तरिक आयका श्रोतहरु दर तथा दायरामा प्रगतिशिल सुधार गर्न सकिने सम्भावना रहेको छ। राजश्व सुधार तथा आन्तरिय आय वृद्धिका लागि नगरपालिका आफै तथा बाह्य निकायबाट समेत सहयोग तथा सहजिकरणको अवसर रहेको छ। आन्तरिक राजश्व संकलनलाई अनलाईनमा आधारित डिजिटल प्रविधि अवलम्वन गर्न सकिने सम्भावना रहेको छ।

नगरपालिकाको वित्तीय स्रोत बढाउन सकिने सम्भावित क्षेत्रको पहिचान हुदै जाने तथा संस्थागत सवलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै जान सक्ने अवसर रहेको छ।

### ८.३.५ सोच

"स्वावलम्बनको आधार: स्थानीय स्रोत परिचालनमा सुधार"

### ८.३.६ लक्ष्य

राजस्व सम्बन्धी नीतिगत व्यवस्था गरि कार्यान्वयनलाई प्रभावकारी गराउने

### ८.३.७ उद्देश्य

१. राजस्व शाखामा भौतिक पूर्वाधारको व्यवस्थित गर्नु,

२. राजस्व शाखामा दक्ष र क्षमतावान मानविय श्रोत सुनिश्चित गर्नु,

३. राजश्व सुधार योजना तथा आर्थिक ऐनलाई प्रभावकारी बनाउनु

### ८.३.८ रुपान्तरणकारी रणनीति

**१. राजश्व प्रणाली प्रभावकारी बनाउने;** नगरपालिका तथा वडा स्तरमा व्यवसाय दर्ता नविकरण तथा करदाता सुचीकरण सचेतना सञ्चालन गरिनेछ। राजश्व परामर्श समिति तथा राजश्व शाखाका कर्मचारीको आवश्यकता र मागअनुसार अभिमुखीकरण तालिम र क्षमता विकास गरिनेछ। सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ। बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ ।

**२. राजनैतिक प्रतिवद्धता सुनिश्वत गर्ने;** राजनैतिक दल तथा स्थानीय सरोकारवालाहरु व्यवसायी उद्योगी नागरिक समाज समेतलाई राजस्वको दर दायरा निर्धारण प्रकृयामा सकृय सहभागिता सुनिश्चित गरिनेछ।

**३. कर सचेतना वृद्धि गर्ने;** कर छुट सहुलियत जरिवानासम्बन्धी प्रावधान तय गरी कार्यान्वयन गरिनेछ। कर संकलन लक्ष्य अनुसार पुरा गर्न प्रचारप्रसार एवम् घरदैलो गरी सुसूचित गरिनेछ।

### ८.३.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| १५० | राजश्व सुधार कार्ययोजना निर्माण तथा कार्यान्वयन | ५ | **१०००** |
| १५१ | नगर तथा वडाहरुको राजस्व शाखा क्षमता विकास तथा स्तरोन्नती | ५ | **४२७४** |

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| १५२ | वेरुजु फछौट सुधार योजना, कर सप्ताह, लगानी सम्मेलन जस्ता अभियानहरु | ५ | २४४२ |
| १५३ | राजस्वको softwere सम्बन्धी क्षमता अभिवृद्धि तालिम | ५ | १२२१ |
| १५४ | राजस्व संकलनमा उत्कृष्ठ वडा तथा उत्कृष्ठ करदाता सम्मान कार्यक्रम | ५ | ४५७९ |
| १५५ | कम्प्यूटर/ ल्यापटप र व्याकअप व्यवस्थापन | ५ | १८३२ |
| १५६ | राजश्व संकलनका लागि  घुम्ति शिविर संचालन | ५ | २४४२ |
| | **जम्मा** | **३५** | **१७७८९** |

### ८.३.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रू.हजारमा | २० | २२ | २५ | २९ |
| वार्षिक आन्तरिक आय रकम | रू.हजारमा | १९५०० | २६००० | ३७४३० | ५५७१० |
| कुल बार्षिक बजेट | रू.हजारमा | ७१८२८६ | ७९८५४९ | ८९८२१९ | १०४०२३३ |
| बेरुजु रकम | रु. लाख | | | ० | १ |

### ८.३.११ जोखिम पक्ष तथा अनुमान

प्रचलित कानुन तथा स्थानीय आवश्यकताको आधारमा आन्तरिक तथा वाह्य पर्यटक र यससँग सम्वन्धित व्यवसाय र व्यवसायीलाई करको दायरामा ल्याउने तथा करको दर र दायरा तय गरी राजस्व संकनल बृद्धि गर्न सकिने सम्भावना रहेको छ। स्थानीय बासिन्दामा कर तथा शुल्क वाध्यकारी अवस्थामा बाहेक अरु बेला सालवसाली रुपमा मात्र तिर्ने वानी भएको र पर्यटकको संख्या अस्थिर रहने भएकोले लक्ष्य अनुसारको राजश्व संकलन गर्न नसकिने जोखिम रहन सक्छ।

## ८.४ तथ्याङ्क योजना तथा विकास व्यवस्थापन

### ८.४.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका सरकारहरूबाट सम्पादन हुने सबै काम तथा सेवालाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई नागरिकप्रति उत्तरदायी हुने अपेक्षा गरेकोछ। स्थानीय तहले योजनावद्ध विकासलाई आन्तरिकिकरण गर्दै आवधिक, मध्यमकालीन तथा बार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ। योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यावहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ।

नगरपालिकाले स्थानीय तहको योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन तथा अनुशिक्षण, स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयन, दिगो विकास लक्ष्यको स्थानीय तहमा कार्यान्वयन, सार्वजनिक निजी साझेदारी सम्वन्धी स्थानीय योजना कार्यान्वयन, स्थानीय तथ्याङ्क र अभिलेख सम्वन्धी योजना संकलन

तथा व्यवस्था लगायत व्यक्तिगत घटना दर्ता अभिलेख व्यवस्थापन र प्रतिवेदन तयारी कार्यलाई आत्मसात गर्नुपर्दछ। यसरी तर्जुमा तथा कार्यान्वयन गरिने योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र स्थानीय तहले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धी सार्वजनिक गर्ने व्यवस्था विकास गर्नुपर्दछ।

### ८.४.२ विद्यमान अवस्था

नगरपालिकाको बजेट तथा योजना निर्माण प्रक्रियामा सहभागितामूलक योजना तर्जुमा प्रकृया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका र वेबसाइट मार्फत सार्वजनिक गर्ने गरिएको छ। ठूला आयोजनाहरू निर्माण गर्दा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार पारी समपूरक कोषको समेत व्यवस्था गरिएकोछ। योजना तर्जुमा प्रक्रियामा विकास साझेदार तथा स्थानीय संघ/संस्थालाई सहभागी गराउने गरिएकोछ।

नगरपालिकाले अनुगमन, मूल्याङ्कन तथा योजना फरफारक एवम् भुक्तानी कार्यविधि, उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि तथा टोल विकास संस्था गठन तथा परिचालन सम्वन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। नगरपालिकाको वस्तुगत विवरण २०७५ तयार गरेको छ। हरेक बर्ष बार्षिक नीति कार्यक्रम तथा बजेट वक्तव्य पारित गरी सार्वजनिक गरिएको छ। स्विकृत नीति, कार्यक्रम तथा बजेट पुस्तिका, ऐन, कानुन, निर्देशिका, कार्यविधिहरू, वार्षिक समिक्षा प्रतिवेदनहरू तथा अत्यावश्क सूचना तथा जानकारी वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गरिएका छन्।

### ८.४.३ मुख्य सवाल तथा चुनौती

नगरपालिकाको नीति तथा कार्यक्रमलाई ब्यवहारिक बनाउन र त्यसको प्रभावकारी कार्यान्वयनमा ढिलासुस्ति भईरहेको छ। योजना तर्जुमा सँग सम्वन्धित समितिहरु श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति बजेट तथा कार्यक्रम समिति लगायत ५ वटा विषय क्षेत्रगत समितिहरु सक्रिय हुन सकेका छैनन्। पदाधिकारी तथा कर्मचारीबाट योजना तर्जुमा र कार्यान्वयनका लागि जिम्मेवारी अख्तियारी दिन सकेको अवस्था छैन। योजना निर्माणमा नगरपालिका (कार्यनगरपालिका तथा नीतिगत रुपमा जिम्मेवार तहको) प्रतिवद्धतामा कमि, नगरपालिकाको वेवपेज तथा सामाजिक सञ्जालमा सुचना तथा जानकारीहरु नियमित अपडेट हुन नसक्नु, नगरपालिकाको सूचना प्रणालीलाई पूर्ण रुपमा विद्युतिय/डिजिटल प्रणालीमा लैजान नसक्नु, योजना तर्जुमा गर्दा अपेक्षित नतिजा मापन गर्ने र सोको आधारमा योजना कार्यान्वयन क्षमतामा कमि, बार्षिक योजनामा समावेश भएका योजनाहरु पटक पटक परिवर्तन हुने समस्या तथा चुनौतीहरु रहेका छन। यस्ता विषयवस्तुहरुलाई समयमै निरुत्साहनका लागि पहल गर्नुपर्ने देखिन्छ।

### ८.४.४ संभावना तथा अवसर

परशुराम नगरपालिकाको डिजिटल प्रोफाईल तयारीको चरणमा रहेको छ। नगरपालिकाको यातायात गूरुयोजना, खानेपानी सरसफाई गुरुयोजना तथा विपद जोखिम न्यूनिकरण तथा जलवायू उत्थानशीलता कार्ययोजना तयारी चरणमा रहेको छ। नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा भई कार्यान्वयन चरणमा रहेको तथा तथा मध्यमकालीन खर्च संरचना तर्जुमा अभ्यास थालनी गरिएको छ। अन्य क्षेत्रगत रणनीतिक दस्तावेज तयारी गर्नु पर्ने पहिचान गरिएको छ। आगामि आर्थिक बर्षबाट आयोजना बैक तयार गर्ने तयारी गरिएको छ। नगरपालिकाका लागि पहिचान भई तर्जुमा गरिने गूरुयोजना रणनीतिक योजना तर्जुमा तथा कार्यान्वयनमा संघीय तथा प्रदेश मन्त्रालय तथा निकाय लगायत विकास साझेदार तथा गैससहरुबाट समेत सहयोग सहकार्य हुन सक्ने अवसर रहेको छ।

### ८.४.५ सोच

सूचना र तथ्याङ्कको उपलब्धता: सूसूचित नीति तथा योजनाको सुनिश्चितता

### ८.४.६ लक्ष्य

नगरपालिकाको योजना तर्जुमा/निर्माण तथा कार्यान्वयनमा दक्ष जनशक्ति निर्माण गर्ने।

### ८.४.७ उद्देश्य

१. नीति योजना कार्यक्रमलाई सहभागितमूलक र नतिजामा आधारित वनाउनु

२. योजना तर्जुमा सम्वन्धी श्रोत तथा दक्षता अभिवृद्धि गर्नु

३. अनुगमन मूल्याङ्कन अभ्यास तथा पद्दतिको विकास गर्नु

### ८.४.८ रुपान्तरणकारी रणनीति

१. **योजना बीचको तालमेल सुनिश्चित गर्ने;** आवधिक योजना, क्षेत्रगत गुरुयोजना रणनीतिक योजना आयोजना बैंकलाई मध्यमकालीन खर्च संरचना तथा बार्षिक नीति कार्यक्रम तथा बजेट बीचको तालमेल सुनिश्चित गरिनेछ ।

२. **तिजामा आधारित योजना तर्जुमा तथा अनुगमन सुनिश्चित गर्नेः** योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन, सुपरिवेक्षण तहमा परिमाणमा आधारित बनाउन ज्ञान सीप अभिवृद्धि भई नतिजा मापन गरिनेछ।

३. **एकिकृत तथ्याङ्क तथा योजना व्यवस्थापन अद्यावधिक गर्नेः** नगरपालिकाको योजना तथ्याङ्कलाई अनलाइन तथा डिजिटल प्रणालीमा भण्डार गरी नियमित अद्यावधिक गर्ने प्रबन्ध मिलाइनेछ।

४. **योजना तर्जुमा प्रकृयालाई सहभागितामूलक बनाउनेः** दीर्घकालीन रणनीतिक तथा गुरुयोजना लगायत बार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया तथा कार्यान्वयन र अनुगमन कार्यलाई सहभागिमूलक पद्धति अवलम्वन गरिनेछ।

### ८.४.९ प्रमुख कार्यक्रम तथा आयोजना

| क्र स | कार्यक्रम वा आयोजनाको नाम | कार्यक्रम संख्या | बजेट रकम (हजार) |
|---|---|---|---|
| १५७ | डिजिटल नगर कार्यक्रम | ५ | **७३२६** |
| १५८ | सडक गुरुयोजना खानेपानी गुरुयोजना निर्माण तथा कार्यान्वयन | ५ | **६१०५** |
| १५९ | आवधिक, मध्यमकालीन खर्च संरचना, आयोजना बैक तर्जुमा तथा कार्यान्वयन | ५ | **१२२१०** |
| १६० | खरिद गुरुयोजना निर्माण | ५ | **६११** |
| १६१ | टोल विकास संस्था क्षमता विकास कार्यक्रम | ५ | **७३२६** |
| १६२ | आयोजनाहरुको नियमित अनुगमन तथा मूल्याङ्कन | ५ | **६१०५** |
| | **जम्मा** | **३०** | **३९६८३** |

### ८.४.१० परिमाणात्मक लक्ष्य

| सूचक | एकाई | ८०/८१ सम्मको उप लव्धी | ८२/८३ सम्मको लक्ष्य | ८४/८५ सम्मको लक्ष्य | ८६/८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | विषय | २ | ६ | ८ | १० |
| नगरपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ५ | ६ | १० | १६ |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ६० | ७५ | ७५ | ७५ |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ७५ | ८४ | ९० | ९४ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | विषय | २ | ६ | ८ | १० |
| नगरपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ५ | ६ | १० | १६ |

### ८.४.११ जोखिम पक्ष तथा अनुमान

नगरपालिकाले संघ, प्रदेश तथा विकास साझेदारसँगको समन्वय र सहकार्यमा तथ्याङ्क व्यवस्थापन, दीर्घकालीन तथा अल्पकालीन गुरुयोजना तथा रणनीतिक योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्न गर्नेछ। संघ तथा प्रदेश सम्बन्धित निकायहरूबाट स्थानीय तहको अधिकार क्षेत्रका विषयमा तथ्याङ्क व्यवस्थापन, दीर्घकालीन तथा मध्यमकालीन योजना, वार्षिक नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन नीतिगत, क्षमता विकास र प्राविधिक सहयोग उपलब्ध हुनेछ। सो अनुसार संघ तथा प्रदेशबाट सहयोग र सहजीकरणा उपलब्ध नभएमा स्थानीय विकासलाई नतिजामूलक र प्रभावकारी नहुने जोखिम हुन सक्दछ।

# परिच्छेद ९: योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा सिकाइ



## ९.१ योजना कार्यान्वयन

### ९.१.१ कार्यान्वयन व्यवस्था

नगरपालिकाको प्रथम आवधिक योजनाले परशुरामको समग्र विकासलाई स्पष्ट दिशानिर्देश गरेको छ। योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा विकासका प्राथमिकतालाई मार्गदर्शनका रूपमा आत्मसाथ गर्दै नीति तथा कानुन; विषयगत गुरू योजना तथा रणनीतिक योजना; आयोजना बैंक; मध्यमकालीन खर्च संरचना; वार्षिक नीति, कार्यक्रम तथा वजेट; खरिद योजना एवम् अनुगमन तथा मूल्याङ्कन योजना मार्फत् यस आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

नगरसभा, सभा अन्तर्गतका समिति, कार्यपालिका, कार्यपालिका अन्तर्गतका समिति, वडा समिति, विषयगत शाखा/उपशाखा/एकाइ र सेवाकेन्द्रको क्रियाशीलता र नगरपालिकाको समग्र नेतृत्वमा यस योजना कार्यान्वयन हुनेछ। साझेदार तथा सरोकारवालासंगको समन्वय, सहकार्य र साझेदारी सुदृढ गरी योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने व्यवस्था गरिएको छ।

### ९.१.२ कार्यान्वयन रणनीति

योजना प्रभावकारी कार्यान्वयन लागि देहायका रणनीति अबलम्बन गरिने छः

(क) आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्य अनुरूप दिगो र उपलब्धिमुलक नतिजा हासिल गर्न विषयक्षेत्रगत नीति, गुरूयोजना तथा रणनीति तर्जुमा गरिने छ।

(ख) आवधिक योजनाको आधारमा आयोजना बैंक तयार गरी आयोजनाहरूको पहिचान, छनोट, प्राथमिकीकरण र कार्यान्वयन व्यवस्थित, पारदर्शी र विधिसम्मत बनाईनेछ।

(ग) आवधिक योजना, विषय क्षेत्रगत योजना एवम्  रणनीति तथा आयोजना बैंकका आधारमा मध्यमकालीन खर्च संरचना तयार गरिने छ।

(घ) मध्यमकालीन खर्च संरचनासंग आवद्ध गरी वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिने छ।

(ङ) वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि त्रैमासिक विभाजन सहितको एकीकृत कार्ययोजना बनाईनेछ।

(च) खरिद प्रक्रिया सरल, पारदर्शी र जवाफदेही बनाउन एकीकृत कार्ययोजना अनुरूप खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना तर्जुमा गरिने छ।

(छ) कार्यक्रम तथा आयोजनाको प्रकृति हेरी शुरू, मध्यम, अन्तिम अवस्था र विकासको चरण मूल्याङ्कनका लागि अनुगमन तथा मूल्याङ्कन योजना निर्माण गरिने छ।

(ज) निर्धारित विधि तथा प्रक्रिया अनुसार नियमित अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गरी सुझाव कार्यान्वयन गरिने छ।

(झ) आवधिक योजना कार्यान्वयनको लागि कार्यबोझ विश्लेषण तथा प्रशासनिक खर्चको सीमा लगायतका प्रचलित कानुनी व्यवस्था र कर्मचारीको वृत्ति विकास, पदसोपान, नियन्त्रणको सीमा, समन्वय आदि सिद्धान्त समेतका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन र दरबन्दी संरचना परिमार्जित गरिने छ।

(ञ) नेपाल सरकार र अन्तर्गतका निकाय; प्रदेश सरकार र अन्तर्गतका निकाय; अन्य स्थानीय तह; विकास साझेदार (द्विपक्षिय तथा वहुपक्षिय विकास सहायता निकाय, अन्त/राष्ट्रिय गैरसरकारी संस्था); निजी क्षेत्र; नागरिक समाज र समुदाय (राजनीतिक दल, सामुदायिक संस्था, सहकारी); नगरपालिका राष्ट्रिय महासंघ; सञ्चार माध्यम लगायतका साझेदार तथा सरोकारवालासंग समन्वय, सहकार्य र साझेदारी गरी योजनाको प्रभावकारी कार्यान्वयन गरिने छ।

## ९.२ लगानी तथा स्रोत व्यवस्थापन

### ९.२.१ विषयक्षेत्रगत लगानी

योजना तर्जुमा कार्यशालाका छलफल, प्रति एकाइ लागत, प्राप्त गुरूयोजना तथा सम्भाव्यता अध्ययन प्रतिवेदन, प्राविधिक सम्भाव्यता विश्लेषण समेतलाई आधारमानी विषयक्षेत्र तथा उपक्षेत्रगतरूपमा लागत अनुमान गरिएको छ। यस बमोजिम दोस्रो आवधिक योजनाका लागि देहायका विषयक्षेत्र तथा उपक्षत्रेगतरूपमा जम्मा रु. ७ अरब ५० करोड ११ लाख ३७ हजार लगानी हुने अनुमान गरिएको छः

**तालिका: विषयक्षेत्र तथा उपक्षेत्रगत लगानी अनुमान (रु. हजार)**

| उपक्षेत्र | लगानी अनुमान | अनुपात |
|---|---|---|
| **उत्पादन, रोजगारी तथा आर्थिक विकास** | **८८१३४९** | **11.75%** |
| कृषि, खाद्य सुरक्षा तथा सिंचाई | ४४६२१६ | 5.95% |
| पशुपंक्षी विकास | ११३६९० | 1.52% |
| पर्यटन, सँस्कृति तथा सम्पदा | २२५१७३ | 3.00% |
| उद्योग, व्यापार तथा व्यवसाय | ५४९४६ | 0.73% |
| श्रम, रोजगारी तथा गरिवी निवारण | ४१३२४ | 0.55% |
| **स्वस्थ्य, शिक्षित तथा मानव पुँजी निर्माण** | **२९५६२९९** | **39.41%** |
| स्वास्थ्य, पोषण र जनसंख्या | ४५२६०८ | 6.03% |
| शिक्षा, विज्ञान प्रविधि तथा नवप्रवर्तन | १९५७५२७ | 26.10% |
| खानेपानी, सरसफाइ तथा स्वच्छता | ३३००७५ | 4.40% |
| महिला, लक्षित वर्ग र समावेशीकरण | ९९९७१ | 1.33% |

| उपक्षेत्र | लगानी अनुमान | अनुपात |
|---|---|---|
| युवा, खेलकुद तथा सकारात्मक रुपान्तरण | ११६११८ | 1.55% |
| **उत्थानशील पूर्वाधार तथा अन्तरआबद्धता** | **२३६३३८६** | **31.51%** |
| वस्ती आवास, भवन तथा सार्वजनिक निर्माण | ११९६१५ | 1.59% |
| सडक पूल तथा यातायात | २१९८८३६ | 29.31% |
| जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | २९०६१ | 0.39% |
| सूचना तथा सञ्चार प्रविधि | १५८७३ | 0.21% |
| **सन्तुलित वातावरण, विपद् तथा जलवायु उत्थानशीलता** | **२३२७६८** | **3.10%** |
| वन, जैविक विविधता तथा जलाधार | ५३२५२ | 0.71% |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन | ७४४८२ | 0.99% |
| विपद् जोखिम व्यवस्थापन तथा जलवायु उत्थानशीलता | १०५०३४ | 1.40% |
| **सक्षम प्रणाली तथा सुशासन** | **१०६७३३५** | **14.23%** |
| नीति कानून न्याय र सुशासन | ६१०५१ | 0.81% |
| संगठन, मानव संशाधन र सेवा प्रवाह | ९४८८१२ | 12.65% |
| राजस्व तथा स्रोत परिचालन | १७७८९ | 0.24% |
| तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन | ३९६८३ | 0.53% |
| **कुल जम्मा** | **७५०११३७** | **100.00%** |

### ९.२.२ लगानीका स्रोत

आवधिक योजनाले निर्दिष्ट गरेको लक्ष्य तथा उपलब्धी हासिल गर्न नगरपालिकाको आन्तरिक र वाह्य श्रोतबाट प्राप्त आय लगानीका अतिरिक्त नेपाल सरकार; प्रदेश सरकार; विकास साझेदार र गैसस; निजी क्षेत्र तथा सहकारी र सामुदायिक क्षेत्र लगाएतका साझेदार तथा सरोकारवालाको लागनीबाट यो योजना कार्यान्वयन गरिने छ। यस योजना अवधिमा नगरपालिकाका अतिरिक्त उल्लिखित साझेदार तथा सरोकारवालाबाट जम्मा जम्मा रु. ८ अरब ७४ करोड ९८ लाख लगानी परिचालन हुने अनुमान गरिएको छ। स्रोतगत रूपमा लगानी परिचालनको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका: स्रोतगत रूपमा लगानी रकम प्रक्षेपण (रु. हजार)**

| क्र. सं | बजेटका स्रोतहरु | २०८२/८३ को लक्ष्य | २०८३/८४ को लक्ष्य | २०८४/८५ को लक्ष्य | २०८५/८६ को लक्ष्य | २०८६/८७ को लक्ष्य | योजना अवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|
| क | सार्वजनिक क्षेत्र | ११३०४३६ | १२८९१८० | १४२५८७२ | १५५१२३५ | १७११९२१ | ७१०८६४४ |
| १ | स्थानीय तह (सञ्चित कोष) | ७९८५४९ | ८३५३०३ | ८९८२१९ | ९६५६३६ | १०४०२३३ | ४५३७९४० |
| २ | नेपाल सरकार | २४७८८७ | ३६१४७७ | ४२६०१३ | ४८२९४३ | ५६९०३१ | २०८७३५१ |
| ३ | प्रदेश सरकार | ८४००० | ९२४०० | १०१६४० | १०२६५६ | १०२६५६ | ४८३३५३ |
| ख | निजी क्षेत्र | ६३००० | ५७७५० | ५३०२५ | ४८७७३ | ४४९४५ | २६७४९३ |
| ग | गैसस, सहकारी तथा सामुदायिक क्षेत्र | २५००० | २५००० | २५००० | २५००० | २५००० | १२५००० |
| | **जम्मा** | **१२१८४३६** | **१३७१९३०** | **१५०३८९७** | **१६२५००८** | **१७८१८६६** | **७५०११३७** |

### ९.२.३ स्रोत परिचालन रणनीति

यस आवधिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत प्रभवाकारी रूपमा परिचालन गर्न देहायका रणनीति अबलम्बन गरिने छः

(क) राजस्वको विस्तृत अध्ययन गरी कुल सम्भाव्यता पहिचान गरिने छ।

(ख) राजस्व सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गरी राजस्व दायरा वृद्धि गरिने छ।

(ग) राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित, करदातामैत्री र पारदर्शी बनाई समग्र राजस्व प्रशासनको सुदृढीकरण गरिने छ।

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने लागत साझेदारी विस्तार गर्न आवश्यक पहल गरिने छ।

(ङ) छिमेकी तथा अन्य नगरपालिका वा नगरपालिकासँग समेत सरोकार राख्ने तथा साझा महत्वका आयोजनाका लागि अन्तर स्थानीय सरकार संयुक्त लगानीमा श्रोत परिचालन गरिने छ।

(च) सङ्घ तथा प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट थप स्रोत परिचालनका लागि आवश्यक पैरवी गरिने छ।

(छ) स्थानीयस्तरमा क्रियाशिल विकास साझेदार तथा गैसस सँग कार्यक्रम विस्तारका लागि वातावरण तयार गरी अतिरिक्त साझेदारी एवं सहकार्य विस्तार गरिने छ।

(ज) नाफामूलक क्षेत्रमा लगानीको वातावरण तयार गरी विप्रेषणको अधिकाधिक आकर्षण तथा परिचालन गरिने छ।

(झ) प्राथमिकताका क्षेत्र पहिचान गरी निजी क्षेत्रको लगानी प्रोत्साहन गर्न सार्वजनिक-निजी साझेदारीलाई प्रवर्द्धन गरिने छ।

## ९.३ अनुगमन तथा मूल्याङ्कन

### ९.३.१ अनुगमन तथा मूल्याङ्कन व्यवस्था

आवधिक योजना अनुसार वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा भए–नभएको, प्रस्तुत कार्यक्रम तथा आयोजनामा लगानी तथा स्रोत साधनको प्रवाह समुचित ढंगले भए–नभएको र अपेक्षित नतिजा प्राप्त भए–नभएको सम्बन्धमा सम्बन्धित महाशाखा/शाखा, विषयगत समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, कार्यपालिका, अनुगमन तथा सुशासन समितिले निरन्तर, वार्षिक र मद्यावधी र अन्त्यमा निगरानी, सूचना संकलन तथा विश्लेषण र पृष्ठपोषणको आवश्यकता पर्दछ। आवधिक योजनाको नतिजा खाका अनुसार नियमित, आवधिक तथा नतिजामूलक अनुगमन र प्रतिवेदन प्रणालीको लागि अनुगमन योजना बनाउनु पर्दछ। स्थानीय तहको अनुगमन प्रणालीमा सामाजिक तथा सामुदायिक सङ्घ/संस्थाहरूले सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाको अनुगमनको समेत व्यवस्था मिलाउनु अनिवार्य हुन्छ। नतिजामूलक अनुगमन ढाँचा अनुसार आवधिक योजनाको प्रतिफल, असर र प्रभाव तहको नतिजा मापन गर्नुपर्दछ।

आवधिक योजनाको सान्दर्भिकता, सामाञ्जस्यता, प्रभावकारिता, कार्यदक्षता, दिगोपना, असर र प्रभावका सम्बन्धमा लैङ्गिक तथा समताका दृष्टिले समेत आन्तरिक वा तेश्रो पक्षबाट उद्देश्यपूर्ण तथा व्यवस्थित तवरले सामान्यतः वार्षिक, मध्यावधी तथा योजना सम्पन्न भएपछि अध्ययन तथा लेखाजोखा गर्नुपर्दछ। मूल्याङ्कनबाट प्राप्त निष्कर्ष तथा सिकाइलाई आगामी योजना तर्जुमा प्रक्रियाको क्रममा पृष्ठपोषणका रूपमा लिनुपर्दछ। योजनाको

अवधि समाप्त भएपछि निर्धारित परिमाणात्मक र गुणात्मक लक्ष्य प्राप्ति भए/नभएको सम्बन्धमा तेश्रो पक्षबाट अन्तिम मूल्याङ्कन गराउनु उपयुक्त हुन्छ।

### ९.३.२ अनुगमन तथा मूल्याङ्कनको विधि तथा प्रक्रिया

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको लागि निम्न विधि तथा प्रक्रिया अवलम्वन गरिने छः

- त्रैमासिक र वार्षिक नीति तथा कार्यक्रमको प्रगति समीक्षा,
- कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना,
- नतिजामूलक ढाँचाअनुसार वार्षिक, मद्यावधी तथा अन्तिम समीक्षा,
- सहभागितामूलक रुपमा तेश्रो पक्षबाट मध्यावधि मूल्याङ्कन,
- सहभागितामूलक वा तेश्रो पक्षबाट अन्तिम मूल्याङ्कन।

## ९.४ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन खाका

योजनामा समावेश भएका विषय क्षेत्रगत आयोजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयन गरी योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा विकासका प्राथमिकता अनुरूप उपलब्धी हासिल गर्न योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्यांङ्कन खाका तयार गरिएको छ। यस खाकामा योजना कार्यान्वयनको प्रगति र प्रभावकारिता सुनिश्चित गर्नका लागि विषय क्षेत्रगत नतिजा श्रृंखलाका आधारमा योजना कार्यान्वयन गर्ने जिम्मेवार निकाय; अनुगमन तथा मूल्याङ्कनका संयन्त्र, अनुगमन तथा मूल्याङ्नको समय र अनुगमन तथा मूल्याङ्कनका औजारहरू उल्लेख गरिएको छ। यस खाकाले योजनाको समग्र प्रभाव र उपलब्धिहरूको मूल्याङ्कन गर्न मद्दत गर्नेछ। योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन खाका अनुसूची २ मा संलग्न गरिएको छ।

## ९.५ प्रगति प्रतिवेदन

यस दोस्रो आवधिक योजनाको प्रगति मापन तथा समीक्षा गरी देहाए बमोजिमको ढाँचामा प्रतिवेदन गरिनेछः

| नतिजा | कार्य सम्पादनका सूचक | | | | प्रगति (भौतिक र वित्तिय) | लक्ष्य र प्रगति बीचको अन्तर | कारण | समाधानका रणनीति |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | आधार अवस्था | लक्ष्य | | | | |
| सोच | | | | | | | | |
| | | | | | | | | |
| लक्ष्य | | | | | | | | |
| | | | | | | | | |
| उद्देश्य | | | | | | | | |
| | | | | | | | | |
| रणनीति | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| प्रमुख कार्यक्रम | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची १ : आवधिक योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन ढाँचा

| सोच तथा लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| **समष्टिगत** | | | | | |
| **सोचः**<br>"सुदूरको शान, ईश्वरको धाम : हाम्रो परशुराम"<br>लक्ष्यः परशुरामबासीको जीवनस्तरमा गुणात्मक सुधार गर्ने | १. कृषि, वन, उद्योग र पर्यटनमा आधारित उत्पादन, रोजगारी र आय बृद्धि गर्नु,<br>२. स्वस्थ, सिर्जनशील, व्यावसायिक र सम्मानित मानव पुँजी विकास गर्नु,<br>३. पूर्वाधार, सेवा तथा सुविधामा सहज पहुँच र अन्तरआवद्धता विस्तार गर्नु,<br>४. सक्षम स्थानीय शासन प्रणाली र सेवा सञ्चालन गर्नु | नगर कार्यपालिका | • नगरसभा<br>• विषयगत समिति<br>• अनुगमन तथा सुपरीवेक्षण समिति<br>• नागरिक समाज | • मद्यावधी र अन्तिम समीक्षा/ मूल्याङ्कन | • आन्तरिक/ तेस्रो पक्ष मूल्याङ्कन प्रतिवेदन<br>• वार्षिक प्रगति प्रतिवेदन<br>• अध्ययन, अनुसन्धान तथा सर्भेक्षण प्रतिवेदन<br>• वस्तुस्थिति विवरण |
| **विषय क्षेत्रगत** | | | | | |
| **कृषि तथा खाद्य सुरक्षा**<br>**सोचः** दिगो आम्दानी र स्वस्थ जीवनको आभासः जैविक कृषि उत्पादनको प्रयास<br>**लक्ष्यः** कृषिको उत्पादन र उत्पादकत्व बढाउने | १. कृषि सम्बन्धी प्राविधिक ज्ञान, सीप र प्रविधिको विकास र विस्तार गर्नु<br>२. स्थानीय कृषि उपजका लागि बजार व्यवस्थापन गर्नु<br>३. सिंचाइ सुविधाको विकास र विस्तार गर्नु | • कृषि शाखा<br>• नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू<br>• निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | • नगरसभा<br>• विषयगत समिति<br>• अनुगमन तथा सुपरीवेक्षण समिति<br>• नागरिक समाज | • त्रैमासिक र वार्षिक<br>• मद्यावधी र अन्तिम | • समीक्षा प्रतिवेदन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्भेक्षण प्रतिवेदन<br>• वस्तुस्थिति विवरण |
| **पशु विकास**<br>**सोचः** व्यावसायिक पशुपन्छी तथा मत्स्यपालन मार्फत आर्थिक समृद्धि | १. पशुपंक्षीजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।<br>२. पशुपंक्षीपालन, उत्पादन, व्यावसायीकरण र बजारीकरण सम्बन्धी प्राविधिक ज्ञान, सीप र प्रविधिको विकास र विस्तार गर्नु, | • पशु सेवा शाखा<br>• नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू | • नगरसभा<br>• विषयगत समिति<br>• अनुगमन तथा | • त्रैमासिक र वार्षिक<br>• मद्यावधी र अन्तिम | • समीक्षा प्रतिवेदन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्भेक्षण |

| सोच तथा लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| **लक्ष्यः** पशुपंक्षीजन्य उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | | • निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | सुपरीवेक्षण समिति<br>• नागरिक समाज | | प्रतिवेदन<br>• वस्तुस्थिति विवरण |
| **पर्यटन सम्पदा**<br>**सोचः** सम्पदाको संरक्षणः सुदृढ पर्यटन<br>**लक्ष्यः** पर्यटकको संख्यामा वृद्धि गर्ने | १. पर्यटकीय स्रोत तथा सम्पदा, र संरक्षण तथा प्रर्वद्धन गर्नु,<br>२. पर्यटकीय सेवा तथा सुविधको विकास र विस्तार गर्नु,<br>३. स्थानीय कला तथा संस्कृतीको, पहिचान, संरक्षण तथा प्रर्वद्धन गर्नु | • उद्योग तथा सहकारी शाखा,<br>• नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू<br>• निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | • नगरसभा<br>• विषयगत समिति<br>• अनुगमन तथा सुपरीवेक्षण समिति<br>• नागरिक समाज | • त्रैमासिक तथा वार्षिक<br>• मद्यावधी र अन्तिम | • समीक्षा प्रतिवेदन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्भेक्षण प्रतिवेदन<br>• वस्तुस्थिति विवरण |
| **उद्योग, व्यापार तथा व्यवसाय**<br>**सोचः** दिगो विकासको आधारः रैथाने र स्वच्छ उत्पादनमा आधारित उद्यम व्यापार<br>**लक्ष्यः** उत्पादन, उद्योग व्यवसाय र सेवा क्षेत्रको विकास र विस्तार गर्ने | १. स्थानीय स्रोत साधन, श्रम, सिप र प्रविधिको विकास र विस्तार गर्नु<br>२. उद्यम, व्यापार तथा व्यवसायको सिर्जना र विकास गर्नु,<br>३. स्वच्छ र प्राङ्गारिक उत्पादन र प्रवर्द्धन गर्नु | • उद्योग तथा सहकारी शाखा,<br>• नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू<br>• निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | • नगरसभा<br>• विषयगत समिति<br>• अनुगमन तथा सुपरीवेक्षण समिति<br>• नागरिक समाज | • त्रैमासिक र वार्षिक<br>• मद्यावधी र अन्तिम | • समीक्षा प्रतिवेदन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्भेक्षण प्रतिवेदन<br>• वस्तुस्थिति विवरण |
| **श्रम, रोजगारी र गरिबी निवारण**<br>**सोचः** श्रम र सिपको सम्मानः परशुरामको | १. कच्चा श्रम शक्तीलाई सीपयुक्त दक्ष मानव संशाधनमा रूपान्तरण गर्नु<br>२. स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गर्नु<br>३. एकल, असहाय र जोखिम रहेका वर्ग उद्यम र | • रोजगार सेवा केन्द्र/शाखा,<br>• नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू<br>• निजी, गैरसरकारी, | • नगरसभा<br>• विषयगत समिति<br>• अनुगमन तथा सुपरीवेक्षण समिति | • त्रैमासिक र वार्षिक<br>• मद्यावधी र अन्तिम | • समीक्षा प्रतिवेदन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्भेक्षण प्रतिवेदन |

| सोच तथा लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| अभियान<br>**लक्ष्य:** उत्पादनशी र दिगो रोजगारी सिर्जना गर्ने | रोजगारीमा आवद्ध गर्नु | सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | • नागरिक समाज | | • वस्तुस्थिति विवरण |
| **स्वास्थ्य तथा पोषण**<br>सोचः स्वस्थ नागरिकः निरोगी नगरपालिकाबासी<br>**लक्ष्य:** सर्बसुलभ गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने | १. आधारभूत, निशुल्क र विशिष्टिकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु,<br>२. स्वस्थ जीवनशैली तथा व्यवहार परिवर्तनको लागि अनुकुल वातावरण सिर्जना गर्नु,<br>३. पोषण अवस्थामा दिगो सुधार गर्नु,<br>४. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्नु, | • स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्था<br>• नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू<br>• निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | • नगरसभा<br>• विषयगत समिति<br>• अनुगमन तथा सुपरीवेक्षण समिति<br>• नागरिक समाज | • त्रैमासिक र वार्षिक<br>• मद्यावधी र अन्तिम | • समीक्षा प्रतिवेदन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्भेक्षण प्रतिवेदन<br>• वस्तुस्थिति विवरण |
| **शिक्षा, विज्ञान र संस्कृति**<br>**सोच:** गुणस्तरीय शिक्षाको आधार: सामुदायिक विद्यालय सुधार<br>**लक्ष्य:** प्रविधिमैत्री तथा उत्पादनमूखी समावेशी पहुँच, समता तथा सक्षमतामा आधारित गुणस्तरीय रोजगारमुलक र जीवनउपयोगी शिक्षा सुनिश्चित गर्ने | १. विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्नु<br>२. प्रारम्भिक बाल विकासलाई सुविधायुक्त र बालमैत्री तुल्याउनु, | • शिक्षा शाखा र शैक्षिक संस्था<br>• नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू<br>• निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | • नगरसभा<br>• विषयगत समिति<br>• अनुगमन तथा सुपरीवेक्षण समिति<br>• नागरिक समाज | • त्रैमासिक र वार्षिक<br>• मद्यावधी र अन्तिम | • समीक्षा प्रतिवेदन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्भेक्षण प्रतिवेदन<br>• वस्तुस्थिति विवरण |
| **खानेपानी तथा सरसफाइ र स्वच्छता** | १. खानेपानीको पहुँच र गुणस्तरमा सुधार गर्नु,<br>२. सरसफाईजन्य आनिवानीमा गुणात्मक सुधार | • पूर्वाधार र स्वास्थ्य शाखा<br>• नेपाल सरकार तथा प्रदेश | • | • त्रैमासिक र वार्षिक | • समीक्षा प्रतिवेदन<br>• आवधिक प्रगति प्रतिवेदन |

| सोच तथा लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| **सोचः** "पानी आँगन वारीः हाम्रो जिम्मेवारी"<br>लक्ष्यः नगरपालिकाबासी सबैलाई स्वच्छ पिउने पानी सुविधा उपलब्ध गराउने | गर्नु, | सरकारका निकायहरू<br>● निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | | ● मद्यावधी र अन्तिम | ● अध्ययन तथा सर्भेक्षण प्रतिवेदन<br>● वस्तुस्थिति विवरण |
| **युवा तथा खेलकुद**<br>**सोचः** "नगरपालिकाको शानः युवा प्रतिभा र उत्कृष्ट खेलाडीको पहिचान"<br>लक्ष्यः युवाको सक्षमता, सिर्जनशीलता र युवा जनसङ्ख्याको उपयोग गर्ने | १. युवामा सकारात्मक सोचको विकास तथा जागरण अभिवृद्धि गर्नु<br>२. युवामा रोजगारीका अवसर वृद्धि गर्नु,<br>३. खेलकुद पूर्वाधार विकास र खेलाडीको व्यावसायिक क्षमता वृद्धि गर्नु,<br>४. खेलकुद क्षेत्रको विकास तथा प्रवर्द्धन गर्नु, | ● उद्योग तथा सहकारी शाखा,<br>● नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू<br>● निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | ● नगरसभा<br>● विषयगत समिति<br>● अनुगमन तथा सुपरीवेक्षण समिति<br>● नागरिक समाज | ● त्रैमासिक र वार्षिक<br>● मद्यावधी र अन्तिम | ● समीक्षा प्रतिवेदन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्भेक्षण प्रतिवेदन<br>● वस्तुस्थिति विवरण |
| **भवन, आवास र बस्ती विकास**<br>**सोचः** "व्यवस्थित, सुविधायुक्त र उत्थानशील आवास र बस्ती विकास"<br>**लक्ष्यः** भवन, आवास तथा बस्ती विकास एकीकृत, सुव्यवस्थित तथा उत्थानशील बनाउने | १. भवन तथा आवासलाई एकीकृत, सुविधा सम्पन्न तथा उत्थानशील बनाउनु,<br>२. भवन तथा आवासलाई स्थानीय कला, संस्कृति तथा प्रकृतिमैत्री बनाउनु,<br>३. सार्वजनिक भवन, सम्पदा तथा पूर्वाधारको विकास तथा विस्तार गर्नु<br>४. सार्वजनिक सेवा तथा सुविधाको पहुँच र उपयोग सहज तथा सुलभ बनाउनु, | ● पूर्वाधार विकास शाखा,<br>● नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू<br>● निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | ● नगरसभा<br>● विषयगत समिति<br>● अनुगमन तथा सुपरीवेक्षण समिति<br>● नागरिक समाज | ● त्रैमासिक र वार्षिक<br>● मद्यावधी र अन्तिम | ● समीक्षा प्रतिवेदन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्भेक्षण प्रतिवेदन<br>● वस्तुस्थिति विवरण |
| **सडक तथा यातायात**<br>**सोचः** परशुरामबासीको | १. योजनाबद्ध र व्यवस्थित रूपमा सडक तथा पुलको निर्माण, विस्तार र स्तरोन्नति गर्नु, | ● पूर्वाधार विकास शाखा,<br>● नेपाल सरकार तथा प्रदेश | ● नगरसभा<br>● विषयगत समिति | ● | ● समीक्षा प्रतिवेदन<br>● आवधिक प्रगति प्रतिवेदन |

| सोच तथा लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| प्रतिवद्धताः पक्की सडक सञ्जालमा नगरपालिकाको आवद्धता<br>**लक्ष्यः** सडक सञ्जालको विकास, विस्तार, स्तरोन्नति र यातायात व्यवस्थापन गर्ने | २. सडक तथा संरचना निर्माण प्रक्रियामा पहिरो तथा बाढी लगायत प्रकोप जोखिम न्यूनीकरण गर्नु,<br>३. सेवा सुविधा तथा बजार पहुँच एवम् अन्तरआवद्धता वृद्धि गर्नु, | सरकारका निकायहरू<br>• निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | • अनुगमन तथा सुपरीवेक्षण समिति<br>• नागरिक समाज | | • अध्ययन तथा सर्भेक्षण प्रतिवेदन<br>• वस्तुस्थिति विवरण |
| **जलस्रोत तथा विद्युत**<br>**सोचः** "उज्यालो तथा समुन्नत परशुराम"<br>**लक्ष्यः** जलश्रोत बहु-उपयोग तथा स्वच्छ उर्जाको उत्पादन र उपयोग बृद्धि गर्ने | १. जलश्रोतको बहुउपयोग बढाउनु,<br>२. जल प्रदूषण न्यूनीकरण प्रयोग गर्नु,<br>३. विद्युत तथा स्वच्छ उर्जाको उत्पादन, पहुँच तथा उपयोगमा बृद्धि गर्नु, | • उद्योग तथा सहकारी शाखा,<br>• नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू<br>• निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | • नगरसभा<br>• विषयगत समिति<br>• अनुगमन तथा सुपरीवेक्षण समिति<br>• नागरिक समाज | • त्रैमासिक र वार्षिक<br>• मद्यावधी र अन्तिम | • आन्तरिक/तेश्रो पक्ष मूल्याङ्कन प्रतिवेदन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्भेक्षण प्रतिवेदन<br>• वस्तुस्थिति विवरण |
| **सूचना र सञ्चार प्रविधि**<br>**सोचः** "सूचना तथा प्रविधिमैत्री सेवाः विकास र सुशासनमा टेवा"<br>**लक्ष्यः** सेवा तथा सुविधामा सूचना प्रविधिको पहुँच वृद्धि गर्ने | १. सबै क्षेत्र तथा जनसंख्यामा आधुनिक सूचना तथा सञ्चार प्रविधिमा पहुँच पुऱ्याउनु,<br>२. सूचना प्रविधिलाई सहज, भरपर्दो, उपयोगी र सुरक्षित बनाउनु,<br>३. स्थानीय शासन तथा सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउनु। | • सूचना प्रविधि शाखा,<br>• नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू<br>• निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | • नगरसभा<br>• विषयगत समिति<br>• अनुगमन तथा सुपरीवेक्षण समिति<br>• नागरिक समाज | • त्रैमासिक र वार्षिक<br>• मद्यावधी र अन्तिम | • समीक्षा प्रतिवेदन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्भेक्षण प्रतिवेदन |
| **वन, जैविक विविधता र जलाधार व्यवस्थापन**<br>**सोचः "परशुरामको वनः** | १. वन, हरियाली, जलाधार र जैविक विविधताको एकीकृत व्यवस्थापन गर्नु,<br>२. वन्यजन्तुबाट हुने बालीनाली तथा पशुपंक्षीमा | • वातावरण र विपद् व्यवस्थापन शाखा<br>• नेपाल सरकार तथा प्रदेश | • नगरसभा<br>• विषयगत समिति<br>• अनुगमन तथा | • त्रैमासिक र वार्षिक<br>मद्यावधी र अन्तिमश | • समीक्षा प्रतिवेदन<br>• आवधिक प्रगति प्रतिवेदन<br>• अध्ययन तथा सर्भेक्षण |

| सोच तथा लक्ष्य | उद्देश्य | कार्यान्वयन गर्ने निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र | अनुगमन तथा मूल्याङ्कन समय | अनुगमन तथा मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| **आयमुलक धन" लक्ष्यः** वन, जलाधार तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्ने | हुने क्षति न्यूनीकरण गर्नु,<br>३. पहिरो, नदीकटान र बाढीको रोकथाम तथा क्षति न्यूनीकरण गर्नु, | सरकारका निकायहरू<br>● निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | सुपरीवेक्षण समिति<br>नागरिक समाज | | प्रतिवेदन<br>● वस्तुस्थिति विवरण |
| **<u>वातावरण र फोहोरमैला व्यवस्थापन</u>**<br>सोचः "सफा, स्वच्छ, सन्तुलित वातावारण र हरियालीयुक्त परशुराम नगर"<br>**लक्ष्यः** फोहोरमैला व्यवस्थापन, प्रदुषण नियन्त्रण र वातावरणीय स्वच्छता कायम गर्ने, | १. जल, वायु, माटो लगायत सवै प्रकारका प्रदुषणको नियन्त्रण र रोकथाम गर्नु<br>२. पुर्वाधारको विकास र प्राकृतिक वातावरण बीच सन्तुलन कायम गर्नु,<br>३. व्यवसायी तथा स्थानीयवासीबाट सिर्जित घरेलु, व्यवासयिक र अस्पतालको फोहोरमैला व्यवस्थापन गर्नु,<br>४. नीति, कानून कार्यान्वयनको प्रभावकारी संरचना निर्माण, अध्ययन अनुसन्धान र क्षमता अभिवृद्धि गर्नु | ● वातावरण र विपद् व्यवस्थापन शाखा<br>● नेपाल सरकार तथा प्रदेश सरकारका निकायहरू<br>● निजी, गैरसरकारी, सहकारी, वित्तीय र सामुदायिक क्षेत्र | ● नगरसभा<br>● विषयगत समिति<br>● अनुगमन तथा सुपरीवेक्षण समिति<br>नागरिक समाज | ● त्रैमासिक र वार्षिक<br>मद्यावधी र अन्तिम | ● समीक्षा प्रतिवेदन<br>● आवधिक प्रगति प्रतिवेदन<br>● अध्ययन तथा सर्भेक्षण प्रतिवेदन |
